CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली गद्य संग्रह

5737

प्रकाशक—
नेपाली भाषाप्रकाशिनी समिति
नेपाल।

[मू

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली गद्य संग्रह

(पहिलो भाग)

प्रकाशक–
नेपाली भाषाप्रकाशिनी समिति
नेपाल ।

२०६ साल]   [मू

CC-0. In Public Domain. Digitization by eGangotri

नवौं पटक २०,०००

5737

श्री ५ को सरकार
शिक्षा विभाग
नेपाली भाषा प्रकाशिनी समिति
२०२६

मुद्रक—
सु० ऋद्धिबहादुर मल्ल,
ज़ोरगणेश प्रेस, प्रा० लि० काठमाडौं
नेपाल ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुइ वचन

विद्यार्थीवग नै अखण्ड ज्योतिःपुंज हुन्। यिनैले देशका अन्तर कुन्तर कुना कुनामा दिव्य उज्यालो पादछन्। आजका विद्यार्थी भोलिका देश–निर्माता, सुयोग्य शासक हुन पुग्छन्। यिनीहरूकै नीति, आदर्श, अनुभवमा अधिराज्यको सुख समृद्धिको श्रीवृद्धि हुन्छ। यो किताब यस्तै विद्यार्थीवर्गको पाठ्यक्रमको निमित्त हो । साथै नेपाली साहित्यका अन्य जिज्ञासुले पनि ज्ञान प्राप्ति गर्न सक्छन्।

अस्तु, विशेष कारणले गर्दा यस संस्करणमा लेखकहरूको परिचयमा समता आउन सकेको छैन। फर्मा छापि सकिना साथ कुनै कुन लेखकहरूको पद वा सदस्यतामा परिवर्तन हुन गयो। (हाम्रो भूल होइन ।) अर्को आवृत्तिमा यी सब कुरा संशोधित हुनेछन्।

२०१९, फागुन १२
ने. भा. प्र. समिति
र ने. भा. परिषद

—भीमनिधि तिवारी

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तम द्व

वक्तव्य

फितलो, खोक्रो, चेपारे, गुण्डो तथा ज्यानमारा बाग्जाल साहित्य होइन, न त हो फलामको च्यूरा जस्त कठिन तथा नारस शब्दाडम्बरको घुमौरो र कसिएको किल्ला । भित्र के के न छ भन्ने देखाउँदै पाठकलाई घरमरमा पारेर लेखकको फोस्रो धाक बढाउन खोज्ने, अनि प्रकृतिदेखि टाढा बसेर खालि कल्पनाको हावामा दगुर्ने वाक्यविन्यासलाई पनि साहित्य कसरी भन्ने ? चेतना दिंदैन, चहक ल्याउँदन, बाटो देखाउँदैन, रस पिलाउँदन आनन्द दिलाउँदैन भने त्यो केको साहित्य ? अस्थायी आनन्द दिलाएर मात्र पनि सच्चा साहित्य कहलाउँदैन । रस स्थायी पो हुनुपर्छ । फेरि फुङ्ग उडेको कृत्रिम आदर्श साहित्य पनि हामीलाई चाहिएको छन । बरु अहिले त आवश्यक छ यथार्थ साहित्यको जसले नरकलाई छिट स्वर्ग बनाओस् ।

गद्य लेख्नालाई के गान्हो छ र भन्ने भूलमा कति परेका हुन्छन् । तर हन; गद्य त लेखकलाई जोख्ने तराजु हो । गद्यमय ऐनामा कविहृदय जति छिटो झल्कन्छ त्यति शक्ति पद्यमा कहाँ हुन्छ र ? गहनताले नै न हो गद्यका कम लेखक देखिएका । यदि इतिहासतिर दृष्टि दिने हो भने चिठ्ठीपत्रहरूसिवाय नेपाली गद्य के पाइन्छ र ? हाम्रा दृष्टिगोचर भएका नेपाली भाषाका शिलालेख पनि त कवीन्द्र प्रताप मल्लका पालादेखिका नहुन् ! त्योभन्दा अगिको गद्य साहित्य त अझै अन्धकारमा छ । त्यसपछि पनि गद्यतिर कल्ले दृष्टि दियो र ? वसन्त, यदुनाथ, भानुभक्त, पतञ्जलि इत्या[illegible] सबैले पद्यकै बाटो लिए । बरु पछि, माधवी इत्यादि पत्रिक[illegible]

CC-0. In Public Domain. Digitization by eGangotri

गद्यतिर मुख फर्काए। या नयाँ युगले चाहिँ त गद्यको निकविकाश गरिरहेछ। आशा छ चाँडै नै उत्तमोत्तम गद्यमालाले नेपाली सिंगारिनेछ।

यो संग्रह पनि गद्यमय कुसुमहरूको एउटा माला हो। यसमा भिन्न भिन्न वृक्षका अलग–अलग आकार र रङ्गका फूलहरू उन्ने का छन्। हुनत कति असल असल वृक्षका सुगन्धी फूलहरू छुटेका होलान्। त्यसमा यो माला उन्ने मालीबाट यही जवाफ आउनेछ, 'भएभरका फूल ल्याएर गाँस्न थाले माला कति लामो होला। साना साना फूल मात्र उनेको भए त यति लामो हुँदैनथ्यो कि' भन्ने कुरा उठे पनि माली भन्ने छ' लेखकको दृढ आग्रह र पाठ्यक्रमको नियमको उपेक्षा गर्नु मुनासिब ही र? फेरि लाघवतिर मात्र लाग्दा लम्बे लम्बे फूलको महत्व पनि त थाहा पाइँदैन।'

आफू परिपक्व नभई सुखी प्रतिभा भएका कविहरूको आलोचनातिर कलम चलाउनु खास कविता हो तापनि छात्रहरूको आन्तरिक प्रेरणालाई नीच मानुँ ठीक ठहरिएनपरन्तु इयत्ता लिन खोज्नेको ढिठ्याइँ देखेर कल्पनाकाशका चहकिला ताराहरू जरूर हाँस्नुहुनेछ।

त्रुटि कमजोरी हो, अर्काको आङ्को कमिलालाई भैंसी बनाउनु डाह हो, ध्वंसात्मक द्वेषलाई छोडेर रचनात्मक कामतिर सहयोग दिनु कर्तव्य हो। अतएव कर्तव्यको बाटोतिर लागी सहृदय पाठकहरू सच्याउने सूचना दिनुहुन्यैछ।

—बदरीनाथ

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

विषय-	लेखक	पृष्ठ
रामको वनगमन	श्री चक्रपाणी चालीसे···	२
सागरमाथा या भयामोलुङमा	श्री बाबुराम आचार्य···	७
पृथ्वीनारायणशाहको व्यक्तित्व	श्री सूर्यविक्रम ज्ञवाली···	१६
नासो	श्री गुरुप्रसाद मैनाली·····	२२
आफ्नो आफ्नो डम्फू	श्री रुद्रराज पाण्डे	३७
परिवन्द	श्री पुष्कर शमशेर राणा	४७
तलतल	श्री बालकृष्ण सम	५८
शर्माजी र स्वामीजी	श्री प्रेमराज···	७८
निद्रा	श्री लक्ष्मीप्रसाद देवकोटा···	८५
चिठी	श्री बदरीनाथ भट्टराई···	९३
एउटा दन्त्यकथा	श्री भैरवनाथ चालीसे···	९९
भावना	श्री भीमनिधि तिवारी···	१०४
चित्रमय नेपाल	श्री जितेन्द्रबहादुर शाह···	११५
कल्याण केमा ?	श्री खड्गमान मल्ल···	१२१
मानिस बदलियो	श्री मेघराज शर्मा·····	१२५
त्यो फेरि फर्कला ?	श्री भिक्षु·····	१३०
नारी जीवन	श्री यदुनाथ खनाल···	१४५
दोषी को ?	श्री कृष्णप्रसाद चापागाई···	१५१
श्रीमैयांको इर्याछिङ	श्री हृदयचन्द्रसिंह प्रधान	१६१
दिल्लीको सुर्मावाला	श्री शिवकुमार राई···	१६[illegible]
साहित्य र जीवन	श्री रत्नध्वज जोशी···	[illegible]

CC-0. In Public Domain. Digitization by eGangotri

बीर नेपाल	श्री सागरमणि आ. दी.	१८१
बेवारिसी	श्री रामराज पन्त···	१८६
साहित्य-तत्व	श्री चूडानाथ भट्टराय···	१९४
मानिसको साथी कुकुर किन ?	श्री रैनसिंह बाङ्गदेल···	२००
हाम्रो साहित्य सम्बन्धीछोटोलेख	श्री रामकृष्ण शर्मा	२०६
कहाँ आएँ ?	श्री पूर्णप्रसाद ब्राह्मण···	२१२
निद्रा आएन	श्री गोविन्दबहादुर गोठाले	२२२
भानुभक्त	श्री ईश्वर बराल···	२३३
हराएको सारी	श्री केशवलाल कर्माचार्य···	२४३
भविष्य निर्माण	सुश्री देव कुमारी···	२५२
कस्तो ?	श्री भाइचन्द्र प्रधान··	२५७
अमर माया	श्री लीलाध्वज थापा···	२६४
जुनसुकै बादलमा चाँदीको घेरा हुन्छ	श्री माधवलाल कर्माचार्य	२७६
युवक, तिमी गुण्डा बनन	श्री लवबहादुर प्रधान	२८२

चौहिने कविहरू
चक्रपाणी चालिसे
गुरुप्रसाद मैनाली

CC-0. In Public Domain. Digitization by eGangotri

श्री चक्रपाणि चालिसे
(१९४०–२०१४)

वनारसको व्याकरण मध्यमा र कलकत्ताको साहित्यतीर्थमा उत्तीर्ण। खास नाम र गुप्त नामले गरी पत्र-पत्रिकाहरूमा कविता तथा कहानीहरूको प्रकाश ६।७ पुस्तकका रचयिता।

समितिमा पनि नियुक्त भई चालिसेज्यूले राष्ट्रभाषाको दीर्घ सेवा गर्नु भयो। गद्य तथा पद्य दुवैतिर उहाँको हात प्रवाहरूपले चल्दथ्यो। अझ गद्य भन्दा पद्यमा उहाँको सरल शैली र उच्च भावना तारीफ गर्न लायकको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तम दत्त

नेपाली गद्य-संग्रह

श्री रामको वनगमन

दाज्यूको एकलै वनमा जाने आशय बुझी अत्यन्त दुःखी भएर आँसुका धारा बगाउँदै लक्ष्मणले भने, "नाथ ! यस दास-लाई 'तँ यहीं बस, म जान्छु' भन्ने जो आज्ञा भया, प्रेमवश त्यसको प्रत्युत्तर यस मुखबाट निस्कन सक्के न । आमाबाबुलाई नजानेको कसले छ । तर दासको स्वभाव चरणको दास्यमा जाहाँसम्म आसक्त छ सो कुरा हजूरमा जाहेर छ । म के बिन्ती गरूँ ! मेरो तन मन सारा चरणमा नै अर्पित छ । हजूरबाहेक यस दासको यस संसारमा कोही छैन । हजूरले यस सेवकलाई पनि त्याग गरी हिँडिबक्सिन्छ भने दासको के जोर चल्दछ । दासले अजानमा केही अपराध गरेको भए क्षमा पाऊ ।"

लक्ष्मणको आफूमा यस्तो दृढभक्ति देखेर श्रीरामले प्रेम-पूर्वक भन्नुभयो, "बाबु, तिमी मसंग नगइछोड्दैनौ भने माताजी संग गएर विदा भई चाँडै आऊ । उहाँबाट पठाइबक्सिन्छ भने हुन्छ म तिमीलाई लिएर जान्छु ।"

रामको यस्तो आज्ञा पाउनासाथ अत्यन्त खुशी भएर लक्ष्म-[ण] आफ्नी माता सुमित्रासंग विदा हुन गए । रामचन्द्र पनि

CC-0. In Public Domain. Digitization by eGangotri

माता कौशल्यालाई संझाएर विदा भई उनीबाट आशीर्वाद लिई शस्त्रास्त्र लिनाको निमित्त आफ्नो दरवारतिर जानु भयो।

रामचन्द्रको वनवासको समाचार पाउनाले सीताजीका मनमा पनि असह्य कष्ट र अनेक तर्क–वितर्क परिरहेका थिए। उहाँले श्री रामलाई हतियार लिन आएको देख्नाका साथ विह्वल हुँदै पाउमा परेरयो विन्ती गर्नु भयो, "प्राणनाथ ! हजूर अयोध्याको राजपाट छोडी पिताजीका आज्ञाले वनमा सवारी हुन्छ भने म यहाँ एक्लै कसरी बस्न सक्तछु ? हजूरको जहाँ सवारी हुन्छ म पनि उहीं जान्छु, मलाई पनि लिएर सवारी–होस्। म सकेसम्म वनमा हजूरको सेवा गर्नेछु, मेरो परम धर्म पनि यही हो। जस्तो चन्द्रसंग चाँदनी र देहसंग छाया अलग रहन सक्तैन उस्तै म पनि हजूरसंग वियुक्त भई एकछिन पनि बस्न सक्तिन। वनमा जस्तो संकष्ट परिआए तापनि हजूरको साथ पाएकी मलाई केही दुःख हुनेछैन। हजूरविना यहाँ जस्तो-सुकै सुख भए पनि मलाई त्यो सुख तृणवरावर तुच्छ छ। चरणको सेवामा रहन पाए मात्र मलाई सुख हुनेछ, यसकारण म हजूरको पाउ केही गरे पनि छोड्न सक्तिन जहाँ हजूरको सवारी हुन्छ म पनि उहीं जान्छु।"

आफ्नो प्रिय पत्नी सीताको त्यो अनिवार्य आग्रह देखी श्रीरामले भन्नुभयो, "कल्याणी ! हुनता वनमा तिमीलाई दुःख हुनेछ, तथापि मेरो साथ कसै गरे पनि छोड्न सक्तिन भन्दछ्यौ भने हिंड, जस्तो परेर आउला उस्तै भोग गरौली।"

यति गरी रामचन्द्र, लक्ष्मण र सीताजीसमेत तीनै जना वनमा जान प्रस्तुत भए। महाराज दशरथसँग विदा हुन जाने समय आयो। उनीहरू दशरथका वासगृहमा जान भनी नि... अयोध्यावासीहरूलाई सो कुरा थाहा भइसकेको हुन...

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजा ती तीन जनालाई हेर्नाको निमित्त शोकको साथ बाटामा खडा भएका थिए। यी तीनै जनाले सरासर कैकयीका खोपीमा पुगी मूर्छित भइरहेका राजालाई देखे। यिनीहरू पुगेका केही बेरपछि राजालाई होश भयो। उनले आफ्ना अगाडि मुनि वेश धारण गरी वन जानाको निमित्त तयार भएका आफ्ना दुई पुत्र र एउटी बुहारीलाई देखे। पुत्रहरूलाई अङ्कमाल गरूँ भन्दैमा उनी फेरि मूर्छित भएर पृथ्वीमा गिरे।

महाराज दशरथको त्यो अवस्था देखा राम, लक्ष्मण र सीता यी तीन जनाको चित्त पनि विकल भयो। राजालाई उठाउन र शीतल जल, पंखा आदि उपचारले सचेत गराउनको पनि कसैलाई होश भएन। आखिर यिनै तीन जनाले अनेक उपचार गर्दा राजा सचेत भए। यसै अवसरमा रामचन्द्रले उनका पाउमा शिर राखी भन्नुभयो, "बुवा! हजूर हामी सबैका स्वामी हुनुहुन्छ। हामी तीन जना वन जान तयार भयौं। हुनता हजूरको म एक जनालाई मात्र वन जानू भन्ने हुकुम थियो, तर यिनीहरू पनि मेरो पछि लाग्ने निश्चय गरी आएका छन्। मैले धेरै प्रकारले संझाएँ, तर यिनीहरू मान्दैनन्। कृपापूर्वक यिनीहरूलाई पनि लैजा भन्ने आज्ञा भए म यिनीहरूका साथ अहिल्यै प्रस्थान गर्ने थिएँ।"

रामचन्द्रका यस्ता दीन वचनले महाराजको हृदय टुक्रा टुक्रा भयो। उनको मुखबाट एक अक्षर पनि निस्कन सकेन। खालि प्रेमपूर्ण आँसुले ढाकिएका नजरले उनले अब, तिमीहरूलाई देख्ने यत्तिकै हो' भन्ने आशयसंग तीनै जनाका मुखमा हेरिरहे वनमा जाउ भन्ने आज्ञा दिन उनलाई सारै कठिन पर्यो

...प्रकारले दशरथसंग विदा भई तीनै जना बाहिर ढोकामा ...हाँ राजा दशरथको तर्फबाट कैकयीको आज्ञानुसार

CC-0. In Public Domain. Digitization by eGangotri

सुमन्त्रले रथ तयार पारिराखेका थिए। ती तीन जना निस्कना साथ सुमन्त्रले बिन्ती गरे, "राजकुमार ! हजूर रथमा चढ्नुहोस्, महाराजका हुकुमले रथ ल्याएको छु।" त्यो कुरा स्वीकार गरी सीताजीसहित दुवै भाई आफ्ना शस्त्रअस्त्रले सुसज्जित भएर रथमा चढे।

सुमन्त्रले श्री रामको आज्ञानुसार रथ चलाए। रामचन्द्रको त्यस हिसाबसंग वनमा सवारी भएको देखी सारा अयोध्यावासी-हरू शोकाश्रुको वृष्टि गर्न लागे। प्रजावत्सल राम पनि आफ्ना शोकले व्याकुल भएका ती पुरवासीहरूलाई आश्वासन दिंदै वन तिर जान लाग्नु भयो। त्यस वेला सारा दर्शकहरू रामको ठूलो प्रशंसा गर्न लागे, "अहो ! धन्य रामको पितृभक्ति ! धन्य रामका धैर्य ! जसलाई राज्याभिषेकका हर्षले र वनवासका विषादले अलिकति पनि छुन सकेन। मानिसले यस्तै हुनुपर्दछ। धन्य राम ! हजूरको यो प्रभाव हामीले देख्यौं। यस्ता रामलाई नपाउने हाम्रो अभाग्य रहेछ।" यति भन्दै उनीहरू अनेक तरहले खेद गर्न लागे।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री बाबुराम आचार्य

१९४४–

संस्कृत, हिन्दी, अंग्रेजी इत्यादि धेरै भाषाका ज्ञाता । " इतिहास शिरोमणि । "

प्रख्यात भएका आचार्यजीको परिचय दिनु सूर्यलाई वत्ती देखाउनु जस्तै हो भनेमा अत्युक्ति होओइन । गणित, ज्योतिष आदि धेरै विषयका ज्ञाता भए पनि उहाँ इतिहासमा धुरंधर हुनुहुन्छ । उहाँले इतिहासका निमित्त जीवन नै सुम्पे पछि यो वृद्धावस्थामा उहाँलाई इतिहासले शिरोमणि वनाएकोमा के आश्चर्य छ र? वरु रातभरको नक्षत्रको निरीक्षणसँग मिलेर ऐतिहासिक अध्ययनले उहाँको आँखालाई धक्का दिएकोमा अफसोस छ। समितिले उहाँलाई लेखाउन लगाएको नेपालको ठूलो इतिहास अव प्रकाश भयो भने पनि प्रशस्त पूर्ति हुने थियो । ऐतिहासिक कठिन कुरालाई सरस तुल्याएर पाठकहरूको मनोविनोदका साथसाथै ठोस तथा तथ्य विचार दिनुमा उहाँको वैशिष्ट्य छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सगरमाथा या भयामोलोङ्मा

हिमालयका पहाडहरू मुख्य हिमालयका हिउँ जम्ने पहाडहरूका सिलसिलामा महालंगूर भन्ने पहाड कान्तिपुरको पूर्वपट्टि रहेको छ। यसदेखि पूर्वपट्टि यस सिलसिलाको कुम्भकर्ण पहाड जोरिएर रहेको छ। महालंगुरका टाकुरा या चुलीहरूमा सबभन्दा अग्लो चुली नेपालपट्टी सगरमाथार भोटमा भयामोलोङमा *कहिन्छ। कुम्भकणको मुख्य चुली नेपालमा मकालु कहिन्छ; भोटपट्टि के नाउँले पुकारिन्छ, त्यो थाहा छैन। यसको उचाइ समुद्रका तहबाट २७७९० फुट छ। यो उचाइ कम होइन, तर यसभन्दा अग्ला हिमालयका चुली धेरै नै हुनाले विशेष महत्वको छन। सगरमाथाको उचाइ २९१४१ फुट नापिएको छ यति अग्लो चुली संसारभरमा अर्को नहुनाले बडो महत्वको वस्तु भइरहेको छ। यी दुवै पहाडचुलीहरू अचेलका नेपाल र भोटका राज्यको सीमानामा छन्। यिनका दक्षिणपट्टि नेपालको किराँत प्रदेश र उत्तरपट्टि भोटको चङ प्रदेश रहेको छ। नेपाल र भोटको पहिलो परिचय हुँदा नेपालका पुराना बासिन्दा नेवारहरूले भोटका यसै प्रदेशका बासिन्दासँग संबन्ध जोडेथे। यसकारणले नेवारी भाषामा भोटे–जातिलाई कहने 'सयँ' शब्द यसै प्रदेशका नाउँ ★चङबाट बनेको छ।

---

*यो नाउँ चुलीको मात्र हो कि चुलीसमेतको महालंगूर पहाड हो, त्यो निश्चय गर्न सकिएको छैन। महालंगूरको भोटे नाउँलापछे खड्रि हो कि क्या (भेन्सिटार्ट–गुर्खा, पाता १००)

★चङ (Tsan) को च, 'स' तिर ढल्केर बोलिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

सगरमाथाका महत्व अघि थाहा नभएको हुनाले नेपालका कुनै लेखमा पनि यसको चर्चा देखिदैन। यसको महत्व अंग्रेजी साहित्यद्वारा नेपालीहरूलाई मिलेको छ। अग्रेजहरूले यसको नाउं 'एभरेस्ट' राखेका हुनाले यसको महत्व पहिचान गर्ने शिक्षित नेपालीहरू त्यसै अंग्रेजी नाउंले जान्दछन्। कान्तिपुर-बाट यो चुली केवल १०० माइल फरकमा छ, तापनि यहांका वासिन्दालाई सगरमाथा भन्ने कुन वस्तुको नाउँ हो थाहा हुँदैन। किराँत प्रदेशका। जुन जुन ठाउँबाट यो चुली देखिन्छ उस उस ठाउँका बासिन्दाका मुखमा मात्र परंपराबाट अरू सामान्य वस्तुको नाउँ सरह सगरमाथा भन्ने नाउँ चलिरहेको हुन्छ। यही हाल महालंगूर, कुंभकर्ण र मकालुको थियो। दश आठ वर्ष अगाडि भारत सरकारले प्रकाशित गरेका नेपालको नक्सा (मानचित्र) मा यी तीनौटा नाउँ चढाएका हुनाले अब सबलाई याद हुने भएको छ।

महालंगूर, कुम्भकर्ण र सगरमाथा आर्य-भाषाका नाउँ स्पष्ट देखिन्छन्। किराँत प्रदेशमा पाल्पाली राजा मुकुन्दसेन (पहिला) को विजयपताका फैलिनुभन्दा पहिले त्यहाँ आर्यजातिका मानिसको प्रदेश भएको प्रमाण पाइँदैन। महालँगूरका दक्षिण फेदीबाट रसाएर निस्केको दूधकोशी नदीमा नुहाउने आर्यपुरुषहरूमा पहिले मुकुन्दसेनका सैन्यवै बाहुन र क्षेत्री देखिन्छन्। यी राजाका छोरा लोहाङ्गसेनका राज्यकाल (अं० संवत् १६१०–५७) मा त्यस प्रदेशमा आर्यपरिवारका बाहुन क्षेत्रीका बस्तीहरू जोरसोरसंग बस्दै गएका हुनाले यिनीहरूलाई नयाँ देखिएका नदी र पहाड-हरूका नाउँ राख्नाको जरूरत पर्नु स्वाभाविकै छ। हुनता यी वै नदी र पहाडहरूका किराँत बोलीका नाउँ अवस्य थिए। मा जो कर्णकटु थिए तिनलाई छोडेर नयाँ नाउँ राखेको र

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तम दूत

जो श्रुतिमधुर थिए तिनलाई लिएको देखिन्छ । यी बाहुन—क्षेत्राहरू आय-भाषा परिवारको मगरांतको आएर बनेको पर्वते बोली व्यवहार गर्दथे। यही बोली पछि नेपालको राष्ट्रभाषा बनेर अचेल नेपाली भाषा कहलाएको छ।

किरांत बोलीमा नदीको सामान्य नाम अघि 'कोशी' भएको देखिन्छ। किनभने यसको अर्को रूप 'खुसी' 'शब्द यस अर्थमा नेवारी भाषामा व्यवहार हुँदै छ। किरांत प्रदेशका मुख्य मुख्य कोशीहरू मिलेर एउटै नदि बनी मधेशका मैदानमा झरेकालाई विहारका आर्यहरूले पनि कर्णकटु शब्द नहुनाले कोशी नै भन्ने गरेका थिए। यस हिसावले किरांत प्रदेशमा सामान्य नाम भएका कोशी शब्द मधेशका मैदानमा पुगेर विशेष नाम बनेको थियो ०। यस कारणले किरांत प्रदेशमा बगेका भिन्न भिन्न कोशीहरूलाई नयाँ गएका बाहुन क्षेत्रीहरूले सुनकोशी, तामाकोशी, दूधकोशी आदि नाउँ राखे। सुन, तामा र दूध ती कोशीहरूका किरांत बोलीका * कर्णकटु नाउँका अनुवाद अडकल गरिन्छन्, किनभने कोशिहरूमा एउटा सानोचाहि अचेल पनि ' लिखु '

---

० यही हाल सिन्धु नदीको छ। दरदिस्तानका बोलीहरूमा सिन्ध भन्ने नदीको सामान्य नाम छ। भोटबाट आएका मुख्य धारामा यस प्रदेशको अनेक सिन्धु मिलेर एउटै नदि बनेर मैदानमा झर्दा सिन्धु कहलाएर समुद्रमा मिसिएको छ।

* किरांत प्रदेशका पूर्व भागमा अरून र तमोर मुख्य कोशी छन्। यी नाउँ किरांत बोलिका अनुवाद हुन् कि नयाँ नै हुन् त्यो निश्चय गर्न सकिएको छैन। अरूनको पहिला रूप अनु अनुमान हुन्छ र अनां र तमोर (बाजा) को जस्तो यिनको गडगडाहट सुनेर यी नाउँ ... देखिन्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

कहिन्छ। 'लि' कोशीको यो छोटकरी रूप देखिन्छ औ यसको शब्दानुवाद पित्तलकोशी हुन्छ। यसै सिलसिलामा दुई बडा बडा पहाडको नाउँ महालंगूर र कुम्भकर्ण औ चुलीको नाउँ सगरमाथा राखेको देखिन्छ।

महालंगूर र कुम्भकर्णका किरातबोलीका नाउँ कर्णकटु हुनाले छोडिदिएको अनुमान हुन्छ। महाँलंगूरभन्दा पश्चिमपाट्ट रहेको पहाड अचेल पनि रोलवालिङ कहिन्छ औ यो कर्णकटु नाउँ पुरानै देखिन्छ, पछि राखेको आर्यभाषाको देखिदैन। यसका नगीचमा दोलखामा नेवारको वस्ती लोहांगसेनका समयभन्दा पहिले नै बसेको थियो। उस समयका दोलखाका नेवारीभाषामा कर्णकटु शब्दको भरमार थियो। यस कारणले रोलवालिङ शब्द व्यवहार गर्न यिनीहरूलाई केही कठिन थिएन। सभ्य नेवारहरूले व्यवहारमा लिइसकेका रोलवालिङ शब्दहरूलाई किरात प्रदेशमा गएका वाहुन, क्षेत्रीहरूले वदल्न नसकेर कर्णकटु भए पनि लिएको देखिन्छ।

महालंगूर शब्दमा रहेको अघिल्लो 'महा' शब्द ठूलो धेरैका अर्थमा संस्कृत र नेपाली भाषामा समेत ज्यादै नै व्यवहार हुन्छ (जस्तो महादेव; महामुश्किल आदि)। लंगूर शब्द डोटी, जुमला तिर सामान्य बाँदरका अर्थमा औ कान्तिपुरमा कालो मुख भएको, तराईमा बाँदरका अर्थमा व्यवहार हुन्छ। बाँदरको पुच्छर लामो भएर नै यो नाउँ रहन गएको देखिन्छ, किनभने यस शब्दसंग मिल्दोजुल्दो लांगूल शब्द संस्कृत भाषामा पुच्छरका अथमा व्यवहार हुन्छ। यसैकारणले हिमालयका अग्ला र लामा [illegible]ाडलाई पनि लंगूर भन्ने चलन अनुमान हुन्छ। डेढसय वर्ष [illegible]ि गढवालमा लंगूर भन्ने विकट पहाडमा रहेको एक गढी [illegible] उहाँ संवत् १८४९ मा गोरखालीले आक्रमण गरेथे।

CC-0. In Public Domain. Digitization by eGangotri

भोटमा रहेका एक पहाडलाई भैरवलंगूर भनेर कान्तिपुरबाट पुकारिन्छ । लंगूरहरूमा ठूलो अडकल गरिदिएर महालंगूर भन्ने नाउँ राखिएको देखिन्छ। कुंभकर्ण शब्द शुद्ध संस्कृत भाषाको छ। रामायणमा कुंभकर्ण राक्षसको पहाडसंग र नाक, कानको कन्दराहरूसंग उपमा जोडिएको हुनाले यो नाउँ राखेको अनुमान हुन्छ। भोटमा ब्रम्हपुत्रका आसपासको एक पहाड 'भेनछिन्' कहिन्छ जसको शब्दानुवाद लम्वकर्ण हुन्छ। लंवकर्ण शब्द सुनेर नै कुंभकर्णको याद भयो होला।

नेपाली भाषा या पर्वते बोलीको 'सगर' र 'माथ' शब्द बनेको स्पष्ट नै देखिएको छ। संस्कृत साहित्यमा स्वर्ग माथि-तिर देखाइएको हुनाले यस शब्दको अर्को रूप सगर शब्द, पर्वते बोलीमा आसमानका अर्थमा व्यवहार गरिन्छ। संस्कृत भाषाको मस्तक शब्द र यसको अर्को रूप पर्वते बोलीको माथ शब्दले कपाललाई कहन्छ। यस हिसावले सगरमाथाको मतलव आसमानसम्म कपाल पुगेको हुन आउँदछ । यो चुली ज्यादै अग्लो हुनाले यो नाउँ अत्यन्त सार्थक पनि छ। अर्को चुलीको नाउँ भएको मकालु शब्द आर्यभाषाको देखिदैन । श्रुतिमधुर हुनाले किरांत बोलीकै शब्द चलन गरि आएको देखिन्छ।

भोटे भाषाको भ्यामोलोङमा शब्दमा 'लोङमा' विशेषण मात्र हो, यसको अनुवाद लमिनी हुन्छ । ठूलो या अग्लो देखाउनाका निमित्त यो विशेषण जोडिएको छ । 'भ्यामो' मा पनि 'मा' स्त्रिलिंगको प्रत्यय छ, अर्थ वताउने शब्द 'भ्या' मात्र छ। यसको अर्थ चरो हुन्छ। यस शब्दको अर्को रूप झङ शब्द चराको अर्थमा नेवारी भाषामा पनि छ। यस हिसावले भ्यामो-लोङमाको शब्दानुवाद 'चरी लमिनी' हुन आउँदछ । यसरी पंछीका नाउँबाट चुलीको नाउँ राखिएको अर्को उदाहरण

CC-0. In Public Domain. Digitization by eGangotri

पुरा इरानी आर्यहरूका साहित्य 'आवेस्ता' मा पाइएको छ। हिन्दूकुश पहाडका मुख्य चुलीको नाउँ तिनीहरू ले उपाइरि सइएन (संस्कृत रूप उपरिश्येन) अर्थात् बाजभन्दा अग्लो भन्ने राखेका थिए।

यस ठाउँमा रोलवालिङ पहाडका चुलीको पनि उल्लेख गर्नुपरेको छ। यी चुली टुप्पामा फाटेर दुई हाँगा बनेका छन्। तिनका उच्चाइमा पनि अन्तर ज्यादा छैन। अग्लोचाहि २३४४० फुटको उच्चाइमा रहेको छ। यिनमा एउटा तीखोचाहि गौरा र अर्को टुप्पामा थिचिएको चाहिं पार्वता कहिन्छ। "एक दिन पार्वती भागेर माइत जाँदा खोज्दै पछि लागेका महादेवले भेट्टाएर पार्वतीले लाज मानी घुम्टो हालेर मुख छोपिन्। यसै हालतमा शिला बनेर रहेका रह्यै छन्" भन्ने दन्त्यकथा दोलखा-तिर प्रसिद्ध छ। यस कारणले महादेव (गौर) पार्वतीको नामबाट यिनको नामकरण भएको देखिन्छ। टाढाबाट दुई चुली नदेखिएर एउटै देखिने हुनाले गौरा पार्वती भन्ने नाउँले पुकारिन्छ। यो चुली झारफुकका मंत्रमा देवताका रूपमा चढेर "गौरा पार्वतीको वाचा" पढिन्छ। झारफुकेहरूले आफ्ना साथसाथै घुमाउँदा यसको नाम सगरमाथा या मकालुको भन्दा ज्यादा प्रसिद्ध हुन गएको छ।

आजका १०० वर्ष जति पहिलेसम्म सगरमाथाको महत्व प्रकट भएको थिएन। संसारभरमा पहिलो अग्लो चुली यही हो भन्न ता के कुरा, हिमालयका चुलीहरूमा पनि सबैभन्दा अग्लो यो हो भन्ने कसलाई पता थिएन। यसको उच्चाइ नापी संसारभरका चुलीहरूमा सबभन्दा अग्लो यही हो भन्ने पत्ता लाउने अचेलका परिभाषानुसार यसको आविष्कार गर्ने राधानाथ सिकंदर हुन् भन्ने सुनिन्छ×। बङ्गाली सिकंदर महाशय भारत

× गंगा भागपुर—संवत् १९९० श्रावण पाता ९१५।

CC-0. In Public Domain. Digitization by eGangotri

सरकारका सर्वे विभागका कर्मचारी हुन्। उस समयमा यिनले नेपालपट्टिबाट गएर नाम लिन असंभव थियो। भोटतिरबाट जान पनि महाकठिन थियो। तैपनि त्यसको नाप लिइछोड्नु सानो महत्वको काम होइन। उस समयमा यसको नेपाली नाउँ या भोटे नाउँको खोज र परवाह भएको देखिदैन। संसारको मुकुट भएको यस चुलीलाई उम्कन दिन उचित न देखेर लण्डनका रायल ज्योग्राफीकल सोसाइटीले संवत् १९१३ मा यसको नाउँ एभरेस्ट राखिहाले। सर जार्ज एभरेष्ट भन्ने एक अंग्रेज तेह्र वर्षसम्म हिन्दुस्थानमा सभअरजनरल भएका थिए (१८८७-१९००)। यिनको सन्मानका खातिर यिनका नाउँबाट संसारभरको अग्लो चुलीको नाउँ राखियो। यिनले गङ्गा नदीका सिरानपट्टि हिमालयको छानबीन ता गरेका थिए। तर महालंगूर या सगरमाथाको दर्शन अवश्य पाएका थिएनन्। तपनि आफ्नो नाउँ संसारको सबभन्दा अग्लो त्यस चुलीमा चढेको देख्ने सौभाग्य यिनलाई मिल्यो।

लगभग यसै समयमा एक जर्मन जात्रूले यूरोपका भूगोल संबन्धी पत्रिकामा हिन्दुस्थानीहरू हिमालयमा सबभन्दा अग्ला पहाड या चुलीलाई गारीशङ्कर भन्दछन् भन्ने हल्ला पिटेका थिए। गौरापार्वतीकै नाउँ सुनेर रूप सच्याई गौरीशङ्कर भनेका हुन्, यो कुरा स्पष्ट नै छ। यिनको भनाइ साँचो ठानिएर यूरोपियनहरूलाई गौरापार्वतीको पत्ता नहुन्जेल यूरोपबाट प्रकाशित भएका कुनै कुनै नक्सामा र हिन्दुस्थानबाट प्रकाशित भएका अधिकांश नक्साहरूमा एभरेष्ट या गौरीशङ्कर भनेर दुवै नाउँ लेखिन लागे। इन्डियन गभर्नमेन्टले सन् १९०६ (संवत १९६३) मा प्रकाशित गरेका, इलिटले तयार गरेका 'क्लाइमेटिलोजिकल आएटलास् अव इन्डिया' का पहिला नक्सासम्म

CC-0. In Public Domain. Digitization by eGangotri

यही व्यवहार गरेको देखिएको छ। स्कूलमा पढाइने नक्साहरूमा भने अझ पनि यही दुवै नाउँ राख्ने चलन छँदैछ।

गौरीपार्वतीको पत्ता अंग्रेज सर्भअरहरूलाई भएदेखि गौरीशङ्कर भन्ने नाउँ गौरापार्वतीमा लेखिन लागेको र एभरेस्ट अकेलै रहन लागेको छ। इण्डियन गभर्नमेण्टले प्रकाशित गरेका 'इण्डियाआएन्ड आएडजेसेट कंट्रिज'सिरीजका नक्साहरूमा यही चलन देखिन्छ।

लगभग दस वर्षअगाडि स्टेट्‌सम्यानमा गौरीशंकर भन्ने पहाडको गाउँ र एभरेस्ट भन्ने त्यसका चुलीको नाउँ हो भन्ने बेशिरपैरको लेख छापिएको थियो। तर त्यसको परवाह नगरी इण्डियन गभर्नमेण्टले प्रकाशित गरेका नक्सामा पहाडको नाउँ महालंगूर र, त्यसका चुलीको नाउँ एभरेस्ट दिएको छ। गौरा पार्वतीका ठाउँमा गौरीशङ्कर लेखिएको छ। गौरापार्वती शब्द संस्कृत व्याकरणअनुसार अशुद्ध थियो। त्यो एक जर्मनद्वारा शुद्ध गरिएर ६०—७० वर्ष जति अर्को ३५ माइल फरकमा रहेको (सगरमाथा) चुलीको नाउँ बनेर अब आफ्नै ठाउँमा फर्केर आएको छ। बहुत बेस।

एभरेष्टको साथ गौरीशंकरले छोडेपछि त्यसको साथ चोमोलोङ्को (Chomolongma) ले पक्रेको छ। इण्डियन गभर्नमेण्टले हालसाल प्रकाशित गरेका नेपालको नक्सामा एभरेस्टका बगलमा भोटपट्टि चोमोलोङ्मा लेखिएको छ। झ्यामोलोङ्मालाई नै चोमोलाङ्मा लेखिऐको अनुमान हुन्छ। झ्यामोलोङ्मामा बोल्दा झ्यामो' वोलिने र लेख्दा 'झ्यामो' लेखिने चलन छ। 'झ्यामो' को अर्थ 'चोमो' बाट प्रकट हुँदैन। अर्थ गडबडिएर भए पनि नेपालको नक्सामा सगरमाथाका ठाउँ लिएर भोटे नाम घुम्न आइ पुगेको छ।

सगरमाथाका शब्द भने किरात–प्रदेशमा मात्र अलमलिएर रहेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री सूर्यविक्रम ज्ञवाली

१९५६— .

बी. ए. बी. टी. । प्रकाशित पुस्तक ७। पत्रपत्रिकामा पनि कृतिको प्रकाश । हाल पुरातत्व विभागका डाइरेक्टर ।

हिन्दुस्थानमा जन्मे पनि मातृभाषामाथि ज्ञवालीज्यूको भक्ति छ । दार्जीलिङमा वहेको नेपालीको प्रवाहको यौटा मुहान उहाँ हुनुहुन्छ । छात्रहरूका हृदयमा भाषाप्रेमको वीउ उहाँले नरोपिदिनुभएको भए नेपालीका पात, मंजरी, कोपिला, फूल केही पनि देख्न पाउने थिएनौं उहाँ इतिहासका धुरंधर विद्वान् हुनुहुन्छ, अनि पुरातत्वका अन्वेषक पनि । इतिहासको अनुसन्धान गरेर उहाँले यौटा वाटो देखाइदिनुभएको छ । राम्ररी सहायता पाउनु भएको भए अझ पक्की सडक वनाइदिनुहुनोथियो । प्रकाशित कृतिवाट उहाँ निष्पक्षपाती र यथार्थवादी हुनुहुन्छ भन्ने छर्लङ्ग देखिन्छ । उहाँको शैली सरल र गंभीर पनि छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीनारायण शाहको व्यक्तित्व

पृथ्वीनारायण शाह बडा साहसी वीर थिए तथा वीरता प्रदर्शन गर्ने ठाउँमा कहिल्यै पछि सर्दैनथे । उनका युवावस्थामा अनुभवका अभावले अथवा परिपक्व उमेर भएपछि मुलुक मान उत्सुकताले उनले कहिले कहीं अनुचित साहस देखाई आफ्नो र आफ्ना अफिसर तथा सिपाहीहरूको प्राण सङ्कटमा पारेको भए तापनि साधारणत. उनको वीरता विचारपूर्ण थियो । सन् १७४४ देखि सन् १७६२ सम्म भएका धेरैजसो युद्धको सञ्चालक उनले स्वयं योग्यतापूर्वक गरे । सेनासंग पृथ्वीनारायण शाहको व्यक्तिगत प्रेमपूर्ण सम्बन्ध थियो, अतएव गोर्खाली सैनिकहरू पृथ्वीनारायण शाहका निमित्त सहर्ष आत्म विसर्जन गर्न सदा तत्पर थिए । विविध जातिका मानिस यिनका सेनामा थिए तथा सेनामा उच्च पद दिंदा जातिको विचार नगरी केवल योग्यतानुसार सो पद दिने पृथ्वीनारायण शाहको नीति थियो चार पाँच लडाईंमा योग्यतापूर्वक लडाईं गर्ने सैनिक मात्र सुवेदारीको पद पाउँथ्यो । सुवेदारका सम्मतिबमोजिम सुवेदार-मुनिका सात पगरी भर्ना गरिन्थे । सात पगरीले छानी हुद्दा भर्ना गर्थे औ हुद्दाद्वारा सिपाहीहरू निर्वाचित गरिन्थे× । पृथ्वीनारायणको सेनामा ब्राह्मणहरू पनि थिए तर खास, मंगर र ठकुरी धेरै थिए। गुरुङहरू प्रायः थिएनन् । यसरी सेनामा अनेक जात भए तापनि पृथ्वीनारायण शाहका सेना तथा

×सात पगरी भनेको अचेलको हवल्दार र हुद्दा भनेका अचेलको नायक बुझ्नुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यमा पनि खसहरूको प्रधानता थियो×। सैनिकहरूलाई तलब बापत जग्गा भर्ना दिइन्थ्यो। यसो गर्ने उद्देश्य उनीहरूका परिवारको सुखपूर्वक जीवन निर्वाह होस् र सिपाहीहरू निश्चिन्त भएर युद्ध गर्न पाऊन् भन्ने थियो। युद्धमा मर्ने सैनिकका नाबालक छोराहरूले मरवट पाउँथे औ पछि ठूला भए पछि सेनामा भर्ना गरिन्थे। यो रीतिले सेनाका निति खानदानी योद्धामा सन्तानको कहिल्यै अभाव हुँदैनथ्यो। आफ्नो वीर योद्धाको पृथ्वीनारायणशाह उचित आदर गर्थे औ उनीहरूलाई बिर्ता, मान इत्यादि दिन्थे। शत्रु पक्षका वीर योद्धाको पनि यिनी समान रूपले आदर गर्थे।

नेपाल विजय गर्ने बित्तिकै पृथ्वीनारायण शाहले धार्मिक स्वतन्त्रता घोषणा गरी नेवारहरूलाई उनीहरूका धार्मिक विषयमा उनले निश्चिन्त गराए। पृथ्वीनारायण शाहले नेपाल जितेपछि उनका सैनिकहरूले मुलुक लुट्न पाएनन्। नेपाल उनले आफ्ना अधीन गराएपछि वहाँका शासन सधैं बमोजिम सुसङ्गठित रूपले चल्न थाल्यो। रैती भनेका राजाका बल हुन् औ यिनका समृद्धिमा राजाको समृद्धि छ भन्ने पृथ्वीनारायण शाहको दृढ विश्वास थियो। उनले गोर्खाली र नेवारमा केही भेद गरेनन्। मेरो मुलुक ४ जात ३६ वर्णको फुलवारी हो औ

× ब्राह्मण, खस, मगर र ठकुरी यी ४ जात मध्येको···माथि मैले विशेष भर पर्नु भनी पृथ्वीनारायण शाहले आफ्ना मामा नीलकण्ठ सेनसँग सोद्धा उनले बाहुन भनेको बयल हो; ठकुरी भनेको सिंह हो। मगर भनेको टांगन घोडा हो, तथा खस भनेको ताजी तुर्की घोडा हो। अतएव बाहुनद्वारा युद्ध गराए पाप लाग्ने, ठकुरीका भर परे पछि दगा हुने, मगरको भर परे काम ढीलो हुनाले खसको भर परे काम छिटो हुन्छ भनी भनेथे।

CC-0. In Public Domain. Digitization by eGangotri

सबैले आफ्ना कुल धर्मको कार्य गर्नू भन्ने पृथ्वीनारायण शाहको उपदेश थियो (जानी जानी न्याय बिगार्ने वा घुस खाने हाकिम राजा र राज्यका महाशत्रु गनिन्थे तथा उनीहरूले यी अपराध गरेका खण्डमा प्राणदण्ड वा सर्वस्व हरणको सजाय पाउँथे ।)

स्वदेशको आर्थिक नीति अत्यन्त देशभक्तिपूर्ण थियो औ त्यताबाट हुने लाभ अधिकांश नेवारहरूलाई नै भएको थियो । लडाइँ छउन्ज्यालसम्म मात्र नेवारहरू यिनका शत्रु थिए तथा लडाइँ सिद्धिएपछि यिनले गोर्खाली र नेवारलाई समान दृष्टिले हेर्न लागे ।

तिन ताकका चलनबमोजिम पृथ्वीनारायणशाह दुई विवाहिता र अनेक भित्रिनी रानीहरू भए तापनि यिनी विलासका तीव्र विरोधी थिए औ आफ्ना रैती विलासी नहुन् भन्ने यिनको आन्तरिक इच्छा थियो। रैती विलासी भए उनीहरू शक्तिविहीन हुन्छन् र शत्रुले स्वदेशमाथि आक्रमण गर्‍यो भने स्वदेशको रक्षा गर्न सक्दैनन् भन्ने यिनको विचार थियो ।

कहिलेकाहीं यिनले रीसका आवेगमा अथवा भय प्रदर्शन गर्न केही निर्दयतापूर्वक कार्य गरि हाले तापनि यिनी निर्दय प्रकृतिका मानिस थिएनन्। जटिल परिस्थितिमा परेका वेलामा पनि यिनी कहिल्यै आत्तिएनन् औ विपत्तिमा यिनको धैर्य कहिल्यै हराएन। यिनी गर्न पर्ने उद्योगमा पनि कहिल्यै विरक्त भएनन् । अभीष्ट सिद्धिका निम्ति दुष्कर तथा कठिन कार्य गर्न पनि यिनी सदा प्रस्तुत हुन्थे ।

पृथ्वीनारायण शाहको पारिवारिक जीवन अत्यन्त प्रेमपूर्ण थियो । यिनको मातृभक्ति अलौकिक थियो तथा आफ्ना सहोदर [वि]मातृक भाइहरूलाई यिनले कहिल्यै भेदका दृष्टिले हेरेनन् । नोकर चाकरहरूप्रति पनि यिनी दयालु थिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं साधारण पढेका मानिस भए तापनि पृथ्वीनारायण शाह विद्वान्हरूको आदर गर्थे। यिनका दरबारमा अनेक उच्च-कोटीका पण्डितहरू थिए। असि वृत्ति र मसी वृत्ति दुवैमा निपुण भएका वीरभद्रले यिनका आज्ञाले यथार्थ पद्धति[१] नामक ग्रन्थको रचना गरेका थिए। यिनका विषयमा काव्य शैलीमा दुंइ खण्ड काव्य लेख्ने ललितावल्लभ पनि यिनका आश्रित थिए। जयमङ्गल, महेश्वर, हरिदत्त, कुलानन्द, बालकृष्ण, महेश्वर आदि वेद, धर्म शास्त्र, ज्योतिष, आयुर्वेदका ज्ञाताहरूले यिनका दरबारमा आदरणीय स्थान पाएका थिए।

कुशल राजनीतिज्ञ र वीर योद्धाको पनि पृथ्वीनारायण शाहका दरबारमा ठूलो मान थियो। राज्यका ठूला ठूला पदमा अनेक रणक्षेत्रमा पुरुषार्थ देखाउने तथा अनेक जटिल राज-नीतिका प्रश्नमा कुशलता देखाउने मानिसहरू थिए। नेपाल विजय गर्नुभन्दा पहिले यिनका मन्त्री कालू पाँडे थिए, तर पछि, उनैका सुयोग्य छोरा वंशराज पाँडे मन्त्री भएका थिए। यिनका सेनापतिहरूमा तुलाराम पाँडे, बस्नेत भ्राताहरू कहरसिंह तथा अभिमानसिंह, रामकृष्ण कंवर आदि वीरहरू प्रसिद्ध छन्। यिनका मृत्यु पश्चात् ठूलो वीरता देखाउने अमरसिंह थापा पनि यिनका सेनामा थिए।

पृथ्वीनारायण शाहलाई हिन्दुस्थानमा अंग्रेजको बढ्न लागेको शक्तिको ठूलो डर थियो। अतएव सकेसम्म अंग्रेज-संग केही सम्पर्क नै नराख्ने उनको नीति थियो भोटसँग निहुँ खोजी झगडा गर्न नजानू भन्ने उनको नीति थियो। तर आइलागेका खण्डमा उनी भोटसँग युद्ध गर्न सदा [illegible]

१. यो पुस्तक दरबार लाइब्रेरीमा छ।

CC-0. In Public Domain. Digitization by eGangotri

त थिए। चीनप्रति भने उनका हृदयमा भय र श्रद्धा थियो। चीनको विशाल देश प्राचीन सभ्यता र ठूलो जनसंख्याले गर्दा चीनसँग उनको विशेष सम्बन्ध नभए तापनि उनी चीनलाई आदरका दृष्टिले हेर्थे।

पृथ्वीनारायण शाहको मृत्यु अवस्था नपुगी ५२ वर्षका उमेरमा भयो तथापि गोर्खादेखि धादिङसम्म विस्तृत एउटा साधारण गोर्खा राज्यको विस्तार पश्चिम मर्स्याङ्दी र चेपे, पूर्व दार्जिलिङ्ग, उत्तर रसुवा औ दक्षिण मोरङ्ग हनुमान–नगरसम्म गराए। यो राज्यविस्तारका सँगसँगै गोर्खालीहरूको वीर नेवारहरूको कलासम्मिश्रण भएको एउटा नवीन नेपालीय जातित्वको नेपालमा सृष्टि भयो।

(पृथ्वीनारायण शाहले आफ्ना पुरुषार्थले आर्जन गरी छोडेको राज्य वर्तमान नेपाली साम्राज्यको पुग नपुग आधा जति छ। पृथ्वीनारायण शाहको यस्तो पराक्रम देखेका हुनाले उनका देशवासी अद्यावधि उनको नाम लिंदा अवतारको नाम झैं आदरपूर्वक लिन्छन्) important

('पृथ्वीनारायणशाह' बाट)

CC-0. In Public Domain. Digitization by eGangotri

श्री गुरुप्रशाद् मैनाली
(१९५७–)

(हिन्दीको प्रशस्त अध्ययन र संस्कृतको पनि केही शिक्षा पाएको। शारदा इत्यादि पत्र–पत्रिकामा सुन्दर कथाहरूको प्रकाश।

धेरै कथा नलेखे पनि मैनालीज्यू कथा–साहित्यका अगुवा हुनुहुन्छ। परिस्थितिको समस्यामा अल्मलिनुपर्दा साहित्यिकहरूदेखि निकै टाढा रहनुभएको भए पनि उहाँले दर्शाउनुभएको बाटो मोपासाँ र प्रेमचन्द्रको जस्तै छ। आदिदेखि अन्त्यसम्म ज्यादै सावधानीका साथ उहाँ कलम चलाउनुहुन्छ, पहाड र तराईतिर बसेर पनि पाश्चात्य कथाकारहरूसंग दौजिनुहुन्छ, अनि कथाका हरेक अंग प्रत्यंगतिर दृष्टि, पुऱ्याई सौन्दर्य र सरसता भरेर सफल कथाकारको परिचय दिनुहुन्छ। समाजले लत्याएको नारी–जीवनप्रति निकै सहानुभूति राख्नुहुन्छ र उहाँ सुधारको चेतना दिनुहुन्छ। तर उहाँले बीचमा कलम नरोक्नु भएको भए कति कथामृत पिउन हामी पाउनेथियौं।)

CC-0. In Public Domain. Digitization by eGangotri

नासो

घरमा चञ्चलाश्री भईकन पनि देवीरमणका सन्तान थिएनन् सन्तान होस् भन्नाको निमित्त हरएक उपाय गरे, चौतारो चिने, बाटो खने, पशुपतिमा महादीप बाले, गएसाल हरिवंश पुराण लगाए, तैपनि सुभद्राको कोख सफल हुन सकेन। जोरीपारीसंग धोकाबाजी पर्दा धन, बल, बुद्धि सबै कुरामा देवीरमणको जित हुन्थ्यो, तर 'अपूतो' भनेको सुन्नेबित्तिक उनको अभिमान धूलो हुन्थ्यो, आत्मग्लानिले पानी हुन्थे। पुराना विचारका मानिस थिए, सन्तानबिना आफ्नो यो वैभवलाई तुच्छ संझन्थे।

विचरी सुभद्रा पनि खिन्न थिइन्। छिमेकका आइमाईले-छोराछोरी खेलाएको देखेर उनलाई रहर लाग्थ्यो, सन्तानका आशाले सरल नारीस्वभाववश धामी झाँक्रीका बूटी जन्तर बाँधिन्, देवी देवताको भाकल गरिन्, तीर्थव्रत, पूजापाठ पनि गरिन् तर, दैवले नसुनिदिएपछि कसको के लाग्दो रहेछ र!

ज्योतिषीहरू देवीरमणलाई अर्को विवाह गर्ने सल्लाह दिन्थे। परन्तु सुभद्राको आदेशबिना उनी अर्को विवाह गर्न सक्दैनथे। सुभद्रा बहुतै पतिपरायणा रमणी थिइन्, आजसम्म कहिल्यै उनले देवीरमणको चित्त दुंखाइनन्, मनको कुरा जानेर सेवा गर्थिन्। सुभद्रा दुलही भएर आउँदाको वखतको भयङ्कर दुःख ...लेसम्म पनि देवीरमणका आँखाका सामुन्ने नाचिरहेको ...उ अवस्था संझदा गहभरी आँसु हुन्थ्यो, सुख दुःखका साथी

CC-0. In Public Domain. Digitization by eGangotri

भएर कङ्गाल देवीरमणलाई सुभद्राले धनवान्, बनाइन, अहिले सन्तानका निमित्त सौता हालिदिएर कसरी कृतघ्न बनून् ।

२

फागुन महीनाको बिहानपखको सिरेटो मुटु छेड्ला भने जस्तो गर्थ्यो। देवीरमण मण्डपमा बसेका थिए । नयाँ दुलही पनि एकै आसनमा थिइन्। ब्राम्हणहरू ऋचा पढेर अग्निमा आहुति दिइरहेका थिए। प्रारब्धले उमेरैंमा उनलाई फेरि दुलाहा बनायो। एक दिन यस्तो रीतसंग उनले सुभद्राको पाणिग्रहण गरेथे, सुभद्राको आदेश पाई हो वा नपाई हो आज उनले उही अघिकै कृत्यलाई फेरि दोहोऱ्याए । यसबाट उनको भलो कुभलो के हुनेहो यस कुराको उनैलाई पनि केही ज्ञान थिएन। बाह्र वर्षकी अबोध बालिकालाई ल्याएर उनी शून्य आकाशमा कल्पनातीत मनोमंदिर निर्माण गर्न खोज्दथे। शायद ब्रह्मवादीहरू त्यसैलाई आशा-पाश या मृगतृष्णा भन्छन् क्या रे।

अस्तु, करले होस् वा आन्तरिक प्रेरणाले होस्, उनले विवाहविधि समाप्त गरे। दुलही अन्माउने वेला भो, कन्यापक्षका मानिसले रुँदै दुलहीलाई डोलीमा हालिदिए । दुलही पनि डोलीभित्र रुन लागिन् । त्यसबखत देवीरमणलाई साह्रै नरमाइलो लाग्यो। बाटामा वरियाँतीहरू परस्पर ग्रामीण ठट्टा गरेर खित्का छोडी हाँस्थे, परन्तु देवीरमणका कपालमा अर्कै विचारको द्वन्द्व हुन लागेको थियो, मनमनले भने. " के सुभद्राले साँचो मनले सल्लाह दिए की हो ? सम्मति दिंदा किन अर्कापट्टि फर्केर हुन्छ भनेकी त ? मेरो ज्यादा आग्रह देखेर भनेकी त होइन ? अहो (मानिसहरू आफ्नो तीव्र इच्छामा अरु

CC-0. In Public Domain. Digitization by eGangotri

संमतिलाई कसरी जबर्जस्ती तान्छन् । छिः ! सुभद्राको आजीवन सेवाको पुरस्कार यही हो ? म के गरूँ, मलाई के दोष ! सन्तानविना स्वर्गको बाटो छेकिन्छ भन्न हिन्दू-धर्म जानोस् । भोगको लालसाले होइन, धर्मका आज्ञाले विवाह गरेको हुँ ।" यस्तै तर्क गरेर चित्त बुझाउने कोशिश गर्दथे ।

बरियाँत देवीरमणका घरनेर पुग्यो, गाउँले, छिमेकीहरू चौतारामा रमिता हेरिरहेकारहेछन् । देवीरमणले एक एक गरी नियालेरहेरे, त्यो हूलमा सुभद्रालाई देखेनन् । बल्ल उनको छातीबाट ढुङ्गो पन्छियो । आज देवीरमणको गति त्यस बालक छात्रको जस्तो थियो जो पहिलो दिनको पाठ बिर्सेर अबेला गुरुकहाँ पुग्दछ, अथवा त्यस अपराधीको जस्तो थियो जो परिचित मानिसलाई देखेर लुक्न खोज्दछ ।

छिमेकीसंग कुरा गर्नाको बहानाले उनी केही पछि भए । जाँदा दुलही भित्र्याइसकी सुभद्रा दमाई डोलेहरूलाई ज्याला बाँड्न लागेकी रहिछन् । देवीरमणको हृदय गद्‌गद भयो, मनमनले भने, "सुभद्रा स्वर्गक देवी हो; व्यर्थै किन शंका गरें ! छिः मानिसहरू आफ्नो कामले कसरी आफैं तर्सन्छन् ।"

पाहुनापासासंग कुराकानी गरेर देवीरमण अबेला कोठामा सुत्न गए । पानसमा कडूवा तेलको बत्ती बलिरहेको थियो । नयाँ दुलही खाटमनि ओछ्यानमा सुतेकी थिइन् । देवीरमण खाटमा पल्टे, उस ठाउँमा सुभद्राको ओछ्यान देखेनन् । अघि सुभद्राको ओछ्यान देवीरमणका खाटमनि हुन्थ्यो । आज उस ठाउँमा नदेख्दा बीसौं वर्षदेखि सुतिरहेको कोठा पनि देवीरमणलाई नौलो जस्तो लाग्यो । एक छिनपछि गृहकृत्य [illegible] गरेर सुभद्रा कोठामा पसिन्, देवीरमणका गोडा मिच्न

CC-0. In Public Domain. Digitization by eGangotri

लागित् । यो उनको दैनिक काम थियो, सुभद्रा यसमा कहिल्यै त्रुटा हुन दिन्नथिन् । देवीरमणले भने —

"सानू, तिम्रो ओछ्यान खोई नि !"

"पल्लो कोठामा छ ।"

"किन पल्लो कोठामा सारेको ?"

"भोलि एकादशी हो, सबेरै गण्डकी नुहाउन जान्छु ।"

"म पनि उहीं सुत्छु ।"

"उस् । यहिं सुत्नुभए पनि हुन्छ ।"

थाकेर आएका देवीरमणलाई चाँडै निद्रा पऱ्यो, आफ्नो दोलाई सौतालाई खापेर सुभद्रा पल्लो कोठामा गइन् । (मधुरो बत्तीको धमिलो उज्यालोमा नौली घर्तिनीं पात गाँसिरहेकी थिई ।) नौली देवीरमणकी पुरानो चाकर्नी हो । नौलीको उमेर झण्डै झण्डै सुभद्रासंग मिल्थ्यो । ८२ सालमा स्वर्गवासी महाराज चन्द्र शमशेर जंगका करुणाले दासजीवनवाट त्यो मुक्त भएकी थिई । घरकी पुरानी चाकर्नी हुनाले देवीरमणले नौलीको मोल लिएनन् । आफूखुशी भए पनि नौलीले घर छोडिन । नौली सुभद्राको बालककालदेखिको सुख दुःखकी साथी थिई । विधाताले सुभद्राका निमित्त नौलीरूपी एउटा दुःख पोख्ने भाँड़ो दिएका थिए । दुवैमा घनिष्ट प्रेम थियो । नौलीले पात गाँस्दै भनी—

"वज्यै ! आज त साह्रै नरमाइलो लाग्यो होला ।"

"किन नौली, किन त्यस्तो भनिस् ? नरमाइलो लाग्नुपर्ने कुरा के छ र ?"

"तैपनि (सौता भनेको मुटुको वह हो,) यी आजै ओछ्यान छोड्नु पऱ्यो । भोलि घरै छोड्नुपर्छ कि के जानिसक्नु छ !"

CC-0. In Public Domain. Digitization by eGangotri

छोड्नुपरे छोडिदिउँला, कुन दौलथको चैन गरेकी छु र; एक पेट खस्रो मसिनू खाएर, दिनरात वृहार्तन गरेकी छु। जूठो चूलो गरिदिए जमले पनि एक गाँस खान दिन्छ, तर सोभी जस्ती छ, पस्नेत्रित्तिकै ढोगिदिई।"

"सिकाएको हुँदो हो, वज्यै ! कुनै दिन नौलीले मनिथी भन्न् होला। सोभो वांगिन केही वेर लाग्दैन, अलि दिनपछि वाजेका टुपी समाउनेछिन्।"

जेसुकै होस ईश्वरले बीसासय आयु गरिदिऊन्, फल्नेफुलेको देख्न पाइयोस्, सन्तान भए करले पनि एक अंजुली पानी देला; यिनका हात काखमा सास जाओस्, सबभन्दा ठूलो संतोष यही हो, नौली !"

३

तीन चार वर्षपछिको कुरा हो। एक दिन घाममा बसेर सुभद्रा छोरालाई भात खुवाइरहेकी थिइन्। सुशीलचाहिं आँगनमा चरिरहेका परेवालाई पक्रने कोशिशमा थियो, सुभद्रा हातमा भातको गाँस लिएर 'को खाई, को खाई' भन्थिन्। सुशील मुख बाउँदै दौडेर आउँथ्यो, सुभद्रा गाँस मुखमा हालि-दिन्थिन्; वालक फेरि दौडेर परेवातिर जान्थ्यो। ती मूक पंक्षिहरू पनि वालकसंग आनन्दपूर्वक खेलिरहेका थिए। "सुशील गई समाउन खोज्थ्यो, परेवा अलि पर गई वस्थे, सुशील फेरि उहीं पुग्थ्यो, परेवा फेरि उड़ेर अलि पर गई चर्न लाग्थे। सुभद्राको "को खाई, को खाई" को आवाज सुनेर सुशील बीच बीचमा एक दुई गाँस भात पनि खाएर जान्थ्यो।

देवीरमण फलैंचामा बसेर यो अनुपम आनन्दप्रद बालक्रीडा [हे]रहेका थिए। उनलाई स्वर्गको डीलवाट पितृहरू पनि यस

CC-0. In Public Domain. Digitization by eGangotri

कुलावलम्बका बाललीला हेरिरहेका होलान् भन्ने भान हुन्थ्यो। उनी यो शिशु सन्तानका आडमा एक महान् बलिष्ट शक्ति लुकिरहेको देख्दथे । सन्तानेच्छुक देवीरमणले आज यो दिन देख्न पाए। परिवर्तनशील संसारको गति विचित्र छ, परमेश्वर हाँस्नेलाई रुवाउँछन् ।

एक दिन सुशील तुलसीका मटनेर खेलिरहेको थियो, पिँडि-बाट एकातिर लक्ष्मी एकातिर सुभद्राले हात थापेर "नानी कता, कता, कता" भने। सुशील एक क्षणपछि दगुर्दै गई सुभद्राको छातीमा टाँस्सियो; सुभद्राको हृदय पवित्र पुत्र-वात्सल्यले परिपूर्ण भयो; "मेरो राजा" भनेर म्वाई खाइन् ।

सुशीललाई लक्ष्मीले जन्म मात्र दिइन्, केवल सुभद्राले हुर्काइन् । सुभद्रालाई एक छिन छोड्दैनथ्यो सुभद्रालाई 'आमा' भन्थ्यो, आफ्ना आमालाई दुलही भन्थ्यो किन कि लक्ष्मीलाई घरमा सबै जना 'दुलही बज्यै' भन्थे।

४

माघ महीना थियो। किसानहरू बालीनाली थन्क्याई तीर्थ जाने फिक्रीमा थिए। देवीरमणलाई पनि तीर्थ गर्न इच्छा भयो; मनमनले भने, पाउ चल्दै तीर्थ व्रत नगरे कहिले गरुँला। मानिस-हरू सम्पत्ति पाएर अन्धा बन्छन्, विवेक बुद्धिलाई खोपामा राखेर दिनरात पसाका निमित्त हाहाकार मच्चाइरहन्छन् । ती गोठालाहरूको सम्पत्ति अग्नि या चोरका निमित्त हुन्छ । धेरै गरेको हुँदो हुँ, अहिले एक मानाको संतोप छ। अहिले फेरि गर्न सके संतानका जरामा मल पर्ला, परत्र बन्ला ।

इत्यादि विचार गरेर देवीरमण तीर्थ जान तयार भए, उनको एकलै जाने विचार थियो; परन्तु गाउँका कैयन् बूढाबूढी, विधवा

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्नीमानिसहरू पनि तयार भए । देख्दा देख्दै देवीरमणको विशाल आंगन तीर्थयात्री कुम्ले फौजले भरियो। गाउँका धेरै आइमाईहरू जान लागेको देखी लक्ष्मी पनि जान्छु भनेर जिद्दी गर्न लागिन् । सुशीलचाहिं देवीरमणको दौरा समातेर रुन लाग्यो। यो बलिष्ट बालहठलाई देवीरमणले उपेक्षा गर्न सकेनन् । आखिर लक्ष्मी र सुशीललाई पनि साथमा लिए । एक क्षणपछि त्यो तीर्थयात्रीको समूह रानुको पछि माहुरी झैं देवीरमणको पछि लाग्यो। किन्तु सुभद्रालाई 'जान्छ्यौ कि?' भनेर कसले एक वचनसम्म पनि सोधेन।

सुभद्राले मनमनले भनिन्, "तीर्थ वर्त गर्न ता मलाई पो जानुपर्थ्यो, मेरो को छ र—छोरा न छोरी। उसको उमेर थियो, जाँदै गर्दि हो। उ छोरो पाएकी स्वास्नी भई, वचन हार्न सक्नु भएन, म टेक्ने समाउने केही नभएकी अनाथ, मेरो केको खोजी थियो। मानिस बलेकै आगो न ताप्तछन् । जसलाई परमेश्वरले ठगेको छ, त्यसलाई मानिस पनि हेला गर्छन्। ओहो ! संसार कति मतलवी छ।" यस्तै तर्क गर्दै सुभद्रा धेरै बेरसम्म एक्लै रोइरहिन् ।

सुभद्राले १२ वर्षको उमेरदेखि देवीरमणको दैलो पोत्न लागिथिन् । यो घर सुभद्रालाई संसारमा सबभन्दा प्यारो वस्तु थियो। यी वस्तु भाउ यिनैको लालन पालनमा बढेर तरुण भएका थिए। यो घर, यी वस्तु भाउ, यी रूख वृक्ष सबै यिनै सन्तानहीना रमणीका साथ थिए। यिनीहरूसंगको वियोग सुभद्रा एक छिन पनि सहन सक्तिनथिन् । जान ता सुभद्रा जान्थिन् जाँदैनथिन्, एक वचन सोधेकोसम्म भए उनका आँसु पुछिने थियो। एक वचन सोधिसम्म दिनाले वखतमा कत्रो काम गर्छ कुरा मनोविज्ञान नजानेको देवीरमणलाई थाहा भएन।

CC-0. In Public Domain. Digitization by eGangotri

मनोमालिन्यको एउटा सानो बीज चाहिन्छ, जो समयमा बढेर आफसे आफ भयङ्कर रूप धारण गर्दछ। त्यस्तै लक्ष्मी तथा सुभद्राको जीवनमा पनि यो तीर्थयात्रा मनोमालिन्यको बीज हुन गयो।

तीर्थबाट फर्केदेखि दुवैमा बहुधा झगडा हुन लाग्यो। सुभद्राले कुनै प्रश्न गर्दा लक्ष्मी छेड हानेर उत्तर दिन्थिन्। बस, कुरै कुरामा हानथापबाट ठूलो कलह खडा हुन्थ्यो। देवीरमण चुपचाप भएर सुनिरहन्थे। लक्ष्मीलाई ताडना गरुन् भने पुत्रवती पत्नी, सुभद्रालाई ताडना गरुन् भने धर्म तथा विवेकको हत्या! के गरून्; सांसारिक सुखलिप्सा टर्रो आनन्दको अनुभव गरिरहेका थिए। त्यसबखतमा उनको त्यो प्रबल वाक्शक्ति हावा हुन्थ्यो। मानिसको पाण्डित्य अरूलाई उपदेश गर्नामा काम लाग्दछ, न कि आफूलाई परिआउँदा।

यो प्रतिदिनको गृहकलहले सुभद्राको कोमल हृदयकुसुम एकदम ओइलायो। उनी कारागारी दुःखी बन्दी झैं भाग्ने मौका खोज्न लागिन्।

५

कालो अन्धकारमाथि पर्खी पर्खी कराउने हुचील पक्षीको विरसिलो 'हुक हुक' शब्द थपिदा रात्री झन् भयंकर प्रतीत हुन्थ्यो। पल्लो गाउँमा कुकुर भुकिरहेको थियो। पृथ्वीमा मानव जातिको दुःखमय अवस्था देखेर अनन्त आकाशमा तारागणहरू पिलपिल गरी रोइरहेका थिए। सुभद्राले आँगनमा आएर हेरिन्, एक छिनपछि त्यो विशाल नभस्थलबाट एउटा लामो ज्योति सल्ल बगेर तलतिर खस्यो। किन्तु यो कालो पृथ्वीमा झर्न नपाउँद बीचमा लुप्त भयो। अघि शैशवकालमा एकपटक यस्तै

CC-0. In Public Domain. Digitization by eGangotri

दृश्य देखेकी थिइन्। उसबखत आमासग सोद्धा–"आकाशका देवगणहरू हुन्, पुण्य सिद्धिनाले स्वर्गबाट पतन भएका" भन्ने जवाव मिलेथ्यो। आज उही कुरा संझिन्, मनमनले भनिन्, "हो! यो आकाशमा बसेर केही दिन पुण्य भोग गर्ने देवताका झैं म पनि आज सल्ल बगें। यिनीहरू पुण्य समाप्त भएपछि स्वर्गबाट चिप्लेर खस्छन्, हामी भोक, प्यास, दुःख, पीरले निस्तेज तथा ढलमल भएर पृथ्वीको पृथ्वीमै खस्छौं। हामी खसिसकेपछिको वीभत्स रूप अरू शेष भोका प्यासा दुःखीहरूले देख्छन्। देवताहरू पुण्यभोगी हुनाले यो पापपूर्ण जगतमा खस्नुपर्ला भनेर बीचमा अलप हुन्छन्, मानिसहरूमा र देवतामा केवल यत्ति अन्तर न छ!"

सुभद्राले काखीमनि एउटा पोको च्यापेकी थिइन्। यस्तो अन्धकार रात्रीमा पनि कसैले देख्तछ कि भनेर ओढ्नेले छोपेकी थिइन्। यस बखत उनको जीवनाधार त्यही सानो पोको हुन आयो। अहो! कुनै वखत यो विशाल आशालता कसरी एउटा सानो ठाउँमा सीमित भएर वस्तछ। परमेश्वर! मनुष्यलाई किन आशामा झुण्ड्यायौ! प्रभु! आशाको बदला संतोष दिएको भए यी अनाथ प्राणीहरू सुखका कति नजीकै पुगिसक्थे!

केही वेरपछि अश्रुपूर्ण नयनले प्यारो गृहलाई सदैवका निमित्त नमस्कार गरेर अनाथिनी सुभद्रा त्यो कालो अन्धकारमा विलीन भइन्। यो करुणाजनक दृश्य सधैं जागा भइरहने, विश्वको चतुर चौकीदारबाहेक अरू कसैले देखेन।

६

पशुपतिनाथका मन्दिर वरिपरि तिल राख्ने ठाउँ थिएन। "सद्‌मी" छर्ने जात्रुहरूको छिचोली नसक्नु घुइँचो थियो। त्यैमा पश्चिम ढोकानेर अकस्मात् सुभद्रालाई देखेर नोलीले

CC-0. In Public Domain. Digitization by eGangotri

गहभरी आंसु पारेर भनी, "ओहो ! हेर, कति दुब्ली चिन्न नसक्ने हुनुभएछ। अलि बेरसम्म त ठम्याउनै सकिन । कहाँ बस्नु भएको छ हँ !"

'यहीं गौरीघाट, फुपूकहाँ बसेको छु।"

"खर्चबर्च नलिईकन आधा रातमा हिड्नुभएछ, थाहा पनि पाइन यतिका दिनसम्म केखाएर गुजरान गर्नु भो ?"

"फुपूलाई सरकारबाट एउटा हुण्डी बक्सेको रहेछ, त्यसबाट दुई जनाले गुजारा चलाएका छौं। घरको हाल कस्तो छ, नौली?"

"बजै, घरको हाल के भनू, सँझदा पनि आँसु आउँछ। छ महीना भो, दुलही बजै बेरामी हुनुहुन्छ।"

"के हुन्छ?" सुभद्राले साह्रै उत्सुकतासाथ सोधिन्।

"तैपनि जरो छ 'छाती दुख्छ' भन्नुहुन्छ। रातभर खोकिरहनु हुन्छ। गोरखा मूलका 'डागदर' सुबिदारलाई देखाउँदा 'थाइसी' भने कि 'खाक्सी' भने अहिले संझन सकिन सारै नराम्रो रोग हो अरे; सुकेर हाडछाला मात्र छ। बोकेर बाहिर भित्र गराउनुपर्छ।"

"सानो बाबु कस्तो छ नि ?"

"त्रस्ता हुन्थे, जीउभरी खटिरा छन्। तल ल्याउन हुँदैन, आमा कहिले आउनुहुन्छ, भनेर बराबर तपाईंलाई सम्झिरहन्छन्।"

"भात को पकाउँछ नि ?"

"कहिले बाजे आफै पकाउनु हुन्छ, कहिले चमेना खाएर सुत्नु हुन्छ। एक दिन बारदलीमा बसेर एकलै रोइरहनुभएको रहेछ—आफूले चिनेको चौतारो पापीनीले आफैं भत्काएर गई त भन्नुहुन्थ्यो। के के भनूँ, बजै ! वस्तुभाउका हाडछाला मात्र छ-

CC-0. In Public Domain. Digitization by eGangotri

खेतबारी अधियामा दिएको छ । आसमी पात एक पैसा उठ्दैन, नोकर-चाकर चार दिन टिक्दैनन्, सबै भताभुङ्ग छ ।"

नौलीका कुरा सुनेर सुभद्राको हृदय काटियो, मनमनले भनिन् "छिः, सौताका रिसले पोइको नाक काटनु भनेको यही हो । उमेरदार थिई, के खाउँ के लाउँ भन्ने बखत थियो । मीठो खाई राम्रो लाई भनेर मैले चित्त दुखाउन नहुने । उसलाई लिएर तीर्थ जानु भयो त यसले के भएथ्यो । फर्कनुभएपछि अर्को साथी लिएर म जाँदी हुँ । कहिले कहीं अलि झर्केर बोल्दथी लौ, अलि झडंग स्वभावकी थिई, स्वभावै त्यस्तो, एक ठाउँमा भएपछि कैल्हे कहीं आमा छोरीमा पनि ठाकठुक हुन्छ । एकै घरमा बस्न नसके कटेरी बारेर बस्ती हुँ । मैले सारै बेबूझको काम गरें । जोरी-पारीले के भन्दा हुन, आफ्नो त्यत्रो दौलथ छोडेर यहाँ एक छाक खाएर बसेकी छु । त्यसका जीउमा केहीं भइदियो भने त्यो चिचिलो बालखको के गति होला, पितृले के भन्लान्, चित्त दुखाए पनि आमाले दुखाई, त्यो बालखले के बिरायो । अघि कैल्हे कहीं एक दुई छाक भात पकाउनुपर्दा दिक्क मान्नु हुन्थ्यो । आजकाल दिनहुं कसरी पकाउनु हुँदो हो ! " इत्यादि मनोवेदनाले सुभद्राको हृदय छियाछिया भयो, आँसु झार्दै भनिन्—

"नौली, त्यस्ता वेलामा तैंले पनि छोडेर आइछस् ! "

"बजै, जन्मभर अर्काको दासी भएर बस्नुपर्‍यो, चारोटा अक्षता भए पनि छरेर आउँ भनेर बाजेसंग बीसै दिनको बिदा मागेर आएकी ।"

"कोसंग आइस् ? "

"रातमाटा भण्डारी पण्डितका जहानसंग ।"

"कैले जान्छेस् !"

CC-0. In Public Domain. Digitization by eGangotri

भोलि बिहानै, वजै, विन्ति छ, घर जाऔं, तपाइं नभए बाजेको जहाजै डुब्छ।"

७

मैलो बिछ्याउनामा सुतेकी लक्ष्मी जीवनको शेष घडी गनिरहेकी थिइन्। देवीरमण रागाका सिरानामा बसेर बखतबखतमा चम्चाले पानी ख्वाउँथे, बालक पुत्र सुशील आमानेर बसेर यो चिरमातृवियोग हेरिरहेको थियो। लक्ष्मी कहिले कहीं सुशीलको मुखपट्टि हेरेर बरर आँसु झार्थिन्। मधुरो बत्तीको धमिलो प्रकाशमा रोगीको कोठा मशान जस्तो देखिन्थ्यो। त्यस्तमा दैलो उघारेर नौलीले देवीरमणलाई ढोगिदिई। नौलीलाई देखेर देवीरमणका दुःखका लहरी केहा शान्त भयो, भने—

"नेपालबाट कहिले आइपुगिस् नौली?"

"बाजे, आउँदैछु, दुलही बजैलाई कस्तो छ?"

"तेल अघि नै सिद्धिसकेको थियो, अब बत्ती निम्नमात्र बाँकी छ।"

"बाजे, यस बखतमा ठूली बज्यै भए सबै कुराको सम्भार हुने थियो, के गरूँ, जाऔं भनेको मान्नु भएन।"

"के तैंले भेटिस् र?"

"पशुपतिनाथका मन्दिरनेर भेटेथें।"

"कस्ती थिई?"

"एकदम दुब्ली मैला लुगा लगाएकी मायालाग्दी।"

"कहाँ बसेकी रैछ!"

"गौरीघाट, फुपूकहाँ बसेकी छु, फुपूलाई सरकारबाट एक हुंडी बक्सेको छ, त्यसबाट दुई जनाले गुजारा चलाएका छौं, भन्नुहुन्थ्यो।"

CC-0. In Public Domain. Digitization by eGangotri

"हामीलाई सम्झन्थी नि !"

"सोध्नुभएथ्यो सब कुरा भनिदिएँ, त्यस्ता बेलामा तैंले पनि छोडेर आइछस्, भन्नुहुन्थ्यो।"

देवीरमणका दुवै आँखाबाट आँसुका धारा बगे। मनमनले भने—"यस्तो सम्पत्तिकी मालिक्नी भईकन सुभद्रा नेपालमा एक छाक खाएर बसेकी छ। उसमा पनि दुब्ली मैला लुगा लगाएकी मायालाग्दी ! हरे, परमेश्वर ! म पापी हुँ, मेरो जीवनलाई हजार बार धिक्कार छ। सुभद्रामेरा गृहलक्ष्मी हो; उ गएदेखि विपत्तिको बादलले घेरिरहेछ। हामीलाई नभए पनि यो बालक संतानलाई संझनुपर्ने, सबैलाई चटक्क बिर्सी" इत्यादि दुःख मनाउ गरेर आँसु झार्दै भने, "नीली, तँ आइछस्, घरको सम्भार राखेस्; म भोलि बिहानै नेपाल जान्छु।"

त्यस्तैमा सुभद्रा घरभित्र पसिन्। अत्यन्त दुब्ली, निदाउरी मलिन, झुत्रा लुगा लाएकी, मुखमण्डलमा असीम करुणा तथा संयम झल्किरहेको थियो। सुभद्राको शारीरिक अवस्था देखेर देवीरमणको हृदय टुक्रा टुक्रा भयो। दुवै हातले मुख छोपेर रुन लागे।

पतिलाई दण्डवत् गरेर सुभद्रा लक्ष्मीको सिरानमा बसिन्। नीलीले भनी—

"ओहो ! बजै आइपुग्नुभो।"

नीलीको स्वर सुनेर लक्ष्मीले आँखा उघारिन, सुभद्रालाई आफ्ना सिरानमा बसेको देखेर, सुस्तरी लरबरिएको स्वरले भनिन्—"दिदी, तपाईंको दर्शनलाई एक मुठी सास बडो मुश्किलले झुण्डिरहेको छ।"—लक्ष्मीको वचन सुनेर सुभद्राको हृदयको [illegible]लो एकदम साफ भयो, भनिन्—

CC-0. In Public Domain. Digitization by eGangotri

' बाबु मैले आफ्नो कर्तव्य बिर्सिछु।"

लक्ष्मीले सुभद्राको छातीतिर देखाएर भनिन्—

'त्यहाँ साह्रै कडा चोट लागेको छ।'

सुभद्राले आँसु झार्दै भनिन्—

"निको भो बा, अस्ति नै निको भइसक्यो, सानो तिलको दाना जत्ति पनि बाँकी छैन।"

त्यसपछि "दिदी तपाईंको नासो!" भनेर लक्ष्मीले सुशीलको हात सुभद्राको काखमा राखिदिइन्! छोरालाई काखमा लिएर सुभद्रा रुन लागिन्। यी सबै सुभद्राको निमित्त जिन्दगीभर संझँदै रुँदै गर्ने खुडकाहरू थिए।

(निम्ने बेलाको बत्ती झैं लक्ष्मीको मुख एक क्षणको निमित्त तेजोमय भयो। अनिपछि अन्धकार! लक्ष्मी यो दुःखमय असार संसारलाई छोडेर अनन्तमा पुगिन्।) देवीरमण नीलीहरू पनि रुन लागे।

('शारदा' पत्रिकाबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

श्री रुद्रराज पाँडे

१९५७–

एम. ए. ।गो. द. वा. । प्रकाशित पुस्तक सात, आठ। पत्र-पत्रिकामा कृतिको प्रकाश।

प्रवन्धतिर प्रगति भए पनि पाण्डेज्यूको कलम विशेष गरेर उपन्यासको गोरेटोमा पैयाँ छोडेर दगुर्छ। इतिहास त उहाँको खास आफ्नै विषय भयो। भक्तिरसमा पनि उहाँको उत्तिकै हात चल्छ। अनुकूल समय एकान्त र चिन्तनको आवश्यकता उहाँलाई पर्दैन। जहाँ पनि हातले छुनासाथ चलेको कलम रोकिने होइन। प्रवाहमा बहेर पनि सरस शैली हुनु उहाँको वैशिष्ट हो। समाजको चित्रणमा उहाँ सफल हुनुहुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो आफ्नो डम्फू

वृन्दावन—ओहो, जमानाले कस्तो पल्टा खायो । उहिले सत्ययुगमा धर्म रङमङिएको थियो, मानवजातिको उन्नति, अवनति समाजको नैतिक उत्थान वा पतन, मनुष्यको हृदयको विकास अथवा सङ्कीर्णता—हरेक कुराको कसी अथवा दूरबीन धार्मिक दृष्टिकोण नै बनेको थियो। जसले जतिसुक उन्नति गरें भनोस् त्यसको आध्यात्मिक असरको निरीक्षण नगरी कसैले पनि त्यसलाई उन्नति भन्न सक्तैनथ्यो ।

हृषिकेश बाबु—त्यसले त हाम्रा पुरखाहरूमा कट्टरपना र त्याग सिवाय अरू केही देखिदैन । फेरि उनीहरूले जो गर्थे आफ्नै निमित्त गर्थे। त्यसमाथि संसारपट्टि दृष्टि नदिएकाले यो प्रपञ्चमय जगत्मा उनीहरूले केही उन्नति गरेका थिएनन् ।

नटखटानन्द शास्त्री—उनीहरूलाई जहाँ यो संसारसंग माया मोहब्बतै थिएन किन नाहकमा यो बन्धनको भुमरीमा फनफनिन्थे, नत्र उनीहरूले चाहेको भएदेखिन् के हुन सक्तैनथ्यो ?

हृषिकेश बाबु—उस बखतमा पनि त संसार ज्ञानीले मात्र भरिएका थिएन । व्यवहारी पनि त प्रशस्त थिए नि ?

वृन्दावन—किन ? किन ?

नटखटानन्द—हिन्दूधर्मको तिमीले महत्व बुझेको छैनौ ।

CC-0. In Public Domain. Digitization by eGangotri

हृषिकेश बाबु—होइन, शास्त्रीजी ! नबुझेको होइन, योगी महात्माहरू थिए, दिव्यदृष्टि भए का त्रिकालज्ञ थिए इच्छा भए सारा संसारलाई डगमगाउन सक्तथे,समुद्रको जलराशिलाई समेत पिउन सक्ने सामर्थ्य थियो, यो सब कुरामा मेरो विश्वास नभएको होइन। खालि कति भने, उनीहरू अलि मतलबी थिए कि जस्तो लाग्दछ, किनभने उनीहरूको जो कुदरत थियो उनीहरूका साथ-साथै लोप भएर जान्थ्यो। त्यसबाट अरूहरूले केही लाभ उठाउन पाउँदैनथे। आजकल हेर,संसारको एउटा कुनामा बर्षौंको कठिन तपस्याले एउटा वैज्ञानिक कुनै आविष्कार गर्दछ। सफल हुनासाथ सारा संसारले त्यसको फल भोग्न पाउँछ।

वृन्दावन—उसबाट उ लक्खौं रुपियाँको मालिक पनि त बन्न सक्तछ।

नटखटानन्द—मेरो कुराको जवाफ त प्रोफेसरसाहेबले दिइहाल्नु भयो। पहिलेका ऋषिमुनिहरू दाम खोज्दैनथे, केही कुराको मोल खोज्दैनथे, केवल श्रद्धा र भक्ति चाहन्थे। विश्वामित्रले रामचन्द्रजी, द्रोणाचार्यले अर्जुनलाई अथवा वाल्मीकिले लवकुशलाई के कुरा सिकाएनन् ! उनीहरूलाई योग्य तुल्याउनामा कत्री मेहनत गरे ! उनीहरूलाई पछिकोआस त केही थिएन, धनको लालसा त केही थिएन, भोगको तृष्णा त बाँकीथिए। आजकल त कहाँ त्यसो होर ! सनो कुरो हुन पाएको छैन, अखबारले झ्याली पिट्न थालिहाल्छ। तिल छ भने पहाड बनाइदिन्छ, मूसालाई हात्ती तुल्याइदिन्छ। कति कुरा त्यसै बिलाएर जान्छन्, कति त्यसै सेलाएर जान्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

हृषिकेश बाबु—वाह रे शास्त्रीजी ? त्यसो भए तपाईं विज्ञानमा केही उन्नति देख्नु हुन्न त ?

वन्दावन—त्यसो त कसरी भन्नुहोला । शास्त्रीजीलाई समेत आजकल मोटरको खायस बढिरहेछ । पहार साल कलकत्तामा हवाईजहाजमा उडें भन्न हुन्थ्यो । घरमा राजपलङ्गमा लेटेर कहिले अंगुरवालाको कहिले नारायणरावको संगीतमा औ इम्दाद खाँको सीतार र छोटे खाँको सारंगीमा ताल दिनु भएकै छ । अखबारमा ग्रेटा गार्बोको र देविका रानीको नाम आउनु हुँदैन, त्यसै उफ्रनु हुन्छ । पूनाबाट लण्डनसंग कुरा गर्न मन लागिरहेछ पनि भन्नुहुन्छ । बिजुलीबत्तीको झकाझक देखेर दंगदास भइरहनुहुन्छ भने विज्ञानको चमत्कारहरू थाहा छैन भनी कसरी भनुँ ?

हृषिकेश बाबु—त्यति मात्रै कहाँ हो र, विज्ञान त हाम्रो नसानसामा घुसिसकेको छ । देख्तैनौ; केही रोग लाग्यो भने कैयन् रोग त सुइराले घोच्नासाथ निको हुन्छ, कैयन्लाई चिरफारै गर्नु पऱ्यो भने पनि रत्तिभर दर्द नगराई आराम तुल्याउँछन् । उता नाडीबाट पत्ता नलागेका कैयन् छातीभित्रका बिमारीहरू एक्सरेद्वारा चित्र खिंची पहिचान गर्दछन् । कति बयान गरूँ यस्ता कति छन् कति ।

नटखटानन्द—ओहो ! तिमीहरूत विज्ञानका परम भक्त रहेछौ । होला, संसारलाई नै उदेक पार्ने कयन् आविष्कारहरू भएका छन् । ती सबबाट संसारको सुख बढ्यो त ?

वृन्दावन—सुख दुःख भनेको मनैको सृष्टि हो, पहिले सुखका बताउनुहोस्, अनि जवाफ पाउनुहोला ।

CC-0. In Public Domain. Digitization by eGangotri

हृषिकेश बाबु—होइन, त्यति लामा कुरा किन गरिरहनु । विज्ञानले के आज संसारको रूपै बदलिएको छन ? यस्तो चहकिलो विलासका सबै सामग्रीले परिपूर्ण भएको समय र ठाउँलाई छोट्याउने अनेक यन्त्रहरूले सम्पूर्ण भएको—उठ्दा, बस्दा, खाँदा, सुत्ताको हरेक वस्तु-लाई उज्ज्वल तुल्याउने भएको यस्तो यो विज्ञान—यसको कति तारीफ गर्नु !

नटखटानन्द—ओहो, हृषिकेश बाबु, विज्ञानको परम भक्त हुनु हुँदो रहेछ, नत्र यस्तो चहकिलो चित्रपट्टि मात्र किन दृष्टि दिनुहुँदो हो ! तपाईंको विज्ञानले आज संसारमा कत्रो प्रलयकारी ताण्डवनृत्य नचाइरहेछ त्यसको के तपाईंलाई बिलकुलै ख्याल छैन ? संहारक कीटाणु, विषालु ग्याँस र कैयन् किसिमका प्राणघातक यन्त्र-हरूको सभ्यतामाथि कत्रो आघात परिरहेछ त्यसको पनि होश छ ?

यही विषयको कुरा विद्वान्मण्डलीमा चलिरहेको थियो, जुत्ताको आवाज आयो। हलो मिष्टर प्रधान, पाल्नुहोस पाल्नुहोस् ठीक मौकामा पाल्नुभयो, हाम्रो मध्यस्थ तपाईं हुनुपर्‍यो भन्दै वृन्दावनले उनको स्वागत गरे । मिष्टर प्रधान एउटा चतुर चित्रकार थिए । प्रकृतिचित्रमा यिनलाई भेट्टाउने कोही थिएन । यस विषयका ग्रन्थहरू पनि यिनले निक्कै पढेका थिए । र्‍याफेल र रेम्ब्राँन्टका चित्रहरूमा परम भक्त थिए । हामी हिन्दुस्थानीले केही गरे पनि चित्रकलामा उनीहरूका बराबर गर्न सक्दैनौं भन्ने दृढ विश्वास थियो । हाम्रो जेमा पनि नक्कलीपना हुन्छ, बेपर्वाँकको शृङ्गार नभई हामीलाई रुच्तैन, वास्तवमा चित्र कदर गर्ने ...ीको नै हामीमा अभाव छ, भन्दै उनी सबलाई धिक्कार्दथे ।

CC-0. In Public Domain. Digitization by eGangotri

यिन प्रधानको हृषिकेश बाबु र नटखटानन्दसंग पनि परिचय थियो। त्यसैले उनीहरूले पनि स्वागत गरेर आफ्नो विचार सुनाए। प्रधानले मुसुमुसु हाँस्तै जवाफ दिए।

प्रधान—म त दुवैथरीको भनाइलाई ठीक सम्झन्छु। विज्ञानले पनि जगत्को जरूर हित गरेको छ। अध्यात्मवाद पनि कैयन्‌लाई सुखशान्ति दिने साधन बनेको छ। शान्तिपूर्ण विज्ञान र उदाहरणपूर्ण अध्यात्मवादमा नै संसारको कल्याण छ, दुवैको संयोगमा नै सभ्यताको विकास छ।

प्रधानका यी कुरा विघ्नै घत लाग्ने हुनाले तीनै जनाको चित्त बुझ्यो तापनि हृषिकेश चूप लागेनन्। फेरि विज्ञानका गुण गाउन लागे।

हृषिकेश बाबु—होइन, हाम्रो जीवनको पलपल, अंग प्रत्यङ्गमा घरमा वा संसारमा, हरेक ठाउँ ठाउँमा म त विज्ञानैको असर परेको देख्तछु। राती सुत्छु स्प्रिङ्गवाल खाटमा उठ्छु श्रीमतीले स्टोभ सल्काउन थाल्छिन्, स्पिरिटले ओभल्टिन पाक्न थाल्दछ, त्यो पहिले पिएर पित्त शमन गर्दछु। त्यसपछि स्यानिटरी (स्वास्थ्यकर) दिशा खण्डमा जानै पर्‍यो। अनि टुथब्रुशले दाँत सफा गर्छु। अनेक किसिमका पाउडर र मलमहरू दाँतका निमित्त तयारै छन्, त्यसपछि नुहाउन गयो टब छँदै छ माथिबाट फोहरा दसँदो छ। नुहाइसक्यो यो मुखलाई उज्यालो तुल्याउन अनेकन् पाउडर र क्रीम छँदै छन्। अब त टीका पनि कागतकै तयार भएको छ, कत केही दाग लाग्ला भन्ने डर छैन। कपाल काले[illegible]

डा. डिल्ली प्रमाण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय

CC-0. In Public Domain. Digitization by eGangotri

र मगज ठण्डा पार्नालाई लोशन र तेलको के कमी ! फेरि ऐनै पनि कति रङ्गविरङ्गका सुलुक परेका पाइहालिन्छन्, नुहाइधुवाइ गरिसक्यो, लुगा लायो, हेर्दछु सबै एकसे एक उत्तम मिहीन ! पैसा मात्र चाहिन्छ, जस्तो माल पनि पाइन्छ । फेरि तपांईहरूले देख्नुभएकै छ—मोटर साइकलमा बगलमा श्रीमतीलाई राखेर हावा खान निस्कँदा कत्रो आनन्द आउँछ ! श्रीमतीको शृङ्गार पनि त विज्ञानले ढपक्क ढाकेको छ। उता कालेजमा पढाउन गयो, के पुस्तक, के अखबार के मासिक पत्रिका साराका सारामा विज्ञानकै छाप लागेको देख्तछु । त्यसैले विज्ञान बराबर सबैलाई नभई नहुने अरू केही विषय छैन ।

हृषिकेश बाबु विज्ञानको प्रशंसा गर्दा गर्दै मस्त भएर झुम्न लागे । यत्तिकमा "बोलत पपीहा पीपी" भन्ने मधुर अलाप छोड्दै बीचमा सुस्केरा हाल्दै संगीतका आचार्य प्रोफेसर लाल-कुमार आइपुगे । मित्रमण्डलीमा 'वाह लालकुमार साहब ! क्या मौकैमा आइपुग्नु भयो धन्यवाद छ । तपाईं जहाँ पाल्नु हुन्छ तपाईंको शरीरबाट झिल्काहरू निस्केर सारा वातावरणलाई नै चहकिलो पो पारिदिन्छ ए ! फेरि तपाईंको मीठो स्वरले जस्तोसुकै वैरागिको पनि मनै परलाइदिन्छ ए!' भन्द वृन्दावनले उनको स्वागत गरे । लालकुमारले सुनेको नसुन्यैं गरी तीनपल्टा लिंदै झुल्द मुन्टो हल्लाउँदै खाली चकलामा गएर बसे । त्यसपछि पनि ६ मिनटसम्म उनको आलाप चल्दै थियो । हुन पनि उनको स्वरमा एउटा गजबको जादू थियो । जसको मनलाई पनि एक छिनसम्म चिन्तारहित तुल्याउने शक्ति थियो । जुन बखत उनको मुखबाट [illegible]जन निस्कन्थ्यो भक्ति रसमा श्रोताहरू त्यसै चुर्लम्म डुब्दथे

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै त मस्त भएर नाचन पनि थाल्दथे, कुनै आँखा चिम्लेर समाधिमा बसे झैं गर्दथे, कोही ताली बजाउँथ्यो, कोही टाउको हल्लाउँथ्यो, एउटा गजबकै तमाशा हुन्थ्यो । हरिकीर्तनमा लालकुमार हुनु नै मानिसहरूको भीड़ गराउने एउटा साधन थियो। पट्ठीहरूको मण्डली छ भने उनका गीतहरूले अर्कै रूप लिन्थे । प्रेमिको वर्णन उनी जब गर्न लाग्दथे उनका श्रोताहरू केही बेरसम्म संसारलाई नै बिर्सन्थे । उनका गजलहरूमा लालित्य हुन्थ्यो ! फेरि फ़ारसी केही पढेकाले जिब्रोबाट हरेक लवज शुद्ध निस्कन्थ्यो । दिलको दर्द, बिछोडको वेदना, तिरस्कारको चोट तिर्छी नजरको मार, मुस्कुराहटको सनसनाहट, मधुर बोलीको झन्कार, हिस्सीको चमत्कार, ओठको लबालब, आँखाजुधाइको आघात—के भनूँ जुन विषयलाई लिएर पनि उनी गाउन सक्तथे। बैसालुहरूको श्रद्धा र भक्ति लुट्तथे। उता बूढाबाकाको मण्डलीमा उनलाई पुग्नुपरेको छ भने ससारको थप्पडले आजित भएका उनीहरूलाई निर्गुण भजन गाएर नै मस्त पारिदिन्थे। जब इन्द्रिय शिथिल हुँदै गएर स्वभावैले बूढाहरूलाई संसारका रौनकदेखिन नफ़त हुन थाल्दछ । फेरि जीवन संग्राममा झापट खाँदा खाँदा हैरान भएका हुन्छन् भोग विलासको स्वाद सबै पाइसकेकोले र अहिले त्यसमाथि सबै फिक्का र सत्वहीन देखिइसकेकोले पनि उनीहरूलाई वैराग्यले छोपेको हुन्छ। त्यसले निर्गुण भजन बराबर उनीहरूको दिललाई आनन्द दिने अरू केही हुँदैन भन्ने प्रोफेसर लालकुमारले राम्ररी बुझेका थिए । उनी जहाँ जान्थे उहीं उनको कदर हुन्थ्यो। अहिले पनि शास्त्रीजी प्रोफेसरसाहेब, हृषिकेशबाबु र प्रधानले उनका प्रशंसाको पुल बाँध्न थाले, तर उनी चुपचापसंग सुनिरहे, केही बोलेनन्।

नटखटानन्द—होइन, यहाँको के विचार छ हृषिकेशबाबु त

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञानको गुणगानमा मस्त छन् ।

विज्ञानको नाउँ सुन्नासाथ लालकुमारको चेहरै लाल भयो । शास्त्रीजीले कुराको टुङ्गो लाउन पाएका थिएनन् उनले झटपट बोलि हाले ।

लालकुमार—विज्ञान ! विज्ञानको नामै नलिनुहोस् । यस विज्ञानले संगीतविद्याको संहार पार्‍यो । जहिलेदेखिन् हार्मोनियम निक्लेथ्यो मनुष्यको गलाबाट निस्कने गुलाफको सुवास जस्तो मीठ मनकादाख जस्तो खँदिलो, कोइलीको बोली जस्तो सुरिलो गलाको झन्कारलाई त्यसै लुकाइदियो तीनपल्ट चढाउ उतार सा रे ग म, तराना, खरज पञ्चम जस्तोसुकै भए पनि तानपुराका साथसाथै मात्र खुलेर निस्कन्छ, अब त हार्मोनियमको आविष्कारले संगीतको गमकलाई कता विलाइदियो कता ! त्यसमाथि यो पेनु बाजाले त झन् नाशै पार्‍यो । उहिलेका भारतवर्षका गवैयाहरूका करामत आजकाल किस्सा कहानी जस्तो मात्र लाग्छ । राग रागिणीको रूप, अलंकार उनीहरूको चमत्कार, झन्कार, बत्ती घिपिक्क बाल्ने, पानी बर्साउने, रोगलाई तर्साउने, ज्ञानलाई दर्शाउने, परमेश्वरको रूप झल्काउने–कति बयान गरूँ ! अहिले यो विज्ञानले गर्दा त्यो गौरव सब कता हरायो कता ! प्रकृतिको काखमा जन्मेको मानवजातिलाई प्रकृतिको वातावरणमा नै हुर्काउनुपर्छ । सभ्यता त एउटा महारोग हो, त्यसमा पनि वैज्ञानिक सभ्यता त प्राणघातक हो !

नटखटानन्द—मनासाव, बिलकुल मनासीब ! म सभ्यतालाई न खराब त भन्दिन, तर आजकलको सभ्यता त साँच्ची

CC-0. In Public Domain. Digitization by eGangotri

न खराब हो। होइन भने डाइनामाइट (विस्फोटक पदार्थ) आविष्कार गर्ने श्रीमान् नवेलले पनि आफ्नो पश्चात्तापको परिचय नोवेल पुरस्कारको स्थापना गरेर संसारलाई दिएका छन्। ती पुरस्कारमध्ये एउटा त संसारमा शान्ति कायम गर्न सक्ने सर्वश्रेष्ठ पुरुषलाई पनि बराबर दिइन्छ।

हृषिकेश बाबु—पुरस्कार दिँदैमा विज्ञानको तिरस्कार भयो भन्नुहोला ? वैज्ञानिकहरू पनि त पुरस्कार पाउँछन्।

लालकुमार—होइन, हृषिकेश बाबु ! तपाईंहरूको विज्ञानले प्रकृतिको मात्र नक्कल गर्न खोजेको न हो ? एउटा निर्जन वन होस, नजीकमा हरियो पहाड होस् झरनामा सूर्यको किरणले रङ्गविरङ्गको इन्द्राणी जस्तो टलक पारेको होस्, रूखहरूमा रङ्गविरङ्गका फूल फुलेका हुन्, कुनै हरियो लहराले बेरिएको होस्, फूलहरूमा भमराहरू झुम्मिएका हुन्, कोइली "को हो! को हो!" भन्दै कराओस् नजीकमा एउटा नाला जोडसंग बहिरहेका होस्, त्यहिं कती लेट्न हुने एउटा ओडार परेको होस्, त्यसमा लेटेर एउटा तान छोड्न पाइयोस् कत्रो आनन्द होला।

लालकुमारको तकना अझ बढ्‌ थियो, "हरे राम हरे राम, राम राम हरे हरे" भन्ने आवाज आयो। "लौ ! बुवा आउनु भएछ" भन्दै वृन्दावन खुशी भए। रसिक पनि आइपुगे, सबले दण्डवत् गरे। सभा पनि विमर्जन भयो।

('प्रायश्चित' बाट)

—०—

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपुष्कर शमशेर
(१९५८–२०१८)

आइ० ए० सम्मको पढाइ । प्रकाशित पुस्तक ४। पत्रपत्रिकामा कहानी र एकांकी (नाटक) को प्रकाश ।

पुष्करज्यूका कहानीमा नेपाली छाप लागेको हुन्छ; उहाँको शैलीलाई ठेट शब्द, बोलचालको भाषा, थेगो र उखान टुक्काहरूले नेपाली सिद्ध गराउँछ, फेरि चरित्रचित्रणमा मनोविज्ञानतिर उहाँ निकै ध्यान दिनुहुन्छ, बरु आफ्नो पेट नदिएर पाठकको हृदय छान्न ध्येय लिनुहुन्छ अनि स्वाभाविकता दर्शाउने र समाजको तसवीर उतार्ने कोशिश गर्नु हुन्छ। कहानीपिच्छे योटा न योटा सन्देश दिएर समाजलाई उठाउन खोज्नु वैयाकरण भईकन पनि सरस कथाको नयाँधारा बहाउनु उहाँको वैशिष्ट्य हो ।

—०—

CC-0. In Public Domain. Digitization by eGangotri

B.A.+M.A.

परिबन्द

रने र उसकी स्वास्नी सेती बेलुकीपख इष्टमित्रकहाँ गएका थिए। उहीं खानपीन प्रशस्त भयो, उसैले घर फर्केपछि पकाउने लण्ठा नपरेकोले झमक्क भएसम्म बारीमा नै अलमल गरे। घरभित्र पसेको एक छिनपछि उनीहरूको सुत्ने बेला भइहाल्यो। रने घुस्स फुलेको थियो, त्यसैले सेती अनेक कुरा उठाई उसंग एक दुई शब्द बोल्नपट्टि थिई।

"हाम्रो मित्र त यसलाई ढिकीच्याउँ भन्छ। तपाईंहरू के भन्नु हुन्छ हँ?

"कुन्नि के भन्छ।"

यल्ले त कपाल चोर्छ रे हो?"

नजीकको जुत्ता टिपेर रनेले त्यो कीरालाई मार्न उजायो! उसको स्वास्नीको नमार! नमार! लाई टेरै नलाई एकै चोटमा भुतुक्क पारिदियो।

"हरे नारायण, वैकुण्ठवास होस्। अकलि भनेको कत्ति नमान्ने नि! कत्तिको पाप लाग्यो, बाबै।"

"जति लाग्छ लागोस्।"

"उता गुनगुन गरेको सुनिन्छ। अर्को साथी रैछ क्यारे?"

"मेरो मेख मार्न ल्यायो होला नाइ एउटी ठिटी।"

× × ×

पल्लो कोठामा केही गरुङ्गो चीज डुङ्ग गरी खसेको आवाजले

CC-0. In Public Domain. Digitization by eGangotri

रनेको निद्रा खुल्यो । सेतीको निद्रा अगिदेखि नै गद्रयाकगुद्रकका आवाजले खुलिसकेको थियो । दुई तीन पटक सुस्त सुस्तै रनेलाई घचघच्याईं, तर उसको निद्रा खुलेन । यो कुरा खसमलाई दबेको स्वरमा भनीं । दुवैजनाले वाल्लपरि उतापट्टि ध्यान दिए, त्यस पछि अरू केही आवाज सुनिएन । बीचमा अर्को खण्ड हुनाले मानोतिनो आवाज यसै सुनिंदैनथ्यो । रनेले टुकी बाल्यो, कालामा सिउरेको भोटा झिक्यो, अनि लाहुरे मोराले के बिदङ्स गर्न थाल्यो ए !! भन्दै तना बाँध्दै-बाँध्दै ढोकाबाहिर निस्कन लाग्यो । उसको स्वास्नीले रोकी ।

"अगि जुधेर पुगेन ? फेरि जुध्न मन लाग्यो ? भोगो नजाऊ ।"

"छड् छड् । दैलाको प्वालबाट मात्तै च्याउँछु । जति जति यो हाम्रो घरमा···ओहो ! को रै छ हँ त्यो ?"

" को हँ "

"को, को, ठमाउन सकिन । त्यसको कोठाबाट एउटा मान्छे फुत्त निस्केर भाग्यो ।"

" हँ ! स्वास्नीमान्छे ? "

" लोग्ने मान्छे । टोपी देखें । निको चाल छेन है ! "

दुवै जोईपोइ आँगनमा निस्की लाहुरेको कोठातिर गए । ज्यादा अँध्यारो नभए तापनि नजीकै पुगेपछि मात्र ढोका ह्वाङ्ग देखे । भित्र चुक घोप्ट्याएको जस्तो अन्धकार थियो । निकै बेर कान थापेर सुन्दा पनि न स्वाँ फ्वाँको आवाज, न अरू कुनै आवाज आयो । रनेको मनमा लाहुरे त्यहाँ छैन भन्ने पक्का भयो । लम्केर आफ्नो कोठामा गई टुकी ल्यायो । देख्यो—खाटको ओछ्यानमा सिरानैनेर ठूलो नाङ्लो जत्रो रगतको टाटा परेको टुकीको दोछाँयाले दोबर बढाएको लाहुरेको अथुलाएको शरीर खाट अगाडि भूईंमा पल्टिएको, चिउँडो, घाँटी, गर्धनमा खुकुरीका

CC-0. In Public Domain. Digitization by eGangotri

ठूला ठूला घाउ भए तापनि घोंक्रो नछिनेको; एकोरिएको आँखाले शून्यतालाई हेरी शिर हानिरहेको। अब सेतीले संभी एक दुईपटक हानेको आवाजको झटक पनि उसको कानमा परेको थियो, तर त्यस वेला खुकुरीले काटेको भन्ने मन अंशैमा थिएन। रनेले त्यहिंको अंखरा टिपी लाहुरेलाई पाना खुवाइ दियो। एक छिनैमा हुरुक्क प्राण गयो। पानी सुबिस्तासंग निलियोस् भनीलाहुरेको मुण्टो सोझ्याउँदा कहाँ कहाँ रगत लाग्यो रनेले पत्तं पाएन।

रने अहिलेसम्म चूप थियो, उसकी स्वास्नी भने 'लौन नि कुन पापीले होला!' 'म त हेर्न पनि सक्तिन नि! कसरी सकेको होला, हरे! इत्यादि भन्दै टुकी देखाइरहेकी थिई।

रनेको मनमा लाहुरे मरेको पक्का भएपछि टुक्रुक्क बसेकोबाट लामो सास फेरेर त्यो उठ्यो।

"रांडाको छोरो अहिले मर्नं थाहा पाएको भए त मो किन अगि झगडा गर्थ्यो। अब के गर्ने ?"

"पल्लो घरको…"

"हैन, त तैं द्वारेलाई खबर दिन्छु।"

"म यहाँ एक्लै बस्न सक्तिन।"

"त्यहाँ भोजराज बाजेकहाँ जान, उनीहरू सुतेका छैनन् क्यारे!"

रणबहादुर गुरुङ उसको पूरा नाउं त्यही थियो—आफ्नो कोठामा गयो, कोट र टोपी लायो; खुकुरी टिपी भिर्न आंटेको थियो, फेरि के मनमा आयो त्यो खुकुरी जहांको तहिं राख्यो। सेतीलाई दुवै कोठाको ढोका हुली जान अह्राई, फटाफट द्वारेको घरतिर लाग्यो।

CC-0. In Public Domain. Digitization by eGangotri

बदली हुनाले जून लागेको थिएन तापनि बाटो हिंड्न सक्ने सम्मको उज्यालो थियो। राती सुनिने आवाज प्रशस्त थियो तापनि रनेको कानलाई थिएन। रजनीको शासन चल्दाको दृश्यमा आनन्द लिनेलाई हेर्ने कुरा प्रशस्त थियो तर रनेको आँखालाई थिएन। लाहुरेको कोठाबाट निस्केको मान्छे को जस्तो थियो त्यही पत्ता लाउनामा उसको ध्यान व्यस्त थियो। तर उसको सारा प्रयत्न विफल भयो। एक त निद्राबाट उठ्नेबित्तिक आँखाले हम्मेसी राम्रो काम दिदैन, उसमाथि पनि सलाई आगो र टुकीको बत्तीमा केही बेर आँखा लाएर बाहिर अँध्यारोमा हेर्दा त्यही उज्यालोको पहलो बाटो एक छिनसम्म नाचिरहेछ। त्यस्ता अवस्थामा अचानक देखिएको, दगुरेको मानिसलाई फलानो हो भन्न कम गाह्रो कुरा थिएन। द्वारेको घर नजीक पुगेपछि एकाएक रने ठिङ्ग उभियो। उसको मनमा अर्को विचार उठ्यो।

द्वारेले उसले नै मान्यो कि भन्ने शङ्का गरी उसलाई पक्र्यो भने! मार्ने मान्छे भाग्यो भन्दैमा द्वारेले पत्याउला! खून भएको थाहा पाउनेसाथ बिन उसको पछि पछि कराउँदै लगार्द रने नगएको! रने जस्तो अग्लो "ज्वान" मान्छेले त्यसलाई पक्रनु केही अचम्म थिएन। कि त उसले मानिसको नाउँ दिन सक्नुपर्दथ्यो, कि हुलिया। रनेले मारेको होइन भन्ने साक्षी नबोल्ने देउता र उसकी स्वास्नी मात्र थिए। 'दूधको साक्षी बिरालो' भनी उसकी स्वास्नीका कुरा कसले सुन्ला! अनि सबभन्दा गजबको कुरा त—यस्तो होला भन्ने कसरी देख्नु:—सेतीको निति दिउँसो लाहुरेसित कुश्ताकुश्ती पर्दा रिसको झोकमा 'यसलाई नमारी छोड्दिन, गए एक ज्यान त जाला नि' भनी छुट्याउन आउनेहरूको अगाडि उसले कुलेको थियो। सरजमीन

CC-0. In Public Domain. Digitization by eGangotri

बबदा उनीहरूले यो कुरालाई अवश्य बिर्सने छनन । हरे ! त्यो मानिसलाई पक्रने उसको बुद्धि किन आएन ! यस बेला गए भेट्टाउन सकिएला ।

रने फर्क्यो; दुई चार कदम अगि जत्तिकै तड्केर हिंड्यो; फेरि अडियो; बिस्तारै बिस्तारै टाउको हल्लायो । रनेको गधा पच्चिसी पनि नाघेको थिएन, भखर २२ वर्षमात्र टेकेको थियो । भागेर मुग्लान पस्नु नै उसको बचाउको एकमात्र खुला द्वार हो भन्ने उसले ठान्यो । त्यस बेला उसले झलक्क सेतीको मुख देख्यो घाँटी मरिकियो तर पक्राउ खाने डरको अगाडि माया टिक्न सकेन । पहिलेको रने र अहिलेको रनेमा जमीन आसमानको फरक थियो । अगि खूनी पक्राउने सरकारको अंगको रूपमा आफूलाई सम्भेको थियो, अब अरूको आँखाले हेरी आफूलाई खूनीको रूपमा लियो । उसैले सबैतिरबाट भयरूपी भूतले उसलाई घेरे (शुरामा एक नम्बर ठहरिएको रने अहिले भुल्का कराएको सुन्दा पनि झस्क्यो,) यताउति हेर्दै भाग्न थाल्यो । जति जति भाग्दथ्यो आफ्नो खाल्डो खन्दै जान्थ्यो ।

× × ×

भारदारी तेस्रा फाँटको पुरानो विचारी पद्मनिधि लामिछाने मुद्दा खूब केलाउने गर्दथे । झगडियाहरूसंग सधैं मिठो मसिना बोली गर्ने उनको आदत बसेको थियो ।

"ए, लालबहादुर ! कैदीलाई भित्र ले । रने, बस बाबु, बडो लायकको राम्रो रहेछस् बाबु तँ त ?"

"खै हजूर, मान्छे राम्रो भएर के गर्नु कर्म राम्रो चाइँदोरैछ ।"

"आज तेरो मुद्दा चाइने तालुकवालाकहाँ जाहेर हुन्छ, बुझिस् ?"

CC-0. In Public Domain. Digitization by eGangotri

बझें, कसो होला हजूर मेरो मुद्दा ?" मामूली हिसाबले रनेले सोध्यो।

"ख, रने तेरो मुद्दामा त दम छैन," लामीछानेले ओठ लेप्याई मुण्टो हल्लाए।

"खाएको बिख पो लाग्छ हजूर, नखाएको बिख त लाग्न नपर्ने हजूर, उत्सुकता शून्य स्वरमा रनेले भन्यो।

"मनासीब भनिस् तर के गर्छस् ! अघिल्लो दिन झगडा हुँदा चाइने तैंले नमारी छोड्दिन भनेको सुन्ने साक्षीं त्यतिका चाइने छन्। तेरै स्वास्नी—के। रे ? अँ—सेतीले पनि भनेको छ। तैं चाहिने हइन भन्छस्। फेरि..."

"त्यो त त...."

"पख्, फेरि जुन रातमा खून भएको छ चाइने त्यही रातको केही अगाडि तेरो घरको बाटो गरी—के रे—काल्चा नेवार चाइने जान लागेको रहेछ। तेरो स्वास्नीले "नमार ! नमार !" भनी कराएको, चाहिनें पछि वैकुण्ठवास होस् ! भनेको सुनेछ। सेती 'त्यसो भनेको त हो' तर चाइने मेरो पोइले कीरालाई मार्न खोज्दा यो भनेकें भनेर साबीत भई। कसले चाइने पत्याउने कुरा हो त्यो ? तैंले चाइने त्यो कुरा भएको होइन भनी इनकार गरिस्।"

"त्यो त हजूर, डरले पहिले होइन भन्यो, पछि त..."

"मेरो कुरा त सुन् पछि साबीत भइस्, त्यसो गर्नाले झन् के भो ! चाइने इन्साफ गर्नेहरूलाई भएको कुरा पनि त चाइने ढाँट्तो रहेछ भने, खून गरेर चाइने इन्कार गर्न कत्रो आइतवार भयो, भनी बुँदा पक्रन सजिलो भयो। फेरि सेतीलाई हातपात गरेकोले मर्नेमाथि तेरो रिस पूरा चाइने थियो। गाउँ घरमा

CC-0. In Public Domain. Digitization by eGangotri

अरू कसैका इबीलाग लाहुरेमाथि चाइने कतैबाट गुज्रन आएन। त्यहाँ आएर त्यो बसेको पनि त चाइने धेरै भएको थिएन । हो, लाहुरे धनी त देखिन्छ, उसको कन्तुरमा नोटको क्याँटका क्याँट र कम्पनी चाइने रहेछ। तर चोर्नाको नियत गरी चाइने कसैले मारेको हो कि त भन्नालाई पनि कुन माल चोरिएको देखिद न। सुरुसुरु द्वारेकहाँ गएर चाइने तैंले खबर दिएको भए पनि अलिकति तेरो ठाउँ हुन्थ्यो । झन् भागिदिनाले त रने, तेरा सब कुरा बिग्रियो । तेरो मुद्दा सुन्ने वित्तिकै नबिराएको भए चाइने किन भाग्थ्यो भनेर मै पनि भन्छु, उ त्यो पनि भन्छ, चाइने सबै भन्छन्, को भन्द न ?"

"के गर्नु हजूर, अल्लारे वुद्धि; मैले भाग्न जानेन स्वास्नीलाई तानेको देख्दा रिसले आँखा देखेन—त्यसमाथि मो जाइलाग्यो। रिसको झोकमा के के पत्तै पाएन। जाने पनि नजाने पनि मैले गरेको त्यत्ति हो हजूर। अरू मैले कौनै कुरा खाई बिराएको छैन। डरले भाग्दैमा ज्यान जान्छ रे भने… "

"हेर बाबु ! परिबन्द भन्ने गजबको कुरा छ।" अप्रेन्टिसमा भर्ना भई एउटा अंग्रेजीवाज त्यहाँ आइ बसेको थियो उसलाई फूर्ति देखाई लामिछाने जमी जमी भन्न लागे, "परिबन्दले गर्दा चाइने चोर साधु, साधु चोर हुन सक्छ। अब हाकिम बाजे चाइने नआउनुभएसम्म यसलाई दुईचार कुरा सुनाउनु पर्‍यो—खून करणी मुद्दाहरूमा चश्मदीद—देखिजान्ने— साक्षी र प्रमाण चाइने पाउन कठिनै पर्छ। साक्षी भएको मुद्दामा पनि घेरैंजसो साक्षी— दही चिउरे हुंन्छन् प्रमाणको समेत चाइने परिबन्दले रङ्ग वदलिदिन्छ । त्यस्तो मुद्दा इन्साफ गर्नेहरूले चाइने मुख्य टेक्ने कुरा परिबन्द हुन आउँछ । परिबन्दै बुझिस् बाबु, मुद्दा सुन्नेको भ्रम्हमा

CC-0. In Public Domain. Digitization by eGangotri

चाइने एउटा कुराको टक बसालिदिन्छ। त्यो सत्य पनि हुन सक्तछ, चाइने झूठ पनि हुन सक्तछ, तर हामीले त्यसलाई सत्य नठानेको पक्षमा काम चल्दैन। परिबन्दले चाइने गडायो भने अरू कुराले अपराधीलाई रिहाई दिन साह्रै उकालो पर्दछ। अहिले, तेरै चाइने मुद्दाको कुरा लिउँ; तैंले चाइने खून गरिनस् एउटा कुरा मत्तै निहें, तैं त साँच्चै नैं भन्लास् फेरि। लाहुरेसित तेरो पिटापिट चल्दा छुट्याउनेमध्ये एउटाको मन चाइने कालो थियो। लाहुरेले चाइने साथैमा पसा ल्याएको छ भन्ने त्यसले सुनेको हुन केही असम्भव छैन। चाइने तैंले 'लाहुरेलाई नमारी छोड्दिन' भनेको पनि चाइने त्यसले सुन्यो उसको मनमा पाप उठ्यो; लाहुरेलाइ मारेमा दोप रनेको टाउकोमा चाइने परिहाल्छ, पोको सड्काएको सड्कायै हुन्छ। अब तिमीहरु इष्टमित्रकहाँबाट आई विरामी बस्ता त्यो पापी चाइने लाहुरेकहाँ गई रातीलाई बास माग्यो। अझ भन्यो होला "चाइने झगडा परेको उसमाथि मार्छ भन्ने मानिसको घरमा एकलै दोकलै सुत्ता के कसो पर्छ, चाइने साथो सुताउनु बेस छ।" लाहुरेको चित्त बुझ्यो त्यो पापीलाई चाइने सुतायो। तिमीहरूले राती चाइने सुत्नुअगाडि तिनीहरूले कुरा गरेको सुन्यौ। जब चाइने त्यो बदमाशको मनमा ...... हैन, यहाँनेर चाइने एउटा कुरा छुट्यो। तर भइगयो, त्यो 'नमार नमार' भनेको कोरालाई नै हो भन्ने संझूँ। अब त्यस पापीको मनमा चाइने तिमीहरुलाई पनि निद्रा पऱ्यो, चाइने लाहुरे पनि निदायो भन्ने पक्का भएपछि उठेर लाहुरेलाई छप्कायो। तर मच्चाएर चाइने हान्दा त्यो आवाजले तिमीहरू बिउँझौला भन्ने डरले नर्धक्क रंग हान्न पाएन, उसले घेरै चोट चाइने लाउनुपऱ्यो। लाहुरे चलमलाउन चाइने छाड़ेपछि घोक्रो छिनाउन पट्टि यो

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो चाइने लागेन। उसको घ्याउन्न त जसरी हुन्छ चाइने चाँडो कन्तुर खोली भएभरको गुटमुट्याई चाइने भाग्नेपट्टि थियो। तर कन्तुरमा साँचो मिलाउँदा मिलाउँदैमा घाइते लाहुरे छटपटाई खाटबाट तल खस्यो। त्यसको ठूलो आवाज आयो, त्यो बदमाशको मन चाइने हडबडायो, झन् तिमीहरूपट्टि आवाज सुन्ने साथ त त्यसका होशै गुम भयो। तुरुन्तै साँचोको झुत्ता लाहुरेको सिरानमनि चाइने घुसारी कताको दाम, कताको नोट—सुइँकुच्चा ठोक्यो। तँ चाइने—सोझो गुरुङ—पानी खुवाउँदो भएको हात र पटुकामा चाइने रगत लाइस्। त्यो थाहा पाएको भए चाइने धुन्थिस् होला, थाहा पाइनस्। जाहेर गर्न गएको मान्छे, जाहेर गर्नु चाइने कता छ कता घोरिन थालिस्। यसो चाइने विचार गर्दा, हैन वा! अब मलाई नै पक्रन्छ; 'लौ, भाग', भन्नेठानिस्, अनि चाइने उहिं कुलेलम ठोक्नैपट्टि लागिस्, नतीजाको ख़यालै गरिनस्। झन् पक्राउ खाएपछि त तेरो मुटुले चाइने ढ्याङ्ग्रो ठोक्न थालिहाल्यो—अनि त किन चाइयो र—यो पनि होइन, त्यो पनि होइन भन्न लागिस्। कदाचित् तँ निर्दोष भए चाइने यही कुरा भएको हुनुपर्छ तरके गर्छुस्! परिबन्दले यसै तँलाई गाडेकै थियो, उसमाथि पनि चाइने लप्पनछप्पन् गर्नु, पछि अरूकुराहरूमा साबीत भई चाइने खून गरेको मात्र इन्कारी गर्नु! अत्र बाँकी के रह्यो? हो तैंले नभागिदिएको भए र शुरूको अड्डा—पश्चिम दुई नम्बर अदालतले छुट्ट्याउन आउनेहरूउपर पनि चाइने शङ्का गरी कारवाई गरेको भए शायद त्यहाँनेर केही देखिन आउँथ्यो कि? अब त चाइने त यतापट्टि कुरा उठायो कि उपशङ्का ठहरिन्छ।

रने जय विजय केही नबोली विचारमट्टि एक टक लगाइ-

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको थियो। उसको मनमा विचारीको कुराको के असर पर्‍यो मुखको भावबाट झल्कँदै नथ्यो। विचारीका भनाइको अर्थ उसको मगजमा नघुसेकोले बुझ्ने बल परेर हो वा विचारीको अक्षर अक्षर कलेजामा गडिई बाहिर निस्कन खोजेको आँसुले उसको रूखा आँखामा बाटो नपाएर पसीना बनी निस्केको हो, रनेको निधारमा चिडचिड पसीना आएको थियो। पछिबाट तीन-चार पटक उसको ओठ चल्यो। शायद "परिबन्द" शब्द घोकि रहेको थियो।

"हैजाले सप्पैलाई लग्यो," विचारीको कुरा टुङ्गिएपछि रनेले लामो सास फेर्‍यो, बसाइको आसन बदल्यो, अनि भूईंमा क्वार-क्वारती हेरी—मानु त्यो तेलिया ईंटले उसको भूत जीवनको चित्रपटको काम दिइरहेको थियो—थामिई भन्यो, "हाम्रो ठूलो जहान थियो मोबाहेक-त्यतिका जना सप्पै मरे—मो एउटा किन बाँकी रह्यो होला भन्न लागेको थियो—अभागी मोरोको कर्ममा यस्तै मामलामा पर्नु रहेछ र पो।"

("कथाकुसुम" बाट)

❀

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तम दत्त

श्रीबालकृष्ण सम

(१९५६–)

आइ. ए सम्मको पढाइ। प्र. गो द. बा। राष्ट्रिय कला तथा साहित्यिक अकादमिका सदस्य। प्रसिद्ध नाटकार, प्रकाशित पुस्तक ८।९। पत्रपत्रिकामा कहानी, निवन्घ, कविताहरूको प्रशस्त प्रकाश।

नाटक, कविता, कहानी, निवन्ध अर्थात् हरेक साहित्यिक शिखरतिर लम्केको नेपाली को छ ? भनी प्रश्न गरेमा समजीको नाउँ लिनु मनासीवै देखिन्छ। नाटकहरूमा प्रख्यात हुनुभए पनि कविभन्दा कल्पनाको महाकाशमा उडेर उहाँ अकाशिनुहुन्छ, कहानीमा भावुकता र सरसताका साथ गहिरिनु हुन्छ र चेखवलाई हाँकदिनुहुन्छ; निवन्धमा चाहिं दुर्भेद्य कवच लाएर अकडिनुहुन्छ। पाश्चात्य कविहरूको ढङ्ग अपनाएर पनि नेपाली छाप लगाएकोमा र बुट्टा भरेर पनि स्वाभाविकता दर्शाउने कोशिशमा उहाँको वैशिष्ट्य छ, लक्ष्मीप्रसादजी नअडिने कलमले प्रकृतिको प्रवाह बहाउनुहुन्छ त समजी कलात्मक काँटकाटले सिगार्नु हुन्छ। वरू जोखी जोखी पद राखेर पनि गहकिलो बनाउनु र नाटक कहानीमा पनि कविता भर्नु उहाँलाई स्वाभाविक जस्तै छ।

CC-0. In Public Domain. Digitization by eGangotri

तलतल

तारा दगुर्दै तल ओर्लिन्–"ख, यहाँ त केही छैन।"

"यताउति हेरन लाटी!' भन्दै कहालिंदै भ-याङ्का सब खुडकिलाको आवाज एकै सुरमा मिलाएर नारायण प्रसाद पनि तल झरे। मटानभित्रको कोटा बन्द रहेछ, ताराले घच्घच्याइन्–"गोपाल! ए, गोपाल! गोपाल!"

अझ अग्लो स्वरमा नारायण कराउन लागे–'गोपाल! बाबु!'

ढोकाको चिराबाट एउटा पातलो स्वर छिरेर आयो–"ज्यू!"

"अझ ढोका खोल्दैनस् चोर!"

"नहप्काऊन, बिचरा खेलिरहेको होला।"

"यसले त कागत पो हाल्यो कि आगोमा!"

गोपालले आफ्नै हातले तयार गरेको कागतको चुरोट छिटो छिटो सकाएर बाँकी आगोमा हाल्यो। आमा बाबु आए पनि नआए पनि त्यति टुक्रा त फाल्ने गरेकै थियो। उनीहरूले भित्र पसी कागत पोलिएको खार झन् नाक फुकाएर सुँघे। आफ्नो छोराको च्युड़ो मुसारेर नारायणले भने 'कस्तो नानी तँ आगोमा कागत परेको पनि पत्ता छैन' के खेलिराको!

ताराले भनिन्—"अँ, खेल्छ! निको चाल छ र यसको, आठ वर्ष लागिसक्यो बुद्धि भने–छि:! जैले भयो ढोका बन्द, जैले भयो ढोका बन्द, के खेल हो त्यस्तो! अब त त्यहाँ ढोका बन्द गरेर बस!"

बाबुको हातको लहराबाट उम्केर उ फेरि दौडँदै बाहिर गयो।

CC-0. In Public Domain. Digitization by eGangotri

"आजकाल त हामीकहाँ एक छिन पनि बस्न मन गर्दैन ।"

"खेलोस्, जानदेऊ हाम्रा वेला संझन।"

गोपालले वाहिर पर खुशी मानेर मजूरले जस्तै कराएको सुनि ो।

"हाम्रो वेला संझन ।" ताराले संझिन् ।

रात पऱ्यो । बत्ती निभ्यो । सारा सुते। तारालाई निद्रा परेको थिएन, आँखा चिम्लेर उनी आफूले ज्वर आएको वेलामा बूढी वज्यैले पारेको अचार चोरेको संझीरहेकी थिइन् । स्याराक स्याराक आवाज आयो । उनले आँखा खोलिन्। दियासलाई बल्यो, दुई साना हातको पहाडवाट पहेंलो चन्द्रमाको उदय भयो–नाकको टुप्पा र गोल गालामन्तिर उज्यालो परी आँखामनि र नाकको डँडालीमा छाया परेका थियो तापनि अनुहार लुकेको थिएन—कलङ्की गोपाल चिन्हियो । कुइरीमण्डल धूवाँको बादलमा चन्द्रमा छिपे, एक तारा बाँकी रह्यो-कहिले झुल्ल हुन्थ्यो, कहिले मधुरो । वादल वढ्द गयो, ताराको नाकसम्म पुग्यो उही चुरोट ।

तारा आफ्ना छोराको पुरुषाथ देखेर अलिकति हाँसिन्, उसको खराव लतमा अलिकति दिक मानिन् हिजोको फुल आजको चल्ला उडेकोमा अलिकति खुशी भइन्, बावुचाहिले या थाहा पाएको सपना देखेर अलिकति डराइन्, अनि कुन्नि किन हो अलिकति रोइन् ।

नारायण व्यूँझिसकेका थिए, वुद्रुक्क उफ्र र गई बत्ती बालेर उनले छोरातिर हेरे—"गोपाल ?"

गोपाल किच्च हांस्यो; तर उसले चुरोट फ्यांकेन

CC-0. In Public Domain. Digitization by eGangotri

"तेरा चण्डाल, पाजी, कल्ले सिकायो ? अझ फाल्दैन !"

तर गोपालले चुरोट फ्याँकेन। नारायण झम्टेर गए, गोपालले चुरोटको हात पछिल्तिर लुकायो; उनले त्यो खोसेर फिकदानीमा हाले, उसले, घाँटी तानेर फिक्दानीभित्र हेऱ्यो। नारायणले छोराको गाला साफसित फोडे, कपाल लुछे, आङमा एक डिम्का दिए, फेरि लुछे; गोपाल बल्ल चिच्याएर लडीबडी गरी रुन लाग्यो। ताराले अनि थाहा पाइन् यो विपनानै रहेछ ओछ्यान छाडिन्। कचमचले रात बित्यो।

२

भोलिपल्ट बोर्सीको वरीपरी आमा छोरा बसिरहेका थिए। छोरा चङ्गा जस्तै उडेर अकासिन चाहन्थ्यो, बादलभित्र—अवश्य चुरोटको बादलभित्र। आमाचाहिं उसको भक्तिका धागो नछिनोस् भनेर ज्यादै विस्तारै स्नेहको लट्टाई कस्तै जान्थिन्।

"भन्, तँलाई कसले सिकायो ?"

"आफैं जानेको।"

"त्यो हुनै सक्तैन, तैंले ढाटेर म ढाँटिन्छु! भन् वा!"

"बाले खानुभाको देखेर।"

ताराले एकै छिनपछि भनिन्—"त, बाले खायो भनेर खाने। बा त ठूलो मान्छे, ठूलो भएपछि खाएर त तँलाई पनि कल्ले के भन्छ ?

गोपालको आँखिभौंको जोर्नीमा बत्ती बल्यो। फेरि ताराले भनिन्, तैंले कहिलेदेखि खान थालेको ?"

"धेरै भो।"

"धेरै भनेको कति, कुन वेलादेखि, कसरी खाइस् ?"

"पहिले त कागतको खाने गरेको थियो, अस्तिदेखि बाँकी—"

CC-0. In Public Domain. Digitization by eGangotri

"चोर, के मीठो हुँदो रैछ ?"

"हो।"

'हो,' पर्नै बित्तिकै ताराको मानसिक सरोवरको बीचबाट एक चक्का उठी तरङ्गिएर उदार हुँदै गयो, त्यो 'हो' पींधसम्म पुगेपछि फेरि यिनको सतह जस्तै साम्य भयो।

"केटाकेटोले खानु हुँदैन, आन्द्रा झर्छ। अब नखा है ?"

गोपालले टाढा हेरेर टाउको हल्लाइदियो । तारा आगोभित्र घुसारेका आलु चिम्टाले झिक्न लागिन् उ बाहिर निस्क्यो ।

भित्र कोठामा नारायण हरिकृष्णसित कुरा गरिरहेका थिए।

हरिकृष्ण—"बुझ्नुभो, विद्या जस्तो ठूलो कुरा केहा छैन।"

नारायण—"अरू म केही जान्दिन, तपाईंलाई रुपियाँ बुझाइ दिन्छु, मेहरबानी गरेर चाँडै नै झिकाई दिनुहोला त्यति चौबीसं-ओटा किताब—गापालेलाई। जति परे पनि—"

हरिकृष्ण—"हुन्छ, भोलि नै झिकाइदिउँला र भएन ?"

नारायण—"त्यसलाई एउटा मान्छे बनाउंछु जस्तो लागेको छ।"

हरिकृष्ण—"जेहेनदार छ तपाइको छोरो, नहुने कुरा केही छैन। हाम्रै शास्त्र पढाउनुपर्छ, आजकाल पाश्चत्य विद्वान्हरू पनि ढल्केका छन् अरे भन्ने सुनिन्छ।

नारायण—"धेरै दिनदेखि यो तपाईंसित सोधुँला जस्तो लागेको थियो, होइन, हाम्रा ऋषिमुनिहरूले यो टीका लाउने किन चलाएका रहेछन् ?"

हरिकृष्ण—"आहा! यसको कारण सफा छ, सुन्नोस् यो घुच्चुकमा ज्यादा तोडको घाम पर्दा मानिस मर्छ समेत हो ?"

नारायण—"हो, त्यो।"

CC-0. In Public Domain. Digitization by eGangotri

हरिकृष्ण—"त्यसैले त्यहाँनेर खल्वाटका समेत बाक्लो कपाल हुन्छ, कालोबाट तातो कम छिर्दछ, भयो ?"

नारायण—"बूढाको सेतो केश त—"

हरिकृष्ण—"बूढालाई तातो न्यानोको जरूरत हुन्छ।"

नारायण—"आजकल पछिल्तिर कपाल काट्छन् ?"

हरिकृष्ण—"पछिल्तिर लामो भएको टोप लाउँछन् 'निगरममा।"

नारायण—"ठीक हो, ठीक हो, भन्नोस्।"

हरिकृष्ण—अब हेर्नुहोस, हाम्रो विचारका डोरो कहाँ पर्दछ ! ठीक आँखिभौंको जोर्नीमा-अब मगज ठण्डा भएमा विचार बढ्ने त तपाइँ मान्नु हुन्छ !"

नारायण—"ठाक हो ठीक।"

हरिकृष्ण—"बस, अब साँचो पाइहाल्नुभयो, आफैं खोल्नोस् हाम्रो निधारको बीचबाट हिंडेको विचारको नसालाई ठण्डा राख्नानिमित्त पशुपतिनाथको श्रीखण्ड नेत्रले काम दिन्छ। कालो तिलक वैष्णवहरू ठाडै माथिसम्म लाउँछन् त्यसबाट ताप छिर्दैन हामी नेपाली आधा निधार कालो टोपीले छोपी तल कालो टीका लाउँछौ। अंग्रेजहरूले कालो निधारे टोपी बनाएका छन्।"

नारायण—"हाम्रो रातो टीकाचाहिं त खालि शृङ्गारकै होला कि ?"

हरिकृष्ण—"अपसोस ! यही त तपाईंहरू अलिकति विचार गर्न अल्सी मान्नुहुन्छ।"

नारायण—"तपाइँलाई पो सरस्वती खुलेकी छन् र यस्ता यस्ता विचार आउँछन्।"

हरिकृष्ण—"जानोस् न एउटा तसवीर खिच्नेको अँध्यारो कोठामा !"

CC-0. In Public Domain. Digitization by eGangotri

नारायण—"ए, हो, त्यहाँ रातो बत्ती हुन्छ।"

हरिकृष्ण—"अब ? के रहेछ ? कालो तातो बचाउ, रातो उज्यालोको ! साथसाथ यी जातीय चिह्न हुन् ।"

नारायण—"सत्ते हाम्रो प्राचीन सभ्यता त नि ? ख गोपालले कहिले पढ्ला ।"

हरिकृष्ण—"हाम्रा पूर्वज बौलाहा थिएनन्, बुझ्नुभो !!" उनको गफमा छक्क परेर नारायण आधा हाँसोमा अड़े । हरिकृष्ण बूढा आफ्ना मित्रलाई असर पार्न सकेको हाँसोको तरङ्गमा ढलमल भएको डुङ्गा जस्तै शिर हल्लाउँदै उठे। आलु पनि पाकेछ, तारा कराउन लागिन्—"गोपा-ल !"

नारायण र हरिकृष्ण बाहिर निस्के । नारायणले भने—"तेरो छोरो मैले झ्यालबाट फ्याँकेको ठुटो चुरोट तानिरहेछ । त्यस्ताले के पढ्ला ! कति भन्यो लागेन, जा ले, अब म पूजा गर्छु ?" हरिकृष्णले भने—"हा' के काम ठोकेर, आफूले नगरेको कर्म त उनीहरूलाई छुटाउन सकिन्न, झन् आफू तान्ने, तिनलाई नगर भनेर मान्छन् । सबका त्यस्तै हुन्; आजकाल नाभी झरेको हुन्न केटाकेटी दूधको सट्टा चुरोट चुस्छन् ।"

गोपाल अझ धूवाँको चक्का चक्का पारेर मास्तिर फुक्त चुरोट खाइरहेको थियो ।

हावा सिरसिर आइरहेको हुनाले घाम लागे पनि ऐनाझ्याल बन्द गरेर तारा छोरालाई तेल घसिरहेकी थिइन । गोपाल चाहिं आनन्दसित लल्याकलुलुक परेर जता फर्कायो उतै फर्कन्थ्यो । आङ्मा र पाखुरा खुट्टामा गरेर आधा दर्जन जति नीलडाम थिए । कुनै कुनै ठाउमा दल्दा गोपाल भित्र लाज मानेर 'अय्या !' भन्दथ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

"यसको बुद्धिले गरेर आफ्नो पनि आधा जीउ भइसक्यो, मेरो पनि आधा मासु गराइसक्यो, अहिले त यस्तो, पछि यल्ले मलाई सुख देला ! यो आँखाले अफ्न के के देख्नुपर्ने ! "

गोपालको कान रातो र ठाडो भएकोले आमाको कुरा सुनेको छैन भन्न सकिदैंनथ्यो, तर उचाहिं कहिले तेल घस्ने तन्नाको धागो छिनालेर तेलको कचौरामा डुबाई खेलिरहन्थ्यो, कहिले ऐनाबाट बुट्टा पारेर आएको घाम हतकेलामा थापेर चलिरहन्थ्यो। ताराको आँसु गालांको पसीनासित मिलेर कम मोलमा तल झर्दथ्यो, त्यसले गोपालको त्यतापट्टि उत्तिको ध्यान गएको थिएन।

"के त अब कहिले पनि नसप्रने ? हँ सधैं रुवाइरहने, किन नबोलेको ? "

गोपालले झिलिक्क आमाको मुखतिर हेऱ्यो । अनि अलि पर राखेको पुस्तक तन्केर गई धिसारेर ल्याइ पल्टाएर मनमनले पढ्न लाग्यो । गर्धन अलि फुलेको देखेर त्यसमा॰ तेल दली तारा फेरी भन्न लागिन्—

"पढिनस् भनेर त कल्ले भनेको छ र ! पाठशालाका पण्डितहरूले पनि 'गोपाल मेहनती छ' त भन्दंछन् । तेरो त यही कुकुर बानीले पो हामी शत्रु हुनुपरेको । उतिमाथि चुरोट खायो भनेर बाबुचाहिं घरमा पढाउने तेरोचाहिं घरमा पनि यस्तो बदमाशी छ—अब हेन कस्तो हुँदो रहेछ,! खाएको देखें भने बङ्गरा झार्छु भनेको छ नि—"

गोपालले किताप पर हुत्याइदियो ।

"हो, च्यात्न अझ; तँलाई किताप पनि चाहिंदैन,—म त के ! यस्तै बेहोर गर्न; अनि तँलाई मुख पनि नदेखाएर हेर्न, म मरेको घडीमा पो अनि आमा यस्ती थिई भनेर संझनुपर्ला, अः यस्ताले संझला ! आमा कैले मर्ली र आनन्द होला भन्ने

CC-0. In Public Domain. Digitization by eGangotri

त लागेको होला–"

गोपाल घोप्टो परेर ताराको दायाँतिर सिरान गरी कुहिना टेकेर पल्टेको थियो, आफ्नो साझै भित्तातिर फर्केको थियो तापनि छड्केबाट उनले देखिन् उसको गालामा लागेको तेलमाथि तर्कंदै आँसुको धाराफारा छुटिसकेछन्, आगोका रातो फिलिङ्गो जस्तो गालामाथि पग्लेको जल्दो चाँदी जस्त आँसु जति थोपा पृथ्वीमा परे उति थोपा आफ्नै चिसो सरस छातीमा पर्दै भवाइँ भएर जमे जस्तो तारालाई लाग्यो। 'यति कुरामा पनि हेरन रोएको पिञ्च '! भनेर उनले प्याट्ट गोपालको आङमा हानिन्, त्यो निहुँमा उ झन् डाँको छोडेर रुन लाग्थो । उनले त्यति बिस्तारै हानेका ठाउँबाट हात भिक्ता त्यहाँ गुलाफ डाम परेको रहेछ। छोराको आङमा हिर्काएको त्यो तोड पनि आफ्न छातीमा परी बज्रराले मच्चाएर हानेको चोट उनलाई अनुभव भयो। छाती पट्ट दुई फ्याक होला भन्ने डरले दुई कुम संग्राएर ताराले एक छिन आँखा चिम्लिन्, अनि गोपालको च्यूँडोमा हात चढाइन्, उसले कुहिनाले हिर्काएर हटाइदियो, तारा मुख छोपेर उच्च स्वरले रुन लागिन्। "आमा, बिन्ती बिराएँ" भनेर आखिरमा गोपालले यो संग्राम शान्त पाऱ्यो।

४

त्यसको छ दिनपछि साहिला बाज्येकहाँ टुलुको व्रतबन्धको निमन्त्रणा थियो, नारायणको जहान पनि उहिं पुगेका थिए। रासधारीको नाच रहेछ, त्यो पनि हेरेर खाई पिई नारायण घर फर्के।

"गोपु, नाच कस्तो लाग्यो ?"

"असाध्य राम्रो लाग्यो।"

CC-0. In Public Domain. Digitization by eGangotri

"यता आऊ।"

"कोट लुगा फुकालेर आउँछु" भनेर गोपाल खुरु दौडेर गयो।"

"जाऊ, जाऊ, पछि पछि, त्यसले फेरि चोरेर ल्याएको छ कि ?" एक छिन पछि तारा फर्केर आइन्।

"के रैछ ? हो ?"

"बिन्ती छ है, भइहाल्यो, कति कुटनु ! बरु-"

"अँ ! भनेर केही जवाफै नदिई नारायण सरासर गए, तारा पछि पछि गइन्। गोपालको—तकिया लाती-भकुण्डो भयो। त्यस मन्तिर एउटा ठुटो र दुइटा सिङ्गै चुरोट र अलि कति मसला रहेछन्। अनि नारायणले हिरण्यकशिपुको हृदय लिएर छोरालाई कुट्न शुरू गरे। यसरी बेहिसाबसित रिसाएर जथाभावी उनले आजसम्म उसलाई कुटेका थिएनन्।

"के गरेको यो अचाक्ली, मार्न आँटेको, आफ्नो बेलामा सबैको यस्तै त हो नि !" भनेर ताराले बीचमा छुट्याउन गइन्। छोरालाई पिट्न छोडेर नारायण बाहुनीसित नृसिंह भएर जाग्न थाले—

"उसो भए तेरो छोरालाई म तहलाउन सक्तिनँ नि, मुख हेर्दिनँ यस पाजीको, तैं तह ला, फेरि केही भन्न पाउँदिनस् नि. कसो ? बोल्। अहिल्यै !"

गोपालले केही बेरसम्म त रुन नसकेर मुख मात्र बाइ-रह्यो, बल्ल अरल्लिन रुन शुरू गर्‍यो। आफ्नो वदनमाथि दौडेको नीला लहराहरूलाई सम्हालेर ताराले भनिन्–"मैले त कुठाउँमा लाग्ला भनेर पो त !"

CC-0. In Public Domain. Digitization by eGangotri

"म घाँस खाने पशु हुँ ? गधा हुँ ? तैले मलाई त्यसो भन्नु खुल्छ ? मेरो छोरो हो भने मारे पनि मैले मारें !";

"भइहाल्यो, जे गर्नु मन छ, गर्नोस।"

"अझ रुन्छस् चण्डाल !" भनेर फेरि नारायण गोपाल-माथि जाइलागे, गोपाल चुप्प' लाग्यो । मसला चुरोटहरू किचीमिची फालिदिएर एक हातमा गोपाललाई भुंड्याई अर्का हातमा किताप लिएर गई नारायणले आफ्नो भूलको अगाडि उसलाई थचारे। तमाशाको बाँदर भएर गोपाल एक छिनसम्म आफूभित्र खुम्ची काँपिरह्यो। अनि राती साढे बाह्र बजेसम्म रूञ्चेस्वरले भए पनि उसले पढिरहन पर्‍यो ।

५

यसरी महीनौं दिनरात बहना भवसागरमाथि गोपालका नाउँ-नाउलाई खियाउँदै गए, तर तृष्णाका वर्षाऋतुमा अभा-गीको पुर्पुरामाथि दिनमा पनि घाम, लाग्न पाएन, रातमा पनि जून उदाएन। हरहमेशा फोक्साको जरादेखि उठेको बादल कलेटी परेका ओठबाट सुस्केरासित उडिरहन्थ्यो, बराबर कमजोरी रङ्गरहित रगतका झरी परेलाका टुप्पा टुप्पाबाट झरिरहन्थे। पेटभित्र गड्याङगुडुङ भइरहन्थ्यो, छातीमा मेशिन-गन जत्तिकै छिटोछिटो बजू परिरहन्थ्यो, कि चुरोट नआएमा दुःख हुन्थ्यो, कि चुरोट दण्डका साथ लागिआएमा दुःख हुन्थ्यो, त्यसैले सुखको तपस्यामा बन्द भएका आँखा र कान भित्र न तारा खस्तै रोएको चमक पुग्दथ्यो, न उनको हृदय-विदारक बिन्ती !

छोराको जीउ हेरी हेरी सङ्सङै तारा पनि ढुल्लाउँदै गइन् । उछिनपाछिन गरिरहेका आमा छोराका दौडका घोडा

CC-0. In Public Domain. Digitization by eGangotri

वैद्यका क्षयरागी झण्डानेर आइपुग्नपुग्न लागेको थियो, 'नारायणले आफ्नो घोडालाई पछिल्तिरबाट छाडतोस दिएर ल्याए।

एकान्तमा नारायणले आफ्नी ब्राम्हणीसितभने—"हेर, त्यसको यो चुरोट खाने लत नछुटाएर त म मर्दै मर्दिन। आफूले भनेको नटेर्ने छोराको के काम! कि मेरो नाममा त्यो आजै मुख धोओस्! त्यति एउटा चुरोट नखा भनेको नमान्ने कोर्रा लाउँछु, अझ मुखबाट लादा निक्लने गरेर लात खाँद्छु""

ताराले रोक्ता रोक्तै पनि सास पढ्केर गयो—"माया लाग्दैन? मर्न लाग्यो-थाहा छ? अब धेरै छैन। बिन्ती छ, बरु त्यो रगतका डल्ला फुटेको उसका आमाले हेर्न नपरोस्! म अगि हुन पाऊँ, आजसम्म तपाईंकी कमारी भएकी फल मलाई यत्ति भए पुग्छ-'

करङको टुक्रा टुक्रा भएर आएका यी शब्द सुन्ने बित्तिकै 'म गए' भनेर नारायण जुरुक्क उठे। 'काँ?' भनेर ताराले समातिन्।

"मेरो छोरो रहेनछ, तेरो मात्र रहेछ, छाड्, म जोगी भएर जान्छु।"

ठट्टा र सच्चालाई उच्चारणबाट छुत्याउने ताराको अभ्यास थियो। पोइको दुवै पाउलाई कसेर अंगालो हाली उनी रुन लागिन्। त्यो बन्धन यस्तो बलियो थियो कि नारायणले बल गरेर एउटा खुट्टा थुतेका भए त्यसको साथसाथै ताराको आधा छाती चुंडिएर आउँथ्यो। नारायण रिसले, दयाले, मायाले, निराशले, दुःखले घणाले र सहानुभूतिले एकचोटि स्वाँक्क निसास्सिएर रोए, तर त्यति छिटो खोलेको पिंजराबाहिर प्राण पक्षी उडेर जान भ्याएन।

CC-0. In Public Domain. Digitization by eGangotri

"तपाईं भए त्यस्ता छोरा लाख आउँछन्; के गर्नु आमाको मन, बुद्धि पुग्दन, दिक्कको झोकमा केके बोल्न आउँछ केके, बिराएँ अब म केही भन्दिनँ" भनेर ताराले झट्टै माफी मागिन्। नारायणले केही नबोलेर माफ दिए।

६

घरको नोकर चामे खाँदबाट पानी बाहिर हुत्याउन लागेको थियो, गोपाल त्यो हेरिरहेको थियो। चामे पहिले बोल्यो—

'जीउको ठाउँमा जीउलाई सास्ती, फेरि सबले उल्लू भन्ने त्यस्तो काम पनि गर्नु ? फेरि मीठो गुलियो हुने भए पनि लौ भनूँ, न त्यो चुरोटमा स्वाद छ, न त्यसले तागत बढ्छ—मोटाइन्छ, न त्यो खाएर धर्म हुन्छ, धत्तेरी ! यत्रो बडामा भएर पनि क्या हा त्यस्ता, अझ चेत छैन कि कसो ?"

कमर सोझ्याएर एक छिन् आरामी लिई ठाडो भएको मौकामा चामेले गोपालतिर हेर्‍यो। गोपालले हाँस्न खोजेर गमलाको एउटा पात चुंड्यो।

'कुटेको देख्ता हाम्रो मन रहँदैन। फेरि पनि खाने सुर छ कि कसो ?'

निहुरेर गोपालले भन्यो-'अब त खान्न जस्तो लाग्छ, फेरि एक दुई दिनपछि खान मन लाग्छ।'

"ठूला बाजेको डर लाग्दन ?"

"लागेर के गर्नु, खान मन लाग्छ।"

"ठूली बज्यैको माया लाग्दैन ?"

गोपालले जवाफ दिएन, चामेले निहुरेकै ठाउँबाट फर्केर उसको मुख हेर्‍यो, आँखा राता रसिला रहेछन्। गोपालको

CC-0. In Public Domain. Digitization by eGangotri

यति माया उसलाई आजसम्म लागेको थिएन। स्वाट्ट बदली भयो, एक झोक्का हावा चल्यो, फेरि हररर घाम लाग्यो। अनि गोपालको आँखा आकाशमा पुग्यो, एक टुक्रा बादलले सूर्यलाई ढाक्यो, फेरि सूर्यबाट अलि पर पुगेर नीलो आकाशमा ज्यादै बिस्तारै बिस्तारै बिलाउँदै गयो। गोपालले एक-नाससित माथि हेरिरहेको देखेर चामेले पनि आकाशतिर हेऱ्यो-सूर्यसमेत चुरोट खाइरहेका रहेछन्।

दिन घड्किसकेको थियो। गोपालको कोठाभित्र हरिकृष्ण-लाई लिएर नारायण चाल मारी पसे। कोठामा हावा छिर्ने प्वाल माथि भएकोले ऐनाभयाल बन्दै रहन्थ्यो। त्यसको एउटा ऐना फुटाली मेचमा चढेर टाउको बाहिर छिराई गोपाल पल्लो घरको नोकरसितकुरा गरिरहेको रहेछ।

"त्यो त छ, सलाई छैन।"

पल्लो घरको नोकरले भनेको सुनिएन—फेरि गोपालले—भन्यो "नर्सिङको तस्वीर भए हुन्न ?"

"......"

"चिन्दैन।"

"......"

"उसो भए सानो चाँदीको बट्टा ल्याउँ है त ?"

"......"

"साँच्ची त खल्तीमा होला, भरे छँदै छ नि।"

"......"

"याँ होइन, बाहिर।"

नारायणले आफ्नो खल्तीमा पानबट्टा झिकेर हरिकृष्णलाई देखाउँदै थिए, गोपालले टाउको भित्र थुत्यो।

CC-0. In Public Domain. Digitization by eGangotri

"तपाईंले भनेको होइन पहिले आफूले छोड्नुपर्छ भनेर खँ त ? मैले चुरोट नखाएको महीना दिन बढ्ता भयो। अस्ति पनि हाम्रै चामेलाई किन्न पठाएछ, त्यसलाई खारीज गरिसकें। यसरी थुनेर राखेको छु, तैपनि अझ हेर्नोस् कस्तो हराम।"

हरिकृष्णले भने—"के बुद्धि हो, ए गोपाल!"

तपाइए लाज होला भनेर नारायणले चुरोट खोज्ने साहस गरेनन्, केवल आँखा घुराए, नाक फुराए। हरिकृष्णको अगाडि हुनाले उनले साविक चुटाइ नगरी खालि छोराको कान बिस्तारै उखेले (उखेलन खोजे भनूं) गोपाल एकदमसित कोहोलो हाली लडीबुडी गरी रुन लाग्यो। नारायणले भने—"देख्नुभयो, मैले राम्रोसित छोएको पनि छैन नि अब"—गोपाललाई निर्धक्कसित दुई चारलात भकुरे। हरिकृष्णले त्यसभन्दा बढ्ता संख्या पुऱ्याउन दिएनन्। गोपालचाहिं आफ्नो मासु टोक्तै आफैंलाई लुछ्तै टाउको भूइँमा ठोकेर बसेकै स्वरमा कराउन लाग्यो—"माऱ्यो नि मलाई खान नदिएर; ईश्वर बरु मलाई मारिदेउ!" उ अझ फतफताउँद थियो। नारायणले झ्याल खोलेर पल्लो घरको नोकरलाई भन्नु नभन्नु गालि दिए। अनि झ्याल बन्द गरी हरिकृष्णसमेत बाहिर निस्केर ढोका लाए। छ्वाल्र्याङ छ्वाल्र्याङ दुईटा झ्यालका ऐना फुटालिएका आवाज भित्रबाट आयो। हरिकृष्णले सुस्तरी भने—"ओहो, कस्तो राक्षस भइसकेछ!" गोपाल डाँको छोड्दै थियो, अर्कै कोठामा 'राम राम राम' भनेर ताराले कान थुनिन्।

७

गोपालले भूइँको चपरी झिकी त्यसभित्र चुरोट लुकाउने गरेको रहेछ, मालमत्ता किताबसमेत हरायो भन्दै सटाइमा सलाई समेत किनिसकेछ। केही दिनपछि त्यो पत्ता लाग्यो। या पालि

CC-0. In Public Domain. Digitization by eGangotri

नारायण उसलाई नकुटेर चुरोट सलाई मात्र लिई जान खोजेका थिए, उसले निहुँ खोज्यो—

"कीरा परेको हात।"

"कसलाई भनिस् ए चण्डाल ?"

आजसम्म गोपालले यसो भन्न सकेको थिएन—

"तँलाई !"

नारायण महाङ्काल बने, उसलाई पिटे, कुटे, चुटे गोपालले उनलाई टोकिदियो। यही बेला सडकमा मोटर साईकल हिँडेको आवाजमा सधैं झ्यालमा पुग्दथ्यो । साइकलवालाको मुखमा चुरोट हुन्थ्यो। आज त्यही वेलामा यस्तो धूमचक्र चलिरहेको थियो; तापनि उसको मन एकचोटि नलोभिई रहेन। आफूलाई टोकेकोले नारायणले उसको थुतुनामा हिर्काए । गोपाल भन्दै गयो—"आँठे मोरा, कोरले झरेको हात, मरिहालोस् ,"—नारायण गालामा हिर्काउँदै गए। गोपाल मूर्छा पर्‍यो।

तलको खलबल माथिसम्म पुग्द थियो । तारा खलमा मसला पिनिरहेकी थिइन्, जति गरे पनि मसला मसिनिदैनथ्यो त्यसैमा आँखाको पानी पर्‍यो, अनि त्यो नून चर्को भएको मसला उनीले ढुँडमा फ्याँकिदिइन । अहिले सुनसान भएको कारणचाहिं उहाँसम्म पुगेन।

हिमालयको जस्तो नारायणको छाती कठोर भइसकेको थियो त्यसैले आँखा हिउँ जस्तो फुस्रो रहिरह्यो, एउटा डर गएर उनका आँखाको डीलमा बसी भित्र चियाउन पुगेको थियो, तर नारायणको अन्धकार खाल्को हृदयदेखि डराएर डर पनि फर्केर भाग्यो त्यसलाई लगादैं नारायणको मुखबाट यो किरिया निस्कयो— "अब यसलाई हात कहिल्यै छोड्ने छुन।" गोपाल चल्यो, अनि नारायणको किरिया अझ लम्बियो। "बरु थुनेर

CC-0. In Public Domain. Digitization by eGangotri

अरू नै किसिमले सजाय दिन्छु।" अब गोपाल राम्र व्यूँ भयो। नारायण जुरुक्क उठेर बाहिर गए। छोराको टाउकोमा एकचोटि मुसार्ने पानोलाई निराशपूर्ण सुक्खा चिसो हातले संझन्नी दिएन, आखिरमा त्यहाँ ढोका बन्द गरेर आफ्नो सुत्ने ओछ्यानमा गई लम्पसार परेर पल्टे— झिकाएका पाठ्यपुस्तक चौवीसओटाको तङ्गी दराजभित्र देखिइरहेको थियो। केही बेरपछि हात तात्यो, गाला तात्यो। ओहो! जुन ठाउँमा हिमालय चिसो बतास 'फू फू' गर्दथ्यो त्यही ठाउँमा प्रचण्ड ज्वालामुखी 'हा हा' गर्न थाल्यो। नारायणलाई आफू आगो भएको अनुभव भयो, गोपाल अङ्गार भएको, तारा खरानी!

८

घोडे जात्राको दिन थियो, गोपालले कोठाबाहिर बाबु कराएको सुन्यो—"त्यो पाजी त अझ भनेको टेर्दैन, यहि जाकेर राख्नुपर्छ। तिमी र म त टुँडिखेल जात्रा हेर्न जाने है? कस्तो रमाइलो होला! यसपाला त राम्रा राम्रा धेरै किसिमका खेल छन् रे।" ताराले नाइँ नास्ती गर्न सकिनन्। गोपालको स्वभावमा खाटा जमिसकेको थियो, तसर्थ बाबुले इख्याएको कुरा सुनेको नसुन्य गरेर उसले आफूलाई पनि छकायो।

शहरको ढोकानेर नारायण र तारा कैयन् जात्रुहरूसित उभिइरहेका थिए। तमाशाको शुरू भइसकेको थियो। ताराको फुपू पनि त्यहीं आएकी रहिछन्, कति बेरपछि बल्ल देखादेख भयो—"आम्मै भदै, गोपाल खै त?"

ताराले नारायणतिर हेरिन्। नारायणले भने "अलि सञ्चो छैन।" "कसरि आफूहरू मात्त आउन सकेको त। ताराकी फुपूले आफ्नो सानो छोरालाई ल्याएकी रहिछन्। त्यो ताराको

CC-0. In Public Domain. Digitization by eGangotri

हात समात्न आइपुग्यो उनले आफ्नो थैली खोलेर उसलाई मिस्री दिइन् ।

जात्रुमा ठूलो हाँसो भयो, आँखामा पट्टी बाँधेर गई माटोको गाग्रो फोर्न उठाएको लट्ठीले एउटा बहुरङ्गीले निर्घातसित अर्को साथीलाई हिर्काइदियो, गाग्रो अन्तै थियो । ताराको फुपूका छोराले त्यहाँ के घटना भयो त्यो त थाहा पाएन तर उ उफ्री उफ्री हाँस्न लाग्यो । उसको आँखा त कि खरीको रूखमन्तिर वरिपरी झलमल झल्किरहेका जीवित जीवनहरूमाथि पर्दथ्यो, कि वाइपङ्खी घोडाहरूमाथि परेका झण्डाहरूलाई त उसले भोर्लाका पात भनेर तारासित बयान गर्‍यो । क्षण क्षणमा चौगिर्दाबाट हाँसोको फोहरा छुट्थ्यो, तर जीत बाजीमा थोर, हारमा र गिरमा धेरै नै ।

उज्यालोको हद घामै हो जस्तो भान पर्दछ, तर लामपुच्छ्रे तारा जस्तै डुल्दै अर्को सूर्यले हाम्रो सूर्यलाई भेट्न आए भने त्यो दिन पृथ्वीमा उज्यालो दबलिन्छ । अझ कोटि सूर्य उदाए भने हामी अन्धा हुन्छौं—डढेनौं भने । नारायणप्रसादले केही पनि देखेनन् । गीत गाउँदा गाउँदै बिर्सेका एक टुक्रा भवाट्ट संझे जस्तै गरेर उनले भने—

"हिंड घर जाऔं ।"

"किन ?"

यो नठानेको बेलामा घर पुग्दा गोपाल फेरि पक्राउमा पर्नेछ भन्ने ताराले ठानिन् । नारायण उठिहाले, हिंडि पनि हाले, भीडमा पौडी खेल्दै उनले तारालाई पारी सडकमा उतारे । फौजले कराएको समुद्रको उर्लाहट अलि अलि गरेर सुनिन छोड्यो, घर आइपुग्यो । गोपाल चिच्याएर लय हाल्लि-

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको रहेछ। बाबुलाई देख्नेबित्तिक उसको नूर गिन्यो। बरबर बढेर आइरहेका बाबुको खुट्टा देखेर उ काँप्न लाग्यो।

"गोपु"

यो वर्षौं पुरानो स्वर गोपालले बाबुको हो भन्ने चिन्न नमकेर हो कि पुलुक्क हेर्‍यो। सिस्नु वा लट्ठी वा सर्प विच्छि के संझेर हेरेको हुनाले एक छिन् उसको आँखा झिमझिम भइरह्यो, पछि हेर्न सक्यो बाबुको आँखाबाट धारा बगिरहेछ उनी आफूनिर दुई हात पसारिरहेछन् एउटा हातमा चुरोटको बट्टा छ। गोपालले वाल्ल परेर आमातिर हेर्‍यो। ताराले भनिन् –"अब तँलाई बाले चुरोट खान दिनेरे।" अनि उनी रोइन्। नारायण पनि छोरालाई काखमा लिएर रोए। गोपालले धेरै दिन पछि बाबुको गन्ध सुँघ्न पायो, अनौठो हुन्थ्यो अलि अलि अत्तर र चुरोटको गन्ध मिसिएका, खुपसित अरल्लिएर रोयो। कति समय बित्यो झरी परेकोले केही यादै भएन। त्यहाँ पछि बाबुको गाला मुसार्दै लाडे भएर गोपालले भन्यो। 'बा, अब म कँले पनि चुरोट खान्नँ हं यस्तो मोरो चुरोट।" अनि बाबुको हातको चुरोटको बट्टा झ्यालमा गएर तल फ्यांकिदियो। बाटो हिंड्ने एउटा त्यो हेरेर त्यसै गयो, अर्कोले थाहा नपाई लत्याएर गयो, बल्ल एउटाले टिप्यो, यताउति हेरी बट्टा खोली ओल्टाई पल्टाई शङ्का शङ्काले खल्तीमा हाल्यो। त्यो मानिस गएपछि उज्यालो मुख लाएर गोपाल झ्यालबाट फर्क्यो।

"बा, अब चामेलाई ल्याउने ह ?"

"हुन्छ; बा।"

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै बेरसम्म उसलाई रुवाइको बाडुली लागिरह्यो ! त्यो रातभर नारायणले आफ्नो छातीमा टाँसेर छोराको पुल्टिस लाइरहे । ताराले नसुतेर बाबुछोरालाई हेरिरहिन् । आधा रातसम्म पनि गोपाललाई निद्रैमा हिक्का लागिरहेको थियो, हरेक हिक्कापीछे निद्रैमा नारायणचाहिं छोरालाई थुम थुम्याउँथे । हरेकपाली ताराचाहिं मन मन्दिरमा मुस्कुराइरहने गोपालजाको मूर्तिलाई आँसुले न्यौछावर गराउँदै थिइन्, कुन बेलामा नाद लागेछ पत्तै पाइनन् । सपनामा फुलको पीङ सर्काएर स्नेह मच्चिरहेको थियो, तलतलको बादललाई नरमसित छेडेर तेजी रातो टुक्रा कलेजाको थिरबिर थिरबिर हुँदै उदय भइरहेको थियो । बिपनामा झलमल्ल घाम लाग्यो ।

('शारदा' पत्रिकाबाट)

—:०:—

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीप्रेमराज

(१९६०–)

नेपाली, संस्कृत, अंग्रेजी, हिन्दीहरूमा उपयुक्त शिक्षा पाएको गो. प. छापाखानाको अध्यक्ष ६।७ पुस्तकका रचयिता।

अध्यक्षज्यूको कलम यस समको छ भन्ने कुरा विशेष गरेर उहाँ गो प. को संपादक हुँदाखेरीको उहाँका संपादकीय लेखहरूले बताइरहेकै छन्। उहाँ निकै छिटो लेख्नुहुन्छ। फेरि जुनसुकै विषयमा पनि कलम रोकिन्न। राजनीतितिर पनि उहाँको दृष्टि परेको देखिन्छ नत्र नारायणकोकथामा त्यसरी राजनैतिक भावना कसरी घुस्नु? फेरि साहित्यिक जगतमा चाहिं उहाँ सफल लेखक हुनुहुन्छ, विशेष गरेर हास्य रसमा उहाँको शैलि चाखलाग्दोछ अनि कठिन कुरा पनि सरल रूपबाट बुझाउन खोज्नु हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

शर्माजी र स्वामीजी

पण्डित—स्वामीजी, नमस्कार !

स्वामीजी—नमस्कार पण्डितजी, आउनुहोस् ! कताबाट पाल्नुभयो ?

पण्डित—(हात जोरेर) यहाँ (शर्माजीलाई देखाएर) अंग्रेजीको खूब ठूलो विद्वान् हुनुहुँदो रहेछ । हजूरसंग यहाँको परिचय गराउनाका निम्ति हाजीर भएको ।

शर्माजी—(स्वामीपट्टि फर्केर) गुड्मर्निङ्ग ।

(दुवै हात जोड्दछन्)

स्वामीजी—(शर्माजीपट्टि फर्केर) नमस्कार ! (एक मिनेट सबै जना चूप, अनि) तपाईंले कहाँ शिक्षा पाउनुभएको यूरोपतिर ? यता हुँदो ता अंग्रजी पढेका मानिस बडो दुर्लभ छन् । मैले पनि यो जीवनको ५२ वर्ष कलकत्ताका विद्यालयहरूमा र ६ वर्ष अक्सफोर्ड विश्वविद्यालयमा बिताएको हुनाले अझसम्म कति चेष्टा गर्दा पनि त्यस वेला परेका मानसिक विकारका प्रभावहरूलाई बिर्सन सकेको छैन ।

शर्माजी—(अलि डराएर) म ता यूरोप गएको छैन, मद्रास युनिभर्सिटीको एम्. ए. मात्तै हुँ । आज यहाँको दर्शन पाउँदा मलाई क्राइष्टको दर्शन पाए जत्तिकै भयो ।

स्वामीजी—केमा एम० ए० !

शर्माजी—इङ्गिलशमा । आइ० ए० सम्म त संस्कृत पनि पढेको थिएँ, तर साह्रै गाह्रो भो रछ पछि छोडिदिएँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

(दुई मिनेटसम्म सबैजना चूपचाप)

पण्डित—(स्वामीजीसंग) हजूर ! एउटा कुरो विन्ती बिसाऊ कि ?

स्वामाजी—भन्नुहोस् पण्डितजी ! भन्नुहोस् ।

पण्डित—हजूरले र (शर्माजीलाई देखाएर) उहाँले पढ्नुभएको अंग्रेजी एकैनास हो कि बेग्ला बेग्लै ?

स्वामीजी—मैले मनोविज्ञान तर्क र दर्शनशास्त्र पढेथें । उहाँले विशेष गरेर अंग्रेजी भाषा मात्रै पढनुभएको रहेछ ! उहाँले संस्कृत पढे जस्तै दुई तीन वर्षसम्म मैले पनि भौतिक विज्ञान पढेथें, तर पछि चित्त मऱ्यो, भौतिक विज्ञानलाई मैले मानवजीवनको निम्ति आवश्यक ठहराएर छोडिदिएँ ।

पण्डित—हजूरले एक दिन अंग्रेजी मात्र पढनेहरू पनि खूब ठूला ठूला आत्मज्ञानी हुन्छन् भन्नुभएको थियो तर (शर्माजीलाई देखाएर) उहाँ आत्महत्या गर्न झण्डै तम्सिनुभएको । मैले नदेखेको भए आज बित्यास परि जाने !

स्वामीजी—(आश्चर्य मानेर) किन हँ ?

पण्डित—उहाँकी दुलही अशिक्षित हुनुहुन्छ भन्ने पीरले रे।

स्वामीजी-ए,बुझें। उहाँको बिहे यतैतिर भएको रहेछ क्यारे हो ?

पण्डित—हलेदेको मुखिया बाजेकी छोरा त हुन् नि।

स्वामीजी—ए !

पण्डित—हजूरले उहाँको चित्त राम्रोरी बुझाइदिनुपऱ्यो।

स्वामीजी—चित्तको शमन र शान्तिका निम्ति परमेश्वरको भजन गर्नु पर्दछ ! म जस्तो अल्पज्ञको जिभ्राले कति उच्चारण गर्नसक्तछ र !

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डित—ओहो! हजूर अल्पज्ञ ?

स्वामीजी—पण्डितजी ! 'नायमात्मा प्रवचनेन लभ्यः' भन्ने श्रुति त छँदैछ। दोस्रो संसारी गफलाई पनि खूब घेरैं जान्दछु भनेर म दावा गर्न सक्तिनँ। (हात उठाएर) हेर्नुहोस। यत्रो संसारमा कति थोक छन्! तिनको एकजात ज्ञान हामीलाई छैन । पुराणमा तपाईंले मार्कण्डेयका कथा पढ्नुभएकै छ। मार्कण्डेयले पढ्न-सम्मको पढेथे, तर पार पाएनन्। यसैंकारणले म भन्दछु—संसारी प्रपञ्चको विद्या पढेर सिद्धिने कुरो होइन (शर्माजीपट्टि देखाएर) उहाँलाई थाहा होला, सर आइज्याक न्यूटनले पनि एकचोटि समुद्रका तीरमा उभिएर यस्तै भनेका थिए।

शर्माजी— (हात जोडेर) हो । (एक मिनेटसम्म सबैजना चूप) मलाई एउटा कुरो सम्झाउने कृपा गर्नु भए हुन्थ्यो ईश्वर छ कि छैन ?

स्वामीजी—(हाँसेर) अँ, तपाइँ नै भन्नुहोस्; तपाइँले के ठहराउनुभएको छ ?

शर्माजी—म त प्रकृतिदेखि बाहेक कुनै मनुष्ये 'परमपिता' भन्न लायकको व्यक्ति छैन भन्ने ठान्दछु जे जति भएको छ सबै प्रकृतिबाट भएको छ।

स्वामीजी—बहुतै ठीक! साँचो कुरो यही हो। [पण्डितपट्टि फर्केर] कसो पण्डितजी ? सांख्याशास्त्रको सिद्धान्त पनि त यही छ नि। बाँकी रह्यो चित्त सम्हाल्नका निम्ति एउटालाई मान्ने कुरो, त्यो पनि उहाँले प्रकृतिलाई मान्नुभएकै रहेछ। [पण्डितजी स्वीकृति-सूचक टाउको हल्लाउँछन्] साथसाथ प्रकृतिलाई

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यकताभन्दा बढ्ता मात्र पनि मुनासीब ठह्दैन । पृथ्वीको आयु एक अरब वर्षभन्दा बढ्ता भएको छन भन्ने विज्ञानवादीहरू छँदैछन्, 'हाँस अगाडि सृष्टि भो कि हाँसको फुल ?' भन्ने प्रश्न पनि काँचै छ, तर पनि विज्ञानमा ईश्वरको अस्तित्व छन, आश्चर्य हो !

शर्माजी—जेसुक होस् तापनि कसलाई रिझाउनाका निम्ति यो कष्ट काटेर यस्ता ठाउँमा आएर बस्नुभएको त ? परमेश्वर भए पनि त्यो समदर्शीले भक्तको मात्रै पक्षपात गरोइनन !

स्वामीजी—मलाई कष्ट काटेर बसेको नठहराउनुहोस्, म आनन्दमा छु, विषयको क्षणिक आनन्दले नपुगेर अझ बढ्ता, अझ ठूलो अक्षय र अगाध आनन्दको समुद्रमा फालहाल्नाका निम्ति न मैले संसारी व्यवहार र विषयवासनाभन्दा अग्लो टाकुरामा चढ्ने चेष्टा गरेको हुँ यस्तै क्रियाविशेषको नाउँ ईश्वरको भक्ति हो ।

शर्माजी—यसरी बस्ता पनि सुख हुन्छ भन्ने तपाईंको थियोरीमा त मलाई साह्रै आश्चय लाग्यो ।

स्वामीजी—तपाइँको विचारमा के गरे हुन्छ त ?

शर्माजी—यूरोप, अमेरिका, जापान इत्यादि देशहरूको भ्रमण गर्नामा, मीठो-मीठो खानामा, आफूमिल्दो साथीहरूसंग हंसी-दिल्लगी गर्नामा औ (अलि अन्कनाएर) शिक्षित प्रेमिकाको संगतमा आ खास गरेर खूब धन उडाउनामा ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामीजी—यो सब मजा उडाउनाका लागि तपाईंलाई कतिसम्म खर्च भए यथेष्ट पुग्दो हो ?

शर्माजी—सालको करीब दश लाख अथवा एक मुष्ट तीन करोड।

स्वामीजी—संसारमा सालको दशलाख आम्दानी भएका अथवा ब्याँकमा तीन करोड भएका धेरै जना मानिस छन्, तर के ती सबै सुखी छन् ?

शर्माजी—मेरो विचारमा सुखी नै छन्।

स्वामीजी—के, तिनीहरूको मनमा शान्ति छ ? के, तिनीहरू रातोदिन सुइ सुइ गर्दैनन् ? के रोग र मृत्युले तिनीहरूलाई छुँदैन ?

शर्माजी—अशान्ति, रोग र मृत्यु त मनुष्यामात्रमा हुन्छ, त्यो ता एक किसिमले अनिवार्य कुरा हो। तपाईं जस्तो त्यागी, तपस्वी पनि त रोग, शोक र मृत्युबाट बचेका हुँदैनन् नि।

स्वामीजी—होइन महाशय, तपाइँ भूल गर्दै हुनुहुन्छ। संसारमा धेरै महात्माहरू रोग, शोक र मृत्युबाट बचेका पनि हुन्छन्।

शर्माजी—कसरी पत्याउनु ?

स्वामीजी—म पत्यार पारिदिनेछु।

शर्माजी—तपाइँ एउटा भारी विद्वान् हुनुहुन्छ, यसकारण ओठे जवाफले र तर्कशक्तिले मलाई नाजवाफ गराउन सक्नु हुन्छ तर मेरो चित्त बुझ्नु नबुझ्नुमा सन्देह छ। दर्शनशास्त्र कल्पनाको लहर हो, विज्ञान होइन।

स्वामीजी—विज्ञान धेरै किसिमका हुन्छन्। म तपाईंलाई विज्ञानबाट नै सम्झाउनेछु, कल्पनाबाट होइन।

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईंलाई मेरो तर्वशक्तिको र ओठे जवाफको डर लाग्दछ भने--म तपाईंलाई अंग्रेजीमा लेखिएका दुई चारओटा पुस्तक दिन्छु, तिनलाइ पढ्नुहोस् अनि चित्त नबुझेका कुरामा खूब तैयारी गरेर मसंग छलफल गर्नुहोला। (स्वामाजी कुटीभित्र पसि एक छिनपछि दश आठओटा पुस्तक हातमा लिई निस्कन्छन्) लौ, यी स्वामी विवेकानन्द (एउटा पुस्तक शर्माजीको हातमा दिएर) यो, पावर अफ माइण्ड, यो मेण्डल सायन्स, यो पातञ्जल-योग, यो भगवद्गीता, यो शारीरिक ब्रह्मसूत्र, (एक एक गरेर नाम लिंदै पुस्तक दिंदै गर्दछन् ।) पहिले यत्ति नै हेर्नुहोस्, अरू पछि हेर्नुहोला।

पण्डित—(टाउको हल्लाएर) लौ, हजूर अब ता साँचैं फेला पर्नुभो।

शर्माजी—पर्खनुहोस, हेरी ता सकुं अनि कुरा गरुंला।

पण्डित—त्यो हेरिसकेपछि हजूरको वाक्य फुट्नेछैन। जुन जानेपछि फेरि जान्न बाँकी रहन्न वयै। जुन खाए-पछि पेट (पेट मुसारेर) भरिने टन्न टन्न भै॥

जुन देखेपछि देख्न न किञ्चिदवशिष्यते।
यस्मिन्स्थितो न दुःखेन गुरुणापि विचाल्यते।

('ससुराली' बाट.)

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लक्ष्मीप्रसाद देवकोटा

(१९६५ २०१६)

बी. ए. बी. यल. । ज्यादै जनप्रिय ठूला कवि । राष्ट्रिय कला तथा साहित्यिक अकादमीका सदस्य । प्रकाशित पुस्तक ११ । पत्र-पत्रिकामा प्रकाशित कविता, कहानी, निवन्धहरू असंख्य ।

देवकोटाजीलाई स्वस्थ कल्पनाका मुहान अथवा सचेत प्रतिभा मूर्ति पनि भन्न सकिन्छ । प्रवाहरूपमा कलम दगुराएर पनि माधुर्य र सजीवता प्रशस्तरूपमा भर्ने उहाँलाई गणेश र व्यासको सम्मिलित अवतार मानेमा के अत्युक्ति होला ? हो, भित्रबाट बहेर आएको प्रवाहलाई उहाँ छानवीन गर्ने कोशिश गर्नु हुन्न तर त्यो एक किसिमले गुण हो । बीचमा टक्क रोकिँदा सौन्दर्य हराउँछ र कृत्रिमता देखिन्छ भन्ने निर्विवाद छ । खण्डकाव्य, महाकाव्य, गीतिकाव्य, गद्यमय तथा पद्यमय कविता, निबन्ध, कहानी, नाटकहरूमा सर्वतोमुखी प्रतिभा छ भन्ने कुरामा त उहाँका कृतिहरू नै प्रत्यक्ष प्रमाण छन् । कविता र निवन्धमा त उहाँ सर्वप्रथम नै हुनुहुन्छ । दश दिनमा वार्णिक छन्दको सामाजिक महाकाव्य लेख्नु उहाँको असाधारण गुण हो । तीन महीने शाकुन्तल जस्तो महाकाव्यले पनि उही कुरा दोहऱ्याउँछ । शब्दको लालित्य अर्थको वैचित्र्य, भावको गांभीर्य, चित्रणको चमत्कार, प्रतिभाको अलौकिकता, घुमौरो कठिन वाक्यको विन्यासमा पनि सरसता अनि कलात्मकताका साथसाथै प्राकृतिकता उहाँको वैशिष्ट्य हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

निद्रा

आनन्दको खोजले मानिसलाई आकाशमा उडाइरहेछ, जलमा फिराइरहेछ, जमीनमा घुमाइरहेछ तर मानिस वेहोसमा आनन्दको अङ्कमाल गर्दछ दिनमा चक्कर मारेर रातको सुनसानमा हैरान मानिसले खोजेको कुरा पाउँछ। जब संसार सपना बन्दछ, तब आनन्दको बिपना खुल्दछ। समाधिको अवस्थामा झैं शरीरले आफूलाई भुल्दछ, अङ्गप्रत्यङ्गका बोझा मनले बिर्साउँछ र शीतल शिखरको हावाले मस्त भएको भरिया झैं आनन्दको उच्च प्रदेशमा आराम लिएर वस्दछ। थाकेको भरियालाई शीतल समयमा तरङ्गहरूले डाके झैं यसलाई कल्पनाको आवाजले दोस्रो दुनियाँतिर बोलाउँछ। ज्याला र जवाबदेहीको जिन्दगी पर हटाएर, बादलपारीको शहरभित्र पस्दछ। यथार्थताका बाँध टुट्दछन्। कठोर सत्यको सीमाना पार हुन्छ। वास्तविक कठिनाईहरू हावामा उड्दछन्। सम्भवको सीमा फैलिन्छ, असम्भव पहुँचभित्र आउँदछ, दुइटा देश मिल्न जान्छन्। विचित्रको द्वार खुल्दछ, आनन्दको मधुर उज्यालो फलिएको नयाँ मुलुकको मोहनामा रमाउन लाग्दछ।

जबसम्म म जागा रहन्छु, तबसम्म म समय र अवकाशमा पिंजरामा हुन्छु। मलाई अतीतले सताउँछ, वर्तमानले गिज्याउँछ, परिस्थितिको कमारो हुन्छु। मेरा इच्छाको अवधिलाई पहाड उठेर छेकिरहेका हुन्छन्। मलाई उभिनु र बस्नुमा पनि पृथिवीको आकर्षणशक्तिको विरुद्ध लडाइँ गर्नु पर्दछ। तर जब म पूरा लम्बाइ लिएर आँखाको ढकनी ओह्राल्दछु, तब कोठाका

CC-0. In Public Domain. Digitization by eGangotri

घडीले समयको कदमको टिकटिके आवाज जतिसुकै गरोस् म समयका दासत्वबाट बन्धनमुक्त हुन्छु ! मेरो निमित्त न घडी चल्दछ न पृथिवी घुम्दछिन् । एक फड्कामा म अमलेख हुन्छु, यस्तै रोकाव्टहरूको अनेक रूप हराउँछन्; बेरोक स्वतंत्रको अनेक अधिकार, मेरै हुन्छ। काठमाडौंबाट लण्डनको बाटो तीन सेकेण्डको हुन्छ, प्रशान्त महासागर तीन पलामा पारहुन्छु, उत्तर ध्रुवको बरफ दृश्य हेरेर पाँच मिनेटमा नेपालको घरकुरुवा साथीहरूलाई बयानसुनाउँछु। उत्तरीय उषाको गौरव हेर्ने दीर्घ इच्छा पनि चन्द्रमा नअस्ताउँदै सफल भइसक्दछ। समय र दूरता मेरो वशमा हुन्छन् । पिंजराको पखेरु अलिकति कुञ्जिएको भए तापनि आफ्नो पहिला फुका उडान केहा मात्रामा पाउँछ र सौंदर्यको हरियो वनको स्वदेशी 'शीतल छाया' मा गीत गाउँछ।

भोलिपल्ट बिहान झल्याँस्स हुँदा मलाई फेरि समयको चैतन्य फिर्दछ। निद्रित अवस्थामा समयको चाल गुलाबको पत्तीभन्दा हलुका हुँदो रहेछ। म रातभर जागा रहेको भए पला घडी बन्ने थियो, घडी वर्ष; समय घिस्रेर चल्ने थियो। जाग्रत् अवस्थामा मेरो मन दुःखका भुँवरीमा चक्कर खाने थियो । मलाई मरो अवस्था शरीरको बोझा सधैं भारी मालूम हुनेथियो। विचार गर्दछु, दुनियाँमा सबभन्दा अभागी त्यही हो जसलाई निद्रा नलाग्ने रोग लागेको छ। मैले पनि यस्ता रोगीसँग सहानुभूति राखेर तिनको "वेदना" बाँडेको छु। त्यस दुःखको सानो भाग मनुष्यताको नाममा स्वीकार गर्दा पनि मलाई कत्रो यातना अनुभव भएको थियो। निदाउन नसक्नु अवश्य ठुलो पापको दण्ड हो; प्रकृतिको नराम्रो विकृति जनाउँछ। अनिद्रा रोगले कपालमा दाह गर्दछ ! आहा!

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तो रोगीले एकरातको मधुर निद्रा पाओस् ! बिउँझेपछि उसले याद पाउँछ उ कुन स्वर्गमा थियो।

आँखा खुल्दा मालूम हुन्छ कि म चार दीवारको कैदी छु। उत्तरीय उषाको गौरव सपनाको देशभित्र पस्दछ, उत्तर ध्रुवको दृश्य ता परै रहोस्, डिल्लीबजार जानलाई मंले ढीलो कोशीशको कदम चलाउनुपर्दछ, पोशाकको तयारी गर्नु पर्दछ। लण्डनको सफरले नथाकेको व्यक्ति मलाई भऱ्याङ ओर्लंदा उक्लँदा स्वाँस्वाँ हुन्छ, निद्राको राज्यमा सब कुरा निष्प्रयत्न थियो, उद्योगमा पीडा र पसीना थिएन। इच्छाको तरङ्ग जहाँकहीं लैजान्थ्यो, जेसुकै पनि गर्दथ्यो अब बिउँझँदा ताक र पहुँचमा सागरको अन्तर छ। निदाएको वेलामा मलाई न राजाकोडर न प्रजाको त्रास। दुनियाँसँग वही बुझाउने काम आठ वडीको निमित्त वेमाख भएको थियो तर फेरि दुनियाँको मुख हेर्दा मलाई आजको काम र उत्तरदायित्वले घेरिरहेछन्। गर्नु पर्ने र गरी नसिद्धिएकोले मेरो संझनालाई घचघच्याउँछ। अबगाल, शरम र त्रासले मलाई संकुचित कर्मक्षेत्रमा दौडाउँछ।

विनासपनाको निद्रामा पनि विस्मृतिको महान् आनन्द मिल्दछ। आँखामा बालुवाको एक दाना परे छटपटाउने काँढाको तीखा नदेखिने टुप्पो बिझ्दा हमेशा पीडा अनुभव गर्ने मानिसलाई सचेत अवस्थामा एउटा अपार आनन्द आउँछ। बिछ्यौनामा लम्पसार परेपछि संसारले सताउन छाड्छ। रुँदा रुँदै हृदय निदाउँछ। बिझेका काँढा पनि शरीरका साथै निदाउँछन्। हरेक श्वासमा "अय्या" भन्ने रोगालाई निद्राको कत्रो माहात्म्य ! मानसिक पीडा पनि निद्रित अवस्थामा बफाएर जान्छ। रुँदै निदाएका बालकले कहिलेकहिं सुँक

CC-0. In Public Domain. Digitization by eGangotri

सुँक गदछ, तर त्यो आवाज, जाग्रत् र सुषुप्तिको किनाराबाट निस्कन्छ निद्राको मध्यदेशमा संसारले तीर पुऱ्याउन सक्दन। निस्स्वप्न निद्रा विस्मृतिको विशाल निकेतन हो। त्यस घरको संसारभित्र अचेत अच्युत आनन्दका मिरमिरे उज्यालो हुन्छ। त्यहाँ न पेटको समस्या, न हातजोडाइ। विस्मृतिको देशमा आत्माले सिंहासन जमाउँछ। दुनियाँमाथि अँध्यारो पर्दा गिर्दछ। कैदिले कैद बिर्सन्छ।

स्वस्थ निद्राको सपनामा चाहिं कैदीले झ्यालखानाका पालेहरूलाई छकाउँछ। पहराहरू मध्यरातमा आवाज उठाउँदै हिंडून्, उसले झ्यालखानाको पर्खाल पार गरिसक्यो नेल र हतकडी चुँडालेर स्वतन्त्र भ्रमण गर्न लागिसक्यो। सपनामा गरीबले दारिद्र्यलाई गिज्याउँछ, वियोगीले बिछोडउपर हँस्सी उडाउँछ, परिश्रमाले विलास पाउँछ, दुःखीले सुखको दर्शन गर्दछ। चन्द्रमा र तारामनि सपनाको जुन स्थान छ, सूर्यको मनि कल्पनाको उही स्थान छ। कविहरू दिनमा सपना देख्दछन्, अरूहरूरातमा। यसकारण संसारमा कविहरू जस्ता सुखी कोही हुँदैनन्। चर्को कल्पना निद्राकी बहिनी हुन्। सपना र कल्पनाको देशको मानिसका पनि पखेटा उम्रका हुन्छन्। हामी बिराना देशमा उडेर आउँछौं।

अस्वस्थ निद्राको विकृत रूप हो, सच्चा नींदको छाया मात्र हो। सपनाले पनि विकृत रूप धारण गर्दछ। अस्वस्थ कल्पनाले मानिस पागल हुन्छ, स्वस्थ कल्पनाले हुन्छ कवि। पवित्र निद्रा निर्दोषीको अनुभव हो। सच्चा कविता सच्चरित्रको ताना हो। अस्वस्थ निद्रामा संसारले ऐठन गर्दछ। सच्चा परिश्रम र निर्मल हृदयलाई मात्र स्वस्थ सपना र सुन्दर कविता दिइएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

निद्राको सिंहासन परिश्रममा अडेको छ । निद्रादेवीले सच्चा उद्योगीको आव्हानलाई आदर गर्दछिन् । मखमला लच्कंदो बिछ्यौनामा छट्पटाइरहेको विलासीउपर निद्राले हँस्सी उडाउँछिन् । मानिसले मानिसतरफको दैनिककर्तव्य इमानसंग-सिध्याएपछिमात्र उनका जादूलें छुन्छ। ईश्वरका सब वरदान न्यायमा अडेका छन् । सात धार्नीको बोझ चन्द्रागिरिउपर उडाएर लैजाने परिश्रमी जीवलाई हेर! त्यसलाई कुन महान् जादूले छोएको छ ! त्यो निद्राको मस्ती परिश्रमको इनाम हो, सान्हो माटोलाई मध्यान्हको धूपमा लगातार उल्टिरहेको किसानलाई मध्यरातमा हेर ! त्यो कुन आनन्दको महलभित्र पसिरहेछ। परिश्रमी नावनको निमित्त निद्रादेवाले ढुङ्गाको तकियाभित्र सिमलका भुवा भरी दिन्छिन्, कडा जमीनलाई फूलको विछ्यौना बनाइदिन्छिन् निद्राको महलमा हरेक परीश्रमी पुरूष बाजिदअलिशाह बन्दछन् । मानिसको आनन्द सामग्रीमा निभर छन ।

निद्राकी सख शान्त हुन् । निदाएको बालक देख्दा शान्तिको सच्चा मुहार देखिन्छ। रातको नीरवतामा निद्रादेवी स्वर्गबाट ओल्हन्छिन् । उनको कदममा आवाज छन। जब तिमी त्यानो गरेर बिछ्यौनामा लेट्दछौ, बिजुली निभाउँछौ, तब स्वर्गको सुसारे चाल मारेर कोठामित्र पस्दछिन् । टट्टाएका आंखामाथि ढकनी झुक्दछन्, उनको एक स्पर्शले संसारको पर्दा झैं तिम्रा ढकनीहरू गिर्दछन्, तिमी कहाँ कहाँ पुग्दछौ । शरीरको बाहिरी चाल बन्द हुन्छ। शान्तिले तिम्रा अङ्कमाल गर्दछिन् । बेहोशी विलास त्यहीं मिल्दछ अनि स्वप्नसंसारको दरवाजा खुलेको हुन्छ। तिमा शान्तिका वायुमण्डलमा पखेटा फटफटाएर ताना मार्दछौ । खालि मुटुमात्र निष्प्रयत्न चलिरहेको

CC-0. In Public Domain. Digitization by eGangotri

छ, शरीरबाट आत्मा निस्केर यसरि घुमेर आउँछ, अनि तिमी बिउँझन्छौं ।

मानिस सपनामा विश्वास गर्दछन्। सपनालाई भविष्य सूचक सम्झन्। यो पनि मनोवैज्ञानिकलाई एउटा अध्ययनको विषय हो। भविष्यको दूरदेशतिर चिन्हाउन खोज्ने मानिसको जिज्ञासु भाव अर्धचेतावस्थामा काम गरिरहेको हुनुपर्दछ। "आगामी घटनाहरूले आफ्नो छाँया अगाडि खसाल्दछन् ।" म पुरानो स्वप्नविचारमा छैन । सपनाको सङ्केतार्थ कुनै नियममा बसाल्न सकिंदैन । कोही मानिसहरू सपना देखेर पछिको कुरा घटाउँछन्। कोही पछिको पूर्वास्वादनले मिल्न सपना देख्दछ। तर सपनामा मन र बुद्धिका विचित्र कार्य देखिन्छन्। मानिसको आधा मगजले अलग कुरा जोडिन्छ, सग्ला वस्तुका भाग छुट्ट्याउँछ, अनेक अनुभवका रंग मिलाउँछ र नयाँ दृश्य खडा गर्दछ । हामी निदाएर उपन्यास बनाउँछौं । तर त्यस उपन्यासमा पनि वैचित्र्यको साथसाथै यथार्थताको आभास पनि झल्किन्छ।

विश्वमा नियमको शासन देखिन्छ। हामीहरूलाई अनियत लागेका घर विषयमा पनि हाम्रो नजरले नियम नभेटेको हुन सक्दछ। जति मानिसले नियमको पत्ता लगाउँदै जान्छ, उति सच्चा विज्ञानको उन्नति हुँदै जाँदो छ। यस विचारले त निद्रा पनि कालको दैनिक रूप जस्तो लाग्दछ। चल्नु, फिनु र निदाउनु दिनमा जस्त जीवनमा पनि घटतछ-सुनौला बिहान हाम्रो शैशव हो, नवजागृति स्वस्थ अवस्थामा हामी सपनाको देशबाट उत्रन्छौं पहिले आँखा खोल, सपना र विपना मिसिएको हुन्छ। प्रखर मध्यान्ह हाम्रो उज्जण्ड युवावस्था हो, तेस्रो प्रहर हाम्रो बुढ्याइँ हो, दोस्रो लडकपन हो। जब

CC-0. In Public Domain. Digitization by eGangotri

फूर्ति सेलाएर जान्छ, साँझको सौन्दर्य हाम्रो आखिरी अपार जगत्को चित्रण हो, घण्टाले हामीलाई आखिर ठूलो निद्राको देशतर्फ बोलाउँछ। काल निद्राको दाज्यू हो, हामीलाई छुन्छ, हामी निदाउँछौं। त्यहाँपछि कस्तो सपना देख्दछौं, हाम्रा दैनिक स्वप्नहरूले संकेत दिइरहेछन्। जीवनको कर्तव्य सच्चा मनसायले गरेका र सबै प्राणीतरफको उत्तरदायित्व पूरा गरेका-लाई सपनामा अनन्त अवर्णनीय आनन्द मिल्दो हो। वसन्तको जागरणले पूर्वजन्म सिद्ध गर्छ, निद्रा र सपनाले चित्ताको पार जीवनको प्रमाण दिन्छन्।

अब मलाई पनि निद्राको हावाले छोए जस्तो मालूम हुन्छ। म पनि दिनको काम सिध्याएर विश्रान्तिमा आसन जमाउँछु। नेपाली साहित्यको भविष्यको सपना हेर्न मन छ। हेरूँ, के देखिन्छ !

('शारदा' पत्रिकाबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

श्री बदरीनाथ भट्टराई

१९९७—

साहित्य शास्त्री, धर्मशास्त्राचार्य । प्रकाशित पुस्तिका ११ । पत्र-पत्रिकामा कृतिको प्रकाश ।

CC-0. In Public Domain. Digitization by eGangotri

चिठी

प्यारा भाइ,

तिम्रो पत्र आयो, तर अझ पनि पत्र लेख्ने कलातिर तिमीले ध्यान दिएका रहेनछौ। वास्तवमा पत्र-लेखन कला ज्यादै महत्वपूर्ण र जरूरी कुरा छ। बरु महात्मा गान्धी र कवीन्द्र रवीन्द्र जस्ताका चीठीहरू हेर। टाल्सटायको प्रत्युत्तरको लेख शैलीबाट प्रभावित भएका रोमारोलाँ पछि कस्ता पत्रलेखक भए ?

जाँचको दिनमा बिहान सर्सर्ति पुस्तक हेरेर गएँ भने त नेपालीमा पास भइहाल्छु भनी तिमीले लेखेको देख्दा मलाई त ताजूब लाग्यो। तिम्रो त्यस्तो तीक्ष्ण बुद्धि छ भने संस्कृत र इँग्लिस पनि एक एक दिन पढे पुगिहाल्ला नि। यदि यस हो भने त एक पक्षमा सबविषय तयार पार्न सक्ने देखिन्छौं। तर पछिबाट हिसाबमा ज्यादै डर लाग्छ भनी लेखेका देख्दा ज्यादै दोधारमा परे। तिमी जस्तो बुद्धिमान्‌लाई गणित गाह्रो किन भयो ?

जाबो नेपाली के पढ्नुपर्छ भनी सिचेका हौ भने तिमी ठूलो भूलमा परेका रहेछौ। राष्ट्रभाषा मातृभाषा पनि कहीं जाबो हुन्छ ? नजीकको तीर्थ हेला भने झैं नेपाली पुस्तक हेर्न मन लाग्दैन कि कसो ? तर विचार गर, कसको आधारमा तिमी जान्ने सुन्ने भयौ ? जुन थालमा खायो उसमा चुठ्नु के मनासीब हो र ? फेरि सभ्य जातिको चिन्ह नै साहित्य हो भन्ने के थाहा छैन ? सके

CC-0. In Public Domain. Digitization by eGangotri

सहितस्य भावः अर्थात् सहभाव नै साहित्य हो भन्ने पनि बुझेका छैनौ कि झन् सहभाव भएको भिन्न भिन्न विचार त तिमीलाई के थाहा होला ?

लेख्तै नलेखे पनि नेपालीमा पास भइन्छ भन्ने संझेका छौ कि कसो ? तर अबको परीक्षकले त्यसै पास गराइदेलान् जस्तो लाग्दैन। मनपरी लेख्ने पनि त्यसै पास भए भने त परीक्षाको के महत्व रहला र ? यदि नेपालीमा फेल भयौ भने कत्रो बदनाम होला ? भैगो लौ, पास भइहाल्यौ रे, तर छलछाम गरेर परीक्षामा पास भएकालाई महाविद्यालयमा पुगेपछि कस्तो कष्ट हुन्छ ! के थाहा छ ! त्यहाँ पुगेर पनि व्याकरण ह्रस्व दीर्घ पढनु पर्‍यो भने त मर्नु नै हो, फेरि पछि व्यवहार कसरी चलाउलौ ? खालि प्रमाणपत्र देखाएर दुनियाका आँखामा छारो हाल्नु त धोका दिनु हो। वास्तवमा पछि तिमो नै खाडलमा पर्छौ। विद्वद्गोष्ठीमा पुगेका बखतमा अथवा अरू उच्च कार्य आइपरेका बेलामा मुख लुकाउनुपर्‍यो भने पढेको के सार भयो,? त्यस्तो पर्‍यो भने अरूबाट सहायता लिउँला भन्ने नठान। स्वावलम्बलाई छाडेर अर्काको भरपर्ने व्यक्ति कहिले पनि सफल हुँदैन। नेपालीमा भाषण गर्न जान्दैनौ अथवा एउटा लेख लेख्न सक्दैनौ भने पढेको के काम लाग्यो ? साँच्चिक भन्ने हो भने अरू विषयमा भन्दा नेपालीमा दोबर नम्बर तिमीले ल्याउनुपर्छ।

यदि नेपालको सपूत हौ भने हाल प्रकाश भएका पुस्तकको मात्र हैन किन्तु आदिदेख नेपालीको अध्ययन गर्नुपर्छ रानी-पोखरीको वायव्यकोणमा काष्ठ–कार्यालय (वुडवर्कसको) ढोका-भन्दा पश्चिमपट्टि गाडिएको शिलापत्र त देखेकै होलाउ-यसै गरी ठाउँ-ठाउँमा शिला-लेख तिमीले निहाल्नपर्छ अनि

CC-0. In Public Domain. Digitization by eGangotri

तामूपत्र वंशावलि र पुराना चिट्ठीहरुसमेत ध्यान दिएर पढ्नुपर्छ । त्यस्तो टन्टा किन सित्तैं बेसाउन भन्ने नठान किनभने त्यताबाट गहकिला कुराहरु पाइन्छन् । अरू भाषामा जस्तो नेपालीमा रसै छैन भन्नु ता नासमझ हो ।

नेपालीमा पढाइ नै राम्ररी हुँदैन भनी शिक्षकको शिरमा आफ्नो दोष नबिसाऊ । आफूले ध्यान दिएर पढे शिक्षकले तनमन दिएर नपढाई सुख पाउलान् र ? पढ्दा लेखकको परिचय र लेखको सारांश शिक्षकसंग सोध । फेरी लेख्न सिक्नाको लागि पुरानो प्रश्न पत्रहरू ल्याएर एक एक प्रश्नको उत्तर लेखी शिक्षक लाई देऊ। परीक्षामा न गएर कलम चोप्ने हा भने त कै होला'र ! गद्य होस् या पद्य उस्को दोष गुण,रीति वृति, अलंकार एक एक गरेर केलाउनुपर्छ। सब रसको विभाव,अनुभाव, व्यभिचारीभाव जान्नुपर्छ,ध्वनि बुझ्नुपर्छ, शैली हेर्नुपर्छ किनभने उ काव्यको शरीर हो ! यसो गर्दा लेखकको समालोचना मात्र हुँदैन किन्तु आफ्नो आँखा पनि खुल्दछन्, अनि आफ्ना कृतिमा पनि काँढा जति पन्छाएर फूल मात्र फुलाउन सकिन्छ ।

नेपालीमा योग्य लेखक छैनन् फेरि तिनीहरूको कृतिको संख्या जम्मा-जम्मी हजार बाह्रसय होला, अब त्यत्ति पढेर के फाइदा हुन्छ र भन्ने नठान । हो,अरू भाषामा पुस्तकको संख्या जरूर बढ्ता छ तर विदेशबाट आएको वासी स्याउभन्दाआफ्नो बगैंचामा फलेका ताजा नास्पाती के मीठा हुँदैनन् र ! स्याउ खाँदै नखाऊ भनेको हैन, नास्पातीको रस पनि लेऊ भन्ने मेरो मनसाय हो । कति परिश्रम गरेर लेखेका लेखलाई अहिले त सजिलोसँग नाक चेप्याउँछौ , पछि तिम्रा लेखलाई त्यसै गरी हेर्दै नहेरा अरूले रद्दी भनिदिए तिमीलाई कस्तो लाग्ला ? फेरि पद्यभन्दा गद्य लेख्न गाह्रो हुन्छ । उसैले त'गद्यं कवीनां निकषं वदन्ति' भन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो आङ कन्याएर छारो उडाउनु भन्दा विश्वसाहित्यका उच्च पुस्तकको अनुवाद गरेर बाटो देखाइदिनु हाम्रो कर्तव्य हो। अरूलाई ठोस लाउनुभन्दा रचनात्मक कार्यतिर आफू लाग्नु नै बुद्धिमाना र प्रगति भन्नुपर्छ । पहिले त बालसाहित्यलाई नै चेतनात्मक ढंगमा ढालेर मनोविज्ञान भर्दै माथि उठाउनुपर्छ। आफ्नो युवक-साहित्य र प्रौढ-साहित्यतिर लाग्नुपर्छ । यदि कर्तव्यतिर पाहिला सार्दै गयो भने नेपालीले कसैको थिचोमिचो खप्नु पर्ने छैन ।

अब आफ्नो अनुभव पनि म तिमीलाई लेख्छु-अगि छात्रजीवनमा म पनि नेपालीको वास्तै गर्दिनथे ।घेरैंजसो नेपालीको समयमा एउटा निहुँ पारेर भाग्थें । क्यै गरी वसिहाले पनि शिक्षकले नदेख्ने गरी साथीहरूसँग कुरा गर्थे तर परीक्षामा प्रश्न-पत्र हातमा पर्दा ज्याद आपत् पर्‍यो, पढ्या भए पो लेख्नु ! अझ प्रश्न पनि राम्ररी बुझिन। केही सीप नलागी सारांश लेख भनेको मा त्यही नै सारिदिएँ। निरीक्षक अलि पर गएको वेला पारी नजीकको साथीसग सोधें। तर कल्ले भनिदिन्थ्या र ? प्रश्न नबुझे जस्तो गरेर निरीक्षकलाई सोध। नीचाहिं एकदम जङ्गिए। केही सीप नलागी उत्तर कापीमा न परीक्षकलाई दुःखपुकारा गरेर चिठी लेखें, दया गरेर पास तुलाइदेलान् कि भन्ने लागेको थियो, तर परीक्षाफल निस्केपछि थाहा भयो, सेलै सेल ८१ पाएको रहेछु, अनि त सारा साथीले गिज्याए । अरू विषयमा प्रथम श्रेणीमा पास भएर के गर्नु र? अनि पो मेरा आँखा खुले। त्यसपछि तनमन दिएर नेपाली पढ्न थालें। अर्को वर्ष पहिला पनि भएँ। मातृभाषाको महत्व पनि छर्लङ्ग बुझें । अचेल त प्रकाश भएका प्रत्येक पुस्तक पढेर समालोचना लेख्ने गरेको छु।

प्रकृतिले नै प्राकृत जन्माएको हो भन्ने स्पष्ट छ । शौरसेनाका

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तान भएको नेपालीलाई नेपालका खोलानाला, रूख लहरा, पात पतिगर. पशु, पक्षी, काँठ, पहाडले हुर्काएको हो नत्र प्रशस्त अनुकरण शब्द नेपालीले कहाँ पाउंथ्यो ।

हो अरू भाषामा तिमी ठूला भयौ रे गहिरा गहिरा विचार तिमीले पायौ रे, तर नेपालीको अत्तो पत्तो छैन भने सर्वज्ञतामा बाधा पर्ने मात्र हैन विदेशीहरूले सोद्धा आफ्नो भाषाविषयमा केही बोल्न सकेनौ भने तिम्रो मुण्टो के ठाडो हुन सक्ला ?

तिमी जस्ता प्रतिभाशालीलाई धेरै ग्रन्थन लेख्नुपर्ने काम केहा छैन। उसले अब कलम थामें पनि ।

तिम्रो धेरै माया गर्ने दाज्यू

CC-0. In Public Domain. Digitization by eGangotri

श्री भैरवनाथ चालिसे
(१९६७—)

साहित्याचार्य । वि.सं २००३ देखि नेपालीका शिक्षक पत्रपत्रिकामा नेपाली र संस्कृतका रचनाहरूको प्रकाशन ।

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा दन्त्यकथा

दन्त्यकथा भनेर हेला गर्नु साह्रै नराम्रो कुरा हो। दन्त्य-कथामा 'भुत्रोमा लाल' लुकेर बसे झैं अमूल्य शिक्षा रत्न लुकेर बसेको देखिन्छ। हामी सुन्दछौं, हाँस्छौं, २।४ दिनमा मामूली नजरले त्यसलाई गुन्दैं आखिर गुमाइ पनि दिन्छौं।

तर मैले जससंग सुने, सन्मित्रको अमर कोसेली संझी आजसम्म गुमाइन। मलाई बडो मीठो लाग्यो। चञ्चले मनलाई वशमा राखने यो एउटा जन्त्र झलाग्छ, तसथे यहाँ प्रस्तुत गरिरहेकोछु: —

एउटा कुनै नगरमा बनिया बस्दथे। उनको वाणिज्य-व्यवसाय निक चंकदैं गयो। क्रमशः उनी धनी सेठ हुंदैं गए। सब कुराको पौल। 'बरमेको गुणी पुत्रः' भने फं छोरो पनि एउटै थियो, बडो लायक। सेठमा वर्तमानलाई निहाली हेर्ने भविष्यमा पनि चनाखो रहने विद्या थियो। दुनियाँको हर चीजमा उनी तीखो नजर राख्दथे। केही दिनबाद आफ्नो गोरेटो पहिल्याउनमा योग्य ठानेर छोरोलाई एकदिन उनले उपदेश दिए:—"बाबु! यद्यपि त कुमार्गमा जाने छैनस्। तंलाई विद्या, सत्सङ्गति आदिले राक्ने छ ता पनि मेरो पनि १।४ कुराको अर्तिले। वेश्याकहाँ जानु, रक्सीखानु, जुआखेल्नु यी तीनै कामलाई तैंले जीवनका परमशत्रु ठानेस्। यिनमा एउटामा पनि जो मानव फस्यो त्यो भत्क्यो। यदि तंलाई जान मनलाग्यो भने वेश्याकहाँ दिनमा जानु। रक्सी खान मनला

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ रक्सी बन्दछ त्यहाँ जानु। जुआ खेल्न मन लाग्यो भने असली खेलाडी कहाँ पुग्नु"।

सेठ दिवङ्गत भएको २।४ वर्षवाद सेठका छोरालाई बडा कौतूहल लाग्यो। मेरा बाबुले यी सब कुरामा के तथ्य देखे, जो मलाई समय पनि र ठाउँ पनि तोकेर गएका छन्। बुझ्नै पर्‍यो यसको भेद के रहेछ भन्ने सोची सर्वप्रथम एकदिन दिउँसो उनी वेश्याको घरमा पुगे।

पाउडर, लिपस्टिक, क्रीम, साडी, गहना आदिले झकिझकाउ रहने रातकी त्यो वेश्या, जसका चञ्चल कर्के हेराइको मारमा तड़पने कति हुन्थे; जसको मधुर मुस्कानमा पानी हुने कति हुन्थे। त्यो झल्कने परी, दिउँसो नजीकबाट हेर्दा फतक्क कुहिएको फर्सी जस्तो देखिई। छिः आँखामा चिप्रा छन् मुखमा चाउरी। न त्यो चमकछ न त्यो दमक नै। सेठका छोरा एउटा विरक्ति लिएर ठाडै कोठावाट तल झरे। उनको मनले एउटा घतलाग्दो शिक्षाको अनुभव गर्‍यो।

५।७ महीनाबाद सेठको छोरालाई लहड लाग्यो। दोस्रो कुराको अनुभव गर्न जहाँ रक्सी बन्दछ जसलाई भट्टी भन्दछन् त्यहाँ उनी पुगे। उनले त्यहाँ जो देखे, आश्चर्यको र घृणाको सीमा रहेन। झिँगा भनभनाइ रहेछ, सडेका गलेका दुर्गन्धी कीरापरेका वस्तुहरूवाट रक्सी निकाल्ने तरखर भैरहेछ। छिः त्यो वस्तु जो साफ वोतलमा लेविल लगाएर आउने त्यस्को यों जन्म !! छि. छिः। कोही त्यस्का तरङ्गमा विवेक-शून्य बोली वोल्दछन्, कोही छन्द न बन्धको राग अलापिरहेकाछन्, कोही बाघ झैं गर्जिरहेकाछन् कोही सुंगुर झैं जहाँतहाँ लडीबुडी गरिरहेकाछन्। न लज्जा, न विवेक, मानवतादेखि टाढा

CC-0. In Public Domain. Digitization by eGangotri

अघोर-पुरीमा मानवत्व नाङ्गो भै नाचिरहेछ। छिः कस्तो घृणाको कुरा यो रहेछ भन्ने वैराग्य सेठको छोरामा उठ्ने-बित्तिकै उनी घरतिर लागे। जीवनमा यस्को नजीक जानुका के कुरा! संसर्गदेखि पनि उनी टाढा रहन्थे।

तेस्रो अंतिको सिढी अझ बाँकी नै थिया। उनले सोचे किन यसलाई पनि अनुभव न गरूँ। यो सोचेर उनी एकदिन जुआको अड्डामा पुगे। जहाँ जुआडेहरूको भेला हुने ठाउँ थियो। विशालभवनको मालिक जुआखेलाउनेले करोडपति सेठको छोरो खेल्न आएको देखेर स्वागत गर्दै भन्यो—सेठजी! कुन ठाउँमा पुऱ्याउँ। उनले भने मलाइ असली खेलाडी कहाँ पुऱ्याउ। जुआखेलाउनेले क्रमशः २।४ सयदेखि लखन, करोडन, सुन, मणि, रत्न आदिसम्मको खालमा पुऱ्याउँदा उनको चित्त न बुझेको देखी जुआखेलाउने एकछिनसम्म घोरियो र उसले माथिल्लो तलाको एउटा कोठामा उनलाई पुऱ्यायो र उनीसँग भन्यो-यहीं असली खेलाडी छन्। सेठको छोरा कोठाभित्र पसे उनले असली खेलाडीको रूप देखे। ४ खेलाडी थिये प्रत्येकको सामु अमिलीको गेडा, रत्ती, खपटाहरू थुपारेर राखेको थियो। हातमा कौडा थिए। जुआडेमा जो तन्मयाकार पाशो रहन्छ, त्यही पाशोमा ती सब बल्झिएका थिए मारा गर्दै थिए।

सेठको छोराले एकछिन पछि उनीहरूसँग सोधे—भाइहो! तपाइंहरूको अघिल्तिर म चाँदी, सुन, रत्न केही देख्दिन। यी अमिलीका गेडा खेल्ने तपाइंहरू कसरी असल खेलाडी हुन भयो? मलाई साह्रै खुलबुली लागिरहेछ स्पष्ट गरिदिनमा कृपा गर्नुहोस।

CC-0. In Public Domain. Digitization by eGangotri

तिनी-मध्ये एकजनाले भने–भाइ सेठ। अघि हामी पनि चाँदी, सुन, रत्न आदि खेल्ने खेलाउने गर्दथ्यौं, तर खेल्दा खेल्दा अब पासमा हाम्रो केहा बाँकी रहेन। मनले मान्दैन। केवल सन्तोषको निमित्त हामी यस्तो खेल खेल्दछौं, यसैहुनाले हामीलाई असली खेलाडा भनी नाम राखिएकोछ।

सेठको छोरा अवाक् भए मनमनै उनले आफ्नो बाबुको पूर्ण अनुभवमा असीम श्रद्धा प्रकट गरे।

उनले यो ठानेः—

"मर्कटस्य सुरःपानं तथा वृश्चिकदशनम्
तन्मध्ये भूतसञ्चारः यहाँ तहाँ भविष्यति।"

एकत आफैं चकचके बानर छ, त्यसलाई रक्सी खुवाइ दिइयोस् त्यसपछि विच्छीले त्यसलाई डसोस् त्यस हालतमा डरलाग्दा भिन्न भिन्न आकारका भूत प्रेतहरू त्यसको अधि-ल्तिर नाचून्, के उत्पात हुन सक्तैन, जे पायो त्यही हुनेछ'। या भनाइ अनुसार ठीक या मानवको मन पनि चकचके बानर झैं छ। यसलाइ यी तीनै चीजबाट बचेर रहनमानै कल्याण छ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री भीमनिधि तिवारी

(१९६८—)

आइ. ए. सम्म पढेको । ग्रन्थकार । गोरखा दक्षिणबाहु । प्रकाशित पुस्तक २३ । पत्रपत्रिकामा प्रशस्त कृतिको प्रकाश ।

साहित्यिक प्रोज्ज्वल तारामा तिवारीजीको नाम लिनु उचित देखिन्छ, किन भने नाटक, कहानी, कविता, खण्डकाव्य, एकांकी, निबन्ध, गजल, भजन हरेक विषयमा उहाँको प्रतिभामा चहक देखिन्छ। उहाँले नाटकमा जति ख्याति प्राप्त गर्नुभएको छ कहानीमा उति नै अगाडि बढनुभएको छ । समाज छलंङ्ग देखाएर सुधारको चेतना दिने सबभन्दा बढ्ता कहानी उहाँले लेखिसक्नुभएको छ । नाटकीयता, आकर्षकता, सरलता, चित्रण-निपुणता, यथार्थवादिताहरूले कहानी उज्यालिएकोछ त बोलचालको सरल भाषा, कथानकको सौन्दर्य, पात्रमाथिको सूक्ष्म दृष्टि, स्वाभाविकता र चहकिलो कलात्मकताले नाटक अंगालिएको छ, अनि कल्पनाका पखेटा फट्फटाउँदै कविताले किसिम किसिमका रस बर्साउँछ । विशेष भरेर करुणरसको धारा ज्यादै मीठो हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तम दुव

भावना

(एकांकी)

पात्र—

बूढा
पहिला युवक
दोस्रा युवक
डुइँनी

स्थान—
काठमाडौं शहर

रूपाकृति

बूढा—उमेर करीब ५५, दुब्ला अग्ला गहुँगोरा। कोप्रा आँखा लामो नाक। टक्रक्क रुद्रघण्टी। जुंगा, दाह्री, कपाल आध फुलिसकेका।

प. युवक—उमेर करीब २२, कसिएका जीउ। मझ्यौला कद गोरा। ठूलो निधार। लामा चेहरा। लामा लामा नङ अलि अलि दाह्री र जुङ्गा। बढेको कपाल।

दो. युवक—उमेर करीब २०, मझ्यौला शरीर। मझ्यौला कद गहुँगोरा। नेप्टो नाक। चेप्टो मुख। कपाल तंलासेका जुँघा, दाह्री खौरेका।

CC-0. In Public Domain. Digitization by eGangotri

डुइँनी—उमेर करीव ३०, सिकुटी । पुडका । काली । सानो निधार । गडेका आँखा । खबटे गाला । कलेटी परेको ओठ । झीनो घाँटी । जिङ्ग्रिङ्ग कपाल :

दृश्य

स्थान—सालीकको सिढी
समय—अपराण्ह
महीना—माघ (वि० सं० २००७)

[नेपथ्यबाट]

एक जना—इन्कलाब !
जनसमूह—जिन्दाबाद !
—इन्कलाब !
—जिन्दाबाद !
—इन्कलाब !
—जिन्दाबाद !
—एकतन्त्र !
—नाशहोस् !
—इन्कलाब !
—जिन्दाबाद !
—हाम्रो नेता !
—छोडिदे !
—राजबन्दी !
—छोडिदे !
—इन्कलाब !
—जिन्दाबाद !

CC-0. In Public Domain. Digitization by eGangotri

—इन्कलाव !
—जिन्दाबाद !
—जेल जान्न !
—तैयार छौं !
—गोली थाप्न !
—तैयार छौं !

—इन्कलाव !
—जिन्दाबाद ! } (ढिलाएर तर झन् जोशिएर)

—इन्कलाब !
—जिन्दाबाद ! } (झन् जोसिएर)
—राणाशाही !
—मुर्दाबाद !

(ड्याम ड्याम दुई फाएर सुनिन्छ । एउटा बूढा स्वाँःस्वाँ र फ्वाँःफ्वाँ गरेर आएर त्यहो सीढीमा चढेर उतैतिर हेरेर उभिन्छन् । दुइटा नवयुवक पनि त्यहीं आइपुग्छन् । फेरि ड्याम ड्याम, ड्याम ड्याम फाएरको आवाज । ठूलो खलबली, चिच्चाहट, नारा सुनिन्छ ।)

बूढा—गोली छुटेको हो ?

प॰ युवक—पहिलोको चाहिं अभ्यास हो; ऐले, पछिको आवाजचाहिं गोलीक हो । सुन्नुभएन आवाज नै फरक थियो नि ?—टन्न, टन्न ।

दो. युवक—ऊःऊः लौ हेर्नोस् गोली लागेको मानिसलाई भीडले बीचमा राखेर ल्याएको ! ऊः सारा रगताम्य ! देख्नुभो ? ऊः वेदनाले कसरी टाउको झोलाएको छ !

CC-0. In Public Domain. Digitization by eGangotri

बूढा—(आँखा चिम्लेर दुई हातले कान थुनेर) बुढेसकालमा, यो मर्ने वेलामा; के देख्नुपर्‍यो ! के सुन्नुपर्‍यो नि ! मानिसको छातीमा गोली !!! नेपाल, न्यायपाल ! यो पुण्यभूमीमा ! यो तपोभूमिमा ! यो बुद्धभूमिमा !

दो. युवक—ऊः मोटर आयो कसको । अपार भीड पार गर्न नसकेर बीचैमा रोकियो । लीः हेरः त्यसलाई मानिसले घेरेका ।

प. युवक—ऊः को नि त्यो ? मोटरको छतमा बसर भाषण दिन लाग्यो !

बूढाः –(हेरेर) कस्तो डर नभएको मानिस ! त्यसरी गोली चलिरहेको छ भन् तारो भएर भाषण पो गर्न थाल्यो नि यो नेपाल ! जोउ ज्यानको समेत वास्ता छैन !

प. युवक—बाजे, मर्नु पर्ने शरार अजंबरी को छ र ?–मछ । के हुन्छ ? देशके निम्ति जनताको निम्ति, स्वतन्त्रताको निम्ति मर्नु ता बाँच्नु हो; दीर्घायु भएर बाँच्नु हो । बरु पछि हट्नु, भागेर हिंड्नुचाहिं मनु हो । यदि कुनै व्यक्ति आफ्नो देशको उत्थान हुने केही कार्य गन सक्दैन भने उसलाई त्यो देशमा बस्ने र त्यस देशका अन्न, जल उपभोग गर्ने अधिकार छैन ।

दो. युवक—ऊः लाठो र घोचा लिएका सिपाहीहरु एक लहरी आए । होः ! ओहोः ! कत्रो अन्याय ! ली हेर हेरः लाठी चार्ज (नेपथ्यबाट 'जिन्दाबाद ! जिन्दाबाद ! भन्ने तुमुल ध्वनि आउँछ)

CC-0. In Public Domain. Digitization by eGangotri

बूढा—नबसौं कि क्या यहाँ पनि ।

दो. युवक—किन डराउनुभएको ?

प. युवक—हामी युवक, कति बाँचौला भन्नेलाई त डर छैन भने तपाइँ सेतै फुलिसकेका बूढालाइ केको डर? हेर्नोस्, यस्तो क्रान्ति कहिले देख्नुभएको थियो अघि? न पछि देख्न पाउनुहोला। शहरभरी सारा पसल हडताल छ। ठानाका अफिसर र आठपहरियाहरू पसलेलाइ, घरपट्टीलाइ बन्दूकको नाल देखाएर पसल खुलाउने प्रयत्नमा छन्। यहाँ मात्र हो र! आजै भादगाउँ र पाटनमा समेत यस्तै आन्दोलन धूमधाम छ।

बूढा—दुनियाँलाई कस्तो डर नभएको!

प. युवक—केको डर? टोल टोलको बीचबीचमा पाल हालेर सिपाहीका कति यूनिटहरु राइफल लिएर पहरा दिइरहेका छन्; जुलूस विना डर छाती फुकाएर निस्किरहेछ, निस्किरहेछ। परदाभित्र लाज मानेर बस्ने सुकुमारी महिलाहरु मैदानमा झण्डा बोकेर, नारा लगाएर निस्किरहेछन्। आमाका काखका शोभा, दश बाह्र वर्षका अजान बालकहरु जमातका जमात नारा लगाएर निस्किरहेछन्। यो क्रान्ति हो बाजे, यसमा त जोश हुन्छ; डर हुँदैन। केको ड़र?? हाम्रो ज्यान त हमेशा हत्केलामा छ। मातृभूमिको काख तातो राता रगतले भिजाउन पाऔं भन्ने हाम्रो कामना छ। सबै जना डर मान्ने, सबै जना ज्यानको माया गर्ने भए भने क्रान्तिदेवीको पूजा गर्ने कसले! आज हाम्रो बलिदानले हाम्री माताको उपकार हुन्छ भने, हाम्रा भावी सन्तानको कल्याण हुन्छ भने, हामी युवकले जाबो 'ज्यान। ज्यान!' भनेर बस्नु नादानी हो।

CC-0. In Public Domain. Digitization by eGangotri

बूढा—आफ्नो त देह पनि जर्जर भैसक्यो, शक्ति छैन; सर्वत्र शान्ति भैदिए हुन्थ्यो जस्तो लाग्छ। डरले मुटु ढुक ढुक हुन्छ।

दो. युवक—बाजे, विनाक्रान्तिले शान्ति आउँदैनौ सक्दैन। शान्ति ल्याउनाके निमित्त यो क्रान्ति भएको हो। तपाईंलाई थाहा नै छ नि, वर्षाऋतुमा कस्तो बादलको मुस्लो उठेर आउँछ !—मेघ गर्जन्छ, बिजुली चम्कन्छ, बज्र चट्कन्छ तब वर्षा हुन्छ। त्यसैले संसारको सारा फोहर मैला बहाउँछ। अनि पो शरद् आउँछ। शान्त शरद्! जतातते रमाइल रमाइलो। अन्न फलफूलको प्रचुरता! चाडबाड, उत्सव पर्व!

बूढा—(बाटो तानी तानी हेरेर) ऊः कस कसलाई हो पक्रेर लहरीमा हाले।

प. युवक—हालून्। लहरीमा मात्रको के कुरा, ठानाको खोरमा हालून्; झ्यालखनामा हालून्; गोलघरमा हालून्। कतिलाई हाल्ने ? दुनियाँ उल्टन्छ, पृथिवी पल्टन्छ क्रान्तिको चिराग निभ्दैन। क्रान्तिकारीलाई यातना दिनु ता बलेको आगोमा घिउ हाल्नु जस्तै हो। भकुण्डालाइ भईंमा पछार्नु जस्तै हो।

(फेरि नेपथ्यबाट 'इन्कलाब! 'जिन्दाबाद!' 'इन्कलाब!' 'जिन्दाबाद!' भन्ने तुमुल ध्वनि आउँछ। प. युवक पनि गोडा उचाली उचाली घटनास्थलतिर हेरेर, जोसिएर दायाँ मुडकी आकाशतिर उठाउदै झन् झन् उच्च स्वरले जिन्दाबाद! जिन्दाबाद! भन्दै जान्छन्।

दो. युवक—देख्नुभो ? कस्तो जोश आयो हाम्रासाथीलाई। भित्र रगत उम्लियो। आफूले आफलाइ समाल्न नसकेर गए। क्रान्तिकोनारा त स्यालको हुइयाँ पो

CC-0. In Public Domain. Digitization by eGangotri

हो। पहिले एउटाले उठाइ दिनुपर्छ अनि बढ्दै बढ्द जान्छ र अंत्यमा फाँटका फाँट नै उचालिदिन्छ।

विरोधीहरुले संझेका छन् यो आगो लाठी चार्जले, अश्रु-ग्यासले, बन्दूकको गोलीले निभ्छ। जनताले संझेको छ सात समुद्रको पानी ल्याएर पोखे पनि निभ्दैन; पेट्रोल बनेर झन् झन् सल्केर, ज्वालिएर, धपधपाएर जान्छ।

बूढा—(आत्तिएर) ए वावु ! ए वावु ! लौन ! ऊः तिनमाथि त लाठी पो प्रहार भो। हरे ! विचरा ! लौन ! ढुन्मनिदै लडे ! फुट्यो कि क्या टाउको ! किन त्यस्तो हूलमा यसै उ तर्सिद गएका होलान् ! के गर्न खोजेको हो दुनियाँले यस्तो !

युवक—प्रजातन्त्र ल्याउन। देशमा सुख शान्ति स्थापित गर्न भोका, नांगा, रोगीहरुको पीर बाधा हटाउन।

(अगाडी छातीमा बालक पछाडि पिठ्यूँमा रातो-माटोको डोको बोकेकी डुइँनी पनि त्यहीं आइपुग्छे र भारी बिसाएर उभिन्छे। उ भयले गलिगलि कामेकी हुन्छे।)

डुइँनी—काजी, यो के भन्या ? 'क्व ज्युँदाबाद !' भन्छन् 'क्व मुर्दाबाद !' भन्छन्।

युवक—गरीब जति जिऊन्, धनी जति मरून् भन्या।

डुइँनी—गरीपले, हामा जस्ता गरीपले, घेरै बाँचेर के गर्ने काजी ? बरु गरीप जति 'मुर्दाबाद !' धनी जति मात्त 'ज्युंदाबाद !' भन्या भे हुन्थ्यो।

बूढा—किन र ?

CC-0. In Public Domain. Digitization by eGangotri

डुइँनी—हामी गरीप धेरै बाँचेर के गर्ने ?

युवक—हो त नि, खानु छन; लाउनु छेन; बिरामी भो ओखती छन; पक्क पक्क मुख बाएर मर्नु छ। यी: यिनैको हेर्नोस्, अनुहारले मन्छ भर्खरकी सुत्केरी......

डुइँनी—हो, आज सत्र दिन भो।

युवक—एक गाँस खानलाइ यसरी हिंडिरहिछन्। नयाँ लुगा आँगमा परेको शायद यिनलाई थाहा छैन। यही जडौरी, भुत्रो, फाटेको यही दश ठाउँ टालेको, मैलो। या माघको जाडो! पेटमा अन्न छन......

डुइँनी—(बीचैमा) हो काजी, दूध आउँदन। बालक मन्टो चुस्छ, अल्तालेर रुन्छ कति बाँच्ला! आँत टुटेर मर्छ, जान्छ। दोटा छोराछोरी भोकले र जाडोले मरिसके! हामी गरीपले धेरै बाँचेर के गर्ने ??

युवक—देख्नुभो ! यस्तो अवस्था छ समाजको ! यसै भएर क्रान्ति गर्नुपरेको हो। या शासन व्यवस्थालाइ फ्याँक्नुपरेको हो। प्रजातन्त्रवाद ल्याउनुपरेको हो। समाजका कुना कुनामा कति जना भोकले, कति जाडोले, कति रोगले मरिरहेका छन्। तब संघर्ष गरेर, क्रान्ति गरेर नमर्नु किन ? अकालमा मर्नु त छँदछ। बाजे, मानिस मानिस हो कुकुर मरेको जस्तो यसै मर्दैन। मानिस मरेको जस्तो गरेर मर्छ; मचमा आएर मर्छ, आफ्नो शानमा मर्छ।

बूढा—बाबु, हुन त म बूढो, तपाइँहरुको दृष्टिमा रूढीवादी, अंधपरंपराप्रिय जस्तो देखिन्छु तैपनि सुन्नोस्—

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो विचारमा त प्रजातन्त्रवाद ल्याउँदैमा देशमा सुख शान्ति होला जस्तो लाग्दैन। के हाम्रो प्राचीन भारतको एकतन्त्रवादमा जनतालाइ कम सुख शान्ति थियो ? 'रामराज्य' आजसम्म हाम्रो कहावत भइरहेछ। त्यो के एकतन्त्र, राजतन्त्र-वाद होइन ? प्रजातन्त्रवादले मात्र होइन समाजवाद साम्यवाद कुनै वादले पनि देशमा शान्ति र सुव्यवस्था हुँदैन जहाँसम्म त्यसबादका नेता या शासकहरूमा योग्यता, कर्मण्यता, भावना रहँदैन। भावना ठूलो हो बाबु ! मेरी माताको मुख उज्वल पारूँ भन्ने भावना हुनुपर्छ। संसारमा कति नयाँ नयाँ वाद आउँछन् जान्छन्, ती ती वाद आफ्नो देशमा ल्याउनको निमित्त संघर्ष रक्तपात गर्नु नासमझी हो।

युवक—के तपाइँ उसो भए एकतन्त्रवादका पक्षपाती प्रजातन्त्रका विरोधी हुनुहुन्छ ?

बूढा—म कुनै वादको पक्षपाती र कुनै वादको विरोधी छैन। म त यत्ति भन्छु देशमा जुन कुनै वाद होस् यदि त्यहाँका जनतामा सुख शान्ति छ, अन्न वस्त्रको प्राचुर्य छ, औषधीप्रचार र शिक्षाको सद्व्यवस्था छ, यातायातको साधन, सब कुराको सुविधा छ भने एकतन्त्रवाद पनि अत्युत्तम छ। यदि त्यहाँ यी कुनै कुराका भावना छैन भने प्रजातन्त्रवाद मात्रको के कुरा समाजवाद, साम्यवाद पनि बकवाद हो; एक वर्गले जनतालाइ अधिकारमा राखेर स्वार्थसिद्ध गर्ने चालबाजी धोखा हो संघर्ष गर्नुपर्छ, क्रान्ति गर्नु पर्छ, बलिदान गर्नु पर्छ तर कुनै 'वाद' ल्याउनाको निमित्त होइन, जनतामा, नेतामा सेवा भावना ल्याउनाको निमित्त। कुनै पनि वाद ठूलो होइन। बाबु ! भावना ठूलोहो। केवल एक

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिले-यदि उसमा विशुद्ध भावना छ भने-विश्वलाई वश गर्न सक्छ। झाँक्राको बीयो जस्तो सानो नेपालको के कुरा!

(डुइँनीलाई देखाएर) मलाइ पनि थाहा छ यो हालतका दिदिबहिनीहरु लाखौं छन् नेपालमा। यही हालतका दाजुभाइ-पनि लाख छन् नेपालमा। यिनीहरुको उद्धार गर्छु भन्ने भावना हुनुपर्छ जनतामा, नेतामा। वादले के गर्छ?

(युवकपक्ष परेर ती बूढालाई हेरिरहन्छन्। डुइँनीको काखको बालक रुन्छ।)

डुइँनी—आँत सुक्खा छ दूध आउँदैन काजी, अनि रुन्छ।

(एक झोक्का चिसो स्याँठ आउँछ कछाडको वन्चा चिरिन्छ।)

यवनिका

CC-0. In Public Domain. Digitization by eGangotri

श्री जितेन्द्रबहादुर शाह
(१६६८—)

बी० ए० । प्रकाशित पुस्तक—आधुनिक आविष्कार । पत्र—पत्रिकामा कृतिको प्रकाश ।

शाहज्यू कहानीका लेखक हुनुहुन्छ । कलात्मक नयाँ ढङ्गबाट उहाँ लेख्नुहुन्छ । अन्त्यबाट उठान गर्ने शैली लिएर उहाँले नेपाली कथामा नवीनता ल्याउनुभएको छ । चरंगे खोला, रतन—मा संजाप घोडाका धनी इत्यादि लेखले उहाँको सिपको प्रशंसा गरिरहेछन् । विदेशी भाषामा शिक्षा पाएकोले प्रायः उतैतिरको कथा शैलीलाई उहाँले अंगाल्नु अस्वाभाविक होइन ; तथापि तरीका आफ्नै छ, निर्माण निजी छ, कथानक, चरित्र चित्रण आदि सब नेपाली नै छन् । तर धेरै भयो उहाँले कलम रोक्नु भएको ।

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रमय नेपाल

फिक्का गुलाफी रङ्गले पश्चिमपट्टिको आकाशलाई उघारेको थियो। परिश्रमी सूर्यले आफ्नो दिनभरीका काम सिध्याइ-सकेका थिए। त्यो प्याजी उज्यालोमा कुनै एउटा खोला गहिरो तवरले लामो सास फेरे जस्तो सुसाइरहेको थियो। भित्र वनतिर एकलो मुजूरले तीखो कण्ठनाद छेडेर शायद आफ्नो जोडीको बास सोभ्याइसकेको थियो। खोला दाहिने बायाँ दुई ढिकको बीचको सोतामा उत्तरबाट दक्षिणतिर बगेको थियो। यसको कञ्चन पानीको दुवैतिर सफा सेतो बालुवाको बगर आँखाले धानेसम्म तन्केको थियो। बगर पछाडि भकारी, भकारीमा खहर ढ़ड्डी, त्यसपछाडि जङ्गल, खोला यतापट्टि बाङ्गोटिङ्गो कूलो एउटा गोरेटो नदीको बाँजबाँजै परसम्म देखिन्थ्यो। खोचमा परेकोले बाहिर संसारभन्दा यहाँ केही बढता अध्यारो थियो।

पूर्वपट्टिको ढिकमुन्तिर त्यो फीका उज्यालोमा भिन्न भिन्न किसमका तीनोटा हात्ती देखा परे। पहिलोमा जावीका थैलो भाँडाकुडाँ, पाखी, सामल, जङ्गी फलामे सिन्री, भोर्लाको पातका पोकामा कुराउनी र सानातिना एकाध गुण्टा थिए। बगलमा तेलको चौंठो भुण्डेको थियो। अलि पछाडि आधा गद्दामा तल माथि थोरै बनको स्याउलाको बीचमा जरायोको, सीङ गर्धन र ह्याकुलासमेतको समूचा एक ढिक्का मासुको थुप्रो मजबूत धागोको डोरीले कसिएको थियो। योचाहिं हात्ती पश्चिम फकको थियो। तानमध्ये योचाहिं सबभन्दा ठूलो हात्ती

CC-0. In Public Domain. Digitization by eGangotri

थियो। यसमा केवल दुई जना मानिस मात्र थिए—एउटा माहुते-अर्को पछुवा । लाद पछाडि पछुवा मैलो कोराको खास्टोमा गुटुमुटु परेको थियो। जुल्फी कोरेको माहुतेले मूगाको माला छातीभरी लाएको थियो। तनामा बाँसको कांगियो र कनकनुं, उसको मनोहर केशको जुरामाथिपट्टि भादगाउँले टोपी अडेको थिया। हातमा चाँदिका बाला, कम्मरमा खुकुरी।

दोस्रो हात्तीको मोहडा उत्तर फर्कको थियो। यसमा अर्को किसिमको लाद थियो। वनमा गएर यो हात्तीले रातभरीलाई आफूहरूलाई खानेकुराको बन्दोबस्त गरिसकेको बुझियो। हात्ती माथि झण्डै एक हात्ती नै वनको घाँस र स्याउलाको रास, रास-माथि पट्टि आठ दश काँगिया नपाकेका हरिया केरा। यो चाहिं पनि ठूलै हात्ती हो तर उसको कदको होइन, कित्तै फरक। यसको डालडौल नै अर्कै, नङ पनि कम, रङ्ग अलि बढ्ता कालो, लामा रौं भएको पछाडि आङ अलि कुप्रो परेको, कान सानो र निधार नउठेको। माहुते लाद अगिल्तिर हराए जस्तै थियो। खालि उसको चुनरीको फेटाले मात्र अभाव बचाउँदथ्यो। विलाएको पनि किन नदेखिनु! एक त पहाड बोकेर ल्याउनु, फेरि हात खुट्टा मदेस सुहाउँदो सुकेर झिना भइसकेका। खालि भुँडीमात्र पुट्ट परेको घामले कालो भएको मुखमा सेता वाटुला भुल्काका जस्ता दुइटा आँखा ट्वाल्ल परेका थिए। उसको हात्तीको टाउको वनको पतिङ्गर र धुलाले सिगारिएको थियो। मुखमा केराको थाम बोकेको यो चाहिं हात्तीले पछाडिको एउटा खुट्टा छोडेर तीनवटामा मात्र भर परेरपुच्छर हल्लाइरहेको थियो!

तेस्रोचाहिं निकै सानो हात्ती हो। बच्चो, तर खूब डल्लो र राम्रो यसमा तीन जना थिए। जाँघसम्म धोती स्याहारेको

CC-0. In Public Domain. Digitization by eGangotri

र कालो रङ्गको गन्न ङ्को भोटो लाएको अधवैंसे माहुतेले गोड चलाएको थियो । पुठ्ठामा १४।१५ को कलिलो गहुँगोरो पातले ठिटो उभिएको थियो । टाउको मुडुलो र छोटो गरी कपाल काटेको थियो । बाँकटे भाटो खापनिर च्यातिएको थियो । दुइतिरै पाखुरामा खोपेको थियो । अरूको भन्दा यसको आँखामा पानी थियो चाँडै अब यसको आँखा पनि उनीहरूकै जस्तै फुस्रो हुनेछ मुखको कलिलो भाव हराउनेछ अनि उ पनि उसको पूज्यहरूको पछि लाग्नेछ । गद्दीमा कपाल आधा फुलेको हातखुट्टा छिन्नी लागेका कँलो मैला गलेबन्दको फेटा गुटेको, आधा जुङा सेतो भएका घुस्सामा गुम्म परेको, चालिस नाघेको औलिया राहुत हातको सिराना गरेर पल्टेको थियो । शायद यो सपना देख्दो हो आफ्नो आफ्नै र वरिपरिको जङ्गलको, यो पनि हुन सक्छ, उसले सिंहासन देख्यो होला स्वर्गको र के गजब आफ्नो फाँटकँलच्छि-नको मत्तामा चढेर चतुर्बाहु नारायणले उसलाई अन्नदान दिनुभयो होला, कम्मरको थैली बलियो गरिदिनु भयो होला । अधन र शीतमा तवाह भएको निम्न लगेको उसको जीवनमा नयाँ बत्ता सल्काउँदै आश्वासन दिनुभयो होला । तर उ चल्दनथ्यो पानीनेरै बगरमा दुई हात्ती उभिएका थिए । यो चाहिले खोलामै उभिएर पूर्व दक्षिण मोहडा फिराएको थियो । दिनभरिको घामले तातेको बाक्लो छालामा बराबर यी सानो हात्तीले खोलाको पानी छ्यापेर आङमा एकापट्टि रंग भर्दथ्यो ।

संध्याकालको समय भयो । ठीक त्यो समय जब बाघले आफ्नो शिकारतिर हेर्छ, आधुनिक शहरहरूमा सडकसडकमा बत्ती बल्छ, पन्नगस्त्रीका सिंगारको चर्चा बढ्दछ, चोरको दिलमा हौसला आउन थाल्दछ । यो मधुर उज्यालोमा एउटा

CC-0. In Public Domain. Digitization by eGangotri

माहुतेले मुचंङ्गा ओठले च्यापेर अपरिचित्त संगीतको झन्कार फिजायो। तिनीहरू मुन्तिरका भयलाग्दा जनावरले पनि गोडा हिलाउँनेको चाल मात्र होइन भाषासमेत बुझे झैं तीन टाउको जोडे। मुचंङ्गा बन्द भयो। सबभन्दा अग्लो हात्तीबाट जुल्फीवाल ठिटोले बाँसुरी झिकेर अर्को मधुरो स्वर निकाल्यो चाँडे नै यो पनि बन्द भयो। सानो हात्तीको माहुतेले आफ्नो गलाको परिचय दियो। अनि त सबैले हातको तालीमा एकै कण्ठको तान निकाले। गीत रोकियो सबै ठूला हात्तीले मनुष्यानन्द अनुभव गरे झैं 'कुँ' अवाजले वरिपरि लाई गुञ्जायमान तुल्याए! सानोले यस किसिमको वस्ताजा सिक्न अझ बाँकी नै थियो। गाना शेष भयो। मुचंङ्गाले फेरि भयाउँकिरीको झननन पाऱ्यो। बाँसुराको दोस्रो पटकको तानमा तिनीहरूको हर्षित दिल साथसाथै चन्द्रमा आकाशको एक कुनामा देखा परे, यो समूहको निमित्त अक प्रकृतिको पर्दा तत्कालै•तयार भइहाल्यो। जङ्गलको अस्तित्व हरायो। भाका र दुन्डी अन्धकारमा लुटपुटिन लागे। बिस्तार बिस्तारै ठूलो हात्तीको पछि अरू दुई अघि बढे। खोला तर्नपऱ्यो, बाँसुरी बन्द भयो। त्यो चाँदीको भकुण्डो, त्यो नयाँ बत्तीमा पानीमा हात्तीको खुट्टानेर चाँदीसमान फिजमा रेलिंदै हरायो। अनि यतापट्टि भकारीमा लम्कंदै लम्कँदै अघि देखिएको गोरेटो गोरेटै तीनै हात्ती खुरुखुरु आए। अघि आवाजमा सौन्दर्य थियो। अहिले अब त्यही सुनसानमा मरेको जनावरको सिनु नजीकैं जम्मा भएका गिद्धका फौज हात्तीको चालमाआवाज गर्दै अलि पर ढड्डोतिर सरे। बिरामी राहुत, ट्वाल्ल हेरिरहेकै थियो। कहाँ कहाँ उसको प्रफुल्लित दिलका वासना उसका दुइटा कञ्चन नजरबाट जाहेर हुन्थ्यो। पर दाहिनेपट्टि ढिकमाथि

CC-0. In Public Domain. Digitization by eGangotri

डेरामा घुनीमा ठोस्दा आगोको झिल्का माथितिर उडेकोबाट वास आइपुग्यो भन्ने यीनीहरूले थाहा पाए। डेराको उसिनेको चामलको गन्धले सबलाई उत्सुक पारिदियो, भातले माहुतेलाइ घानले हात्तीलाई।

मैले पनि त्यस दिन डेरामा भएको सबै कुरा बिर्सिसकें, तर चित्रमय प्यारो देशको घटना अझै हरियै छ।

(शारदा पत्रिकाबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

श्री खड्गमान मल्ल

(१९६८—)

एम्० ए०। नेपालीमा अनुवादित ग्रन्थ ४। पत्र पत्रिकामा कृतिको प्रकाश।

पुस्तकाकारमा मौलिक कृति ननिस्केको भए तापनी मल्लजी गद्यका लेखक हुनुहुन्छ। उहाँले गर्नु भएको अनुवादमा पनि चोखो नेपाली हामी पाउँछौ। हुनत अनुवाद गर्नु के कुरा हो र भनी कुनै भन्लान् तर हैन अनुवादमा पनि कला चाहिन्छ, सीप भर्नु पर्छ, नेपालीपन र यथार्थता हुनपर्छ। मौलिक कृतितिर पनि मल्लजीको निकै हात चलेको छ। विशेष गरेर नेपाल 'शिक्षा' को अतीत संपादककीयबाट उहाँलाई ठम्याउनु सजिलो पर्ला। विशुद्ध भाषा, सुन्दर शैली र उदार विचार नै उहाँको वैशिष्ट्य हो।

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तम

कल्याण केमा ?

परिवर्तनशील संसारमा सँध एकनास कुनै पदार्थ पनि रहेको देखिदैन। उत्तमका निमित्त वा निकृष्टका निमित्त परिवर्तन हुनैपर्दोरहेछ । तर जस्तो पायो त्यस्तो नियममा बग्नु 'पुरुषार्थ' होइन ।

आज जडवादको युग छ। संसारको जुनसुकै भागमा पनि यो व्यापकरूपले रहेको छ। संसारका श्रेष्ठ शक्ति आज यसको उन्नतिमा लागेका छन्, प्रशस्त उन्नति गरेका छन्। परमाणु अस्त्रको आविष्कार भौतिक उन्नतिमा अहिलेको पराकाष्ठा हो। तर यसले मानव जातिलाई लाभ के भयो ? यो त मानव-जातिको संहारको कारण मात्र भयो। कैयन्लाख नरनारीको स्फोटाबले एक च्याहान् ! उहिले हला भन्ने दानव वैज्ञानिकले पनि आफ्नो 'जीवनी भरको फल' संसार सहारी हलाहल तयार गरेथे रे। अनि 'त्यही वायुमण्डलै विषमण्डल बनाउने' त्यसहलाहल धूपको आखेट सबभन्दा पहिले आफ भएछन् । यसमा के पुरुषार्थ ! मानिसको विनाशको ध्येयले केही वस्तुको आविष्कार हुनु विज्ञानको केवल दुरुपयोग मात्र हो ।

आज संसारका सम्पूर्ण देशमा एउटाले अर्काको धनको लोभ नगरिदिएको भए इतिहासको रूप अर्कै हुने थियो, तर जडवादले धनको लोभ नहुन कहाँ दिन्थ्यो। त्यसमा त जरैमा स्वार्थान्धता भरिएको छ। अनि 'वसुधैव कुटुम्बकम्' को राजमार्गमा स्वार्थान्ध कसरी लाग्न सक्छ। संभवतः संसारमा यस्तो एकोहोरो 'वाद' रहन्जेलशान्ति हुनै सक्तैन।

CC-0. In Public Domain. Digitization by eGangotri

जहिले पनि एउटाले अर्कालाई भौतिक बलले दबाउनैमा आफ्नो श्रेय ठान्दछ भने कस्लाई कले शान्ति मिल्नु।

यो सबको कारण हो अध्यात्मभावलाई चटक्कै बिर्सिदिनु। यसको परिपाटी हाम्रा प्राचीन ऋषिमुनिले जुन प्रकारले मिलाउन खोजेका थिए त्यही प्रकारले समाज चल्न सकेको भए संसारमा यस्तो विधि अशान्ति हुने थिएन। त्यस बेला पनि समय समयमा अशान्ति थियो भन्ने सुनिन्छ। होला किन भने समाज केवल महर्षिको मात्र हुँदैन। तर धेरै अंशमा 'आफू पनि जिऊँ' 'अरूलाई पनि जिउने दिऊँ' भन्ने पवित्र उद्देश्य थियो। त्यसैले आजको समाजभन्दा त्यस बेलाको समाज श्रेष्ठ थियो भन्न सकिन्छ।

मानिसको उन्नति दोहर भए मात्र पूर्ण ठान्नुपर्दछ- भौतिक तथा आध्यात्मिक। भौतिक उन्नतिले सांसारिकवस्तुको नवीनतम आविष्कार देखाउँछ त्यसलाई आध्यात्मिक भावले सदुपयोग दिन्छ। आध्यात्मिक भाव नभएको भौतिकवादीलाई निरङ्कुश-मत्ता हात्तीको उपाधि दिन सकिन्छ। यसले जसलाई पनि मतामुक्त गर्न सक्तछ।

भौतिक उन्नतिमा आँखा चिम्लनपनि हुँदैन। भौतिक क्षेत्रमा पनि अत्यधिक उन्नति गरेर देशलाई फुलाउन फलाउन पर्छ, त्यो पनि 'पुरुषार्थ' हो। तर त्यस उन्नतिलाई आध्यात्मिकताले बाटो देखाइदिनुपर्छ। केवल अध्यात्मवादी मात्र भएर पनि सांसारिक व्यवहार मिल्दैन—एक पाङ्ग्रे रथ हुन्छ। तर चिची पनि पापा पनि पाइएला त? किन नपाउनु त्यही त हो 'पुरुषार्थको लक्ष्य?' मननशील भएर अनुभव गर्दै गरे दुवै हातमा लड्डु मिल्न अवश्य सक्नेहोला। हामीले यो मार्गमा काम्न छोड्नु हुँदैन। मानिस खालि पार्थिव शरीर मात्र होइन

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा दैवी शक्तिको उत्तम तथा अद्भुत ज्योति पनि छ। हामी स्थूल शरीरलाई नै सब थोक हो भन्छौं। "भस्मी भूतस्य देहस्य पुनरागमनं कुतः" तिर ढल्कन खोज्दछौं। त्यसैले हामीलाई स्वार्थान्धताको कालो कूवामा लैजान्छ।

कहिलेकहिं, अझ वरु जैले पनि अगाडि बढ्दा पछाडि पनि हेर्नै गर्नु पर्दछ। रामो बाटो छोडेर नरामो बाटोमा पो लागेका छौं कि भन्ने विचार गर्दै रहनुपर्दछ। तर आजको सास फेर्ने समेत अवकाश नदिने जडवादको समयमा एकछिन शान्त भएर विचार गर्ने पट्टि को लाग्ला। यो गुण हामा उहिलेका पुरुखाहरूमा थियो। उनीहरू जे गर्थे, बडो विचार पुर्याएर गर्थे। मष्तिष्कको काममा त उनीहरूलाई अहिले त के कदाचित् आध्यात्मिकपट्टि विचार नगर्ने यो चाला छउन्जेल कसैले कहिले पनि भेट्टाउन सक्नेछैनन्। हो भौतिकता पट्टिचाहिं ती महर्षिहरूले आजको जति उन्नति गरेनः, किनभने अध्यात्मवादतिर ज्यादै ढल्केका उनीहरूको एकांकीपनले जडबादलाई उस्तो महत्व नै दिएन होला।

अहिलेको समयमा हामीले उहिलेकाको मोहले अहिलेको भौतिक उन्नतिमा पनि आँखा चिम्लन हुँदैन। अनि यिनै फोस्रा वेपींधका जडवादमा मात्र लागेर जीवन त्यस्तै खेर फाल्न पनि हुँदैन। धर्म, अर्थ, काम, मोक्ष यी चार पदार्थमा हामीलाई चारओटैको प्राप्ति अभीष्ट छ। जानेर होस् वा न जानेर सब जना यो चाहन्छन् नै भन्नुपर्छ, किनभने कल्याणकारी सुख नचाहने को होला। अत एव हाम्रो पवित्र उद्देश्य हुनुपर्दछ धर्मयुत प्रयत्नले अर्थ प्राप्त गरौं, अनि त्यस अर्थले संसारका विपुल सौख्य भोग गरेर आखिरमा मोक्षको अधीकारी बनौं। यसैमा मानवजातिको कल्याण छ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री भेषराज शर्मा

१९६९—

संस्कृतमा काव्यतीर्थ। अंग्रेजीमा बी. ए.। अर्थशास्त्रका विद्वान्। प्रकाशित पुस्तक २। पत्र पत्रिकामा प्रवन्धहरूको प्रकाश।

छोटा छोटा लेखबाट पनि ठूला ठूला विचार दिने र सरल भाषामा लेखेर पनि गहन अध्ययन गराउने लेखकहरूमा शर्माजी अगुवा हुनुहुन्छ। निवन्ध जस्तो गाह्रो विषयलाई सरल तुल्याउनामा र दूधको दूध पानीको पानी छुट्याएर पनि मनपेट नदिने कलामा उहाँको वैशिष्ट्य छ। प्रवन्धका धारा वहाएर समाजको मैलो पखाल्दै पुरानो वास्तविकतालाई अंगाली नयाँका गुणको कदर पनि वहाँ गर्नु हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस बदलियो

सभ्य भयो, जान्ने भयो, खानेपिउने तह माथि पुऱ्यायो । सफा सुग्घर भएर हिंडन जान्यो । के पायो ? आराम सुविस्ता के गुमायो ? सिर्जनात्मक प्रतिभा ।

विज्ञानको कत्रो उन्नति भयो । हामी भयौं चरित्रहीन । पैसाको उपयोग कति हो कति बढ्ता भयो । आखिरमा सब कुरा आएर अड्यो यसमा । नातागोता, कुटुम्ब, मित्र, शिक्षा आचार, धर्म, कला, खेती, व्यापार, समाजसेवा, भोजभत्यार, इज्जत, मान सान, धाक रवाफ सबै रूप भयो एउटै पैसाको ।

मानिस झन झन् टाढा भयो प्रकृतिबाट, स्वभावबाट, सत्य अवस्थाबाट हरायो आत्मा । जे पायो त्यही गऱ्यो । जे मन लाग्यो त्यही खायो । सामा र हद खराब असल छुट्टिएन । झन्झटबाट दूर भयो । आपद् भोग्न डरायो । संघर्ष गर्न मन पराएन । जोखिम लिन तर्स्यो । कर्तव्यलाई बेच्यो । तीक्ष्ण बुद्धि लोप हुद आयो । आफैंलाई हरायो । आफलाई धोखा दियो । आफैंलाई बिगाऱ्यो तैपनि होशै छन के भन्ने त ?

ऐन बनायो, काम लागेन । शिक्षापद्धति बने, शिक्षित मानिस तयार भए, किताप निस्के, शुद्ध विचार निस्केन । धर्म माने, अन्धा भए । धर्मको तत्वलाई व्यवहारमा ल्याएनन् । वाद निस्क्यो, झूठा भए, उदारता गयो, स्वार्थलम्पट बने । नचाहिने कुरा थुपारे, चाहिने कुरामा वास्ता गरेनन् । भाषामा अलमलिए विचारको अनुभव गर्न जानेनन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्र भएर स्वच्छन्द पो हुन आए। प्रम गर्न जाने, शान्ति पाएनन्। विवाह गरे मेलमिलाप भएन तापनि विसर्जन गर्न पाए; छोराछोरी अलपत्रमा परे। झगडा बढ्ता गर्न जाने। मुद्दामामिला घेर बढ्यो। पुलिसले अपराधी फेला पारे, तर समाजमा अपराध झन् बढ्दं आए। काम नाना थरी बढ्यो, बेकामी झन् बढे। कन्ट्रोल गरे, कालोबजार छुटेन। विशेषज्ञ घेरै भए चाहिने कुराको सर्वज्ञ भएनन्। आविष्कार भयो, आविष्कारको संख्या झन् झन् कम हुंदै आयो, किन?

डाक्टरहरू झन् झन् बढ्ता भए, रोग र रोगी पनि झन् थपिदा छन्। नयाँ बाटोमा लाग्ने त्यसैमा अलमलिइरहेका छन् भने पुरानो बाटोमा हिड्ने जति त्यसैमा मस्त छन्। हाँस्ने हाँसिरहेछन् भने रुने रोइरहेछन्। ठग्ने ठगिरहेछन्। पैसा नहुने 'पैसा पैसा' भनिरहेछन् भने धनी लापर्वाहीसंग पैसा उडाइरहेछन्। मानिस बेहोस भयो। मानिस बिग्र्यो कि सप्र्यो? सप्र्यो भनूं भने सामा नाघिसक्यो। बिग्र्यो भनूं भने त्यो विधि उन्नति शिखरमा पुगिरहेछ। अब के भन्ने त?

पुरानो व्यवस्थामा खराब र असल बाहिर छुट्टिएको थियो। रण्डी टोला थिए, शुद्ध चरित्र अग्रसर पार्नलाई। अहिले रण्डी कोही पनि छैन। शुद्ध चरित्र पनिकसैको छुट्टिएन। खाने कुरा र नखाने कुरामा भेद थियो। खानेचाहिं खान्थे, नखाने कुरा खाँद नथे। अब त खाने यो उ, नखाने यो उ भन्ने भएन। सब खाने कुरा मात्र भए भेदभाव भएन। आचार भन्ने क त? जब कि हामीलाई अनाचार छदं छैन भने नाक छेडेको गोरु भयौं। सबै मस्त छन् आफ्नो काममा, अर्काको वास्ता गर्ने बानी नै छुट्यो। अनि भयो अशान्ति, झगडा, दुःख

CC-0. In Public Domain. Digitization by eGangotri

र असन्तोष बढ्ता हामीमा। आजकल सभ्यताका बहुमूल्य आयवाद भन्छौं एउटा कुरा, गर्छौं अर्को कुरा।

बिरालो खाए पनि हुन्छ भने कुकुर खान किन नहुनु ? सत्र जनासित पछि लाग्ने किशोरी भएर विवाह गर्छे भने रण्डी टोल केलाइ चाहियो। चरित्र बेच्यो पैसा कमायो। ज्ञान बेच्यो विद्वान्। त्यस्ता विद्या बेच्ने छुसी नराधमले के ज्ञान मनुष्यको भलाइका निमित्त दिन सक्ला ?' सद्ज्ञान बजारमा बिक्दैन। किताबमा छैन। सबभन्दा हामीलाई विगार्ने नै हा विद्या बेच्ने काम। मानिसले आफूले हिड्ने बाटो छोडेर पो बदलियो। जन्मभरमा सिकेको हामीले के ? खानु, लाउनु, मोज गर्नु, बस यत्ति हो। यसीमा सड, पड; गिर, मर, जाऊ। बरीमा मुसुना मरे जस्तो गरी मर। यो भन्दा बढ्ता तिमीहरूलाई अधि- कार छैन।

अझ पनि होश छ भने एकबाजि हेर जङ्गलमा कस्ता कस्ता राम्रा चराहरू छन्। तिनाहरूको जस्तो रङ्ग के चित्रकारले बनाउन सक्छ ? कदापि सक्तैन। कहीं ढुङ्गा पल्टाएर हेर्दा कति कीरा फट्याङ्ग्रा पाइन्छन्। तिनीहरूलाई कसले खुवायो, कसले पियायो। बान्ह महीनामा कति थरी फल फल्दछन्, फूल फुल्छन्, घाम लाग्छ, जाडो हुन्छ, पानी पर्छ। यस्ता बान्ह महीना कति बाजि विते अरू कतिबाजि बित्नेछन्। हामीलाई बत्तोपत्तो छन। के खाएर के हुन्छ ? के खाए धेरै बाँचिन्छ, निरोगी होइन्छ, सुख शान्ति हुन्छ। आफूले गरेको काम सानो होस् या ठूलो त्यसबाट के कति अरूले वास्तवमा फायदा पाए, त्यो पनि कहिले हामीले विचार राखेका छौं त ? कवि. दार्शनिक, विद्वान हरूले किन यसो भने, के सार पाए; त्यसका अनुभव हामीले किन गर्न सकेनौं। हामी बदलियौं। हाम्रो सिजनात्मक

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिभा हरायो। हामी भयौं अर्के। अहिलेसम्म हामीले खाएका फलभन्दा नयाँ किसिमका फल किन फलेनन् कुनै रूपमा पनि। हामीले थाहा पाएका उम्दा अरू नयाँ जनावर किन देखिएनन्। हुँदै नभएर हा कि हामीले थाहा नपाएर हो त?

पुरानो मानिस नयाँ भयो। मूर्ख पण्डित बन्या। गरीब धनी भयो। जँगलीचाहिं सभ्य भयो। पछाडि परेकोचाहिं अगाडि पुग्यो। लाटो बाठो भयो। ढाक्रे जागिरे भयो। अकवि कवि भयो। खान नपाउनेले खान पायो। मानिस एकदम बदलियो, सत्य हरायो। चरित्र बगायो, आचरण बिगार्‍यो। तर भन्यो सपारें, विद्या बेच्यो तर बन्यो भलादमी, बाहिर उन्नति हुनसम्म भयो तर मानिस अर्के भयो।

(भारतीबाट)

—◎—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री भिक्षु
(१९७१—)

खास नाउँ भवानी भिक्षु गुप्त। हिन्दी साहित्य वृल भूषण, न्वायल नेपाल अकादमीका सदस्य। पत्रपत्रिकामा प्रशस्त कविता र कहानीको प्रकाश। प्रकाशित कृति ५.

सुन्दर तथा मधुर शब्द भनेर मनोऽनुकुल मात्रा छन्दका आधारमा छायावादी कविताको दान गर्नु भिक्षुजीको अद्भुत उदारता हो। तर प्राप्त वस्तुको कदर गर्नलाई प्रतिग्राहितामा पनि त पारख गर्ने शक्ति चाहिन्छ निहारेर हेर्ने हो भने कवितामा-भन्दा कथामा उहाँ अझ सफल हुनुहुन्छ। कथानकको सुसंवद्धता, चेतनाको अभिव्यञ्जना, पात्रहरुसँगको सहानुभूति, भावनाको सजीवता र श्रृंगारको आन्तरिक दर्शन उहाँका कथाहरुमा पाइन्छन्। वेदना वहाएर पनि उहाँ आनन्द दिलाउनुहुन्छ कर्कश तर्कवाट पनि रसास्वाद गराउनुहुन्छ, कल्पनालाई अँगालेर पनि प्राकृतिकलाई त्यागनुहुन्न। मनोवैज्ञानिक विश्लेषण र साँध ननाधेको पर्दावाल प्रेमको चित्रणका साथसाथै मार्मिक विरह वेदनाका मनोहर मुहान वहाउन उहाँको वैशिष्ट्य भन्नुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

यो फेरिफर्कला ?

"क्रमशः अग्लो हुँदै गएको कष्टप्रद, कठोर दुर्गम पहाडको क्षीण पथलाई आँखाले भेटेसम्म हेर्दा मान्छे पो हो कि भन्न भ्रम पार्ने एउटा धब्बा जस्तो पनि केही देखिएन !;'

भगवान्सूर्यले पश्चिमतर्फको पर्वतपछाडि आफ्नो मुख लुकाए तापनि तिनको लाज कालो पहाडको शृंखलाहरूमा फैलिन गएको थियो ! खोलाहरू आफ्नो अविराम गीत गाएका गाएकै थिए । उनीहरूलाई जगत्को चिन्तामा केही रस अनुरक्ति थिएन । धमिलोपना अन्धकारतिर डुब्दै गइरहेको थियो ।

मधेशबाट आउन लागेको एउटा यात्रीले यौवनको सीढीमा खुट्टा अडाई घरको द्वारमा उभिएकी सानीसंग सोध्यो—यहाँ बास पाइन्छ ?

"कुन्नि ! आमासँग सोध्नुपर्छ ।"

"आमा ! तिम्री आमा कता छन् मैले त चिनेको छैन। कोसंग सोध्ने ?"

अनि—"आमा ! ए आमा !!" पुष्ट कण्ठबाट निस्केको त्यो मीठो र तीव्र स्वर पर्वतको कुना कुनामा पस्न गयो । तर कोही पनि आएन। एकैछिन प्रतीक्षा गरेपछि 'पख्नोस् है म अहिल्यै आमालाई डाकी ल्याउँछु' भन्दै सानी एकातिर गई र अलि बेरमै एउटी बूढीसँग लागी यात्रीको सन्मुख आइपुगी

"लौ आमा यिनै हुन् । तपाईंका भरियाहरू कता छन् ?"

"भरिया एउटै छ । त्यो पनि बूढो, हिंड्नै नसक्ने यसले

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा त यहाँ बस्नुपर्‍यो । नत्र आज चित्लाङ पुग्ने विचार गरेको थिए । त्यहीं चिनाजानी भएका पसलेहरू पनि छन । वास पनि राम्रै ठाउँमा पाइन्थ्यो । तर खोइ ! यो त भट्टीपसल पो हो क्यारे?"

"हो……।" स्वरलाई अलि तान्द , आश्चर्य र उपेक्षामिश्रित स्वरमा बूढीले उत्तर दिई ।

"भट्टी पसल भएर के हुन्छ ? चित्लाङमा पनि त त्यही हो नि । छेउको कोठा त सफं छ ।" सानीले तुरुन्तं भनी ।

"होइन" बूढीले सोधी "केही खानपीन गर्न होला कि ?"

"पिउन त होइन, खान मात्रै । भाँडा वर्तन संगै छ ।"

सानीले आफ्नी आमाको मुखनेर मुखलाएर भनी—"किन आमा ! चामल, दाल, घ्यू, दाउरा त किन्ने नै छन्, नून, तेल, मसला तरकारी । पल्लो कोठामा भान्सा र छेउका कोठामा सुते त भइहाल्यो नि ।"

'एकपल्ट कोठा हेरूँ । सफा छ कि, सफा नभए त……"

"किन हुदै नथ्यो ! हेर्नोस् कोठामा के छ र ? भर्खर लिपिराखेको कोठा चाहिए एउटा सुकुल पनि ओछ्याइदिउँला । लौ, भरिया पनि आइपुग्यो बस्नुहुन्छ कि ?"

"ए सानी, आइज' भन्दै बूढी माथी उक्ली । सानी द्वारमा उभिएकै थिई । आइपुगेको भरियाले मुखबाठ एउटा सुस्केरो हाली भारी बिसाउँदै भन्यो, "यति गन्हुंगो भारी, यस्तो उकालो नौ सुका ज्याला, उसैमा भरिया नाइके पनि, बाटो खर्च पनि इसोर !'

चुपचाप उभिएकी सानीको मुखमा छचल्किरहेको जिज्ञासामा अलि आशा, विश्वास र सन्तोषको पनि आभा देखियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

कोठा-सोठा हेरिसकेपछि यात्रीले त्यहीं वास गर्ने निश्चित गऱ्यो र सानी पनि अलि स्वस्थ झैं भई। भरियाको सहायताले एउटा कोठामा सुकुल हाली, भूईंमै आफ्नो ओछ्यान ओछ्याएर त्यसले अलि-अलि निश्चिन्तताको सास फेर्न लागेको के थियो भरियाले भन्यो, 'लौ त, म अब जाऊँ हजूर···थाकि-राखेको छु, केही खानपीन पनि गर्नु पर्ला, खाजा खानलाई २। ४ आना दिनुपर्ने हो ·········।'

'ला...' भनेर यात्रीले चार पैसा फ्याकिदियो। यसमा एउटा संतोषको दृष्टिले बूढो भरिया भूईंबाट पैसाहरू टिपी जान लागेको थियो; फेरि त्यो सानीले सोधी, "भान्सालाई केके कुरा ल्याउनु पर्ला. भन्नोस्न। रात पर्न आँट्यो, तपाईंसित लालटीन त छँदैछ मट्टीतेल पनि चाहिन्छ कि ?"

यस प्रश्नको उत्तर नदिएर त्यसले जान लागेको भरियालाई भन्यो ए 'बूढा, डोकाबाट भाँडाहरू झिकेर खोलामा पखाली ल्याऊ, अनि सानीतिर फर्केर भन्यो—"पानी ल्याउनलाई एउटा गाग्रो त दिनुपर्ला, पानी पनि ल्याइहालोस् अब यो पनि आफ्नो खानपीन गर्नमा लाग्नेछ।"

"हुन्छ म अहिल्यै माथिबाट ल्याइ दिन्छु।"

"तर गाग्री सफा छ ?"

"लौ! गाग्रीमा के लागेको छ र ? चित्त बुझ्दैन भने खोलामा माजेर पानी ल्याउनु भने पछि त भइहाल्यो नि।" बालिकाका अनुहारमा अलि संकोच निस्कन आएको थियो।

भरियाले डोकोबाट भाँडाहरू झिकिसकेको थियो। सानीले माथिबाट तुरन्तै एउटा सानो पित्तले गाग्री ल्याईदिई। त्योसमेत लिएर भरिया खोलातिर गयो। त्यसपछि युवक यात्रीले संध्याको

CC-0. In Public Domain. Digitization by eGangotri

चमीलो प्रकाशमा हेर्‍यो—त्यो भट्टी पसलेकि छोरीको परिच्छेद, वाह्य आकरण मैलो र दरिद्रताको विज्ञापन भए पनि त्यसको अनुहार नराम्रो थिएन। गालामा पार्वतीय वायु र परिश्रमको सुन्दर उपहार, स्वाभाविक लाली र यौवनको सीढीमा उक्लि रहेको अवस्था छ। आँखा गोल उज्ज्वल र भित्रको नानी निक्कै काला र चञ्चल छन्। उनीहरूमा अपार जिज्ञासा औ उत्सुकता क्रीडा गरिरहेका थिए।

"तब...भान्छाको निम्ति के के ल्याऊँ ?" प्रश्न एकान्त-जन्य संकोचको मध्यम स्वरमा थियो। यात्रीले भन्यो "असल पुरानो मसिनो चामल एक माना, एक चौथाई दाल, दुई पसाको यहाँ पाइने तरकारी र दुई आनाको घ्यू-बस्। यति मात्रै भए पुग्छ।"

कुरा सुनेर त्यो माथि उक्ली र अलि बेरमै भने जति जम्मै थोक ल्याइदिई। भरियाले पनि भाँडो र पानी पल्लो कोठामा राखी गइसकेको थियो। त्यस कोठामा लिपी पोतिएको चूल्हो र ठाउँ दुवै सफा थिए।

चामल हेर्दै यात्रीले भन्यो, "खोइ यो त राम्रो चामल भएन।" "-तर यसभन्दा राम्रो चामल त यहाँ कतै पनि पाइन्न भएदेखि त म आफै ल्याइहाल्ने थिएँ। तरकारी पनि आलुबाहेक अरू केही पाइँदै पाइन्न।

अलि हाँसेर यात्रीले भन्यो-" ए, त्यसो हो भने के लाग्छ, पाएजत्तिकैमा सन्तोष गर्नु पर्ला।"

"अब म जाऊँ त ?" सानीले सोधी।

"हुन्छ" भन्दाभन्दै युवकलाई कुन्नि किन फेरि एकपल्ट त्यस सानीको मुखमा दृष्टि फेर्नाको आवश्यकताको अनुभव

CC-0. In Public Domain. Digitization by eGangotri

भयो। दुवका आँखा जुधे। बालिका लज्जावनत भएर माथि उक्लन लागी। तर तुरुन्तै फर्केर त्यसले अलि साहसको स्वरमा स्वाभाविकता ल्याएर सोधी, 'तरकारी पकाउनलाई भुट्न र दाउरा चाहिन्यैछ। नून, मसला र लालटीनमा मट्टीतेल पनि ल्याउनुपछ कि पर्दैन?"

"ए! यो त बिर्सेकै रहेछु। तरकारी त घ्यूमै भुटिहालुँला। मसला चाहिंदैन, एक पैसाको अलिकता वेसार र नून दुवै ल्याऊ र चार पैसाको दाउरा तथा लालटीनमा छ पैसाको तेल भए पुग्छ।" एकै छिनपछि सबै थोक ल्याई सानी माथि उक्ली। आफ्नो आमा संगै केही खानपीन गरेर १५।२० मिनेटभित्रै आफ्नो सुत्ने कोठामा पसी भित्रबाट ढोका थुनीहाली।

अहिले साँझको साढे सात मात्र बजेको थियो, तैपना निकै अंध्यारो भएको थियो। सघन र विशाल पर्वतहरूको अंकमा भएका ती पुतली झैं २।४ वटा घर यस्तो स्तब्ध उभिइराखेकी थिए मानो शरीरभित्रबाट प्राणै निस्किसकेको छ। खोलाको श्रृङ्खलाबद्ध गर्जन एकनाससित ध्वनित भइरहेको थियो, तर त्यसबाट पनि त्यो शून्यपनाको भयानकता बढिरहेकै थियो।

ओछ्यानमा पल्टेकी कुन्नि के के सोचिरहेकी सानीले हठात् यात्रीको कोठाभित्र आइरहेको खटपट ध्वनि सुनी। त्यो त्यही कुरा सोच्नामा मग्न भई–"अहिलेसम्म त्यसले खानपीन गरिसकेको रहेनछ क्यारे। भात पकाउन जान्दो हो कि होओइन; पकाइसकेको तिहुन तरकारी चूल्होबाट उतार्दा खसाल्यो पो होला कि! लोग्नेमान्छे भात पकाउन कहाँ जान्दो हो र! तर त्यो त सधैं मधेसमा बसिराखेको मान्छे हो। त्यहाँ

CC-0. In Public Domain. Digitization by eGangotri

कसले भात पकाई ख्वाउँदो हो नि। अथवा कोही भान्छेबाहुन राखेको होला। तर कँले हुन्थ्यो, मधेसमा खर्च निकै पो लाग्दछ; यसो हेर्दाखेरि यो कुनै साहू महाजन जस्तो पनि छैन। त्यसो भए, यताातिर धमाधम आउनेहरूको जस्तो, ठुल्ठूला टीनका भरिभराउ भएका गन्हुंगा बाकसहरू हुनुपदथ्यो, छालाको ३।४ वटा साना ठूला व्याग, भाँच्ने खाट, नोकर, घेरंजना भरिया, आफू तामदान वा कार्पेटमा बसेर आउनुपर्ने; खोइ, त्यो त केही पनि छैन। यो त मधेसमा कतै जागीरे पो होला जस्तो छ। आफू नोकरी गर्नेले बाहुन कहाँ राख्न सक्छ र!"

विचारधारा अर्कैतिर बग्यो, 'त्यसो भए त्यसकी स्वास्नी होली।' अनि मुटुमा थपक्क एउटा थपडी जस्तो लाग्यो। च्याप्प गरे भैं त्या आफ्नो अन्तरैमा निस्तब्ध भई। बाहिर त्यहाँ अविराम स्वरले गर्जिराखेको थियो खोलाको-हर्रर ध्वनि जम्मा भइरहेका विचारहरू अलि विशृंखल जस्ता भए। त्यसले एउटा लामो सास फेरी, तर त्यो अवस्था एक छिन पख्दा नपख्दा लोभ्याइराखेका ती मधुर कल्पनाहरूले फेरि-छोप्न थाले। सासपर्यन्त अलि थामेर त्यसले सुत्ने प्रयत्न गरी-'यात्री भातसात खाई सुत्यो कि!' तलबाट केही आवाज सुनिएन। 'त्यसो भए त्यो सुत्यो।' तर फेरि त्यही खटपट, 'मूसाहरू होलान्; होइनन्, त्यही हो विचरा अझ......'तर अघि नै तर्सिसकेका अघि ती मूक सहानुभूतिहरूलाई विचारहरूले समात्न साहस गरेनन्। एक छिनपछि ओछ्यानबाट जुरुक्क उठेर सलाई कोरी र सिरानतिरको खोपामा राखेको टुका बाली। धूम्रयुत क्षीण प्रकाशले अन्धकारमा छाम्न थाल्यो टुकी

CC-0. In Public Domain. Digitization by eGangotri

लिएर बिस्तारै त्यो तल ओर्ली। त्यसको छाती हान्न लागेको थियो-"बूढी सुतिरहेकी छ कि ?" एउटा अव्यक्त र क्षीण डरले अन्तरको घेरै टाढाबाट चियाउने जस्तो प्रयत्न पनि गऱ्यो। त्यो तल पुगी। 'तर···किन ओर्लेकी हुँला ! केही काम छैन।' यात्रीको कोठामा लालटीनको नीरव र मन्द प्रकाश थियो। त्यसतर्फ यसो झट्ट एकपल्ट हेरी आँखा फर्के। त्यो आफ्नो सेतो ओछ्यानमा सुतिरहेको थियो-निश्चित निरुद्विग्न, निर्विकार ! प्राणपर्यन्तलाई तीव्रताको साथ तानी लिने एउटा भयानक लोभ, त्यसको भित्र मुटुको हनाइको साथै हान्न लाग्यो र कुनै अव्यक्त उल्लास, साहस, डर र पीडाको भन्न नसकिने मिश्रण त्यसका नसा नसामा दगुर्न थाल्यो, प्रवाहित भयो। त्यही हलचल, त्यही प्रवाह लिएर त्यो माथि पुगी र आफ्नो शून्य ओछ्यानमा लडी।

यात्री चाहिने बिहान उठेर गइहाल्यो। सानीको आँखामा आइबसेका र छचल्किरहेका मूक मोह र कुन्नि कस्ता अव्यक्त आकांक्षाहरू त्यसलाई निक टाढासम्म पहाडका टुप्पामा पुऱ्याई फर्के। कुन्नि केले हो, त्यसको मन भारी हुँदै आयो, हृदयमा आर्द्र भावनाहरूको गऱ्हुँगो प्रवाह बग्न थाल्यो। त्यसको भित्र मनमा लगातार एउटा प्रश्न उम्लन थाल्यो-"त्यो फेरि फर्केला ?"

२

तर सानीको त्यस प्रश्नको समाधान भएन। त्यो यात्री फर्केन। केही दिनपछि सानीको बिहा पनि भयो; त्यो आफ्नो घरमा गई। घर-गृहस्थीको कर्तव्य र लोग्नेको प्रेम माया ममता इत्यादि पनि साधारण नियम जस्तै समातिन थाले। उनीहरूको

CC-0. In Public Domain. Digitization by eGangotri

कानमा सानीबाट केही अस्वाभाविकता पनि परेन। तर सानीको गाउँले संस्कृति भएको सुदूर अन्तरको एउटा मनले भगवान्को वरदान जस्तो समातेको त्यो प्रश्न 'त्यो फेरि फर्कला ?' ले दिनमा २।४ पटक अवश्य चियाउने प्रयत्नगरिहाल्यो।

लोग्नेको घरमा रहेको वखत कहिले कहीं एउटा शंकाले भयानक अन्तर-संग्राम मच्चाइदिन्थ्यो, 'म यहाँ छु, यात्री फर्केर गइहालेका भए...!' तर यस प्रश्नको विश्लेषण गर्ने साहस त्यस बखतसम्म त्यसमा रहनै जान्नथ्यो। कस्तो गन्हुँगो, कस्तो भयानक, कस्तो पीडाप्रद शंका हो। बरु यात्री कहिले पनि नफर्कोस्, त्यसको पथ हेर्दाहेर्दै यस जीवनको अन्त पनि भइजाओस्, तर सानीलाई नभेटी, त्यो त्यसै गइहाल्ला भन्ने विधिविधानको स्वागत गर्ने शक्ति त्यसमा थिएन! त्यो तृष्णा, त्यो अनन्तकालीन प्रतीक्षा, त्यो दिनहुको अभ्यस्त निराशको धक्का त्यसको सासमा मिलिसकेको थियो। त्यही त्यसको जीवन थियो, त्यही त्यसका जीवनक्रम! त्यसैलाई समातेर त्यो आफ्नो गृहस्थीको गृहिणी थिई, आफ्नी सासूकी बुहारी र पोइकी जोई। तर कदाचित् कुनै हठात् अभिशापले त्यही छिन्नभिन्न गरिदिएको अवस्थामा पनि त्यो विचरी सानी-चाहिने गृहणा, बुहारी र लोग्नेकी स्वास्नी भईरहन सक्ली ? कुन हृदयबाट यस्तो आश गर्ने ?

यति भए पनि सानीबाट लोग्नेको प्रति पत्नीत्वमा केही बाधा व्याघात परेको थिएन र त्यस पत्नीत्वमा कुनै छल थियो, कतैबाट त्यसमा छिद्र थियो, यो कुरा भन्नेलाई भयानक शाप दिने शक्ति पनि त्यस सानीमा अवश्य थियो। नारीको विशाल हृदयमा बालकको प्रति, आमाबाबुका प्रति, माइतका साथीभाइको प्रति, पतिगृहमा सासू, ससुरा, जेठाज्यू, देवर, भतीजा इत्यादि सबको प्रति ममाता रहन सक्छ भने सानीको

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयमा त्यस यात्रीको प्रति पनि कुनै प्रतिध्वनि थियो। नारीचाहिने पतिको स्वास्नी हो यो कुरा प्रदीप्त सूर्य झैं सत्य छ तर पत्नीत्वको हृदसम्म मात्रै। किन्तु नारी एकमात्र पत्नी नै त होइन। त्यो पत्नीभन्दा बाहेक पनि केही हो, बहिनी हो, दिदी हो, बुहारी हो, भाउज्यू हो, आमा हो र यी सबैभन्दा पर नारी मूर्तिमान् ममता हो। समस्त जगत्मा नारीकै महान् ममता छरिन नगएको भए यो विशाल विश्व शुष्क रूख झैं निर्जीव काठ मात्र रहन जान्थ्यो।

जाने बखतमा यात्रीले १५ दिनमा फेरि फर्कनु पर्ला भन्ने कुरा गरेका थियो। त्यो १५ दिनको प्रतीक्षा सानीलाई अझसम्म पनि याद छ। छ सात दिन एउटा भयानक उदासीनता, महान् शून्यतामा समाप्त भएको थियो। आठौं दिनदेखि-आजैको दिनमा त्यो फेरि फर्कला भन्ने आशाले अलि अलि चियाउन प्रयत्न गऱ्यो। सानीलाई सम्झना छ, त्यस दिन गाईलाई खुवाउने घाँस काट्न जाँदा कुन्नि कुन भावना, कुन आशा, कुन उत्साहले त्यो पहाडको टुप्पासम्म पुगिछ। घाँसको भारी भूईंमा राखी, एउटा ढुंगामा बसी, आफ्नो अन्तरको सुखद कल्पनामा मग्न भइछ। आँखा एकाग्र भएर नेपालबाट आउने बाटो हेरिरहेका थिए। त्यतातिरबाट आउनेहरूलाई देख्दा त्यसको भित्री कल्पनामा एउटा उत्साह भरिन जान्थ्यो-अत्यन्त सुखद र प्राणप्रद! "यस्तो आजैका दिन त्यो पनि संसारैको प्रसन्नता आफ्ना अङ्गप्रत्यङ्गमा संचित गरी आउला, आफ्नो पूर्व-परिचयको प्रसन्नता अलि अलि हाँसोमा छरिदेला र फेरि एक दिन त्यहीं बास गर्ला। तर बास नबसेदेखि त...! छिः यस्तो दुष्कल्पना। त्यसलाई कत्ति पनि त असुविधा र दुःख म कहाँ

CC-0. In Public Domain. Digitization by eGangotri

परेको थिएन । मैले जम्मै काम गरिदिएको थिए । राम्ररी पकाई लाई सुतेको थियो । किन नवस्नु ! " किन नवस्नु । " यस्तो प्रकारले नित्य नयाँ नयाँ कल्पनाहरू त्यसको आशालाई प्रदीप्त तुल्याउँदै, दिवसहरूलाई बिताउँदै, गए । अन्ततः त्यो चिर अभीप्सित पन्ध्रौं दिन पनि आयो । सानीलाई सम्झना छ त्यस दिन बिहान हुनुभन्दा तीन घण्टा अगाडि राती नै त्यसको निद्रा खुलिहाल्यो ढोका खोलेर एकपल्ट बाहिरतिर हेर्दा रात धेरै बाँकी थियो । जून टहटह लागिरहेको र आकाश स्वच्छ थियो । खोलाको हरर ध्वनि उत्फुल्लताको स्वागतगान झैं लाग्यो भगवान्को वास गर्ने आकाश आफ्नो निर्मल जूनमा हाँसिराखेको जस्तो प्रतीत भयो ।२।३ घण्टामै प्रदीप्त सूर्य निस्कनेछन् पहाडको टुप्पामा त्यसका सुनौला किरणहरू फैलिन जान्छन् । यही दिन त्यसको आउने शुभोत्सव हुन्छ । त्यो आउला; भोलि नै त्यो आउला, बिहान हुने बित्तिकै त्यो हिंड्छ र सुखको भण्डार झैं भएर सानीलाई भेट्टाउला ! धेरै बेरसम्म त्यो त्यसै विचारमग्न सुख कल्पनाविभोर भएर बसिरही । अनि एउटा आत्तिए जस्तो लामो सास फेरी आफ्नो कोठामा गएर ओछ्यानमा कोल्टे कोल्टे गर्न थाली । त्यसपछि बिहान पनि भयो, सूर्य पनि उदाए सानीले उद्विग्न प्रतीक्षा पनि गरी, साँझ भयो, रात पनि पर्‍यो तर__तर__पन्ध्र दिनको अत्यन्त उद्विग्न प्रतीक्षाको परिणाम स्वरूप सानीले पाई—त्यो आएन । आँखामा आँसु, हृदयमा वेदना प्राणमा अंधकार, कंठमा झक्कानु र रोम रोमपर्यन्तमा आद्र रुदन भरेर त्यस यात्रीको सट्टामा सानीले यही चार अक्षरको स्वागत गरी आफ्नो मुटुमा बसाली—'त्यो आएन ।'

CC-0. In Public Domain. Digitization by eGangotri

कठैबरी ! नारीको निर्बल हृदय ! तँमा उत्सर्गको परिणाम कति छ ? उत्सर्ग गर्नालाई तंले कति रस, कति माया, कति बन्धन र कुन्नि कति के के संचित गरि राखेकी छस् ।

त्यस्ता कयौं पन्ध्र दिन बिते । जीवनमा र जीवनक्रममा आद्यन्त भ्कं भिन्नता आइलाग्यो र फेरि 'त्यो आएन' को साथै 'त्यो फेरि फर्कला कि...?' भन्ने पनि सम्बद्ध भई अभ्यन्तर यात्रा गर्न थाल्यो । यस यात्राको विराम कहाँछ, लक्ष्य कहाँ छ र अन्त कहाँ छ, जीवनको शेषमा कि त्यो भन्दा पनि पारी, कुन्नि ?

क्रमशः अग्लो हुंदै गएको कष्टप्रद, कठोर, पहाडको क्षीण पथलाई आँखाले भेटेसम्म हर्दा मान्छे पो हो कि भन्ने भ्रम पार्ने एउटा धब्बा जस्तो पनि केही देखिएन ।

हुंदा हुंदा युगैको · परिवर्तन भयो । सानीकी आमा पनि अनन्तसँग भेट्न गइहाली जहाँ गएर कोही पनि फ़र्कन्न । सानीले आफ्नो माइतकै घरमा त्यही पुरानो व्यवसाय थामी बसी । त्यो लोग्नेको घरमा भएको बखत 'यात्री गइहालेछ कि' भन्ने सानीको साह्र सम्भवनीय शंकाको टुङ्गो लाग्यो त्यसपछि नेपालबाट लाखौं यात्रीहरू त्यही मार्गको बाटो भई तल मधेसतिर ओर्ले तर 'त्यो यात्री ...!'

'कहिल्यै त फर्कला ! त्यसका निरास आशालाई दोऱ्याउँदै एउटा क्षीण मसिनो धागोको छेउ प्राप्त हुन गयो र त्यसलाई त्यसले लम्ब्याउँदै गई तर...? कति सुकुमार, कस्तो सुन्दर, कस्तो लोभ्याउने र कति लामो हुन्छ यो निराश आशाको मसिनो धागो ! त्यस धागोको बदला कसैले त्यसको जीवन, यौवन दुवैको धागो चाँडचाँडै तान्दै गइरहेको थियो; तर सानीलाई यसको

CC-0. In Public Domain. Digitization by eGangotri

पत्ता थियो ? त्यो त आफ्नो अतीतको मनोरम स्मृति, केवल एक दिन मात्रको क्षणिक स्वप्नामा व्याप्त थिई। 'त्यो स्वप्नलो सुकुमारता, त्यो मधुरिमा, प्रथम यौवनको पहिलो उपहारमा कृतज्ञतास्वरूप त्यसले गरेको उत्सर्गको साथ कतै कहिले फेरि पनि आउला ?' यही निधीलाई नित्य निरन्तर नयाँ तुल्याउँदै तहलाइराख्नामा नै त्यो व्यस्त थिई। त्यसलाई जीवनसूत्र तानेको थाहै कसरी हुन्थ्यो र...? प्रेम जीवनको बाटो हो र उत्सर्ग त्यसको अन्तिम लक्ष्य; त्यस लक्ष्यसम्म पुगेपछि पाइन्छ आफ्नो अस्तित्वको विलुप्ति।

एक दिन साँझका वखत सानी आफ्नो पसल उठाइसकेपछि द्वारमा अन्यमनस्क भई उभिइराखेकी थिई। यस्तो उभिइराखेको अवस्थामा, यस्तो शान्त-क्लान्त संध्याको धमिलो पनामा अनु-रागको प्रतीक झैं आएको थियो 'त्यो रात्री।' तर आजै मात्र होइन कि जीवनका अनेकौं भग्न आकांक्षा, पुऱ्याइराखेको आशा, मुटुको उदासीन पाडा लिई त्यसले कति कतिपल्ट त्यसै द्वारमा उभिई आशाहीन व्यर्थ प्रतीक्षा गरी, तर त्यो नआएको नआएकै भयो। यस्तो जम्मै मिथ्यास्वागतको उत्तर त्यसले पाएकी थिई– प्राणकोतलबाट उम्लने नीरव आर्द्रता र गहभरी आँसु। आज पनि त्यो त्यसै उभिइराखी यात्रीको होइन कि त्यसको चिरपरि-चित त्यही आद्रता,त्यही आर्त मूक रुदन र त्यही आँसुको प्रतीक्षा गरिरहेकी थिई र एउटा यौवन पारी पुगिसकेका मानव देहले त्यसको सामुन्ने आइपुगी सोध्यो, "यहाँ वास पाइन्छ ?"

हृदयमा वगिरहेको रक्त थामिन गएजस्तो हुनलाग्यो। एउटा वज्रप्रहार झैं अतीतको मुडकी होनिन गयो 'ढुक्क' आउनेको मुख हेरेको हेरेक भइछ त्यो सानी'।

'यहाँ वास पाइन्छ कि पाइँदैन ?' फेरि प्रश्न भयो। सानीको

CC-0. In Public Domain. Digitization by eGangotri

मुख एकपल्ट झन् प्रदीप्त भएर तत्क्षणै कालो निर्जीव झैं भइहाल्यो । यसले अन्तरीक्ष तिर हेर्दै अत्यन्त कष्टसाथ भनी, "पाइन्छ भरियाहरू कता छन् ?"

'आउन लागेका छन्, यात्रीले एउटा ढुङ्गामा बसेर भन्यो । "धेरैदिन भइसक्यो मधेसबाट नेपाल गएको, फर्कन सकिन"। आज बल्ल फर्कन लागेको छु, देख्छु बाटो, पहाड जम्मै नयाँ जस्ता भइसकेका रहेछन्। नेपाल जान लागेको बखत पनि यसै घरमा वास बसेको थिएँ। आज पनि त्यो घर भएदेखि त्यसैमा वसूला भन्ने विचार गरी घरबाट हिंडेको बल्ल आइपुगें। खोइ त्यो बूढी ? सानी चाहिने त तिमी नै व्हौ कि...?"

वज्रादपि कठोर र प्रलय—गर्जनभन्दा पनि तीव्र कोलाहलमय त्यस आउनेको उपरोक्त कुरा सानीको अन्तरमा उत्रिन गयो। त्यो त्रस्त भइहाली। थतिका दिनको दीर्घ प्रतीक्षा, यस्तो रौं रौंलाई कल्पाइराख्ने नैराश्यको रुदनको अन्तलाई यसरी सजिलो पनामा स्वागत गर्न त्यो तयार थिइन। उफ् मानव ! सानीको यस्तो जीवनव्यापी समस्त आकांक्षा, पीडा, रुदन,नैराश्य, तिणा कल्पना, सुख दुख र समस्त आह्वानको प्रतीक जम्मै तिमी नै व्हौ, यो तिमीलाई थाहापर्यंन्त पनि छैन ! तिम्रो यो सजिलो प्रश्नमा, तिम्रो यो अप्रत्याशित आगमनमा, यो जीवनव्यापी कथासमष्टिमा एउटा नारीहृदयका के के कति कति चूर्णविचूर्ण भइसकेको छ, तिमी किन कसरी अनुमान गर्न सक्तछौ !

सुदूर क्षितिजबाट आएको ध्वनि झैं सानीको मुखबाट निस्क्यो। "अँ, सानी मै हुँ।"

"हो,मैले चिन्हिसकेकै थिएँ। तर तिमी…तिमी त…वृढी त भइसकिछौ!" आउनेले मुसुमुसु हाँस्तै भन्यो।

बल्ल सानीका आँखा उघ्रे। त्यसलाई आफ्ना अंगप्रत्यङ्गको

CC-0. In Public Domain. Digitization by eGangotri

खुम्चिन लागेको छाला देखेर बितेको दीर्घ समयको संझना भयो र झन् प्रत्यक्षमा त्यसले देखी, यात्राको तीन चौथाइ पूरा भएपछि त्यसले पाइछ आशासमाप्तिको साथसाथै जीवन-संध्या पनि आइपुगेको रहेछ। एकै छिनमा त्यसले थाहा पाई, त्यसको संसारै पुरानो भइसकेको रहेछ । दुनियाँ अर्कै भएको रहेछ, यस वर्तमानसंग त्यस सानीमा कुनै प्रकारको सामंजस्य रहेनछ ! आशाले अझसम्म बुद्धिलाई धोखा दिइरहेको थियो । सानी शिथिल क्लांत झैं हुन गई । उभिइरहनामा शरीर साह्रै नै गलेको जस्तो भान हुन लाग्यो र त्यसै त्यहि द्वारमा थचक्क बसी ।

× × ×

बिहान हुनेबित्तिकै त्यही अतीतकै जस्तो यात्री फेरि हिंडिहाल्यो । त्यसै दिनदेखि त्यसको जीवनको उद्देश्यै हरायो । त्यसले अझसम्म आफ्नो अन्तरमा समाती, आफ्नो आशामा झुण्ड्याइराखेको त्यसको उमंग, उत्साह र यौवनपर्यन्तलाई यात्रीको त्यही एउटै वाक्यले खाइदियो-"तर तिमी त बूढी नै भइसकिछौ !" त्यसपछि त्यो नारीं, त्यो जीवनपर्यन्तको मूक आशा, त्यो आफैमा निहित भइरहने गन्हुंगो वेदना त्यो सानी आफ्नो दीर्घ प्रतीक्षामा आफैमा समाप्त भइहाली । तर त्यति मात्रै होइन, आह ! प्राणभन्दा पनि बढता माया गरी तहलाउँदै राखेको त्यसको जीवनव्यापी परिचित, प्रिय त्यो प्रश्न पनि एउटा भयानक विपदको अन्धकारमा विलुप्त हुन गयो—"त्यो फेरि फर्कला ?"

('शारदा' पत्रिकाबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

श्री यदुनाथ खनाल

१९७१—

संस्कृतमा मध्यमा। अंग्रेजीमा एम्० ए०। सचिवर। प्रकाशित कृति 'समालोचनाको सिद्धान्त।' पत्र-पत्रिकामा पनि कृतिका प्रकाश।

पहाडी दीनहीन अवस्थामा पनि संस्कृतको चाहिँदो ज्ञान गरेर परिस्थितिसँग लड्दै भिड्दै विदेशी भाषामा पनि उच्च शिक्षा हासिल गर्नु र एक किसिमले विरुद्ध जस्तै देखिएका लेखन र अध्ययन दुवै कलामा सफल हुनु सचिवजीका वैशिष्ट्य हो। घरेलु अध्ययनबाट हुने सहज लाभको त्याग गरेर लेख्ने कलातिर प्रगति बढाई मातृभाषाको सेवा गर्नुभएकोमा उहाँलाई धन्यवाद दिनुपर्छ। तर राम्ररी निहार्ने हो भने प्रबन्ध र समालोचनामा उहाँ कुशल हुनुहुन्छ, पाश्चात्य ढङ्गलाई अपनाएर पनि नेपाली शैली वाक्पद्धतिलाई अँगाल्नुहुन्छ। अनि समाज-सुधारको चेतना दिनुहुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

नारी—जीवन

इतिहास र विज्ञानको आजसम्मको गवेषणाबाट नारी र पुरुषको बीचमा मूल रूपले प्राकृतिक भेद भएको हुनाले उनीहरूको कर्मक्षेत्र पनि सामान्य रूपले फरक हुनुपर्छ कि भन्ने देखिन्छ। अहिले कल्पना गर्न सकिने स्वतन्त्र, सुखी, सामाजिक व्यवस्थामा पनि हरेक पेशामा नर-नारीको समान संख्या हुन आउला भनी निश्चयका साथ भन्न सकिँदैन। भिन्न-भिन्न शारीरिक क्षमता र चित्तवृत्ति अनुकूल विभिन्न जनाना र मर्दाना पेशाहरूको विकास हुने संभावना पनि छ। तर यो सबै कुरा संझेर पनि प्रगतिशील विचार भएका सबै नरनारीहरूले आजकालका नारीहरूको अनावश्यक बन्धनबाट छुटकारा खोज्ने मधुरो गनगनाइलाई दिलोज्यानले समर्थन गर्नुपर्ने देखिन्छ। सामाजिक जीवन सुसंपन्न बनाउनाको निमित्त चाहिँदा सामाजिक अनुशासनभित्र नचाहिँदा बन्धनहरू जति सबै तोड्नु नै हाम्रो पहिलो समस्या छ, उद्दण्डता हाम्रो अहिलेको समस्या होइन।

अत एव "नारस्त्री स्वातन्त्र्यमर्हति" भन्ने वाक्यलाई अझ जोडले व्यवहारमा लगाएर हाम्रो अन्त्यमा कल्याण छ भन्ने विद्वान्हरू हामीमध्ये प्रशस्त छँदाछँदै दुनियाँको प्रवृत्ति नारीहरूको यो गनगनाइमा धेरै सत्य देख्नेतिर भएको छ। पथप्रदर्शक विद्वान्‌हरूमाथि सबको श्रद्धा छँदै छ तापनि तीं विद्वान्‌हरूले समर्थन गरेको सामाजिक व्यवस्थाभित्र हाम्रा दिदीबहिनीहरूले यापन गरेको ज्यादै संकुचित जीवन देखी

CC-0. In Public Domain. Digitization by eGangotri

साधारण जनता क्रमशः दिनैदेखि असंतुष्ट हुँदै गएको देखिन्छ। पथप्रदर्शकहरू र हाम्रो साधारण जनताको बीचमा जो अन्तर बढ्दै गएको छ, सो अन्तर जनताको उपरको श्रद्धाले भन्दा विद्वानहरूले समयका प्रगतिहरूका विषयमा बढता ज्ञान बढाएर हटाउन सकिन्छ।

जनताको अहिलेको प्रवृत्ति देख्दा विद्वान् हरूलाई आफ्नो धर्म र संस्कृतिको ख्याल नगरी, नारी-तत्वको रहस्य बुझ्ने चेष्टासमेत नगरी, बेमुरसँग पश्चिमी देशको देखासिकी गरेको जस्तो लाग्नु एक किसिमबाट स्वाभाविक छ। किनभने झट्ट हेर्दा आधुनिक नारीहरूको गनगनले हाम्रो समाजको जगलाई नै उखेल्न खोजेको जस्तो पनि देखिन्छ तथा यसबाट समाजमा निन्दनीय उद्दण्डता ल्याउने पनि भय छ। विद्वान् हरूका यी दुवै आशंकामा केही सत्य अवश्य घुसेको छ। जुनसुकै सामाजिक जीवनमा नारी-जीवन एक मुख्य अङ्ग हुनाले हाम्रो समाजमा पनि नारी-जीवनमा आघात पर्‍यो भने संपूर्ण सामाजिक जीवनमा नै आघात पर्ने देखिन्छ। तर नारी जीवनमा या नारीजीवनद्वारा तमाम सामाजिक जीवनमा आघात पार्ने उद्देश्य आधुनिक नारीहरूको गनगनको शायद होइन, उद्देश्य हो सुसम्पन्न नारी-जीवनद्वारा सुसम्पन्न सामाजिक जीवन विकास गर्ने। प्रचलित समाजमा नारीहरूउपर जो अनावश्यक बन्धन छ, त्यो हाम्रो धर्मको भाग होइन। पश्चिमी समाजले जस्तै हामीले पातिव्रत्य र पत्नीव्रतलाई शायद निरपेक्ष दृष्टिले हेर्न सक्तैनौं तापनि बलैले ठोसिएको पातिव्रत्य या पत्नी-व्रत धर्मको भाग होइन कि जस्तो मलाई लाग्छ। यस कारण पत्नी-व्रतलाई पातिव्रत्यको तहमा बन्धन नतुल्याउँदा पनि पत्नी-व्रत पुरुषहरू प्रशस्त पाइए झैं निर्बन्धन समाजमा पनि

CC-0. In Public Domain. Digitization by eGangotri

पतिव्रता नारीहरू प्रशस्त पाइनेछन् भन्ने उमेद गर्न सकिन्छ। पत्नी-व्रतमा दृढ रहन नसक्ने पुरुषहरूलाई तोकिएको सीमाभित्र अहिले समाजका अङ्ग सम्झे झैं कल्पित पातिव्रत्यमा दृढ रहन नसक्ने नारीहरूलाई तोकिएको सीमाभित्र समाजका अङ्ग मानिनेछन्। पाश्चात्य मुलुकहरूमा नारीउपर कडा बन्धन छैन तापनि पाश्चात्य नारीसमाजमा जीवनमा सीमित प्रदेशभित्र रहेकोबाट पनि यो अनुमान गर्नु सुसंगत देखिन्छ। हो, पाश्चात्य समाज हाम्रो समाजभन्दा फरक छ; तर जस्तो पाश्चात्य नारी-समाज बन्धनबाट छुटेर पनि आफ्नो समाजभित्र रह्यो, त्यस्तै हाम्रो पूर्वीय नारी-समाज पनि बन्धनबाट छुट्दा आफ्नो समाजभित्र रहोइन भन्ने कसरी शङ्का गर्नु ? तसर्थ अहिले स्वतन्त्र भएर पनि पुरुषको साधारण झुकावट पत्नीव्रततिर भए झैं कल्पित समाजमा पनि नारीहरूको झुकावट पातिव्रत्यतिर नै हुनेछ।

फेरि यो गनगनलाई प्रोत्साहन दिंदा समाजमा नचाहिंदो उद्दण्डता आउने भय पनि छ। सनातनको बन्धनबाट भरखर छुटेका अशिक्षित नारीहरूले हिंड्न नजानीकनै उत्ताउलो छाँटले उफ्रन खोज्ने संभावना छ। तर वास्तवमा नचाहिंदो बन्धन नहुँदा पनि अहिले पुरुषहरू सीमित प्रदेशभित्र रहे जस्तै नारीहरू पनि सीमित प्रदेशभित्रै रहनेछन् भन्ने आशा गर्न सकिन्छ। यो महत्वपूर्ण कुरा छ, किनभने, आवश्यक आत्मसंयम र आत्मानुशासन आफूभित्रैबाट विकास हुने कुरा हो। हामी सबैको लागि केही मात्रामा बाहरी नियन्त्रण जतिसुकै आवश्यक भए तापनि नारीहरूमा जीवनभरको नियन्त्रणले ठूलो शारीरिक र मानसिक हानि गर्दछ। यसको उदाहरण कंय्यन् असुखी घरबार छन्। अरू देशमा साहित्य, विज्ञान, राजनीति,

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शन आदि विषयमा देशले गर्व लिन सक्ने वीर नारीहरू उत्पन्न हुँदा हामीले राम्ररी साँवा अक्षर चिन्ने नारीहरू उत्पादन गर्न सकेका छैनौं ।

विद्वान्हरूबाट उत्तर आउन सक्छः–"असुखी घरबारभन्दा सुखी घरबार धेरै छन्; असुखी घरबारहरू आफ्नो उच्च आदर्शबाट च्युत हुनाले मात्र असुखी छन्; यस्तो कुनै सामाजिक व्यवस्था कल्पना गर्न सकिंदैन, जसमा, प्रत्येक नागरिक सुखी हुन्छ इत्यादि" तर सुखी घरबार कुन हो ? कालप्रगतिको अध्ययन गरी समाजमा नारीहरूलाई योग्य स्थान दिन सकिनेमा पनि नदिएको देखी घबडाउने तर बौद्धिक विकास भएका शिक्षित व्यक्तिहरूको परिवार सुखी हो कि अन्धकारमा बसी बन्धनबाट उम्कने उपाय मात्र पनि नदेखी जतिसुकै कठोर भए पनि आफ्नै भाग्यमा रही बौद्धिक विकास गर्ने नभई सन्तोषको छायामा रहने अशिक्षित व्यक्तिको घरबार सुखी हो ? यो गौड गरेर हेर्नें विषय छ।

यी सब कुरा विचार गर्दा नारी-जीवनमा परिवर्तन ल्याउन खोज्ने विद्वान्हरूले नारीजीवनलाई एक, एक स्वयं संपूर्ण जीवन संझने सट्टामा हाम्रो सामाजिक जीवनको एक अङ्गको रूपमा संझनुपर्छ। हाम्रो सामाजिक जीवन र नैतिक विचार यथास्थित राख्ने हो भने नारी-जीवनमा कुनै किसिमको परिवर्तन ल्याउन खोज्नु व्यर्थ हो, फेरि भूल पनि हो। क़िनभने अरू सबै कुरासरह नारी-जीवन पनि विभिन्न सामाजिक, धार्मिक र आर्थिक शक्तिहरूको परिणाम हो। वर्तमान वातावरणभित्र सामाजिक जीवन अहिलेको जस्तै राखेमा नारी-जीवन पनि परिवर्तनशील संसारमा अनिवार्य अदलबदल हुनुबाहेक जस्ताको तस्तै रहन्छ। तर हाम्रो देशभित्रको

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभव र अरू देशका उदाहरणबाट हाम्रा नारीहरूको जीवनमा अदलबदल ल्याउनुपर्ने आवश्यकता देखिन्छ भने त्यो परिवर्तन-लाई ल्याउन मद्दत गर्ने र परिवर्तित समाजलाई परिपोषण गर्ने, नयाँ सामाजिक चेतनाको परिशीलन गर्नु नितान्त आवश्यक छ। नारीहरूको उन्नतिका लागि आजसम्म गरिएका हाम्रो देशभित्रका भिन्न किसिमका प्रयत्न र प्रबन्धहरूबाट नारी-जीवनको विकासका लागि नयाँ सामाजिक चेतनाको जरूरत छ भन्ने कुरा नारी-जीवनको विकास चाहनेहरूले समेत नठह्र्याएको प्रतीत हुन्छ।

हाम्रो समाजका नारीहरूको मुख्य समस्या हल गर्नालाई वास्तवमा उनै गुणको आवश्यकता छ, जुन गुणको हाम्रो सामाजिक, धार्मिक, आर्थिक, राजनैतिक समस्या हल गर्नाको लागि आवश्यक छ (यो गुण हो कुनै किसिमको संकुचितताले नघमिल्याएको, स्वार्थदेखि माथि रहन सक्ने समस्याको राष्ट्रिय र अन्ताष्ट्रिय दुवै श्रेणीमा राम्रो परिचय हासिल गरेको, काम तामेल गर्ने उदारता र निरपेक्षता।) यही गुणको हाम्रा नारीहरूमा, नयाँ जीवनको संचार गरोस् भन्ने सबको प्रार्थना छ। (परस्परको अविश्वास र आशंकाको वातावरणमा हामीले नारीसमस्या मात्र हल गर्नु ता परै जाओस्; समस्याको रूपसमेत राम्री चिन्दैनौं।)

CC-0. In Public Domain. Digitization by eGangotri

श्री कृष्णप्रसाद चापागाईं

१९७१—

शिक्षा—हिन्दी र अंग्रेजीको घरैमा अध्ययन। भू. पू. न्यायाधीश। प्रकाशित पुस्तक २। ३ 'शारदा' इत्यादि पत्रपत्रिकामा कथाहरूको प्रकाशन।

चापागाईंज्यू प्रसिद्ध कथाकार हुनुहुन्छ; अझ हास्यरसमा सफल, तर बाहिर हँसाएर पनि समाजको मार्मिक वेदना पोख्नुहुन्छ र भित्रभित्रै पनि सुधारको चेतना दिनुहुन्छ। हास्यरसको वैशिष्ट्य पनि त्यही हो।

CC-0. In Public Domain. Digitization by eGangotri

दोषी को ?

सुशीलाको निधारको सिन्दूर पुछिया । हातका चुरा फोरिए । गलाको पोते छिन्यो । हिजोसम्मकी सिंगारकी रानी आज वैराग्यकी खानि भएर कपालको झाँक्रो फिज्द कोठाभित्र पसिन् । अब उनी विधवा भइन रे ? त्या विधवा धर्मको आडमा थुन्न दुइवटा सेता चाँदाका बाला उनका हातमा हतकडी ठोकिने भए ।

मधुसूदन बाजेको छोरा मात्र ह्वैनन् नातिहरुसमेत पनि समर्थ भइसकेका थिए । सन्तानको आशाले हैन वासनाको नाताले उनले ७० वर्षको उमेरमा १० वर्षकी सुशीलाको डोली भित्र्याएका हुन् । मधुसूदन बाजे सुशीलालाई प्यारा गर्दथे। शायद त्यस्तो प्यार उनको जीवनमा आजसम्म कसैलाई गरेका नहोलान् । कुखुराले बच्चा छोपे झैं राती काखमा च्याप्प च्यापी सुत्दथे। घाम नलागी उठ्न दिदैनथे, कामको नाममा वरको लोटा पर सार्न मनाही थियो । स्याहार सुसार उस्तै थियो, कपाल आफै कोरिदिन्थे, दिनको तीनचोटि पाउडर क्रीम लगाइदिन्थे अनि ऐनामा लगेर आफूसमेत उभिन्थे "मेरी रानी कस्ती राम्रा" भनेर एक चोटि च्वाप्प म्वाइं खाएर रमाउँद जुरुक्क बोकेर कोठामा चारपट्टि घुमाउँदथे। रात दिन एक छिन छोड्दैनथे । यो व्यवहारले सुशीलालाई मजा लाग्नुको बदला झर्को लाग्दथ्यो । "यो के गरेको होला ? हाम्रा बाले हामालाई यस्तो कहिले गर्नु भएन" भनी

CC-0. In Public Domain. Digitization by eGangotri

ताजूब मान्दथिन् । पहिले खेलाउने बाबु अहिले खेलाउने पोइ भनी चिन्ने शक्ति उनीमा थिएन । त्यो ज्ञान आइपुग्ने बाटो धेरै टाढा थियो ।

२

दिन बित्दै गए । सुशीलामा जवानी चढ्दै गयो, मधुसूदन बाजेको बुढौती । अब बिस्तार बिस्तार सुशीलाले पनि पतिको इसारा बुझ्न लागिन् । बाबु र पोइ भनी छुट्याउने शक्ति उनीमा भरिँदै आयो । मधुसूदनका काखमा पल्टेर लाडी-लाडी बूढाको दारी मुसार्दै घन्टौं कुरा गर्दथिन् । बूढा आनन्दको घुड्को निल्दै मुसु-मुसु हाँस्दै सुशीलाको चारैतिर हातले मुसार्दथे शालाको म्वाइँको त लेखै थिएन ! तर यो अभिनय धेरै दिन रहन सकेन । भरखर जवानीको पालुवा चढन लागेकी यस्ती युवतिलाई छोडेर एक दिन ती ७५ वर्षका मधुसूदन बूढा यो संसारबाट विदा भए । दिन रात सिंगारमा नै रहे मधुसूदन बाजे खुशी हुन्थे, सुशीलाले एक दिन एक छिन सिंगार नगरे मधुसूदन बाजेको मगजमा भूइँचालो जान्थ्यो; होशहवास गुम हुन्थ्यो । के मात्र बिग्रन गएछ र रिसाइन् भनेर मनाउन आफैं अगाडि सर्दथे । यसैमा उनीलाई सोख थियो; यसमा उनको मनको प्यास बुझ्दथ्यो । जीवनको मुख्य आनन्द उनले यसैलाई नै सम्झेका थिए । अतः बालककालदेखि यस्तो पाठ पढेकी सुशीलाले अकस्मात्को विधवा जीवनको सच्चा धर्म कसरी बुझ्ने ? यो विशाल विश्वमा आजसम्म गर्भैबाट जान्ने को ?

३

सुशीलाका घर अगाडिपट्टिको छिमेकीको छोरो उद्धव उर्लँदो जवानीको बाढीमा बग्दै आधा-आधा रातसम्म बिजुला

CC-0. In Public Domain. Digitization by eGangotri

ननिभाई छेउ न पुच्छरको गाना झ्यालमा बसेर गुन-गुनाइरहन्थ्यो। भोको कुकुर मासुमा लोभिए झैं सुशीलाको रूपरङ्गमा मुग्ध भएर एक टकसँग उनको झ्यालमा हेरिरहन्थ्यो। काम विशेषले झ्यालमा आउँदा सुशीलाको १।२ झलकको दर्शन पाउँदथ्यो। तर विचरी सुशीलालाई भने पत्तै थिएन।

पतिवियोगको वेदनाले छटपटाउँद एक दिन मध्यरातमा सुशीलाको निद्रा बिउँझ्यो। पलङनिर झुन्डिरहेको (बेडस्वीच) हातेथिचुवा दबाएर वत्ती बालिन्। कोठा उज्यालोले मुसुक्क हाँस्यो। उनले पनि चारैतिर हेरिन्। चट्ट अगाडिपट्टि टाँगेको ठूलो हल्पी ऐनामा आँखा पऱ्यो। उच्च स्तन, सुडौल पाखुरा मोहिनी चेहरा, गुलाफी गाला, वारुले कम्मर, लामो कपाल भएकी एक रमणी सफेद बिच्छयाउनामा गहन मुद्रामा पल्टि रहेकी देखिन्, त्यो रहर लाग्दो आफ्नै रूप रङ्गमा आफैं मोहित भइन् "मन पऱ्यो" भनी ऐनामा आफूले आफैंलाई सोधिन् मुसुक्क हाँसेर "अँह" भनी टाउको हल्लाएर ठट्यौली जवाफ दिइन्। यो नङ्गाचालले उनको मनलाई झन् अशान्तिको बाटोतिर डोऱ्यायो। सुद्धिबुद्धि होश हरायो। कोठाको थुनिएको दूषित, हावामा निस्सासिएर खुला हावाको स्वागतको निमित्त झ्याल खोलिन्। अगाडिपट्टि कैयौं दिनदेखि उद्‌धव सुशीलाको दर्शन गर्न आरति उतारिरहेको थियो चार आँखा भइहाल्यो। सुशीला लाजले भुतुक्क भइन्। उनलाई ठूलो कसूर गरे जस्तो लाग्यो। उनी विधवा थिइन्, अतः परपुरुषसित आँखा जोडिनु यस लोक र परलोक दुवै ठाउँमा उनले स्थान पाउन सक्तैनथिन्। सबैजना उनलाई यही भन्थे, उनी चारौंतरफबाट यही सुन्दथिन्-यस्तो समाजमा पुरुषले भने १० वटी लखौरी ल्याए भने झन् बहादुर र

CC-0. In Public Domain. Digitization by eGangotri

जवाँमर्द ठहरिने रे। गर्भे कुराका अर्थ लाग्ने युगमा यस्तो एकलकाटे तौलको कारण खोज्नु कुनै बुद्धि तिखार्नु पर्ने कुरा थिएन। सुशीलाको मनमा कैयौंचोटि यसको तर्क व्युँझिसकेको थियो, तर धेरै कालदेखि लागेको बानी छोड्न पनि त टायम चाहियो नि। सुशीला चट्ट झ्याल बन्द गरेर आफ्नो ओछ्यानमा आएर पछारिइन्, फेरि कसैले देख्ला भनेर झ्याल ढोका बन्द भएको कोठामा सिरकमा गुटमुटिइन्। ४।५ दिनसम्म पनि त्यो झ्यालतिर जान उनको साहसै भएन। गोड़ा झुक्किएर त्यतातिर गयो भने पनि उनको ज्यू भारी हुन्थ्यो, मुख लाजले लाल हुन्थ्यो, शरीर जिरिङ्ग हुन्थ्यो।

यस्तै रूपले दिन बित्दै गए। मधुसूदन बाजेले कुत्कुत्याएर गएको जवानी सुशीलामा अब पूर्णरूपमा भरिंद आयो।

एक दिन राती अझै त्यो मानिस झ्यालमा बसेको होला कि भन्ने शङ्का सुशीलाको मनमा लाग्नु स्वाभाविकै हो। उद्धवलाई हेर्न हैन शङ्का हल गर्न बिस्तारै गएर सुरुक्क झ्याल उघारिन्। उद्धवको आसन डगेको थिएन फेरि चार आँखा भइहाल्यो। "बिचरा यस्तो जाडामा कसरी बसेका होलान्" भन्ने यो पटक सुशीलालाई उद्धवउपर दया आयो। एक छिन झ्यालमा उभिएर अनि बिस्तारै झ्याल बन्द गरिन्।

भोलिपल्ट आज पनि छ कि भन्ने विचार सुशीलामा आयो, यही मनको तर्क हल गर्न फेरि झ्याल उघारेर हेरिन्। उद्धव माटाको मूर्ति झैं उनैपट्ट हेरिरहेको थियो। उद्धवको त्यो तपस्या सुशीलाले अब आफ्नै सम्झिन्। पाठ पूजा गरे ईश्वर ता प्रसन्न हुन्छन् भने मानिस जाबो किन उम्कन सक्दथ्यो। उनले उद्धवउपर सहानुभूति प्रकट गरेर मुसुक्क हाँसिन्। कैयौं दिन यही रूपले बित्दै गए; उद्धव र सुशी-

CC-0. In Public Domain. Digitization by eGangotri

लामा प्रेमको गाँठो कसिदै गयो।

एक दिन उद्धवले प्रस्ताव राख्यो "दुइ जनाको एकान्त मिलन।"

सुशीलाले लाज मान्दै भनिन्, "हुन्छ तर यी पाँच..."

घर।

माइती।

समाज।

कानून।

र सेता चाँदीका बाला, यो कपालको कालो धागोलाई कसरी मनाऊँ ? के भनूँ।

उद्धव थियो पुरुष। घर, माइती, समाज र कानून यो सबैको चित्त बुझाउनुपर्ने आवश्यक उसलाई थिएन। उसलाई चाहिएको थियो सुशीलाको चढ्दो जवानी, उ त्यसैको भोको थियो। सबैको चित्त बुझ्ने गरी एकलकाँटे तराजूलाई ठीक तौलमा राख्न उसलाई के खाँचो। पुरुषको नाताबाट उ ता सधको चोखो, जति बढायो उति झन् जवाँमर्द। यसैले छोट्करीमा सबको जवाफ उद्धवले एउटै दियो। यी सबको जिम्मा म लिन्छु तिमीं हुन्छ मात्र भन। म तिमीलाई त्यो देशमा लानेछु जुन देश, जुन समाजमा हाम्रो यो प्रेमलाई पवित्र र सुकिलो सम्झनछन्। अनि तिमीलाई प्रेमको मन्दिरमा स्थापना गरेर आठौं पहर म तिम्रै पूजा गर्नेछु। तिम्रै पुजारी बन्नेछु। त्यस बेला हाम्रो जीवन स्वर्गका इन्द्र र इन्द्राणीभन्दा के कम होला ? तिम्रो एक मञ्जूरीमा म हिमालयको शिखरमा पुग्नेछु। नाईं भनी टाउको हल्लायौ भने आत्महत्या एक मात्र मेरो आधार हुनेछ। सब बनाएको बिग्रनेछ, अब मेरो मरण वा जीवन तिम्रो हातमा छ, तिम्रो जो इच्छा।

CC-0. In Public Domain. Digitization by eGangotri

सुशीला एक छिन घोरिइन् । घर, माइती, समाज, कानून सबका सबले एकै स्वरमा "खबरदार" भनेर औंला ठड्याएर दाह्रा किटेको तसवीर उनको अगाडि नाच्यो । उनी आत्तिइन् । दुइ हातले आँखा छोपेर ढुनमुनाउँदै भित्तामा गएर घोप्टिन् । उद्धवको गला समातेर निमोठ्न उनलाई मन लाग्यो, तर उद्धव अघिबाट नै सुशीलाको त्यो रूप रङ्ग देखेर कुलेलम ठोकिसकेको थियो ।

बढ्दो जवानी चढ्दो उमेरको बाढी रोक्न सक्ने को? त्यसमा झन् मधुसूदन बाजेले लगाइएको कुत्कुताइमा उद्धव थप्दै थियो । शास्त्रमर्मज्ञ विश्वामित्रले मेनकाको मुस्कान थाम्न सकेनन् भने विचरा सुशीलाको के कुरा ? उता दिनरात स्वर्गका सुखको लालचा देखाएर उद्धव लोभ्याउँदथ्यो । तँले रूखा खाना, सूखा जीवन बिताउनुपर्छ भनी यता घर, माइती, समाज, कानून दाह्रा किटेर सबै सधैं हप्काइरहन्थे । केही कुरामा कहीं हानि नोक्सानी भयो भने सुशीलाको कुलक्षणको फल हो भनेर फैसला गर्दथे । राम्रो नाना, मीठो खाना विधवाको निम्ति निषेध थियो । उनी शुभ कामना अमङ्गल सम्झिन्थे । पाठ पूजा व्रत गरेर चोख्यएका विरूधवाको शरीर विवाह व्रतवन्धमा बिटुलो हुन्थ्यो । सबै कुरा सुशीलाले मुटु मिची सहेर बसेकी थिइन् । सहनुको पनि हद हुन्छ, सीमादेखि बाहिर कसैको हक हुंदैन । फेरि हाताहातपट्टि नलागी भविष्यको गर्भमा लुकेको उधारोपट्टि को लाग्ला ? भोलिको स्वर्गलाई पन्छाएर आजको जगत्को बाटोतिर नै सुशीलाको दिलको तराजू ढल्क्यो । उद्धवको प्रस्ताव रुन्चेहाँसोले स्वीकार गरिन् ।

. दुइ हृदय एक प्राण भए । अब के थियो । सुशीलाको निमित्त दुनियाँले रङ्ग बदल्यो । हिजोसम्म सुशीलाले देखेका सुकेको

CC-0. In Public Domain. Digitization by eGangotri

झार आज हरियो देख्न थालिन्, त्यँ हरियालीमा सुशीलाको दुनियाँ हरियो हुँदै गयो। सुशीला त्यसैमा रङ्गिदै गइन्। प्रेम र हृदयको मिलनको अगाडि सबै बाधाहरूले एक छिनका निमित्त आंखा छोपे। कालो अन्धकारको पर्दामा प्रेमको अभिनयनको खांडो जाग्न लाग्यो।

एक दिन उद्धवले भन्यो "रानी, तिमी कस्ती राम्री ?" आंखा उन्माद थियो। वासनाले आफ्नो पञ्जा बढायो अनि प्यास बुझायो।

४

गुप्त प्रेम प्रकट भो। सुशीला गर्भवती भइन्। आफ्नो ज्यू भारी हुँदै आएको देखेर एक दिन सुशीलाले भनिन् "प्राण ! हजूरले मेरो विषयमा के विचार गरिबक्सेको छ।"

उद्धवले कुरै नबुझेर भन्यो, "म ता आठै पहर तिम्रो ध्यानमा मस्त छु।"

सुशीलाले लाजले भुइँ कोट्योउँदै अलि प्रष्ट शब्दमा भनिन्, "हजूरले ता कुरै बुझिबक्सेन, आजकाल ज्यू भारी··· ।" वाक्य पूरा हुन नपाउँदै उद्धवले झस्केर भन्यो, "ओहो ! के भनेको ? त्यस्तो भए पहिले नै किन मलाई नभनेको ? १।२ महीनाभित्रै थाहा पाएको भए एक मात्राले सफाचट गराइदिन्थें अनि कसको बाबुको तागत तिमीलाई औंला ठड्याउन।"

सुशीलाले अलि गम्भीर भएर भनिन्, "किन त्यस्तो महाभयङ्कर पाप गर्नें ? पहिलेको आफ्नो कबूल आफ्नो जमान यति चांडै बिर्सनुभो। जवांमर्द भनेर जुंगामा ताउ दिने मानिसले डराएर यत्रो भ्रूणहत्याको पाप गर्न अगाडि सर्नु

CC-0. In Public Domain. Digitization by eGangotri

तपाइंहरू पुरुषजातिलाई सुहाउने कुरा हो ? अहिले के भएको छ ? यो ता पहिले नै जानेको कुरा हो । बरु सम्झनोस् हाम्रो इच्छा पूर्ण भो।"

उद्धव—"..."

उद्धव तीन पायी छेर्दै भाग्यो। सुशीला अलपत्र परिन् र आश्रय खोजिन्।

घर—"तँ चरित्रहीन, कुलाङ्गार होस्। तँलाई स्थान छैन।

माइती—"म के गरौं। लाचार छु।

समाज—"त पापी होस्, जा भाग।

प्रेमी—"अब तँमा सुन्दरता छैन। मलाई चाँहिदैन।

कानून—"तँ दुश्चरित्रा होस्। सजायको भागी पनि।

तर मृत्युले दुई हात फैलाएर भन्यो—"असल, खराव, सौभाग्यशाली र अभागा सबको स्वागत म गर्दछु। आउनोस्, सबै खुशीसाथ विश्वका अशान्तिका ज्वालामा पिल्सिएका सबैले मेरा घरमा शान्तिको पलङ्गमा आराम गर्न पाउँदछन्। त्यहाँ ठूला साना कसैको भेदभाव छैन। आठै पहर चौबीसै घण्टा ढोका खुला छ। सबैको स्वागतम्, घृणा नास्ति।"

उनलाई कुनै अदृश्य व्यक्तिले हातमा समातेर आपत्को समुद्रबाट पार लगाइदिए जस्तो लाग्यो। अनि सुशीला मुसुक्क हाँसिन्। जुन सुखको हाँसा ७० वर्षको मुधुसूदनका प्यारमा हाँसेकी थिइनन्, जवानीको उर्लंदो बाढीमा डुबेको वेलामा उद्धवको काखमा हाँसेकी थिइनन्। आफ्नो नवजात रहरलाग्दो छोरालाई नदीको तीरमा स्याल हंसाउन गिद्ध अगाउन छाडेर

CC-0. In Public Domain. Digitization by eGangotri

आफूचाहिं छयाप्लांग फाल हालिन् । मृत्युदेवले टपक्क २ हातले च्याप्यो ।

अग्नि... ।

घर... ।

माइती... ।

समाज... ।

प्रेमी... ।

कानून... ।

यी सब आफू आफूमा मुखामुख गर्न लागे । सबका सब चूप

—०—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री हृदयचन्द्रसिंह प्रधान

१९७३—२०१६

'जुँघा' भन्ने निबन्धमा २००४ सालको कविसम्मेलनमा पुरस्कार पाएको। प्रकाशित पुस्तक १८ पत्रपत्रिकामा कविता, निबन्ध र कहानीहरूको प्रशस्त प्रकाश।

प्रधानजी गहीरो भावनाको आधारमा रङ्गविरङ्गको बुट्टा भर्दै नयाँ प्रणाली देखाउनुहुन्छ, वाल्ल परेको समाजलाई बाटोवाट. आओ भन्ने इशारा गर्नु हुन्छ, यथार्थतिर लाग्नेमा अगुवा बनेर आफ्नो उपनाम सार्थक पार्न खोज्नुहुन्छ, अनि सुन्दर ढङ्गवाट चेतना र जागृतिको बिगुल बजाउनुहुन्छ, तर कहानी र निवन्धमा सफल।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री मैयाँको इयलिङ

समय—विहान ।

स्थान—नक्सालको एउटा घर ।

[चारै भित्ता छुने गरी कोठाभरी टन्न छोएको गुन्द्री ओछ्याइएको छ । गुन्द्रीमाथि खोल नभएका दुइटा चकला राखिएका छन् । लडाइँमा गोली लागी काठको खुट्टा राखेर बाँचिरहेको सिपाही जस्तो एउटा खुट्टा फेरिएको झुत्रो मेच एउटा कुनामा उभिरहेको छ । अर्को कुनामा विफर आई आई भर्खर पाप्रा छुटिरहेको हब्सी झैं कालो मानिस उभिरहेको जस्तै एउटा जीर्णशीर्ण टेबुल उभिरहेको छ । टेबुलमाथि एउटा विग्रेको जनानी घडी, एउटा झुत्रो महाभारतको किताब, कलम, मसी, सियो सिउरी राखेको एउटा गोली धागो र अरू खत्याक-खुत्रुक मालहरू राखिएका छन् । भित्तामा एउटा चर्केको ठूलो ऐना, एउटा पृथ्वीनारायण शाहको पुरानो र अर्को बथाने तस्वीर टाँगिएका छन् । बाच सिलिङमा एउटा फुटेको झार झुण्डिएको छ । टेबुलको ठीक सामुन्ने एउटा अत्यन्त खियौटे पलाँमे पलङमाथि बिलकुल रङ्ग उडिसकेको शतरञ्जमाथि एउटा डसना बिछ्याएको छ । बिछ्याउनाको पूर्वतिर भल्लर च्यातिएको एउटा तकिया राखिएको छ । बायाँ कुइनोले तकियामा अडेस लाएर जाँघवाल सुरुवालमाथि गौनको फरिया र डम्मरकुमारीको खाष्टो लाएर हजूररानी लय हालेर भानुभक्तको रामायण बाँचिरहन्छिन् ।]

"एक्दिन् नारद सत्यलोक् पुगिगया लौको गरूँ हित् भनी—

[एउटा झुत्रो लुगा लाएकी दुब्ली सुसारे उभिरहेको हजूररानी

CC-0. In Public Domain. Digitization by eGangotri

देख्तिनन् । एक छिनपछि कोल्टो फर्काउन खोज्दा सुसारेलाई देखेर हजूररानी झस्कन्छिन् ।]

हजूररानी—(अलि रिसाएर) कस्तरी तर्से ए बोलाउन त पर्छ नि, बोक्सी उभिरहे जस्तो चूप लागेर उभिरहेकी राँडी।

सुसारे—रामायण बाँचिबक्सेको वेला भएकोले रिसानी होला भन्ठानेर बिन्ति नचढाएकी।

हजूररानी—किन मर्न आएकी भन् ?

सुसारे—मुखिया बा पाल्नुभाको छ।

हजूररानी—पठाइदे।

[सुसारे जान्छे। नरवीर मुखिया आउँछन्। सलाम गर्छन्।]

हजुररानी—(सलाम फर्काउँदै) घेरै बेर भो कि तिमी आएको ! आउनासाथ हाजिर पुऱ्याइदिनुपर्छ नि त्यस उभिएर मरिरही। एक-एक जनाले मलाई धुरुक्क-धुरुक्क रुवाइसके मुखिया।

नरवीर—एकै छिन मात्र भो आएको !

हजूररानी—(उत्सुकता पूर्ण भावमा) कुरा मिल्यो ?

नरवीर—(ओठ लेप्याएर) अहँ !

हजूररानी—के भन्यो ?

नरवीर—धितो नराखीकन त एक पैसा पनि दिन्न भन्यो। अरू १।२ जनाकहाँ पनि गएको थिएँ, कसैले पनि दिएनन्।

हजूररानी—(एकछिन। नैराश्य भावमा टोल्हाउँछिन् अनि उदासीन भावमा भन्छिन्) के गर्ने त मुखिया, फसादै भो नि, भोलि दशैं भइसक्यो (हजूररानीका मुहार चिन्तित हुन्छ। फेरि भन्छिन्।) भनन, गर्ने के अब ?

नरवीर—(गम्भीर मुद्रामा) हजूर !

CC-0. In Public Domain. Digitization by eGangotri

हजूररानी—के उपाय गर्छौं भन ?

नरवीर—दिँदैनन् कसैले म के बिन्ति चढाऊँ हजूर ? आशा भएका ठाउँ जतिबाट निराश भएर फर्कनुपऱ्यो ।

हजूररानी—नभै त हुँदैहुन्न मुखिया, के गर्छौं ?

[यत्तिकैमा भानुराजाको प्रवेश । उमेर २५ वर्ष, गोरो वर्ण अग्लो भएर दुब्लाएको शरीर । वेश–भूषा-नैनसूतको भोटो-सुरुवाल, कपाल कोरिराखेको, टुप्पामा भाङ्ग्रो देखिइसकेको रातो बराँतको कपडाको चट्टी लाइराखेका छन् । भानुराजाको प्रवेश हुनासाथ नरवीर जुरुक्क उठेर सलाम गर्छन् ।]

भानुराजा—(पस्दा पस्दै) काम फत्ते भो मुमा ?

हजूररानी(उपेक्षाको भावमा) मुखियासँग सोध

भानुराजा—(मेचमा बसी मुखियातिर हेरेर) बस मुखिया दाइ, के भो, काम पऱ्यो ?

नरवीर—(वस्दै हात मलेर) अहँ काम बन्न सकेन हजूर ।

[चिन्तामय मुद्रामा हजूररानी उठेर निस्कन्छिन् । हजूररानी बाहिर निस्किसकेपछि भानुराजा र नरवीर मुखिया दुवै बस्छन् ।]

भानुराजा—(अलि चिन्तित अनुहारमा) के गर्ने त मुख्या दाई ?

नरवीर—(हात जोरेर) फसादै भो हजूर, भोलिको काम भैसक्यो ।

भानुराजा—बरु ब्याज सयकडा ३० दिन परे पनि दिउँला भन । के गर्ने त अब; जे गरेर पनि काम चलाउन पर्छ, बाँच्न पर्छ हुने खाने-राम्ररी बाँच्तछ, हामी मरीमरीकनै बाँचौं, बाँच्न चाही चाहीकनै मरौं, हाम्रो निति अरू थोक के उपाय छ त ! बरु साहूले नै भत्ता लिन जान पाउने गरी दस्खत गरिदिउँला ।

CC-0. In Public Domain. Digitization by eGangotri

२ महीना जति भोकै बस्नुपरे पनि केलाग्छ ? दशैंमा सबै जोरी-पारीको अगाडि जे गरेर पनि नाक राख्नै पर्छ।

नरबीर-हजूरबाट मर्जी नहुँदमा आंट गरेर मैले नै त्यो कुरा पनि चलाइसकें, धितो नराखीकन केही गरे पनि दिन मानेनन्।

[भानुराजा निराशको भावमा शिर निहुराउँछन्। हजूररानी जाग्दै जाग्दै पस्छिन्।]

भानुराजा—किन रिसानी भैबक्सेको मुमा ?

हजूररानी—(भुत्भुतिदै मुखियातिर हेरेर) एक-एक जनाले धुरुक्क रुवाइसके मुखिया, मलाई।—दशैंलाई भनेर खाई नखाई पारिराखेको अचार पनि खसाएर शीशीसमेत फुटालिसकी।

भानुराजा—कसले मुमा ?

हजूररानी-अरू कसले होला, त्यही राँडी चमेलीको काम। पक्षवातले शक्ति खिचिसकेको जस्तो रांडीको हात छ,-जे समायो त्यहीं खसाई, गिराई, सत्यानाश गरिसकी त्यो राँडीले (मुखिया तिर हेरेर) निकालिदेऊ मुखिया त्यो राँडीलाई आजै, बरु आफै भाँडा माझेर खाउँला हामी। धुरुक्क-धुरुक्कै रुवाइसकी।

भानुराजा-अचारको कुरा छोडिबक्स्योस् मुमा! भोलिको कुरा के गर्ने ? मुखिया दाइले कतैबाट पनि ल्याउन सकिन रे।

हजूररानी—(रिसकै सिलसिलामा) मलाई के भन्छौ; तिमी नै जान। म त के ६० वर्ष पुगिसक, आज निदाउँछु कि भोलि निदाउँछु। यसै होला भनेर आफूसित अलि-अलि भए पनि पूजी भएको वेला 'व्यापार भए पनि गर, लगानी भए पनि गर' भनो हज्जारचोटि हात जोरिसकें 'त्यत्राका सन्तान भएर

CC-0. In Public Domain. Digitization by eGangotri

पनि त्यस्तो नीच काम पनि गर्ने ?" भनी बातनपिच्छे' मेरो बाबुले घिउ भात खाए; मेरो हात सुँघ-सुँघ' गर्थ्यो। आज मलाई के भन्छौ ? तिमी त केटी राखेर पनि गृहस्थी भयौ, श्रीमैंया आज तीस तीस वर्ष पुगिसकी, तिमीले केटी राखे भैं उसले केटो राख्न हुँदैन। विचरीको जिन्दगी नै त्यसै वित्यो। ठूला भनेर आज तिम्रो के इज्जत रहेको छ ? बिर्ताको नाममा शून्य भैसक्यो; घर एउटा छ; कुनै भयालमा ऐना एउटा छैन। बेच्दा बेच्दा भूईमा छापेका मारवलसमेत पनि शून्य भैसक्यो। अब बेच्ने कुरामा घरै एउटा छ, अथवा झ्याल ढोका निकालेर बेचे २।४दिन टार्न सकिन्छ। मानिसले छँदैमा उपायगर्न जान्नुपर्छ नि।

भानुराजा-मलाई के आज्ञा हुन्छ मुमा, हजूरको समाजलाई आज्ञा होस्। समाजमा बसेपछि सामाजिक इज्जत राख्नैपर्छ। पापको फलले ठूलो भएर जन्मियो के लाग्छ सहनै पर्‍यो।

हजूररानी—केटी स्वास्नी राखेर टार्न पनि के सामाजिक इज्जत राख्नु हो ? खान्दानी भएर जन्मनुमा केही दोष छैन। व्यावहारिक बुद्धि चाहिन्छ, आर्थिक ज्ञान चाहिन्छ, अनि उसले जीवनमा उज्यालो देख्न पाउला (वेदना, दिक्दार, रीस र उपेक्षाको सम्मिश्रित भावमा) खुकुरी झिकेर ल्याउ सेरिएर मरूँ, तिमी पनि सेरिएरै मर, श्रीमैयां पनि सेरिएरै मरोस्। बाँचि-रहन हक छैन भने के मनमा पनि अधिकार छैन ? मरिसकेर पनि तिमी इज्जत र बेइज्जत संझन्छौ भने, भरे राती सुत्दा घरको चारैतर्फ प्याट्रोल बालिदेऊ, अनि समाजको आँखाले 'आगलागीमा' परेर मर्न पाउनेछौं।

[भानुराजा केही पनि बोल्न सक्तैनन्, अलि जिल्लिएर बसि-रहन्छन्।]

नरवीर—(हजूररानीतिर हात जोरेर) हजूर, अब रिसानी

CC-0. In Public Domain. Digitization by eGangotri

भएर गए बितेको कुरा उठाई पछुतो गरेर पनि फाइदा छैन। बाबुसाहेबलाई पनि अझ बालकै ठानिबक्स पनि हुन्छ, हरेस खाइबक्सेला। बिपत्तिनआउन्जेल मात्र यसदेखि डराउनुपर्छ, आइसकेपछि त्योसित सामना गर्न सक्नुपर्छ। अहिले पनि केही बिग्रेका छैन। शोचविचार र उपाय-अकलको अगाडि पर्न जान्नु पर्छ अझै पनि प्रभुको अवस्था मज्जासित सुध्रन सक्छ। चुत्थो पनि आजकालको भाउले ४।५ हजार जति घरको गइहाल्छ। बरु हजुरकै रायअनुसार घरै बेचेर पनि एउटा व्यापार उठाऔंला। अब भोलिको दशैं एउटा जे गरेर पनि टार्नु पऱ्यो। प्रभु, मेरो विचारमा त यही बुद्धिमानी काम हो।

हजूररानी र भानुराजा—(दुवैले एकै चोटी) भनन त कसरी भोलिको दशैं टार्ने ?

नरवीर—श्रीमैयाँसाहेबको इर्यलिङ दुइ गिन्नीको होइन ?

हजूररानी—हो।

नरवीर—आजकलको भाउले हीराको पनि ३।४ सय आइहाल्छ। त्यही इर्यलिङ बेचेर अथवा धितो राखेर दशैं टारौं।

[हजूररानीको मुद्रा केही चिन्तित हुन्छ।]

भानुराजा—मुखिया दाइले बेसै सुझायो नि मुमा त्यसै गरौं, बरु चाँडै दीज्यूको इर्यलिङको इर्यलिङै भर्ना दिउँला।

हजूररानी—(स्वीकृतिको भावमा) तिमी नै बोलाएर भन।

भानुराजा—(नरवीरसँग) जाऊ त मुख्यादाइ, दीज्यूलाई बोलाएर ल्याऊ।

[नरवीर जान्छन् एक छिनमा श्रीमैयाँ र नरवीर पस्छन्।]

श्रीमैयाँ—(हजूररानीतिर हेरेर) किन मुमा ?

हजूररानी—भानुराजासँग सोध।

भानुराजा—(केही लज्जित भावमा) २।३ दिनलाई हजूरको

CC-0. In Public Domain. Digitization by eGangotri

इयरलिङ एकचोटी बक्स्योस्न दीज्यू !

श्रीमैयाँ—(संकुचित भावमा) किन ?

भानुराजा—(शर्मिन्दाकै भावमा) चाहियो ।

श्रीमैयाँ—(संकालु भावमा) किन वा भनन ।

भानुराजा—भोलिको दशैं भैंसवथो, मुख्या दाइले कतैबाट पनि रुपियाँको बन्दोबस्त गर्न सकेन । हाम्रो इज्जत जान लाग्यो, त्यसैले दीज्यूको इयरलिङ बन्धक राखेर भए पनि इज्जत थाम्नै पऱ्यो, २।४ दिनमै निखनेर दिउँला ।

[चिन्तित मुद्रामा श्रीमैयाँ भोक्रिन्छिन् ।]

हजूररानी—(श्रीमैयाँसँग अस्वस्थ भावमा) देऊ वा, नत्र हाम्रो इज्जत रहन सक्तैन चाँडै निखनिदिउँला बरु ।

(मयालु भावमा श्रीमैयाँ हजूररानीको मुहार हेर्छिन् । अनि भित्तामा टाँगिएको ऐनामा इयरलिङ लाइराखेको आफ्नो अनुहार एकचोटि हेर्छिन् ।)

श्रीमैयाँ—(गहभरी आंसु गरी इयरलिङ फुकालेर हजूररानीको हातमा सुम्पदै) शिरबन्दी पाउजेवहरू पनि सबै यस गरी लिइबक्स्यो, अब यो इयरलिङ एक जोर पनि नभएपछि बुच्चो कानले टीका जाने ?—यसपालि टीका पनि जान्न म ।

[श्रीमैयाँका दुवै आंखाबाट जबर्दस्ती रोक्दा–रोक्दै पनि आंसु खसिहाल्छ । हजुररानीले पनि आँखामा आंसु पुछ्दै इयरलिङ थापेर लिन्छिन् । भानुराजा मुन्टो निहुराइरहन्छन् । हजूररानीले इयरलिङ नरवीरलाई दिन्छिन् । हरथुङ्गाले आंसु पुछेर श्रीमैयाँ एकचोटि नरवीरको हातमा रहेको आफ्नो इयरलिङ हेर्छिन् ।]

पटाक्षेप

('छेउ लागेर' बाट)

२६, माघ ०६।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री शिवकुमार राई

१९७२–

[बी. ए. । केही दिन 'गोर्खा' का संपादक पनि । गोर्खा लीगका एक प्रमुख संस्थापक । २००१ देखि 'शारदा' हरुमा कृतिको प्रकाश हुन थालेको ।

राईजी समाजसेवक मात्र हैन, किन्तु सफल कथाकार पनि हुनुहुन्छ भन्ने कुरामा उहाँका कृतिहरु नै प्रमाण छन् । उहाँमा जति कर्तव्यपरायणता र जातिप्रेम देखिन्छ उत्तिकै साहित्य-प्रेम पनि । दुःखी समाजलाई देखेर उब्जेको वेदना हृदयमा उकुसमुकुस भई बाहिर निस्केकोले उहाँका कथामा विशेष गरेर करुण रस प्रधान हुनु स्वभाविक हो । हुनत ऐतिहासिक कथा-तिर पनि उहाँले दृष्टि दिनुभएको छ । प्रवासी भएर पनि विशद भाषा हुनु, सामाजिक दुर्दशाले दर्द भएको भए पनि रसिलो शैली हुनु, राजनीतितिर आकृष्ट भएको भए पनि यथार्थवादी बन्नु उहांको वैशिष्ट्य हो ।]

CC-0. In Public Domain. Digitization by eGangotri

दिल्लीको सुर्मावाला

हावडा स्टेशनबाट प्रायः दश बजे विहान छुटेको तूफान एक्सप्रेस सिग्नल पोष्ट काटिनासाथ हावासित बात गर्न लाग्यो। क्रमशः वर्धमान, बराकर, रानीगंज, आसनसोल पछि छाडिंदै गए क्लासका फिस्सु केटां झैं। तूफान एक्सप्रेस पूरा वेगसित अघि बढिरहेथ्यो, श्रृङ्खलाबद्ध 'घटटट घटटट घटटट' आवाज समय समयमा गाडीको सीटीको तीखो आवाजले तोडिन्थ्यो। आज डब्बामा वेसी मानिसहरू थिएनन्—आठ दश जना बंगालीहरू थिए। ती वर्धमानमै उत्रे। दुइ जना मधिसे गाडीको बङ्कमाथि चढी बाघको डमरु झैं घुर्न लागे। कृष्णवीर र हरिभक्त 'कि म थाक्ला कि त यूनिभर्सिटीलाई थकाउंला' भन्थे तर शायद आज आफै थाकेर होला आमाको माखा-मुन्द्री र बावुको फलामे सेफ साफ गरेर दिल्लीको लाल किल्ला र आग्राको ताजमहल हेर्न दौडिरहेका थिए, आखिर तिनीहरू इतिहासका छात्र नै ठहरे। कृष्णवीरचाहिं झिंगेदाउमा फटाक फुटुक दुइचारपैसा हात पारेर कलकत्ता दुइचारचोटि भागेर गएको थियो। आफूलाई खूबै बाठो संझन्थ्यो। तर हरिभक्तले भने ठूलो गाडी र फिंजिएको मैदान यसपालामात्र देखेको हो।

कृष्णवीर र हरिभक्त दुवै गाडीको झ्यालबाट बाहिर हेरिरहेका थिए। कृष्णवीरलाई म निकै बाठो छु भन्ने घमण्ड थियो। त्यो भन्न लाग्यो, "ल ऊ त्यो हेर धांनको लहलह बाला लौ उता हेर, जम्मै पाटको खेत—यहाँ हेर यो कोठेबारीमा

CC-0. In Public Domain. Digitization by eGangotri

घामको उज्यालासम्म पस्न नदिने गरी बारेर केराखेको भन्ठान्छौ, जस्मै पानको खेत हो यसरी बारेर राख्नुपर्छ।' हरिभक्त बिचरा यी जस्मै नौलो चीज देखी छक्कै पर्‍यो। गाडी बाटोको स्टेशनमा एक छिन अडियो। एउटा मानिस हातमा सानो टिनको बाकस लिएको तिनीहरूको डब्बामा पस्यो र पछाडिपट्टि गएर बस्यो। कोही, कहाँ जाने इत्यादि कुरा जान्न दुवैलाई चासो थिएन तर गाडी छुट्नासाथ 'तानसेन गोली, 'तानसेन गोली'ले ती दुइको ध्यान आकर्षित गर्‍यो। त्यो भर्खर मात्र चढ़ेको मानिस टिनको बाकसबाटससाना शीशीहरू निकाली भन्न लागेको थियो, "तानसेन गोली—पन्जाबमें बना हुआ, मुह में आप एक गोली रक्खें तो खुशबू आने लगेगी, मिजाज खुश हो जायेगा। बडी शीशीका आठ आने, छोटी शीशीका चार आने लीजिए बावुजी, टेस्ट कीजिए।"

कृष्णवीरले साना साना दुइटा राता गोली थापेर खायो औ मागेर हरिभक्तलाई पनि दियो। फेरि त्यो मानिसले अर्को शीशी निकालेर भन्न लाग्यो, "टाइगर बाम, बंगाल केमिकलका टाइगर बाम। यदि शिर में दर्द हो, खाँसी सर्दी हो तो इस बाम को इस्तेमाल करें, फ़ौरन दर्द दूर हो जायगा। फोडा, फुन्सी सभीको यह अच्छी करदेती है। यदि सर्प या बिच्छी डंक मारे तो थोडी सी बाम उस जगह मे मल दे तो दर्द फौरन दूर हो जायेगा। दाम सिर्फ आठ आने, सभी घरवालोंका एक शीशी अपने पास रखना चाहिए।" शीशीबाट बाम निकाली त्यसले परदेशीहरूका निधार र कञ्चटमा दलिदिन लाग्यो कृष्णवीर किन मौका चुकाउँथ्यो र? त्यसले आफ्नो निधार अघिल्तिर सारिदियो। त्यो भन्न लाग्यो, "हरिभक्त, तिमी पनि दलिमाग त औषधि शीतल हुँदो रहेछ।" हरिभक्तले मानेन।

CC-0. In Public Domain. Digitization by eGangotri

बाटामा कैयौं फेरिवालाहरू टर्चलाइट, टुथपाउडर, चकलेट, इत्यादि बिक्री गर्न चढे, उत्रे। गाडी पूरा वेगमा कुदेको कुद्य थियो। कृष्णवीर भन्न लाग्यो, "सुन्यौ हरिभक्त, बडा गाडीमा त होशियार भै बस्नुपर्छ। हाम्रो डी० एच० आर० जस्तो होइन नि। तिमी त के लाटो जस्तो एकोहोरो हेरिराको। मान्छे चढेका र उत्रेका वेला आफ्नो मालमत्ता याद गर्नु पर्छ। हजार मानिसहरू चढ्छन्, उत्रन्छन्, कुन वेला कसले के टिपेर लजा-ला—चंखो बस्नुपर्छ।" बङ्कमाथि देखाएर त्यो भन्न लाग्यो, "अँ, उ त्यो माथिको फलामको साँगलो देख्यौ ? के भन्ठाने-का छौ त्यसलाई, गाडीमा कुनै प्रकारको घटना अथवा 'एक्सि-डेण्ट' भए त्यो साङ्लो तान्नुपर्छ, गाडीमा ब्रेक लागिहाल्छ तर, बिनासित्तिमा ताने ५० रु० फाइन तिर्नु पर्छ नि! यहाँ माथि बङ्कमा सुत्दा हात पर्ला नि होश गर्नू।" त्यो फूर्तिसाथ तूफान एक्सप्रसकै वेगमा गइरहेको थियो-"अँ फेरि टाउको त्यसरी बाहिर निकालेर बस्नु हुन्न, कहिलेकाहीं माथिबाट अकस्मात् भयाल खस्छ र टाउकोमाथि बज्रन्छ, कहिले अर्को लाइनबाट आउने गाडीको ढोका आउछ र ठूलो 'एक्सिडेण्ट' हुन्छ।" बिचरा हरिभक्तले बाहिर हेर्न पनि पाएन। त्यो खुंचिएर "लौ म त सुत्छु" भनी बङ्कमाथि चढ्यो। कृष्णवीर भन्नलाग्यो, "अँ हुन्छ, सुत तर पालैपालो सुत्नुपर्छ नि, निद्रामा कसैले भारी उठाएर लगे थाहा पाइन्न।" हरिभक्तलाई ब्याम्मै निद्रा लागेन। रातभरी नाना जातिका मानिसहरू चढे, उत्रे तर कृष्णवीर भने मोजले सुत्यो।

अब दिल्ली दुइचार घण्टाको बाटो थियो। लाल किल्ला र कुतुबमीनारकोध्यानले कृष्णवीर र हरिभक्तलाई बढ्तै खिचि-रहेको थियो। गाडी टूण्डला जंकशनमा अडियो। कृष्णवीरले

CC-0. In Public Domain. Digitization by eGangotri

रेल्वे टाइमटेवुल देखाएर भन्यो, "लौ हेर, अब दुइ तीन स्टेशन मात्र बाँकी छ। दुइ घण्टापछि हामी कि त विडला मन्दिरमा कि कनट प्लेसमा, कि इण्डिया गेटमा हुन्छौं।" दुइ मुसल्मान केटाहरू मैला गंजी र लुगा लगाएका चढे, कृष्णवीर र हरिभक्तलाई हेर्दै के कुरा गरे कुन्नि र पछिल्तिर गएर बसे। कृष्णवीरले ती दुवैलाई हेर्दै बिस्तारै भन्यो, "हरिभक्त, यस्ता मानिसहरूदेखि होशियार बस्नु है, गुण्डाहरू यस्तै हुन्छन्।"

गाडी छुट्यो। अर्को तेस्रो व्यक्ति पनि हातमा सानो छालाको सूटकेस लिएर त्यस डब्बामा चढ्यो। त्यसले त्यो छालाको सुटकेसबाट एउटा सानो सीसाको कलम र दुइटा सानसाना शीशी निकालेर मदारीले चटक देखाए झैं गर्न लाग्यो "—भाइयों, ध्यान से सुनिये। यदि आँख से पानी गिरता हो, आँख लाल हो या कम दिखता हो तो अपनी प्यारी आँखोंपर यह अंजन लगाइये, आँख को अच्छा कर देता है और खूब सूरत बना देता है।" त्यसले सीसाको कलम देखाउँदै भन्न लाग्यो, "लीजिये यह है सलाई, इसको पहले इस बोतल के पानी से धोइये फिर यय दूसरी बोतल से थोडी सी सुरमा निकाल कर अपनी प्यारा आँखोंमें सुरमा लगाइये"। त्यसले ती दुवै मुसल्मान केटाहरूका आँखामा सुरमा लगाइदियो र फेरि भन्न लाग्यो "भाइयों, अपनी प्यारी आंखों में सुरमा लगाइये आप रास्ते में चलते है तो धूल उड कर आँखों में आजाती है, गाडी में चलते है तो धूआँ, कोयला की बारिक टुकड़े उडकर आँखों में आजाती है, यह सुरमा आँखोंको साफ और तेज करदेती है—यदि कोई भाइसाहबको जरूरत हो तो खडे हो जाय।" स्कूलमा हेडमास्टरले बुझाएको भन्दा बढता लेक्चर गरेपछि, कृष्णवीरले किन नबुझ्ने र! आखिरी गिदी त भएकै

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस हो। पढ्नमा मन नदिएर मात्रै त हो नि एउटा क्लास-मा तीन वर्ष अल्भेको! त्यो किन पछि सर्थ्यो र? "मुझे लगा दीजिये" भनेर त्यो उभियो। त्यसले पनि, "अपनी प्यारी आँखोंमें सुरमा लगाइये" भनेर सुर्मा पोतिदियो। हरिभक्त जिल्ल परेर हेरिरहेथ्यो। "आप भी अपनी प्यारी आँखों में सुरमा लगाइये" भनेर सलाई अघि बढायो। हरिभक्त नाइँनास्ति गर्न नसक्ने चूप लागेर बस्यो। त्यसले दुवै आँखामा सुर्मा हालिदियो दुवै भुतुक्कै भए।

दुवैले एकचोटि दश चन्द्रमा र सहस्रौं तारा देखे, आँखामा अकबरे खोर्सानी नै हालिदिए जस्तो भयो। भतभती पोल्न लाग्यो। आँसु र सिंगान चुहाउँदै कञ्चटमा हात राखी दुवै घोप्टिरहे। पन्ध्र मिनेटपछि केही शीतल भयो, छङ्ग भए जस्तो लाग्यो र टाउको उठाएर तिनले चारैतिर हेरे। तूफान एक्स-प्रेस आफ्नो वेगमा कुदेको कुद्यै थियो तर के अचम्म! त्यो सुर्मावाला छैन साथै ती दुइ मुसलमान केटाहरू पनि छैनन् यताउति हेरे-बङ्कमाथिको सूटकेस र वेडिङ्ग छैनन्-साथ राखेको कोट, पैसाको ब्यागसितै गायब, मदारीका फूः मन्तरले हातैमा रुपैयाँ हराए जस्तो गरी।

काला-काला आँखा फुकालेर दुवैले एकचोटी चारैतिर हेरे। कृष्णवीर "यत्रो कलकत्ताका गुण्डाहरूले ठग्न नसकेको मानिसलाई आज कसरी यो दिल्लीको सुर्मावालाले आँखामा छारो हाल्यो" भनी थ्याच्च बस्यो।

("भारती" बाट)

—::o::—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री रत्नध्वज जोशी

१९७३–

[शिक्षा घरमै । प्रकाशित पुस्तक २। १९९६ देखि पत्र-पत्रिकामा जोशीजीका लेखहरू निस्कन थालेका हुन् ।२००० देखि चाहिं उहाँले समालोचनाको बिषय लिनु भयो, सारा लेखकको हृदय एकेक गरी तौलनुपर्ने हुनाले लेख्नुभन्दा समालोचना गर्नु गाह्रो कुरा हो शङ्का छैन ।]

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्य र जीवन

साहित्य शब्दको पनि शैशवकालमा मुख सानै थियो। पछि हनुमानको शरीर देख्ने सुरसाले झैं यसले संसारको गतिविधि हेर्दै आफ्नो मुख ठूलो पार्दै ल्यायो, काव्यप्रकाश आदि मात्र अटाउने मुखमा नैषध, शाकुन्तला आदि पनि अटाउन लाग्यो; हिजोआज त समग्र वाङ्मयलाई यसले आफ्नो पेटभित्र पारिसकेको छ। यसैले अब यो अंग्रेजी 'लिट्रेचर' शब्दको जोडा भयो।

यसका अरू अरू पनि पनि अनेक नाम छन् सहगमन, हितसहित, वर्तमान आदि। तर हिजोआज पनि 'साहित्य' भन्ने बित्तिकै यसलाई एकपल्ट मात्र देख्नेहरूको पनि आँखा अगाडि उभिन आउने यसको एउटा विशेष रूप छ। त्यो हो आफ्नो सहज रूप लावण्यले, सरल शृङ्गारले र सुशालताले मुग्ध पारेर तीतो टर्रो औषधि खुवाउन परे पनि सक्ने, महायुद्धमा पठाउन परे पनि सक्ने, कुल-वधूको जस्तो सुमधुर भाषा-शैलाविशेष। यसैले त यसलाई 'प्रिय वाक्य' उपाधि दिए, यसको काय प्रणालीलाई "कान्तासम्मिततयोपदेशयुजे" भन्न लागे।

विद्या ज्ञानको थुप्रो हो, फल व्यवहारकुशलता। त्यो नभनेर विद्या विदेशको पनि बन्धु हो, जति खर्च गर्‍यो उति बढ्द आउने धन हो जति लगायो उति टल्कदै आउने तर नखिइने गहना हो, मनको आँखा हो, कल्पलता हो भन्नु नै यसको स्वभाव हो।

CC-0. In Public Domain. Digitization by eGangotri

यही कारणले यसले धनुषयज्ञ, दुष्यन्त-शकुन्तला-विवाह पढ्न जति चाख लाग्छ, उत्तिकै तल्लीन भएर राम-वनवास सीता-निर्वासन र गर्भिणी शकुन्तलाको अपमान पनि आग्रह पूर्वक पढ्न मन लगाइरहेछ। रात र दिन, ज्वालामुखी र हिमालय, विष र अमृत तथा जन्म र मरण डोरीको दुइ छेउ जस्तो भएको संसारमा यी दुवै थोक मानिसलाई यसरी चाख लाग्दो बनाउँदै लानुपर्छ भन्ने कुरा यसलाई पहिलेदेखि नै याद थियो।

त्यसै कारणले आफ्नो घामछायाका साथी यसलाई सभ्य मानवसमाजले कहिल्यै छोडेन। यसले पनि उनीहरूलाइ उत्तिकै प्रेमले अंगालिरहेछ; उनीहरूले पनि आफूसँगसँगै उकाल्दै लगिरहेछन्। तर यहाँ यो स्वर हृदयले सुन्नेहरू औँलामा गन्न सकिन्छन्। धेरैको कानमा थाकिरहेको स्वर यो हो।—

'यो साहित्य भनेको चाहिंदो काम केही नपाए नरमाइलो लागेको समयमा बसी—बियाँलो गर्न मात्र काम लाग्ने साथी हो। अर्थनीतिको पालिश हो, राजनीतिको एउटा तरवार हो।'

वास्तवमा साहित्य हाम्रो विकासको पद चिन्ह हो, अन्न शारीरिक भोजन हो, साहित्य हाम्रो मानसिक भोजन। यो मानसिक भोजन पनि पाठकवर्गहरूकै लागि मात्र हो, लेखकको निम्ति त यो आत्माभिव्यक्तिको द्वार पनि हो—सूक्ष्म, परिष्कृत महान द्वार।

आत्मप्रकाशन जीवनरक्षाको एउटा प्रमुख साधन हो तर यो साधन सबैको एकैनासको हुँदैन। हाम्रा आदिम बन्धु बाँनरहरूलाई आजसम्म पनि घर वस्त्रको जरूरत अनुभव भएका छैन, रूखमा पीङ खेल्नपायो कि पुग्यो, तर यता हाम्रा बालकगण-

CC-0. In Public Domain. Digitization by eGangotri

लाई सम्म पनि चाँदीका टुक्रा र धूलाको भोज तथा पुतली पनि चाहियो जसमा बुद्धिले व्यायाम गर्ने अवकाश पनि छ, अझ योभन्दा पनि एक तह माथिकाहरूलाई 'साहित्य' चाहिन्छ। यसमा तपाईंको छाया मात्र होइन, तपाईं आफै देखिनुहुन्छ। अत एव साहित्यलाई मनोरञ्जन अथवा राजनीति र अर्थनीतिको साधन मात्र देख्नु पनि ती छ जना अन्धाहरूले हात्तीलाई नोल जस्तो, नाङ्लो जस्तो इत्यादि देख्नु तुल्य हो। त्यस्ता एकाङ्की दृष्टि हुनेलाई दयाको पात्र सम्झनुपर्छ।

साहित्य र जीवन नङ मासु जत्तिकै टाँसिएको सामयिकता प्रधान दैनिक, मासिक आदि पत्र, शिक्षाका माध्यम स्कूल, कलेज र अरू पुस्तकीय साहित्यबाट अलग निरीक्षकवर्गको जीवनरथसम्म पनि यो पाँग्राविना अगाडि गुडेको छैन।

हिजो बिहान मेरा एक साथीलाई अर्को साथीले बुद्धि-चालमा आँखामा छारो हालिदिए। हार्नेका मुखबाट निस्क्यो-कागको फुल चोर्ला जस्तो! एक छिनपछि उहाँको भाइले जति कुरा पनि नबुझेकोले साथीले भन्नुभयो। गधा! आज बिहान जति उठाए तापनि 'ऊँ ऊँ' मात्र गरेर स्वप्नलोक नछोडेको हुनाले उही भाइलाई भन्नुभयो—कुम्भकर्ण, दिउसो उहाँक फेशन देख्नेबित्तिकै एक गाइनेले "हजूर, राजा, काजी; हजूरको घरमा लक्ष्मीले वास गरोस् ।" भन्ने मन्त्रले उहाँका जेबबाट एउटा ढ्याक झारेर लियो। भरखरै मात्रको कुरा, नून किन्ने पसाले खट्टा भएर म चिन्तामा डुबिरहेको, छोरो 'गीचंगी

CC-0. In Public Domain. Digitization by eGangotri

गुज्जा किनिदिइनँ भनेर धलामा लडीबुडी खेलेर रुन लाग्यो। त्यस वेला आफूले पत्त नपाईकन मेरो मुखबाट निस्केछ 'अचानुको पीर खुकुरीले जान्दैन।'

यो हो जीवन र साहित्यको घनिष्ट सम्बन्ध। तर यो पहिलो खुड्किला मात्र हो, लिखित साहित्य यसको विकसित स्वरूप हो यसभन्दा माथि माथिको खुड्किला हुन्।

साहित्य कल्पतरु हो, मानव पृथ्वी। साहित्यकारको ज्ञान यसको जरा हो। कविता, कहानी आदि मूल शाखा हुन्। बादल र आकाश कल्पना हो। जुन रसले यो रूख हरियो भइरहन्छ, त्यो भाव हो। फूल र मधुर फल यसका परिणाम हुन्। जत्ति निपुणतापूर्वक यो रूख निर्माण भयो त्यो कला हो। मानवजीवनको जुन विभागमा यो रूख छैन मरुभूमि हो। रचनात्मक आलोचना बतास र घाम हो, ध्वंसात्मक आलोचना हुरी। जमीनभित्रबाट उम्रन्छ तर स्वर्गतिर हेरेर चढ्दै जान्छ चन्द्र सूर्यादि नक्षत्र, पुतली, भ्रमरा, पंछी आदि शेष प्रकृतिसित पनि यसले घनिष्ट सम्बन्ध जोडनै रहन्छ। यो रूख जीवनका जति गहीरो र फराकिलो क्षेत्रको रसले उम्रर पल्लवित पनि भइरहेको हुन्छ, यसको आयु पनि उत्तिकै लामो हुन्छ। शकुन्तला, ह्यामलेट, गीताञ्जलि आदि यस्तै रूखहरू हुन्। जसरी आफ्नो जन्म-भूमि र ऋतुपरिवर्तनको छाप रूखले लुकाउँदै, त्यस्ता देशकालविशेषको मानवजीवनको चिन्ह पनि साहित्यमा अंकित भइरहेको हुन्छ। भारतीय व्यास, वाल्मीकिको यूरोपियन स्वरूप होमर हुन्। कालिदासको शक्सपियर, दशाननको आधु-

CC-0. In Public Domain. Digitization by eGangotri

निक अवतार हिमस्त, पार्थ-सारथिको हिजोआजलाई सुहाउँदो स्वरूप, महात्मा गान्धीजी र महाभारतको बासौं शताब्दीको रूप महाबुद्ध हो। रूप फेरिए तापनि 'वस्तु फेरिन्न, दृष्टिकोण बदलिन सक्छ, तर दृष्टि बदलिन उही रस, उही हाँगा, उस्तै पात, घाम, पाता आदिको भरमा साहित्यतरु युगयुगसम्म झाँगि-रहन्छ।

यही साहित्य कल्पवृक्षका छायामा बसेर, आराम लिएर फल चाखेर पक्षीहरूको गात सुन्दै जीवनरथ गुडाउनु सहृदय पाठकवर्गको काम हो।

—:oo:—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री सागरमणि आ. दी.

१६७६–

[म्याट्रिक पास । प्रकाशित पुस्तक 'नेपाली वीरता । पत्रपत्रिकामा कृतिको प्रकाश ।

सूर्यकान्त मणिबाट आगो निस्कन्छ भन्ने पुरानो भनाइ झैं सागरमणिजीको कलमबाट वीररसको तातो प्रवाह सरस भएर गद्यरूपमा बहन्छ । वहांका कृतिबाट भाषा र देशमाथिको स्वच्छ भक्ति देखिन्छ । इतिहासतिर पनि उहांको प्रगति छ । उहाँको भाषाशैली जोशिलो र संस्कृतमय देखिन्छ ।]

—:o:—

CC-0. In Public Domain. Digitization by eGangotri

वीर नेपाल

वीरता यस भूमिको मुख्य बीज, साहस यो बगैंचाको सुरभित फूल र टेकका निम्ति प्राण दिनु नेपालीहरूको पुरानो आदत हो, जसका खुकुरीको चमकले वैरीहरूको हृदय कांपथ्यो जसका भ्रूभङ्गले लाखौंको भाग्य-नौका डगमगाउँथ्यो, त्यस्ता वीरहरू यस देशमा जन्मेका थिए।

वीरता, दृढता, स्वाभिमान, चातुर्य, युद्धकौशल, निर्भयता र टेकका निम्ति प्राण दिएको दृष्टान्त नेपालको इतिहासमा प्रशस्त पाइन्छ। पूर्वमा शिखार्जुन र पश्चिममा कोट कांगडा-सम्म नेपाल सरकारको विजय-वैजयन्ती फर्फराउने अमरसिंह थापा प्रभृति वीर योद्धा, देश-स्वातन्त्र्यको रक्षा गर्ने अद्भुत वीरता देखाउने बलभद्रसिंह कुँवर, दामोदर पाण्डे, धीरशमशेर जङ्ग बहादुर राणा आदि वीरपुङ्गवहरू यही नेपालभूमिमा जन्मेका, यिनै मातृभूमिको काखमा खेलेका, यिनको अन्नजलले बढेका र यिनको रक्षाकार्यमा प्रफुल्ल चित्तले प्राण समर्पण गरेर यिनमा लीन भएका छन्।

नेपाल! अहा! कति प्यारो राम्रो नाम छ। यी तीन अक्षरी नाम लिंदैमा सदा समरविजयी शाहदेव, प्रचण्डभुजदण्डशाली शमशेर जङ्गबहादुर राणा, वीर थापा, पाण्डे, बस्न्यात, बहादुर मगर, साहसी गुरुङ, अपराङमुखी राई किरातीहरूको सम्झना हुन्छ। उनको गौरव, उनको प्रताप, उनको नाम र यश कीर्ति आज पनि प्रसिद्ध छ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल ! तिम्रो गौरवको स्मरण गर्दा श्रद्धाले शिर निहुरन्छ। तिम्रो वीरताको इतिहास पढ्दा मुर्दा जस्ता नसामा पनि जोश फूर्ति आउँछ। तिम्रो पूर्वकथा सम्झेर निर्बल मानिसको पान भुजा फड्कन्छ। तिमी धन्य छौ ! तिमीलाई नमस्कार छ। बारंबार नमस्कार छ !!

नेपाल त्यो गौरवभूमि हो जहां हाम्रा प्राचीन योद्धाहरूले देशाभिमानका निम्ति रगतको खोलो बगाए, जहाँ स्वतन्त्रताको रक्षा गर्न कैयन् देवीहरूले वैधव्यको कठोर दण्ड भोग्न तयार भई आफ्नै हातले आफ्नो पतिदेवलाई वीरवेशमा सिंगारेर रणक्षेत्रमा पठाए, कैयन्ले वृद्धावस्थामा पुत्रशोकको दारुण आघातलाई शान्त चित्तले सहे। यसै भूमिको रक्षा गर्न हजारौं देशबान्धवले भर्खरको कलिला जीवनको मोह नराखी समराङ्गणमा प्राण समर्पण गरे। यही देशको स्वातन्त्र्य रक्षाको पवित्र कार्यमा सरदार भक्ति थापा, नयनसिंह थापा आदि नरपुङ्गवले सहर्ष आफ्ना शिर चढाए, वीरांगनाहरूले आफ्नो कोमल शरीरमा शत्रुका कठोर अस्त्रशस्त्रको प्रहार सहे। जसले केवल औचित्यको पालन गर्न कष्ट सहे, विदेशी शासकको आधिपत्य मानेर सब किसिमको सुख भोग्ने सट्टामा छियाछिया भएर प्राण दिन स्वीकार गरे, स्वदेशको मानरक्षाका निमित्त तृणवत् संसार त्यागे, पद–पदमा विफल भएर पनि कर्तव्यपथबाट हटेनन्, व्यक्तिगत भविष्यको वास्ता नराखी मातृभूमिको हितका निमत्त सर्वस्व जीवन धनसमेत अर्पण गरिदिए, ती देशबन्धुहरूको जतिसुकै तारीफ गरे पनि थोरै छ। वर्षका वर्ष विते, तर आजसम्म त्यो गहीरो रक्तप्रवाहको लालिमा नेपालको भूमिबाट मेटिएको छैन।

CC-0. In Public Domain. Digitization by eGangotri

अनादिकालदेखि नेपाल वीरताको आदिम स्रोत रहेको छ। सयकडौं वर्षदेखि यस देशले वीरतामा ख्याति पाएको छ। नेपालको प्रजा साँच्चिक बहादुर छन्। हरएक अवसरमा यस देशका प्रजाले युद्धक्षेत्रमा प्रसन्नतापूर्वक अनगिन्ती बली चढ़ाएका छन्। यही हाम्रो इतिहास छ। शाह, राणा, थापा पाण्डे, बस्न्यात, मगर, गुरुङ, किराती आदि सबै जाति, धर्म र इलाकाका प्रजा जन्मजात वीर छन्। उनीहरूको बहादुरी संसारप्रसिद्ध छ।

नेपालीहरूलाई कर्तव्यपथबाट विचलित गर्न आजसम्म कसैले सकेको छैन। सबै भीषणतासहित स्वयं कालले पनि नेपालीहरूलाई तर्साउन सकेको छैन। कर्तव्यले मागेको समयमा यिनीहरू हाँस्दै र खेल्दै भयङ्कर यमदूतलाई अङ्कमाल गर्छन्, महान् महान् विपत्तिलाई हेलाको हाँसोले उडाइदिन्छन्, खुशीसाथ आफ्नो सर्वस्व होमिदिन्छन् र स्वदेशको स्वातन्त्र्यरक्षाका निमित्त उल्लासपूर्वक प्राणको आहुति दिन्छन्। यस देशका लोग्नेमानिसको त के कुरा, स्वास्नीमानिसले समेत आफ्नो देशको नाम, इज्जत र स्वतन्त्रताको निमित्त मृत्युको सामना गरेका छन्। हाम्रो इतिहास यस्तो गौरवशाली उदाहरणले परिपूर्ण छ। हाम्रा देशबन्धु ती सुप्रसिद्ध वीरहरूका सुयोग्य सन्तान हुन् जसका अजोड साहसिक कर्म नै उनका अमर स्मारक छन्, जसका उत्कृष्ट धैर्य, शूरताले हाम्रो देशलाई सबै देशका प्रजाले यात्रा गर्न र पुज्न लायकको एक महान् तीर्थ बनाएको छ।

जुनसुकै युद्धको इतिहास पढ्नुहोस्, नेपालका सैनिकलाई आफ्नो परम्परागत कीर्तिमा स्थिर पाउनुहुनेछ। संसारका

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न रणक्षेत्रमा हजारौं नेपाली उत्साही वीरले युद्धमा बारंबार अपूर्व धैर्य, उत्कट पराक्रम तथा आत्मबलिदानका उत्तम भावनाको चमत्कारिक प्रमाण दिएका छन् । नेपालका योद्धाले हाँस्तै आफ्नो शिर कटाए, राजीखुशीले-तोपका गोला, भयङ्कर बमविस्फोट र निशाना साधिएका बन्दूकका गोलीको अनवच्छिन्न वर्षाको शिकार भए, प्रसन्न चित्तले भोका र प्यासा रहेर दारुण यातनायुक्त मृत्युको स्वागत गरे, तर बीचमा न त विश्राम नै लिए न काम अधूरा छोडे । 'युद्धमा सिंहसमान पराक्रमी नेपालीहरूले प्रशंसनीय उत्तम चरित्रशाला भएर लड़ाइँका इतिहासमा स्वर्णाक्षरले लेखिने अप्रत्ययकर गौरवशाली कार्यहरू गरेका छन् । नेपालका नरव्याघ्रहरूले अरू साथीहरूसँग मिलेर शत्रुमाथि साहसिक प्रहार गरेर युद्धमा विस्मयकारी बहादुरी देखाए । विपद्मा परेर पनि धैर्यसित युद्ध गरी राजभक्तिको प्रत्यक्ष प्रमाण दिएर संसारका मानवी प्रजाबाट प्रशंसा पाए । युद्धक्षेत्रमा अटल रही छातीलाई वारपारछेड्ने गोलीवर्षा सहेर सच्चा पौरख देखाए, रणभूमिबाट भाग्ने विचारसम्म पनि गरेनन् । नेपालको कुनै मानिस भगुवा अथवा डरछेरुवा भनी आजसम्म अपमानित भएको छैन ।

यस दशका सैनिकले युद्धकालमा भोक, प्यास, जागरण, शारीरिक यातना, असह्य र अति दुःखमय शीत तथा वर्षा (हिमवर्षा) पनि सहे जसका अभ्यास नै थिएन । स्वयं, आफ्नो शारीरिक सुख र सुविस्ता, परिवारको भविष्य, तरुणी गृहिणी, असहाय निराधार बालबच्चा र आश्रितहरू, वृद्ध माता-पिता र—यति मात्र होइन— प्राणको पनि सर्वथा वास्ता नराखी नेपाली वीरहरूले युद्धभूमिमा मर्न स्वीकार गरे, तर भाग्न खोजेनन्, कर्तव्य-पथबाट हट्न चाहेनन् । परोपकारका निमित्त

CC-0. In Public Domain. Digitization by eGangotri

हाँस्दै र खेल्द आफ्नो प्राण दिए। यस्ता महान् आकांक्षणीय रीतिबाट नेपाल र नेपालीको कीर्ति राखे, अनि आफ्नो लागि सच्चा जीवन—अमरता प्राप्त गरे।

सदा सर्वदा गर्व र इज्जतसाथ नाम लिइने नेपालका संसार-प्रसिद्ध बहादुर सैनिकहरूले तुच्छ पुरस्कारका निम्ति बहुमूल्य जीवनको आहुति दिएनन्, कुत्सित उद्देश्यले अपरिच्छिन्न अग्निवर्षाको सामना गरेनन् स्वार्थ-साधन गर्न मुटु छेड्ने जाडो र अति दुःखदायी हिमवर्षा सहेनन्। उनाहरूले सिर्फ कर्तव्यको पवित्र वेदीमा प्राण समर्पण गरे। आफ्नो अद्वितीय प्राणहुति, अनुपम राजभक्ति, अदम्य साहस, उग्र पराक्रम, देदीप्यमान वीरता, उज्ज्वल सेवा र स्पर्धनीय बलिदानद्वारा स्थायी गौरव र नाम कमाए, पुर्खौली कीर्तिलाई झन् फैलाए, स्वजातिको सुख्याति र मातृभूमिको इज्जत बढाए। ती बहादुर-हरूले आफ्नालाई गौरवशाली बनाएर मित्रहरूका नाम चम्काए।

श्री ५ महाराज पृथ्वीनारायण शाहका आधिपत्यमा वीर नेपालीहरूले पर्वतीय प्रदेशका तत्कालीन बलिया राज्यहरूबाट बच्तै बाहिरका दुइ महान् शत्रुलाई हराएर पूर्वमा विजयपुर, पश्चिममा सप्तगण्डकाको प्रदेश, उत्तरतर्फ केरुङ र दक्षिणतिर मकवानपुरसम्मको प्रदेश जिता एक साना पहाडी राज्य गोरखा-लाई सुदृढ राज्यको रूप दिए। अनि श्री ५ महाराज रणबहादुर शाहका शासनकालमा पूर्वमा शिकोर्जुन र पश्चिमतर्फ पौरा-णिक कालमा रणक्षेत्रबाट कहिल्य नभाग्ने कहलिएका र वर्त-मान समयमा पनि भारत-साम्राज्यका बहादुर लडाका जातिका मानिस सिक्ख, जाट र कुमाउँ गढ़वालका पहाडा वीरहरूलाई जितेर, विशाल चीन साम्राज्यलाई पनि सन्धिगर्न बाध्य गराएर

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल सरकारको विजयदुन्दुभि बजाउँदै नेपाली वीरताको धाक जमाउँदै, क़िल्ला काँगडासम्म स्वदेशको विजयध्वजा फ़रफराएर, बाईसी, चौबीसी र लिम्बू, किराँती आदि अनेक साना साना राज्यमा विभक्त यो नेपाललाई एक शक्तिसाली महाराज्यको रूपमा खडा गरे। फेरि, श्री ५ महाराज गीर्वाणयुद्धविक्रम शाहका राज्यकालमा अंग्रेजसितको युद्धमा स्थान स्थानमा अंग्रेजी सेना र अफिसरहरूलाई आफ्नो प्रचण्ड पराक्रमले मुख लुकाउन बाध्य गराए। वि० सं० १९१३ मा तिब्बतसित लडाइँ पर्दा केरुङ र कुतीमा तिब्बती सेनालाई पिटे। वि० सं० १९१४ मा नेपालका पहाडा प्रदेशबाट भारतको समतल भूमिमा आएर मित्ररक्षाको कार्यद्वारा नेपाली वीरहरूले आफ्नो प्रताप र गौरवका साथ राज्यवृद्धिसमेत गरे।

अनि वि० सं० १९७२-७५ को युद्धमा सर्वप्रथम फ्रान्सको रणक्षेत्रमा पुगेर नेपालका वीर सन्तानले फेस्टुबर्टको लडाइँमा खुकुरीका चमकदमकले जर्मन सैन्यलाई चकित गराए। न्यूभ च्येपेलको संग्राममा झ्याल झ्यालबाट गोली बर्साइरहेका शत्रुलाई घरघरमा पसेर खुकुरीको तीक्ष्ण धारमा बगाइदिए। पश्चिमी फ्याण्डर्सको रणभूमिमा आफ्नो प्रचण्ड पराक्रम र अतुलनीय साहसद्वारा अबाधगतिले बढ्दै आएका वैरीलाई हटाए। यिप्रेसका युद्धमा भीषण अग्निवर्षामा परेर भुटिँदा पनि असाधारण धैर्य र शौर्यले दुश्मनको सातो लिए। ग्यालीपोली प्रायः दीपको भयङ्कर समरमा अद्भुत रणचातुरी देखाएर तुर्की सन्यलाई आश्चर्यमा पारे। दर्रे दानियाल (डडनेल्स)को प्रसिद्ध सामुद्रिधुनीमा स्थित एक पहाडका निमित्त अमानुषिक वीरताले लडेर स्वदेश र स्वजातिको गौरवसूचक नामले त्यो पहाडको नामकरण गरे ! एवंरीतले सर्वत्र अतुलनीय अचिन्त-

CC-0. In Public Domain. Digitization by eGangotri

नीय शूरता, वीरता र युद्धकुशलताले संसारलाई आश्चर्यचकित पार्दै जर्मन सम्राट्को विश्व-सम्राट् हुने आकांक्षालाई तिरोहित गराए। त्यसपछि तत्काल बजीरिस्थानका पहाडहरूमा पुगेर मासूद पठानहरूको फूर्ति झारे!

फेरि, वि० सं० १९९६–२००२ को विश्वव्यापी दोस्रो महासमरमा नेपालीहरूले मिश्र, सुडान, इरिट्रिया, अबासिनिया, सीरिया, इराक, बर्मा र सिंगापुर आदि स्थानमा बडो वीरता पूर्वक लडेर कैयन् गौरवपूर्ण विजय पाएका छन्। यूरोपीय जातिसिवाय अरू कुनै जातिको प्रशंसा गर्न नजानेका कट्टर विदेशीहरू पनि नेपालीहरूका वीरताको सामुन्ने शिर निहुराउन लाचार भएका छन्। यस देशका योद्धाहरूले प्रत्येक युद्धमा आफू र आफ्नो मातृभूमिलाई इज्जत र गौरवको दोसल्ला ओढाएका छन्। वर्तमान लडाईंको नवीनतम साधनहरूको सम्मुख र धेरै प्रतिकूल अवस्था तथा अनभ्यस्त परिस्थितिमा समेत यिनीहरूले उचित साहस र सहिष्णुता देखाएर स्वदेशको सांग्रामिक कीर्तिलाई झन् बढाएका छन्।

संसारले नेपाललाई एक वीरजाति मानेको छ। बहादुरीमा नाम कमाएका अरू जातिले पनि लडाईंमा गोरखालीका सामुन्ने नतमस्तक हुनुपरेको छ। नाङ्गो खुकुरी हातमा लिएर झम्टने गोरखालीको अगाडि टिक्न सक्ने हिम्मत कसैमा देखिएको छैन। गोरखालीले दापबाट झिकेको खुकुरीको ज्योति देखेर शत्रुका आँखा तिर्मिराउँछन्, सुद्धि बुद्धि हराउँछ र उनीहरू किंकर्त्तव्यविमूढ हुन्छन्। यस्ता गोरखालीहरूका महान् गौरवपूर्ण वीरकर्मको वर्णन नगरे भारतवर्ष र युद्धको इतिहास नै अधुरो रहन्छ।

("नेपाली वीरता" बाट)

CC-0. In Public Domain. Digitization by eGangotri

श्री रामराज पन्त

१९७६–

[एम. ए. एल. एल. वी. (कानूनको विशेष अध्ययन) प्रोफेसर। प्रोफसरज्यू ज्यादै सहृदय र मर्मज्ञ हुनुहुन्छ। उहांको शैली सरल छ। उहाँ यथार्थवादी हुनुहुन्छ।]

CC-0. In Public Domain. Digitization by eGangotri

बेवारिसी

मध्य पूस महीनाको रात छ। काठमाडौं असनटोल सुनसान छ। कुहिराले गाँजेको काठमाडौं मानो आलसको अखडा जस्तै छ। सडकको बिजुलीबत्तीको पहेंलो घिपघिपे चहकले खालि कुहिरोले मेख मारेको शत्रुदलको वारिस मात्र संभाउँछ। दलानतलाको पसलमाथिको तलाको सानु कोठामा ब्लेकलाल साहू मस्त भए जस्तै गरेर सुतिरहेका थिए। साहुले कालो बाक्लो कश्मीराको सुरुवाल, तगुवा मोटो भोटो, भोटोमाथि बाँहकटे पश्मानाको दोबरी पुरानो छोटो कोट, पुरानो कैलो तगुवा कानेटोपी, पैतालामा फाटेको मोजा लगाई, अग्लो डस्नाको खाटमाथि भोटे गलेंचा ओछ्याई, सिरकमाथि पश्मीनाको एकसरो ओढ्ने खापी, पश्मीनाको ओढ्नेमाथि काबुली धर्क रग खापी शरीर बाहिरको तातोले मुटुसम्म न्यानै हुने गरी सुतेका थिए। नीद पानं गुडगुडे, हुक्काको नला खाटबाट तेर्सी जमीनमा परिरहेको थियो। यही नलीको टुप्पाले साहूको सिरानी यतापट्टि रहेछ भन्ने थाहा हुन्थ्यो। साहू कहिले पनि दोस्रो तलामा सुत्तैनथे। जवानीमा पसलमै सुत्दथे। तर वातको रोगले दुःख दिएकाले र छोराले पसलमा सुत्न थालेकाले दास्रो तलामा सुत्ने हिम्मत भएको थियो।

पसलवाहिर ओसारामनि काठको फलेकमा तीन साना साना भाङ्ग्राका टुक्राहरु पडिरहेका थिए। कुनै जीवले बहुत मुश्किलसँग सास फेरेको देखिन्थ्यो यी तीन जीवधारा

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्। तर समाजले यिनीहरू निर्जीवभन्दा बेकम्मा ठहराई फाल्न घचेटेको थियो। तर मानिस के घचेटेर घचेटिन्थ्यो! यी तिनै शहरभित्र थिए। खाली साहूजी भित्र कोठामा आनन्द-साथ र यी दुःखसाथ सोही कोठामनि बाहिर। साहूको सुखको डाढो यिनीहरूलाई थिएन। तर आफ्नो दुःखी हाल-तले नै कृतकृत्याई विचारलहरीमा बराबर लैजान्थ्यो। कुनै विचार-लहरी संसार कचहरीको सत्य फसला निकाल्ने दाँजोमा पनि पुग्थ्यो।

साहूको निद्रा सार्है फीका थियो। खुसुक्क भयो कि साहू 'को हो ?' भनिहाल्थे। पहिलो रात यी तीन ठिटाहरूले मूसाको चाल गरेर ओसारामनि सुत्न खोज्दा साहूले थाहा पाई, टर्च लगाई हेरा, गाली गरी धपाएको थियो। यो रात यिनीहरूले सडकमै सुता काटेका थिए। भोलिपल्ट साहूले सोधपुछ गर्दा र केटाहरू पसल फोरी चोंरी गर्न नसक्ने ठहरेकाले फालेका तान भाङ्ग्राका टुक्राहरू दिई राती ओसारामनि सुत्न पनि दिने गरेका थिए। यिनीहरू बाहिर सुत्न थालेपछि साहूलाई अलि हलुका निद्रा लाग्न थालेको थियो। मानिसको स्वार्थ नभएको कुनै काम छैन। भुस्याहा कुकुरसरह पनि मानिसबाट काम पाए पुग्छ। आगो, बाघ, आँधी, भूकम्प इत्यादिले गर्ने नाश मानिसले मानिसद्वारा नै गराउँछ। स्वार्थको कणसम्म भन्ने भान मात्र मनमा पर्नुपर्छ।

केही दिन अगाडि साहूले पैसे फुरौला दुइचार दिन दिई सो ठाउँमा कुकुर पल्काउने विचार पनि गरेका थिए। तर बेकम्मा भाङ्ग्राको टुक्राले नै काम भएकोले प्रसन्न थिए। मनमा अनेक शङ्का उठ्ने भएकोले राती जाडो धपाउन चुरोट

CC-0. In Public Domain. Digitization by eGangotri

किन्न दुइ पैसा दिन्थे । यी दुई पैसा ठिटाहरूको खराब विचारमा बुजो लागेको संझन्थे । साहूको मनमा ठूला भएपछि या केटाहरूलाई त्यहाँबाट कसरी छुटाउने भन्ने चिन्ता पनि उठ्थ्यो । पछि अरूलाई सुराक दिन्छन् कि भन्ने पनि मनमा लाग्थ्यो । हाल असमर्थं खाली कराउन मात्र समर्थ भएकोले चूप लागि बसेका थिए । बिहान पसल खोल्नुभन्दा अगाडि साहू उनीहरूलाई शिवालयमा जाआ भन्थे । यो भनाइमा नै उनीहरू सब खाँचो पूर्ति भएको संझन्थे । उनीहरूले अनकनाएर केही भन्न खोजे भने रिसाएको जस्तो गर्थे । झन् माया गऱ्यो झन टाँसिन खोज्ने भनी साहू चर्याँठिन्थे ।

साहूले माल खन्याई खाली भएका बोरा बिग्रन नपाऊन् भन्ने बिचारले काठको सन्दूकमा बन्द गराई राख्न लगाएका थिए । माल बन्द भं आएका खाली वाकस अन्नाखको थाममाथि राख्न लगाएका थिए । यिनको मनमा वेकामी यी ठिटाहरू मात्र थिए । भारी बोक्न सक्तैनन् के गर्नु भन्दै आफ्नो अन्तःकरणलाई सान्त्वना दिन्थे । मानिस कसरी मानिस रहन्छ कुन हदसम्म मानिस रहन्छ ? वेवारिसीको पालन नै समाजको बीज हो । वेवारिसी हटाउन नै समाजले करियाप्रथा, नोचताको हदसम्म गऱ्यो । क्रूरता र नीचताको हदले करिया प्रथा तोड्यो । तर के करिया प्रथा टुटाउँदैमा क्रूरता र नीचता टुटेका छ ? दिलबाट टुटाएको भए तोडिन्थ्यो । खालि कानूनी फाँकी र कार्यको झाँकीले मात्र के तोडिन्थ्यो ।

यी केटाहरू वेवारिसी कसरा भए । नदीका पाना र बालुवा वेवारिसी छैनन् । जङ्गलका जनावर र सडकका पत्थर वारिसी छन् । वेवारिसी तुरुन्तै वारिसी हुन्छन् । यी गोल भए गोले साहू

CC-0. In Public Domain. Digitization by eGangotri

र-हाड भए हाडे साहू तुरुन्तै वारिस हुन्थे । कुनैका पनि स्वार्थको फेरा भित्र नपरेर हो कि ? सबै चीज फेराभित्र पर्ने तर यी किन नपर्ने ? स्वार्थ देख्ने दृष्टि सानु भएमा स्वार्थले पनि स्वार्थीलाई धोका अवश्य दिन्छ । छालामा डामे जनावरमा हक हुन्छ । तर यी दिलले दिल डामा खडा भएका सब सरहका दिलका टुक्रा कसरी बेवारिसी ? एक समाजको एक दिल र एक देशको एक दिल भए अझ झन् कसरी बेवारिसी ? धर्मका ढोका सानु भए समाज र धर्म दुवैलाई धोका, नीतिको ढोका सानु भए समाज र नीति दुवैलाई धोका ? दिलको ढोका सानु भए दिल र दिलीलाई धोका । समाजको ढोका सानु भए दिल र समाजैलाई धोका । देशको ढोका सानुभए देशैलाई धोका । दिलको मर्का नै धोकाका चस्का हो ।

—०—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री चूडानाथ भट्टराय

१९७८–

[सर्वदर्शनमा आचार्य । प्रकाशित पुस्तक ३ । पत्र पत्रिकामा कृतिको प्रकाश ।

भट्टरायजी दर्शनमा चुर्लुम्म डुबेर पनि साहित्यको उन्नत शिखरतिर लाग्नुभएको छ । उहाँको शैली वक्र भए पनि द्रुतगतिले चल्छ, तार्किक भए पनि सरस हुन्छ, उठेको भए पनि गहन हुन्छ । शब्द जोख्ने, अर्थ नाप्ने, भावलाई घाम र छायाको आलोपालो दिने उहाँको प्रणाली छ । कविता र कहानीमा भन्दा निबन्धमा उहाँ सफल हुनुहुन्छ ।]

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्य-तत्व

साहित्यले जसरी पनि भाषातत्वलाई नअँगाली बेग्ल अस्तित्व कायम गर्न सक्तैन । त्यो पद्यको रूपमा, गद्यको रूपमा अथवा चम्पूकै रूपमा होस् । यसमा पनि आत्माको अनुभूति, काव्यका शैली, साराको एक नै भाषा नभएर अलमलिई लबलिए पनि मनष्यको हृदयमा उठेको उद्गारमा समानता त छ। भाषाको, देशको, कालको, समाजको छाप परेको भिन्नाभिन्न साहित्य संसारमा प्रस्तुत छन्। भिन्नताभित्र एकता छ एकताभित्र भिन्नता छ यस्त यसको नियम छ। रीति फरक छ तर अनभूति फरक छैन। कामला, परुषा आदि वृत्ति भिन्नाभिन्न रीति, अभिवा, लक्षणा, व्यञ्जना आदि शक्तिका विचारले पर्याप्त नभएर विचारधारामा उथलपुथल मच्चिरहेछ। वृत्तिमा अन्तर्मुखी र बहिर्मुखा हुन्छ । शैलीमा पनि समास–शैली, व्यासशैली, धाराशैली, तरङ्गशली वणनात्मकशैला, आत्माभिव्यञ्ज शैला, प्रसन्नशैली, उग्रशैली आदि नामले प्रसिद्ध छ ।

अब जे भए पनि साहित्यका भेद पद्य र गद्यमा न रहन्छ । पद्यसाहित्यमा महाकाव्य, काव्य, खण्डकाव्य, गीतिकाव्य र मुक्तक यसरी पाँच भेदमा पद्य भैं गद्य बाँडिदा कहानी, निबन्ध, गद्यकाव्य, उपन्यास र नाट्यमा गिन्ती भएको छ । गद्य पद्य मिलाएको एकथरी काव्य छ जसलाई चम्पू भन्दछन् । यसका सब पछ भूमिमा के थियो यतापट्टि पान नगई सुख छैन । गेय कविता तुकान्त छन्दमा मानिसले सुरिलो लयले सत्वोद्रेक

CC-0. In Public Domain. Digitization by eGangotri

भई गायो, आत्माको अमर भावना यही पद्य भयो। उकुस-मुकुसाएको प्राणीले कति चेष्टाको सहारामा निकालिएको अबाज व्यक्त भई गद्य बन्यो । अनि पद्य र गद्यमा वाङ्मयका नक्षत्रहरू अनन्त शब्दाकाशमा उदाए। आकाशले गुण शब्द भन्ने प्रमाणित गर्न विवाद शुरू भयो। त्यसकै भरमा जन्मेको दर्शन साकार थप घट भई निस्केको छ। दुइ धारमा शब्दका तरङ्ग आकाश तत्वमा लहरले लहरलाई लगार्न थाले। भावनाको मूल श्लोकबाट फुटेको कम्पनमा झङ्कृत भएका तत्त्व केलाउँदा फेला परे पद्य र गद्य। त्यसकै विशाल प्राङ्गणमा लहलहाएको कल्पलता चेतनवक्षलाई जेलेर कति फूल फुले, कति फले, कति गले ।

संसार त्यहा निहालेर निहाल भयो। जीव जगत्मा महत्व कायम गर्न मानवको उत्पत्ति भयो त्यही आडमा। विजयी मानव मानव भयो। रावणलाई रामले जिते, यही रहस्यको मूल कोष उघार्दा फेला परेको परम तत्त्व हो ! आफ्नो तत्त्व व्याख्या गर्न दर्शाएको उपाशना त्रिकालमा जगमगाउने लक्ष्यमा जब त्यो प्रकृतिको विजयी लाग्यो त्यहि घडी साहित्यको आराधना शुरू भयो।

अणु परमाणु एकत्र गरी महान्को आविर्भाव भएर सारा समीकरण यसम भयो । निर्झरको प्रपातमा, नदीको धारामा, धाराको पानीमा, पानीको थोपामा, आगाको ज्वालामा, ज्वालाको उज्यालोमा, उज्यालोका प्रभामा, पक्षीका कलरवमा, कुसुमको सौरभमा, मानवको भावना चिरमूक बना निष्क्रिय रहन सकेन, मुखरित भयो। पुकार गऱ्यो। वचनको विकास भयो। परस्परमा साम्य स्थापित भयो। साहित्य संसारका

CC-0. In Public Domain. Digitization by eGangotri

उदय भयो। पछिपछि झन् पछि अद्भुत आनन्दमयी रचनाले लोलाएर भन्न थाले—

"कविर्मनीषी परिभूः स्वयंभूर्याथातथ्यतोऽर्था-
न्व्यदधाच्छाश्वतीभ्य: समाभ्य:।"

साहित्य—तीन धारामा बगी भिन्नै भिन्नै मार्गले आफ्नो लक्ष्यमा पुगेकोले संगममा त्रिवेणी बन्दछ। ज्ञानको धारमा प्रवाहित हुने तरंग बने विज्ञान इतिहासहरू। शक्तिको धारले जीवनको सर्वस्वकै प्रवाह कल्लोलित गर्छ! प्रयोगको कलकल निनाद गर्दै अकारण लोकसंग्रहमा प्रेरणाको गतिमय हुन्छ। ज्ञानसाहित्यको ध्येयभन्दा शक्तिसाहित्यको लक्ष्य फरक छ। प्रयोग साहित्यको भाव अर्कै छ। आफ्नो भाव अभिव्यक्ति गर्ने अभिव्यञ्जना शैलीले सौन्दर्य र आनन्दको अनुभव गराओस् यही मीमांसाले गर्दा शक्तिसाहित्यको रूपान्तर शुद्ध साहित्य बनेको छ र प्रयोजन दबेकोले अर्को उपयुक्त साहित्यको नामले प्रसिद्ध छ। ती दुइको रेखाले मात्र विभाजित भएको सिद्धान्तले रूप लिंदा एउटा आनन्दवाद, र रसवाद कलावादको नामले अर्को आदर्शवाद, यथार्थवाद, जीवनवादको, परिभाषामा फनफनाएको हुन्छ।

त्यहीभित्र रीति र रसले अर्को भुमरी पारी केन्द्रमा सबै तत्वलाई घुमाई त्रिवेणीमा थपेको प्रणाली अर्कै छ। शैलीको अनुहारमा कर्ताको आफ्नो आत्मा प्रतिविम्ब पर्छ। भाषाको रीति र नीतिको तहमा अनुभूतिमा भन्दा अरू देखा पर्ने के बाँका रहन्छन् र! साधनमा तल्लीन साधक, भावनामा भक्त भावुक दुवै यही ध्येयले शैलीलाई महत्ता दिंद उसकै

CC-0. In Public Domain. Digitization by eGangotri

सत्तामा काव्यको आत्मा अपनाउँछन् । यही रीतिवादले कलामय सान्दर्यमा कल्पनाको जालो जेली त्यसको सतह जल्लाई जलप दिलाउँछ । सौन्दर्यको प्रतिस्फलन पर्ने नजरका कालो पर्दामा अनुभूतिको छाप नभएकोमा रसवादिका फरेब फरफराएर मात्रै हुँदैन भन्ने रीतिवादीको बखेडा गर्ने अखडा छ ।

अनुभूतिका केन्द्रमै चर्को स्वाद दिलाउने रसको थोपा थोपामा गिर्खा पर्न गए ती ढिका पनि सरसता बिझाउने अड्काउने भई पग्लँदैन, जम्दछ । प्रगतिमा अलमल्याउने तत्व बन्दछ । यही रसवादको आत्मासम्म पुग्ने तत्त्वलाई ढिक जमाउने रातिको नीतले अनुभूतिको रहस्यको मिरमिरे उज्यालोमै तिरमिराइदियो । यी वादविवादका चक्रमा परेर साहित्य महान् बना अध्ययनको निम्ति सामग्री दिन्छ । साहित्य जगत्मा अब दुइ स्तम्भ प्रस्तुत रूपमा आएर प्रवादवाद र निर्णयवादको सिद्धान्तमा गिर्दछ ।

अप्रत्यक्षरूपले कहीं कहीं भने देखिने भएर सारा संसारमा दार्शनिकहरूको प्रभावको टक पर्छ । जति केलाए पनि जति निहाले पनि अर्डर जीव फेला पर्दा दुइ वर्गमा साराको फ्याक पारेको दुइ भावना आउँछ । संगीतमा हेर, साहित्यमा निहाल, कलाको पारख गर । कुनै जडवादको पृष्ठभूमिमा बनेको महल छ, कुनै आत्मवादको आदर्शमा रहेको शिला छ । शरीर र आत्माको भिन्नताको दर्शन दुइ रूपमा छाप पारेर कल्पनामा-भावनामा, सञ्जनामा झल्किदै झलमलाउँदै छ । काव्यपुरुषको शरीरकै मुख्यता शैलीमा हुँदा भौतिकवादी रीतिवाद स्थापना गर्छ । काव्यको आत्माको उन्नता अनुभूतिमा पर्दा आत्मवादा

CC-0. In Public Domain. Digitization by eGangotri

रसवाद प्रतिपादन गर्छ। जडले निर्णयवाद पायो, जावले प्रभाववाद अपनायो। भारतमा दुवै वादको त्यत्तिकै स्थान भएर होला— "अस्तीत्येके नायमस्तीतिचैके" भन्न बाध्य हुनुपरेथ्यो। तर यो क्षितिजमा मौलाउनचाहिं अध्यात्मवादले देश काल परिस्थितिले पाएछ। त्यसैले रसगङ्गाधर यहाँका शिव छन्।

—::o::—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लैनसिंह बांगदेल

१६७७–

[म्याट्रिक पास भई ६ वर्ष कलाको अध्ययन, अनि कमोसयल आर्टको पनि दुइ वर्ष अध्ययन। मौलिक उपन्यास ३ र अनूदित कथासंग्रह १ गरी प्रकाशित पुस्तक ४। ऱ्वायल नेपाल एकेडेमीका सदस्य। ख्यातिप्राप्त कलाकार। पत्र–पत्रिकामा कृतिको प्रकाश।

योग्य उपन्यासबाट समाजको आँखाउघ्रने हुनाले रसिलो र चह्किलो उपन्यासका माला मातृभाषालाई पहिराइदिनुभएकामा बाङ्गदेलाई धन्यवाद दिनुपर्छ।

सुन्दर चित्रण, छरितो र चाखलाग्दा शैली; परिमित भए पनि सजीववर्णन सरल भए पनि सुधारका भावना बाङ्गदेलजीका वैशिष्ट्य हुन्। हो, प्रवासी नेपालीहरूके वास्तविक चित्रण गर्न उहाँ लाग्नुभएको छ, अनि उतै तिरका भाषा आउनु स्वभाविकै हो। स्वदेशी साहित्य मात्र होइन किन्तु विदेशी साहित्यको पनि अध्ययन उहाँले प्रशस्त मात्रामा गर्नुभएको छ।]

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसको साथी कुकुर किन ?

भोलिपल्ट विहान लङ्गडाको निद्रा ढिलो टुट्यो। उसले आँखा उघार्दा दिन चढिसकेको रहेछ। रेलिङ्गको छाया सरेर पर पुगिसकेको रहेछ। उसले शून्यभावले यता र उता हेऱ्यो। उसका लुगाहरू छरिएका रहेछन्। केही वेरसम्म लङ्गडो तन्द्रा अवस्थामा त्यतिकै बसिरह्यो। पाकेटबाट बीडा झिकेर अन्यमनस्क भावले सल्कायो र झोक्करह्यो। तर कुकुरलाई नदेख्ता उ एक्कासी झसङ्ग भयो। उसले यता र उता आँखा घुमाएर हेऱ्यो। अब त्यहाँ धेरै मान्छिसहरू हिंड्न लागेका रहेछन्। उसले त्यहाँबाट उठेर कतै जाने विचार गऱ्यो, तर आफ्नो पोल्टाको लुगाहरू छरिएर यता र उता भएको देख्दा ऊ जिल्ल पऱ्यो। उसलाई अब राम्रै होश आयो। हिजो आफूले बाँधेर राखेको पैसाको उसलाई सम्झना भयो। उसले हत्तपत्त पोल्टो छाम्यो: तर पोल्टोको लुगा र रुमाल पनि हराएछन्। राती सुत्ने बेलामा त्यो रुमाल पोल्टामा घुसारेर राखेको उसलाई राम्ररी सम्झना छँदै थियो...।

उसले यत्र तत्र छरिएका लुगा बटुलेर, आफ्ना सब जिउ छामेर राम्ररी हेऱ्यो, खोज्यो, बोरा टकटकायो तर पैसा बाँधेको रुमाल भने रांम्र हराएछ!

लंगडो छक्क परेर त्यहाँ बसिरह्यो। दुःस्वप्नबाट एक्कासी ब्युँझेको जस्तो उसको अनुहारको भाव शून्य तर विकृत थियो। कुकुरलाई पनि नदेख्ता तथा आफ्नो पैसासमेत नपाउँदा

CC-0. In Public Domain. Digitization by eGangotri

उसको हृदय आश्चर्य, दुःख र क्षोभले परिपूर्ण भएको थियो। बाटो हिंड्ने मानिसका अनुहारमा जिज्ञासाको दृष्टिले ऊ पुलुक पुलुक हेर्दथ्यो, आफ्नो कुकुर र पैसाको विषयमा उसलाई सोध्ने न साहस हुन्थ्यो, न सोध्ने उसको अधिकार नै थियो। आफ्नो आश्चर्य, दुःख र ग्लानि आफूसित दबाएर राख्नुपर्दा लङ्गडालाई अझ असह्य भइरहेथ्यो। शहरका दुष्ट केटाहरू लङ्गडाका शत्रु थिए। उनीहरूकै काम होला भन्ने उसलाई शंका भयो। संसारले आफूमाथि यस्तो अत्याचार गरेंका संझंदा, संसारले आफूमाथि यस्तो दुर्व्यवहार गरेको देख्दा तथा आफूलाई उपहासको पात्र बनाएर कुव्यवहार गरेको बुझ्दा मानिसप्रति उसको हृदयमा एउटा तीव्र घृणा उत्पन्न भयो। एउटा भयानक हिंसाको तथा प्रतिशोधको लप्का उसको अन्तरदेखि निस्केर स्वर्गसम्म पुग्यो तर के लाग्थ्यो र—ऊ बबुरो निःसहाय थियो। उ अंगहीन थियो, एउटा निर्बल मानव थियो. उसको अन्तरमा जतिसुकै प्रतिशोधको ज्वाला दन्किरहे पनि उसको व्यथित आत्मामा जत्तिकै प्रतिहिंसाको हुरी आए पनि त्यो निःसहाय लङ्गडाले आज मनुष्य मात्रको त्यो अवहेलना, त्यो अत्याचार र त्यो अमानुषिकता मूक भएर सहन गर्नु पर्दथ्यो।

उसले दुःखको निःश्वास लिएर आफ्नो चारैतिर हेर्‍यो। माथिको अग्लो टाउनहलको घडीमा उसको आँखा पुग्यो- नौ बजिसकेको रहेछ। उसले हत्तपत्त लुगाहरू पोको पारेर बांध्यो र आफ्नो लौरो काखीमा च्यापी सींढाओर्‍हालो झर्न थाल्यो।

त्यसै वखत स्कूल जान लागेका ठिटाहरूको एउटा दल माडमा आइपुगेको थियो। लङ्गडालाई देख्नासाथ उनीहरू

CC-0. In Public Domain. Digitization by eGangotri

एक स्वरले 'भूई भालू!' भनेर कराए। लङ्गडा नसुन्य जस्तो गरेर हतार सिमेन्टको, सींढीबाट ओर्ल्हो देव्रे गल्लीमा चाँड चाँडै हात खुट्टाले घस्रँदै भाग्न थाल्यो। निकै पर पुगेपछि उसले फर्केर हेर्‍यो—ती शत्रुहरू उसकादृष्टिबाट ओझेल भइ सकेका रहेंछन। लङ्गडाले लामो निःकृतिको निश्वास लियो वहाँपछि लङ्गालाई एक छिनसम्म कता जाऊँ, केगरूँ भन्ने विचार भयो। उसलाई आफ्नो कुकुरको सम्झना भयो, उसलाई साह्रै शून्य र एक्लो लागिरह्यो। ऊ चारैतिर हेरेर कुकुर खोज्न हिड्यो। यता उता कुकुरलाई उसले खोज्यो। तर कतै कुकुरलाई देखेन।

लंगडो गाडी हिड्ने मूल सडकमा पुगिसकेको थिया। पानको पसलनिरको छिडीतिर उसले हेर्‍यो त्यहाँ पनि उसले आफ्नो चिरसाथी कुकुरलाई देखेन। एक छिनपछि ऊ तल मासुको पासलनिर आयो। साग, सब्जा बेच्ने बारिकभित्र पनि घस्रँदै पस्यो तर उसले कतै कुकुरलाई देखेन। एउटा बिजुलीको खाँबानिर ऊ माग्न बस्यो, तर उसको मनमा भने बारंबार कुकुरक सम्झना आइरह्यो। ऊ त्यहाँबाट पनि उठेर फेरि चाकमनि गद्दीखानाको गल्लामा गया। आफू सुत्ने झुप्रामा पनि गएर हेर्‍यो-तर कतै उसले कुकुरलाई देखेन। गल्लीमा अरू अनेक कुकुरहरूलाई उसले देख्यो—तर त्यहाँ आफ्नो कुकुर नदेख्ता उसलाई झन् नराम्रो लाग्न थाल्यो। उसले ती कुकुरलाई धेरै बेरसम्म एक टक लाएर हेरिरह्यो। तिनाहरूलाई देख्ता आफ्नो कुकुरको विषयमा सोच्ने मन भयो—तर उसले कसरी सोच्न सक्थ्यो र? न कुकुरको भाषा उसले जानेको थियो न त उसका भाषा नै ती मूक पशुहरू बुझ्न सक्थे।

CC-0. In Public Domain. Digitization by eGangotri

आज यसरी कुकुर हराउँदा लङ्गडालाई सान्है नरमाइलो लागिरहेथ्यो। आफ्नो आजन्मको कुन बन्धुलाई वा कुनै प्रेमिकालाई गुमाए जस्तो लागिरह्यो! संसारमा उसको अरू कुनै आत्मीय थिएन। कुनै बन्धु बान्धव थिएनन्। आफ्नो अन्तरमा रहेको सबै माया उसले त्यो कुकुरलाई नै दिइसकेको थियो—आफ्नो अन्तरको एकान्त स्नेह र आत्मीयता उसले त्यही मूक पशुमाथि पोखिसकेको थियो। त्यसले उसको एकान्त हृदयमा कुकुरको निम्ति त्यत्रो ठूलो माया थियो!

लङ्गडो दिनभरी बजारको ऊँघो र उँभो डुलिरह्यो। सब गल्लीहरू उसले चहाऱ्यो—परन्तु आफ्नो साथीलाई कहीं पनि उसले पाएन-कही पनि उसले देखेन।

यसो हुँदाहुँदै सूर्य डुब्न लागे। पश्चिम आकाश मेघका टुक्राहरूले ढाकेको भए पनि सूर्यका लामा-लामा किरणहरू छिरेर अग्ला-अग्ला पहाडहरूतिर स्पर्श गरिरहेका थिए। हिमालयको आधा छाती बादलले छोपेको भए तापनि माथ्तिर शिरमा धेरैबेरसम्म सुनौला जलप लागि न रह्यो। त्यो जलप सांझसम्म रहेर बिस्तार-बिस्तार हराउँद गएको देखिन्थ्यो। रातले पृथ्वीलाई पनि बिस्तार-बिस्तार ढाक्दै ल्यायो। जति रात पर्दै गयो—लंगडाको मनपनि उति उदास र गंभीर हुँद गयो। चारतिर बिजुली बले। लङ्गडो यता र उता हेरिरह्यो। कतै कालो छाया देख्या भने पनि उसले त्यहाँ आफ्न कुकुरको आकार जस्तो देख्दथ्यो र त्यहाँ ऊ धस्दै जान्थ्या। तर शून्य, छाया मात्र देख्दा ऊ निराश हुन्थ्यो। लङ्गडो धेरै बेर चोकको अघिल्तिर आएर बसिरह्यो। भरे आफू हिजो राति जहाँसुतेको थियो उहीं गएर सुत्ने विचार गऱ्यो। तर जाँदा जाँद उसको

CC-0. In Public Domain. Digitization by eGangotri

मनमा अर्कै विचार आयो। ऊ फर्क्यो। अन्त्यमा घस्रँदै घस्रँदै गद्दीखानामनि झुप्रोमा ऊ सुत्ने गर्थ्यो त्यहीं गएर सुत्यो।

उसलाई धेरै बेरसम्म निद्रा परेन। उसका मनमा धेरै कुराहरू खेलिरहे। बाहिर हावा चलिरहेको थियो। आज झोपडीमा एक्लै सुत्दा उसलाई साह्रै शून्य लाग्यो। उसलाई यो निर्जन झोपडीको वातावरणले उच्चाट लागेर आयो। यसो हुँदा हुँदै आधा रात पनि भयो। तर लंगडाका आँखामा निद्रा छैन। उसले हाई गर्न खोज्यो। ब्रीडी सल्काएर आफूलाई टोलोउन पनि खोज्यो। तर टाडादेखि शून्य रातमा कुकुरहरू एकोहरो भुकेको धीमा आबाज हवासित बगेर आउँदथ्यो—त्यसैले उसको निद्रा झन् भंग हुन्थ्यो।

रात धेरै वितेपछि लंगडालाई एक छिन निद्रा पर्‍यो। सपनामा उसले देख्यो—आफू सुकिलो लुगा लाएर धीरधामका पूजामा जान लागेको रहेछ—धीरधामको फाटकनिर पुग्दा उसले देख्यो—अपनो कुकुरलाई त कसैले फलामको साङ्लोले एउटा बिजुलीको खाँबामा बाँधेर राखेको रहेछ। लंगडालाई देख्नासाथ त्यो कुकुर ज्यादै रमायो। उफ्रयो। लंगडो पनि खुशी भएर मानिसको आँखा छली आफ्नो कुकुरलाई बन्धनबाट मुक्त गरायो र धीरधाम मन्दिरतिर जान लागेका भीडबाट जोगाएर आफ्नो कुकुर साथमा लिएर ऊ फेरी बजारतिर आयो……।

(“लङ्गडाको साथी” बाट

—x—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री रामकृष्ण शर्मा

१९७८–

[बी० ए० पास भई एम० ए० को तयारी गरेको। बी० एल० मा प्रथम। 'शारदा प्रसन्न' 'केदारनाथ वनर्जी गोल्ड मेडल' 'यूनिभर्सिटी गोल्ड मेडल' 'आशुतोष मुखर्जी' इत्यादि पुरस्कार पाएको। पत्र-पत्रिकामा घेरै जसो समालोचनात्मक निवन्धको प्रकाश।

शर्माजीले विदेशी साहित्यका साथसाथै नेपाली साहित्यको पनि प्रशस्त अध्ययन गर्नु भएको छ। त्यसको प्रमाणमा पत्र-पत्रिकामा छापिएका साहित्यिक निबन्धहरू नै प्रत्यक्ष छन्! 'शारदा' मा छापिएको 'अंग्रेजी साहित्यको प्रभाव' देखि नै उहांको प्रखर प्रतिभा साहित्यिक जगत्मा झल्केको हो। लेखक भन्दा पनि समालोचक विशेषज्ञ हुनुपर्छ भन्ने कुरामा शंका छैन, फेरि उहां यथार्थवादी हुनुहुन्छ। प्रत्येक कण केलाएर लेखकको हृदय तौली निष्पक्षपातसंग समालोचना गर्नु नै उहांको वैशिष्ट्य हो।]

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो साहित्य सम्बन्धी छोटो लेख

धेरै दिन अघिदेखि नेपाली साहित्य कांचको उष्णगृह वातावरणमा उमारेर बनाएको उद्भिद पो हो कि भन्ने शंका मलाई लागेथ्यो। तर यस्तो विचार र धारणालाई हाम्रा उत्साही साहित्यिक र साहित्यप्रेमीका समक्षमा टक्र्याउने साहस भएको थिएन। कारण मेरो विचार र धारणा भ्रमपूण र भूल हुन सक्ने नब्बे प्रतिशत सम्भावना छ। अनि अर्को कारण चाहिं आफ्नो दोष, त्रुटा र अभाव स्वीकार गर्न संकोच मान्ने र आनाकानी गन मात्र होइन तर त्यसतर्फको कुरा उठ्द पाखुरै सुर्कन खोज्ने, आफ्न मुखमा मोसो दलेको सम्झने चित्तवृत्ति भएको समाजका मुख्याग्नि आफ्नो विचार निधक प्रकट गर्न पनि वाच्छनीय नहोला कि भन्ने अनुमान पनि हो। तर साथै यी धारणालाई सान्ह कम्ति सामग्रालाई प्रमाणको लक्षणसम्म मानी प्रस्तुत लेखमा प्रकट गाररहेछु। आशा छ मेरो हृदयदेखि सन्देहको एउटा गन्हौं भारा हटनेछ अनि आफ्नो साहित्यप्रति मेरो स्नेह अझ वृद्धि होला।

साहित्य ललितकलाको धेरै अंगभित्रको एउटा अंग हो। संगीतकला, चित्रकला, काव्यकल इत्यादि विभिन्न भागमा ललितकलाको विभाजन भएको छ। जस्तो अंकगणित, बीजगणित रेखागणित इत्यादि विभिन्न भागमा गणित शास्त्रको विभाजन भएका छ। तथापि यी विभिन्न शाखाको बीच पारस्परिक सम्बन्ध रहेको छ। मानिसको, विचार, धारणा, भावना इत्यादि

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाश गर्नु ललितकलाको विभिन्न शाखाको ध्येय हो। जुन भावना वा कल्पनालाई कविले काव्यद्वारा प्रकाश गर्छन्, त्यही भावना वा कल्पनाको प्रकाश संगीतले गीत वा नृत्यद्वारा गर्छन्। चित्रकारले चित्रद्वारा गछन्। हुन त यी विभिन्न शाखाको आफ्ना आफ्नो पृथक् माध्यम हुनाले आफ्नो आफ्नो बेग्ला बेग्लै विशेषता र ल्याकत अवश्य छ। तर यिनको पारस्परिक र अन्तर्निहित सम्बन्ध पनि कम महत्वका छैन। रविन्द्रनाथका कतिपय कृतिलाई नृत्यमा दर्शाएको र जवाहरलालका 'डिस्क-भरी अफ इण्डिया'' लाई नृत्यम प्रकाश गरेको कुरा हामी बेला बेला सुनिरहेछौं। 'कथाकाली' नृत्य र काव्यहरूमा रहेको सम्बन्धका बारेमा विशेष चर्चा गर्नु परोइन।

चित्रकला र काव्यकलाको सम्बन्धपनि सबमा जाहेर छ काव्यले जुन कुरो प्रकाश गर्छ; त्यही कुरोलाई चित्रकारले चित्रद्वारा पनि प्रकाश गन सक्छ। 'म्याडोना' र 'मानालि-साका' चित्रले प्रकट गरेको भावलाई काव्यका माध्यमद्वारा पनि दर्शाउन सकिन्छ। दान्ते, ग्याब्रिएल रोसेट्टीले आफ्ना काव्य कलालाई-राफेल अगिका चित्रकारको प्रभाव पारेकले पनि कविता र चित्रको सम्बन्ध कति गहिरो छ जाहेर गछ स्पेन्सरलाई शब्दको माध्यमद्वारा चित्र लेख्ने कलाकार भन्नु कत्ति पनि अत्युक्ति होओइन। त्यस्त लक्षण-कला र अरू कलामा पनि प्रगाढ सम्बन्ध रहेको छ। नाटकलाई रङ्गमञ्चमा उतार्दा साहित्यकला बाहेक ललितकला अरू शाखाको पनि जरूरत पर्छ। यो सिवाय मानिसको राजनतिक र अरू जीवनमा पनि कला र कलामा आएका परिवर्तनको प्रभाव परिरहेकै हुन्छ। नत्र प्लेटोले आफ्नो विशिष्ट प्रजातन्त्रमा नयाँ राग रागणीको निर्वासन किन चाहन्थे ?

CC-0. In Public Domain. Digitization by eGangotri

अरू अरू देशमा ललितकलाका विभिन्न शाखाको प्रायः बराबर वृद्धि भएको छ। आधुनिक चित्रकलाको प्रभाव आधुनिक साहित्यमा र आधुनिक साहित्यको प्रभाव आधुनिक चित्रकलामा परेको कुरा विदेशी साहित्यको समालोचनाको इतिहासमा पढ्न पाइन्छ। 'रोमाण्टिसिजम' साहित्यमै मात्र चर्चा गरिने विषय होइन। चित्रकलामा पनि 'रोमाण्टिसिजम' को प्रभावको चर्चा गरिन्छ। फूलबारी लाउने ढाँचामा पनि 'क्लासिसिजम' र 'रोमाण्टिसिजम' को आफ्नो आफ्नो आफ्नो प्रभाव रहेको देखिन्छ। अलेक्जयण्डर पोपकालीन सुडौलपन जाहेर गर्ने फूलबारी र भिक्टोरीयन ल्याण्डस्केप गार्डनिगले काव्यमा परेको 'क्लासिसिजम र रोमाण्टिसिजम' को प्रभाव जीवन र कलाको अर्को स्थानमा चियाउन पुगेको प्रत्यक्ष दर्शाउँछन्। युनानी काव्यमा पाइने गाम्भीर्य यूनानी मूर्तिकलामा पनि देखिन्छ। इडिप्स 'टिरानिस' मा पाइने गम्भीर्य 'लावकोन' मा प्रत्यक्ष जाहेर हुन्छ। संगीत कलाको चर्चा हुँदा पनि 'क्लासिकल म्युजिक र मडर्न म्युजिक' को विषयमा आलोचना हुन्छ। रविन्द्रनाथका काव्यमा देखिएको नवीनता उनले रचेका गीत र उनले खिचेको चित्रमा पनि कमवेसी मात्रामा अवश्य पाइन्छन्। मोजार्ट र वेथो भेनामाथि साहित्यको प्रभाव परेको र उनाहरूका राग रागिणाले साहित्यमा पारेको प्रभावको पनि समालोचनाको इतिहासमा उल्लेख भएको छ।

यथार्थमा कुनै देशमा जहाँ कलाको असल वृद्धि भएको छ त्यहाँ ललितकलाका विभिन्न अंगको समकालीन वृद्धि भएको देखिन्छ। हुनत साहित्यको काव्यसंख्यासित जे जति चित्रसंख्या र मूर्तिसंख्या हुँदैन तथापि विभिन्न कलाकारहरू ललितकलाका आफूले रुचाएका अंगको सेवामा निरन्तर

CC-0. In Public Domain. Digitization by eGangotri

लागिरहेकै हुन्छन्। उन्नत देशमा चित्रकलाको इतिहास र तक्षणकलाको इतिहास साहित्यिक इतिहास भन्दा कम महत्व-पूर्ण छैनन्। काव्यकलो पारख गर्ने कतिपय शब्द चित्रकलाको समालोचना शास्त्रदेखि अनुकरण गरिएका छन्। 'इम्प्रे-सनिजम' को चर्चा चित्रकलादेखि नै प्रचलित भए जस्तो लाग्छ। 'आर्ट ग्यालरी' र चित्र प्रदर्शनीले चित्रकलातर्फ मानिसको रुचि बढाउँछन् र चित्रकला अध्ययन गर्ने मानिसका निंति चित्रकलासम्बन्धी ग्रन्थको अभाव छैन। तक्षणकलाको विषयमा पनि त्यहा नै भन्न सकिन्छ जति चित्रकलाको विषयमा।

आफ्नो देश र आफ्ना साहित्यतर्फ दृष्टि फिराउने बित्तिकै ललितकलाको चर्चा टुङ्गिन्छ र काव्यकलाको मात्र चर्चा देखिन्छ, हाम्रो देशमा र हाम्रो समाजमा ललितकलाको एउटै अङ्गको मात्र सुरोबुरो पोषण भइरहेछ। सर्वांग वृद्धि हुने सम्भावना पनि कमै देखिन्छ। हाम्रो आधुनक चित्रकला, मूर्तिकला र शायद संगीतकला पनि (कतै भए पनि) नभएकै बराबरी छन्। अतीत कालमा यस्ता कोही कलाकार थिए भने पनि तिनका विषयमा भरपर्दो केही कुरा जनिएको छैन। ललितकलाको अरू अंगको अस्तित्व न नदेखिएको र काव्यकलामा मात्र केही उल्लेखनीय वृद्धि भएको दरुता नेपाली साहित्यलाई नेपाली समाजको रूखो भूमिमा काचको उष्णगृह निर्माण गरी बढाइएको उद्भिद नठहरिनुपर्ने। अन्यदेशीय साहित्यिक मिनारको रोशनीलाई पथप्रदर्शक तय गरी हाम्रो साहित्य त अगि बढ्यो तर हाम्रो भन्नुपर्ने ललितकलाको अस्तित्व नै रहेन। शरीरको अवयवमा मस्तिष्क-लाई मात्र ठूलो पारी हाम्रो देशमा पनि कलाको वृद्धि भएको छ भन्ने धृष्टता हामी देखाइरहेछौं।

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यिक वृद्धिकै निति पनि हामीकहाँ केही उत्त-जना छैन। हामी नाटक लेख्छौं र नाटकको समालोचना पनि गरिटोपल्छौं। तर हाम्रो रंगमञ्च छैन, हाम्रो नाटकको अभिनय नै हुँदैन, अभिनेता र अभिनेत्री नै छैनन्। हाल-सालदेखि मात्र नारीको पाठ लिने अभिनेत्रीले काठमाडौंको अस्थायी रंगमञ्चमा पदार्पण गरे। पुस्तकालयमा बसेर पठन र मननका निंति मात्र हाम्रा नाटक लेखिएका हुन् कि कुन्नि? वृद्धि भएको भनेको साहित्यको एउटा जनप्रिय हुन सक्ने अंगको त बीशौं शताब्दिमा यो गति छ भने ललितकलाको समानता र वृद्धि हुने अवकाश हाम्रो समाजमा कहाँ? नेपाली नाटकले आफ्नो देशको राजनगरमा पनि उभिनका निंति एउटा स्थायी रङ्गमञ्च पाउँदैन भने हाम्रो नाटक भनेर नाक घोक्र्याउनुभन्दा ठूलो मुर्खता नै के होला र? नाटकको समा-लोचना रङ्गमञ्चमा उत्रेपछि मात्र शेष हुन्छ भन्ने कुरा हामीले बिर्सनुपरेको छ। नत्र हाम्रो नाटक उँभो लाग्ने कहिले?

यस्तै विचारधाराले बलात्कार घोक्रयाएर लगेका वेला आफ्नो साहित्यतर्फ हेरी उदासीन हुनु मनोवैज्ञानिक दृष्टिले स्वभाविक नै मानिएला। हामीले हाम्रो साहित्यको मात्र होइन ललितकलाका संपूर्ण अंगको चर्चा र रुचि बढाउनुपर्छ। आफ्न चित्रभण्डार बढा-उनुपर्छ, आफ्नै मूर्ति भण्डार बढाउनुपर्छ। चित्रकार 'मूर्तिकार' हुनु गाह्रो छ। यसर्थ ललितकलाका यी अंगको उपासना गर्ने कला-कारलाई राजकोषबाटसमेत सहायता हुनुपर्छ। नत्र भने अरु हिमालमा पुगे पनि हामी रहनेछौं पुस्ता पुस्ता हिमालका फेदीमा।

("गोर्खा" पत्रिकाबाट)

—०—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री पूर्णप्रसाद 'ब्राह्मण'

१९७८–

[मीमांसामा आचार्य । प्रकाशित पुस्तक ५ । पत्र-पत्रिकामा कृतिको प्रकाश ।

के नेपाली, के संस्कृत दुवै भाषामा ब्राह्मणजीको उत्तिकै हात चल्छ । फेरि कथा, कविता, निबन्ध इत्यादि जुनसुकै विषयमा पनि उहाँको कलम रोकिन्न । सरल भईकन पनि गहिरिएको कथामा माधुर्य र भावात्मकता साथसाथै केही उपदेश पनि झल्केका हुन्छन्, कवितामा तेज र ओज चर्हकिदैन मौलिक कल्पनाको धारा करुणसँग मिसिएर बहेको देखिन्छ; अनि प्रबन्धमा चाहिं प्रौढ प्रगति पाउँछौं । कथा जत्तिका भावनामय र यथार्थवादी हुन्छन्, कविता उत्तिकै चेतनामय र घोषणात्मक । दार्शनिक भएकोले उहाँमा तार्किकता प्रकट हुनु अस्वाभाविक होइन । कथामा पनि भिन्न भिन्न प्रणाली देखिन्छ ।]

CC-0. In Public Domain. Digitization by eGangotri

कहाँ आएँ ?

(१)

पुरानो कुरा हो । कालिकाप्रसाद हर्षदस कुनै आवेश लिएर बोलाएको ठाउँतिर जान लागेको थियो। उसका हृदयका सीमातीत भावहरू उज्यालो चेहरामा तर्किरहेका थिए। आँखा हर्ष बोलूँ बोलूँ गर्थे। हिंडाइको स्फूर्ति खँदिलो सजीव थियो। मानौं उसको गतिमा हौसला भरिदिएको थियो।

विलक्षण-विलक्षण भावको आवेशले नै मानिसलाई हिंडाउँछ, फर्काउँछ, उभ्याउँछ। त्यसमा नै जीवनको संचालन ईश्वरले भरिदिएको हुन्छ। त्यसरी गएको थियो, कालिकाप्रसाद बीच बाटाबाट नै फेरि फरक्क फर्क्यो। फर्कंदा त्यो पूर्वोक्त आवेश पनि थिएन, न त चेहरामा त्यस्ता हृष्टशुभ्र रेखा नै थिए। उ सरासर आफ्नो डेरामा गयो। कोठाको भित्ताले कवि कालिदास, रवीन्द्रनाथ आदिका तसवीरहरूबाट पवित्र वातावरण पाएको थियो। कोठाको पश्चिम कुनामा ठूला चारपाटेमाथि तन्ना नभएको मैलो, अन्दाजमा एक डेढ धार्नीको डसना त्रिछ्याएको थियो, अनि राम्रो पल्लादार एउटा तकिया अलि वर एउटा सुकुल, त्यसमाथि अर्घानू काम्लो, त्यसमाथि दुइटा निगालाका कलम, एउटा मसीको भाँडो, दुइ ताउ नेपाली कागज देखिरहेका थिए। कालिकाप्रसाद त्यहीं गएर बस्या। एकपटक आधा मरेको दृष्टिले भित्तातिर हेर्‍यो अज्ञात कुनै विसालबाट सोहोरिएर आए झैं हृदयमा भावनाको अद्भुत संक्षिप्त आवेश भयो।

CC-0. In Public Domain. Digitization by eGangotri

नील शुभ्र आकाश सूर्यबिम्बलाई बीच छातामा भिरेर मध्याह्नको सूचना गरिरहेको थियो। एक दुइटा चीलहरू मन्द उष्ण हावामा धीर उडान लिएर मानो पृथ्वी र आकाशको सीमा छुट्ट्याउँथे । कोठाको भित्र भित्रसम्म पनि खुला झ्यालबाट पसेर सूर्यका किरणहरू चाँदीको तातो जलप हाल्दै थिए। झ्यालका डण्डीमा बसेर भित्रतिर मुख फर्काएर भंगेराका स्निग्ध दम्पति फुरफुर पुच्छर हल्लाइरहेका थिए। कालिकाप्रसादले घ्याम्पाबाट आधा मूठी चामल झिकेर आफूनेर छरिदिए। तल ओर्ल्हेर भंगेरा चर्न लागे। त्यो बेला तिनीहरूका हर्षदृप्त स्फूर्तिदार फुरफुराइ मनोहर र वर्णनीय थियो। मानो तृप्तिको विज्ञापन थियो। कालिकाप्रसादको भावग्राही दृष्टि तिनीहरूमै मुग्ध भइरहेको थियो। एक छिनपछि चरा उडेर गए। कालिकाप्रसादको तल्लो ओठ अलिकति हाँसोको छिर्काले उज्यालो भयो। फेरि उसको भावुक दृष्टि एकफेरा भित्तातिर तर्क्यो। सानो श्वास निस्केर कोठाको सिरसिरे हावामा लहरायो उसले एक छिन आफूलाई बिर्स्यो, अथवा विचारले उसलाई आफ्नो तुल्यायो। "कति साना अंजुली ? कति सानो हृदय! के म पनि ठूलो बन्न सकूँला ? यत्रो अनन्त विशाल विश्वक्षेत्रमा मैले कहाँसम्म फैलिनुपर्छ, कति माथि चढ्नुपर्छ, कत्रो विस्तृत व्यक्तित्व पाउनुपर्छ ? ··· कुन क्षुद्र उद्धत आवेशले आज मलाई उचाल्यो, कुन क्षुद्र कामनाले प्रेरणा दियो ? अष्टसिद्धिमध्ये के त्यो एक सिद्धि त हैन ? तर म पनि त मोक्षार्थी हैननि ! अपशोच छ, मेरो हृदयको शान्ति-समुद्रमा कति कोमल कति सुन्दर भाव तरंगहरू मन्द मन्द छल्कन्थे, त्यसलाई परीक्षासन्देशको तूफानले कति हुँडलिदियो, कति छयाप्तव्याप्त पारिदियो । अरूले देख्ता हो हर्षको कुरा हो।

CC-0. In Public Domain. Digitization by eGangotri

तर हर्ष पनि त मदिरा नै हो! जसमा प्रकृति भंग हुन्छ, जीवनले तन्द्रा पाउँछ, आत्मस्मृतिको जागरुकताले केही न केही विच्छेद पाउँछ। कसलाई त्यसले उत्साह दिन्छ भन्छन् मलाई त त्यो अनुहारको उत्साह चाहिएन। त्यस्ता केटाकेटी-लाई मात्र उत्साह दिएर उकालो चढाउनु पर्छ, जसलाई अनन्त र विशाल परिचय छैन, प्रलोभन छन। लोकोत्तर कुनै श्रेणीमा चढ्न खोज्ने शक्ति कर्मयोगाका निमित्त त यही परि-भाषा छ नि—! 'मानापमानयोस्तुल्यः।' म क्षुद्र खहरे होइन, ब्रह्मानन्द हुँ। मलाई वर्षाको आद्र प्रकृतिको उत्साह चाहिँदैन सहायता चाहिँदन लिनै जान्न, मलाई त्यो सुनको तक्माले के गर्छ! अरूको बालप्रोत्साहनले के गर्छ! मैले तक्मा लाउने हैन, मैले त अविच्छेद्य स्थायी अलंकारको निमित्त भारतमाताको पवित्र विशाल वक्षस्थलमा गौरवको, आदर्शको तक्मा भर्न सक्नु पर्छ। अब परीक्षाको ध्येय गरेर पढ्दा पनि पढ्दिन। नियमभित्रका दुइ चारओटा कितापले वर्ष गुजारेर कृतार्थ हुने? यो त उज्वल निरोग भविष्य देहको निमित्त आफैंले खोजेको रोग न भयो नि जीवन जान कति वेर लाग्छ! अध्ययन दुनि-याँमा कति गर्नु छ, के सामा छ? होला त्यस्ताक निमित्त, उसलाई ५–६ ओटा सींढी देखाएर अर्काले उत्साहद्वारा घचे-ट्नुपर्छ। अध्ययन र ज्ञानको सीमा अल्पज्ञ अल्पलक्ष्यको निमित्त आत सजिला र नजीक छ; बहुज्ञ, बहुलक्ष्यको निमित्त त्यत्ति सजिलो र टाढा पनि छ। भगो, अरू कुरा लिन बाल्नैं।"

(२)

- पाठशाला खुल्यो। वर्षका नयाँ पढाइ शुरू भयो। सब लडकाहरू आफ्नो-आफ्नो कक्षा समातेर पढ्न लागे। कालि-

CC-0. In Public Domain. Digitization by eGangotri

काप्रसादको सतीर्थ्य अर्को ईश्वरादत्त पनि थियो । उसलाई गुरुले सोधे, 'कालिका किन आएनन्, ईश्वरी ?'

'अब उनी त आफ स्वतन्त्र किताप हेर्ने अरे। परीक्षाको नियमबाट नपढ्ने अरे।'

'तिमी उसको डेरामा गएका थियौ ? के गरिरहन्छन त, बसेर !'

'धेरैजसो कविता लेखिरहन्छन्, कहिले कहिले अरू किताबहरू पनि हर्छन्।'

'निकै राम्रो कविता लेख्छन् । अघि त उनको कविता पत्रपत्रिकामा निस्किरहन्थ्यो । आज काल त छैन।'

''अब त्यस्तो फुटकर कविता न लेख्ने अरे। एउट ग्रन्थ चौबीस हज्जारको लेख्ने संकल्प गरेको छु भन्थे। धमाधम लेख्त पनि छन् ।''

चौबीस हजारको ! अर्को महाभारतै लेख्न आँटेछन् त । बेस हो । अर्को कुरा, स्वतन्त्र धेरै ग्रन्थहरू चाल्दा ज्ञान पनि अर्के हुन्छ ? परीक्षाकै भरका किताबले त के हुन्छ र। तैपनि त्यस्तै योग्य व्यक्तिले जाँच पनि नछोडेको भए अझ बेश हुन्थ्यो। कविता अघि पनि गरिरहन्थे नि, उनलाई त्यसले के बिगारेको थियो र! त्यत्रो कलेजमा सर्वप्रथम निस्के। त्यो कें सानो सफलता हो ! अरूका त्यति भए भूईंमा खुट्टा हुने थिएन । उनीलाई तक्मा लिन बोलाउँदा पनि बिरामीको बिरामा भनेर आजसम्म पनि आएका छैनन्। तक्मा त्यसै डाइरेक्टरकहाँ हाँसिरहेको छ। कस्ता विचारका मानिस हुन् कस्ता विचारका। एकबाजी सम्झाए है फेरि।

CC-0. In Public Domain. Digitization by eGangotri

तक्मा लिए गर्व उठ्छ रे,! अघिका सर्टिफ़िकेट त सब च्यातेछन्। मलाई टुक्रा देखाउँथे। जे भएको पसाले कितावहरू भने खूब किनेका रहेछन्।

× × ×

कालिकाप्रसादको घर पूर्व १ नम्बर हो। त्यतिञ्जेल पढ्नाको निमित्त उसलाई घरबाट खर्च आइरहेको थियो। ठूलो साव-गासका मानिस नभए पनि बाबुले हरतरह गरेर खर्चको भरथेक गरिरहेका थिए। पछि त पाठशालामा जान छोडेको बाबुचाहिले थाहा पाएछन्। छोराको जुन गहिरो विचार थियो, त्यहाँ गहिरेर पुग्न अपढ विचरा बूढाको के ताकत थियो! विद्याको संसार उनको निमित्त स्वर्गलोक उत्तिकै अपरिचित र श्रद्धेय थियो। खालि अरूबाट त्यसको महत्व सुन्दा मात्र त्यो बाटोमा छोरालाई लगाएका थिए, त्यो पनि शङ्का शङ्कामा आर्काको भरमा। छोराचाहिं कत्रा कत्रा दर्शनका तर्क माथमा चक्राएर घर जान्थ्यो। उसका बाबु पिंडीमा अडेस लागेर सोद्धथे–कत्तिको पढिस् त, कालिका? तैंले पढेको सिल्वक मुखाग्रै सुना त कस्ता रहेछन्। पर्सि उपल्ला घर कार्कीको बिहेमा सिल्वक भनेर जन्तीपट्टिलाई घपाउन सकिनस् भने त तेरो नामै जान्छ नि? तँ जत्तिको धेरै वर्ष पढेर त्यहाँ को सिल्वक भन्न आउँछ र? बाबु कहाँसम्म गजभट्ट थिए। उनलाई कविताको स्थान कुन हो, त्यसमा के महत्व छ, के कारण छोरो परीक्षाको लक्ष्य छोड़ेर स्वतन्त्र ग्रन्थ हेर्न खोज्छ–यी सब कुरामा उनी पटसोम थिए। यसैले त्यो खबर सुन्नेबित्तिकै उनले रिसाएको चीठी लेखे 'पढ्न छोडिस् अरे त्यसै बहारिएर शहरमा घुम्नलाई

CC-0. In Public Domain. Digitization by eGangotri

म खर्च भर्न सक्तिन। यहाँ सधाको कोदाले भागेकाले कसरी बर्खा उतार्नु जस्ता भाको छ। बरु तुरुन्त आइज, अर्कालाई यस पाला बनी भर्न सक्तिन।

अशिक्षितको जिह्वा; गंगटाको टोकाई भेडाको ढिपी एक हुन्छ। नभन्द त्यो पटकदेखि खर्च आउन छाड्यो। कालिकाको हृदय किंकर्तव्यताको अविरल प्रश्नले व्याप्त थियो। शान्ति थिएन। अगत्या कालिकालाई परिस्थितिले सानोतिनो नोकरीको निमित्त इशारा गर्‍यो। हीराको जात हो, पूर्णतया नकुँदिइ-सकेकोले उसको व्यक्तित्व मानो माटोभित्र थियो, सर्वसा-धारण जनताको निमित्त परिचित्त थिएन। यसैले सानातिना नोकराले पनि उसको भगीरथ प्रयत्न खोज्दथ्यो। जुन सर्टि-फ़िकेट देखाएर दुनियाँमा निस्कन आत्माको ठूलो अपमान सम्झन्थ्यो, त्यो बेला च्यातिसकेको त्यही सर्टिफिकेटको लम्बे साइनो झिकेर उसले साँझ बिहानको सर्वसाधारण समस्या पूरा गर्नु पर्‍यो। मानिसले आँटेर के हुन्छ, दैवले आँट्नुपर्छ भनेको ठीक हो। कालिकालाई नोकरी त मिल्यो, तर निकै सानो। अहिलेको क्षुधित समयमा सानोतिनो नोकरीबाट के हुन्छ र? भए पनि नहुनुभन्दा बेश भएको थियो। नोकरीबाट बचेको टायममा कालिका आफ्नो संकल्पको सिद्धान्तको एकान्ततः भक्त थियो। यसरा पनि करीब ५-६ महीना चल्यो।

घरमा कालिकाका बाबु निकै बूढा भइसकेका थिए। गृहराज्यमा बूढा बूढीको जति मान्यता सुरक्षित रहन्छ, त्यति शासन रहँदैन। शासनको मुहुडा बिस्तार बिस्तार उत्तरा-धिकारीतिर मोडिइसकेको हुन्छ। कालिकाका जेठा दाजु थिए। घरको हर्त्ताकर्त्ता उनै भएका थिए। शिक्षितमा बाबुको

CC-0. In Public Domain. Digitization by eGangotri

इयत्ता त बताइहालें तर यिनी त उनी जस्ता गजभट्ट मात्र होइनन्, निरक्षर महागजभट्ट पनि थिए। क्रोध र द्रोहको मर्मभेधी अकाण्डनृत्य गर्नलाई अज्ञानलाई कसैले जित्तैन। कुलमा अरू पढेया शिक्षित कोही थिएन। कालिका त्यति माथिसम्म चढिसकेको थियो। सम्झेदेखि उस कुलको अलङ्कार थियो, गौरव थियो, घाक थियो। उदयेच्छु वंशजीवनको भावा कुनै भव्य आशा थियो। दाजुचाहिले त्यो सम्झेनन्, शायद सम्झे पनि त्यो सम्झनालाई अकँ दानवभावले परास्त गरेको हुँदो हो। उनले परदेशका दुःखका घाउमा झन् नूनचूक थप्न भाडवुहारी पनि पठाइदिए—'अब समर्थ भएपछि पनि आफ्नी स्वास्नी नपाली हुन्छ ?'

उनको भनाइ पनि सर्वांशमा बेठीक त होइन। तर ठीक भन्ने वस्तु यस्तो छ, तब त्यसले आफूभित्र आफै ठीकपन पाउँदैन, जब त्यो बाहिर देश, काल, परिस्थितिमा पनि ठीक जँच्न सक्दैन; सक्यो भने पाउँछ। अमिलाको बोट बगैंचामा लाउनु पनि ठीक हो, त्यो फलमा अमिलोपन आउनु पनि ठीक हो, त्यसलाई मनुष्यजातिले उपयोगमा ल्याउनु पनि असांध्य ठीक हो, तर त्यसको उपयोगमा देश, काल, परिस्थिति मिलेन भने के दोष हुँदैन, सन्निपात हुँदैन ? कालिकालाई एकासि त्यस्तो प्रपञ्च जीवन आउनु दोखं जस्तो थियो।

(३)

नद नदीहरूको जलप्रवाह स्थलविशेषको परिस्थितिले कति छिटो बदलिन्छ, कहीं फलिन्छ, कहीं साँघुरिन्छ, कहीं दौडन्छ, कहीं ढिलाउँछ। जीवन पनि त्यस्तै छ। त्यसको प्रवाहको विशेष गति स्वयं बदलिंदन; परिस्थितिले बदलिदिन्छ काँटछाँट गरिदिन्छ। पछि कालिकाप्रसादको प्रगति बेल

CC-0. In Public Domain. Digitization by eGangotri

भएको थियो। उसको दिउँसोभरीको नोकरी छँदै थियो। नजाने किन हो, उ बेलुकालाई पनि नोकरी खोजिरहेको थियो बिहान एक छिन् फुर्सत थियो। तर नोकर-सोकर कोही नहुँदा तरकारी किन, यो गर उ गर भन्दा भन्दै त्यो वेलाले पनि उसलाई बाँधेकै थियो। उसले हेर्दा हेर्दै सधैं सूर्य उदाउँथे, अस्ताउँथे। किन हो, उसको हृदय संकुचित र उदास भइरहेको भान हुन्थ्यो। उसका हतलक्ष्य हृदयभित्र आत्म-स्मृतिको बत्ती पिलपिल बलिरहन्थ्यो। उसलाई फुल्याउने दुनियाँभरमा एउटा थियो–'जीर्ण आशा'। बच्न पनि उ त्यसैले बाँचेको थियो। प्रकृतिको धर्मले एउटी छोरी जन्मिइन्, त्यहाँपछि एक, डेढ वर्षको अन्तर गरेर दुइटा छोरा।

जहान बढेपछि त्यस्तै न हो! अनि मान पनि बढ्ने, कमाउन पनि सकिने भनेर कालिका अदालततिर कोशिश गरेर सऱ्यो। दिनभर न्यायका अवान्तरे अपवादहरूले मगज तात्तथ्यो। बेलुका घर आएपछि पनि फेरि भोलिपल्ट बोल्ना-लाई मगजमा त्यही छड्किरहन्थ्यो। छोरालाई बढेपछि पाठशालामा पठाउने गरेका थिया, छोरो पनि निकै योग्य बनेर आएको थियो। दिन बित्यो, हफ्ता बित्यो, महीना बित्यो। दिन जान कति बेर लाग्छ? छोरा अघि बाबुले लेखेको कविता रस लिई लिई पढ्न थाल्यो। त्यो परिवारपूर्ण समयमा कालिका-प्रसादको अतीत उज्ज्वले छात्र जीवनले साढे एक्काईस वषको ऐतिहासिक रूप लिइसकेको थियो। त्यो व्यावहारिक जीवनले उसलाई मानो संस्कारभित्र पुनर्जन्मको भास दिन्थ्यो। आफ्नो कविता छोराको मुखबाट सुन्दा उसलाई त्यस्तै लाग्थ्यो–मानो कसैले आफ्नो पूर्वजन्मस्मारक कुनै निबन्ध सुनाएको हो।

CC-0. In Public Domain. Digitization by eGangotri

उसलाई आफ्ना कविता धमिला मात्र होइन, अपरिचित पनि भइसकेका थिए। छोराको प्रशंसनीय योग्यता देख्ता उसलाई जत्तिको सन्तोष थियो, उसले शङ्का लागेर सोधेका आफ्ना कविताको मर्म आफैंले स्वच्छतया बताउन नसक्ता त्यत्तिकै असंतोष पनि थियो। असन्तोष मात्र होइन त्यसभित्र आफ्नो कुनै मुर्दापन देखेर उ एक्कासि झस्कन्थ्यो र लामो सन्ताप स्वास भित्र भन्थ्यो–"कहाँ आए?"

CC-0. In Public Domain. Digitization by eGangotri

—:o:—

श्री गोविन्दबहादुर "गोठाले" ५

१९७९–

[आई० एस्० सी० सम्मको अध्ययन । प्रकाशित कृति ५ । १९९६ देखि पत्र पात्रकामा कृतिको प्रकाश ।

कविताबाट लेख्न शुरु गर्नु भएको भए पनि कहानीमा गोठालेजी सफल हुनुहुन्छ ।

उहाँको शैली सरल भए पनि खँदिलो छ निष्पक्ष भए पनि प्रगतिशील छ, शब्दा लंकार नभए पनि कलात्मक छ । तिवारीजीका कथा रसिला छन् त गोठालेज्यूका कथामा मनोवैज्ञानिक विश्लेषण नयाँ ढङ्गबाट गरिएको छ । अनि 'ब्राह्मण'र 'भिक्षु' को जस्तै दार्शानकता चाहिँ देखिन्न ।]

CC-0. In Public Domain. Digitization by eGangotri

निद्रा आएन

ज्ञानी अहिले आठ वर्षकी भई।

अहिले उ तनमन दिएर, खूब शोच्दै, खूब विचार गर्द काँचको पुतली सिंगार्न लागेकी छ। बेलायती पुतलीमा कहाँ टीका हुन्छ र! उसले टीका लगाइदिई अहा, कति खुल्यो! हसिलो अनुहार झकमक भयो! अघि उसकी बज्यैले। एक टुक्रा रेशमको कपडा दिएका थिइन्, त्यसैलाई फरिया बनाएर उ खूब सह्यांल्दै पैह्राइदिन लागिरहेकी छ र भन्दै जान्छे–'तँलाई बिहे गरिदिन्छु नानीबाबाको दुल्हासित। हुन्छ ? भन्न है, अस्ति माइज्यू रोए झैं म पनि रुन्छु तँलाई दाइजो दिन्छु।'

ज्ञानीको दाज्यू धन, त्यस्तै आठ नौ वर्षको होला, आयो कोठाभित्र पस्यो र भन्यो—"ए ज्ञानी, जा त माथिबाट साँचो लिएर आ।"

ज्ञानी केही वास्ता नगरी पुतलीलाई भनिरहेकी थिई— "तँलाई सुनका गहना नभए जगमगको गहना बनाइदिउँला।"

धनले रिसाउँदै भन्यो—'जा भन्या मान्दिनस्।

ज्ञानीले झर्केर भनी—'के ?'

धनले स्यानो स्वरमा यताउति पल्याकपुलुक हेरेर भन्यो "जा न साँचो लिएर आ, एक थोक कुरा गर्नु पर्‍यो।

"के एक थोक ? जान्न।"

CC-0. In Public Domain. Digitization by eGangotri

धनले ज्ञानीको कानमा खासखुस गर्द बिस्तारै भन्या—"जा न हेर भाइ, साँचो लिएर अनि।"

ज्ञानीले प्रश्नसूचक नेत्रले हेरी। धनले फेरी भन्यो— "के अब···चार पैसा, अनि तँलाई पनि···।"

"आमाले थाहापाउनुभयो भने नि!"

"थाहा पाउनुहुन्न, जान जा"

"नाइँ बा म त जान्न।

"हुन्छ त हुन्छ" फेरि कठोर स्वरमा धनले भन्यो—"जान्नस्, जा, नत्र।"

"जान्न अहो कस्तो हाइसन्चो! मलाई साँचो लिएर आ रे, हुँ।"

"हेर म त्या पुतली फोडिदिन्छु लुगा फाट्यो सबै बालिदिन्छु।"

ज्ञानीले केही नबोली अनुहारलाई हुप्प पारेर पुतलीलाई फरिया लाई सिध्याएर तल राखी र एउटा स्यानो काठको बाकसबाट अर्को कपडा झिकी।

धनले रिसाएर कड्केर भन्यो— 'फुँडी, राँडी, बोक्सी।"

ज्ञानीले एक फेरा जलेको क्रोधभरी दृष्टिले धनलाई हेरी।

"के हेरेकी? जा त।"

"अर्कालाई किन बोक्सी भन्नुपर्‍यो?"

"हुन्छ भन्दिन जा" धनले नम्र भएर भन्यो।

ज्ञानीले उठ्ने नामै लिइन। उ कपडा तह लगाइरहेकी थिई। धनले केही बेर प्रतीक्षा गर्‍यो र फेरि कराएर भन्यो—

"जा भन्या बोक्सा, राँडा।"

"जान्न रे, अर्कालाई,—हेर म आमालाई भनिदिन्छु।"

CC-0. In Public Domain. Digitization by eGangotri

धनले हाँस्तै भन्यो— 'अहो ! को डराउँछ क्यारे कुान्न ! भन्देन, 'होइन' भन्छु ।"

"न डराए के त ! म जान्न ।"

धनले अनुहारलाई गम्भीर बनाएर भन्यो— "भइहाल्यो त म मागेर लिउँला बज्यैसित । तँ बाबु टोक्नेसित के कुरागर्नु ।"

ज्ञानीले आँखा पर्लक्क पल्टाएर धनलाई क्रोध तथा पीडा-मिश्रित भावले हेरी र भनी— 'के रे ! '

"तँ बाबुटोक्नेसित के कुरा गर्नु !"

ज्ञानीले अझ त्यही भावले हेरिरही !

"के हेरेको ? तँ रिसाएर को डराउँछ र—हा हा हा !

ज्ञानीले अनि ठुस्केर भनी—"नडराएर के त उसलाई चोर्नलाई साँचो ल्याइन भनेर !"

"साँचो ल्याइन भनेर के त, उँ हु हु हु !"

"जे पायो उही भन्न पाइन्छ र ?"

"के त, तँ बाबु टोक्ने होइनस् त !"

ज्ञानीले चिच्याएर कराई— आमा ! ' हेर आमालाई भनिदिउँला !"

"सबैले बाबु टोक्ने भन्छन् के त !"

ज्ञानी चूप लागी । गम्भीर मुद्रा धारण गरी । अनुहारलाई फुलाएर 'भिउँट' बनाई !

धनले हाँस्त भन्यो— "तेरो पुतली संसारभरमा सबैभन्दा रद्दी । उ हुँ नराम्रो ! रतनचाको कस्तो छ ।"

"नराम्रो भए मेरै नराम्रो ? कसलाई के वास्ता !"

CC-0. In Public Domain. Digitization by eGangotri

"बाबु टोक्नेको पुतली पनि राम्रो हुन्छ ?"

"को ?"

"उ कुन्नि, को ! आमासित सोध्न।"

"आमा…!!"

"हाऽऽ डराएँ !" बिन्ति गरेर—"मूसाका दुलाभित्र पस्नु-पऱ्यो।"

ज्ञानीले एकचोटि आहत दृष्टिले घनलाई हेरी र मुण्टो निहुराएर चूप लागी।

के त तँ जन्मेका रातमा बा मर्नु भएको होइन ? आमाले भन्नु…"

त्यस वेलासम्म ज्ञानीको अनुहार विदीर्ण भइसकेको थियो। दुवपट्टिको गाला च्यातियो र मुखबाट रुवाइ फुट्यो—ह्वाँ, ह्वाँ !

घन उठेर भाग्न खोज्यो। ज्ञानीले त्यही काँचको पुतली उठाएर हिर्काई, घनलाई लागेन र भित्तामा लागी पुतली चूर्ण भयो। घन बचेर, भाग्यो-कराउँदै-'हा हा हा हा।' ज्ञानी झन् खुट्टा बजारी रुन लागी। अघिल्तिर एउटा स्यानो ऐना थियो त्यसलाई फाली—त्यो पनि चूर्ण भयो। ऐना फुटेको आवाज आमाको कानमा पऱ्यो। आमा दौड्द तल धाउँछिन् र देख्छिन् त—ऐना चकनाचूर ! उनले रिसले आँखा देखिनन् र ज्ञानीको जगल्टा समातेर पछारिन्, दुइ तीन थप्पड कसिन् पनि। ज्ञानी कहाली कहाली रुन लागी। त्यो रुवाइ ज्ञानीको वाह्य होइन, अन्तरवाट उठेको आर्तनाद थियो ! आमा हिँडिन् र भन्दै गइ-न—बढ, ऐना फोड्दिरहिछ। किन्नुपऱ्यो भने पो ! सत्या नाशा छोरीले त, जन्मनासाथ बाबु मारी—अरु के ?"

CC-0. In Public Domain. Digitization by eGangotri

आमाको मुखबाट पनि फेरि त्यस्तै बचन सुनी ज्ञानी एक छिनसम्म स्तब्ध भई र उसको रुवाइ एकाएक टक्क रोकियो, तर क्षणभरैमा अन्तरभित्र पाडाको ठूलो उद्वेलन भयो र अटेसमटेस गरेर फुटेर बाहिर निस्कन खोज्यो। ज्ञानी लडी-बुड़ी खेलेर रुन लागी, चिच्याई, त्यस बखत बज्यै तल हाम्फा-ल्दै ओर्लिहिन् र एक छिनसम्म टक्क रोकिएर करुणाभरी आखाले ज्ञानीको छाँट हेरिरहिन्। अनि छिटो छिटो गएर उठाउन खोज्दै भन्न लागिन्–"हेर, कसले बाबालाई ? भो, उठ बा उठ।"

बज्यैको त्यो सहानुभूतिसूचक स्वर तथा कुरा सुनेर ज्ञानी झन् घोप्टो परेर रुन लागी। बज्यैले ज्ञानीलाई भनिन्-'भो बा भो, उठ् नरो, कसले तँलाई ?"

ज्ञानी उठ्न चाहन्नथी। मानो लडीबुडी खेलेर आफूमा-थिको दोषारोपण आफ्नो अशुद्ध-जन्मलाई मेटाउन चाहन्थी, बज्यैले हात समातेर उठाइन्-सारा आङभरी लागेको धूलो झारिदिइन्। फरियाले आँसु, नाकभरी आएको सिंगान पुछि-दिइन्।

त्यस वेलासम्म पनि ज्ञानीको रुवाइ बन्द भएको थिएन। सुँक सुँक नै गरिरहेकी थिई र आँखामा ढीका ढीका आँसु टल्कँदै जम्मा भएर झर्दै थिए। बज्यैले उसलाई काखमा राखिन् र भनिन्-'ऐना फोड्नु हुन्छ त। आजकाल कति लिन्छ !'

ज्ञानीले बज्यैको वक्षमा मुख लुकाई। बज्यैले फेरि भनिन्-

"अबदेखिन् त्यसो नगर है बा ?...ए, ना ! तैले त पुतली पनि फोडिदिइछस्। किन फोडेकी ?"

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानी केही नबोलेर त्यस तिनका वक्षमा मुख लुकाएर बसिरही। बज्यैले फेरि भनिन्– "भो, अबदेखि नगर रानी, ज्ञानी हगि, नरो भो !"

ज्ञानी जबर्जस्तीसित रुवाइ बन्द गर्न खोजिरहेकी थिई, एक छिनपछि मुख उठाएर बज्यैलाई भनी— "किन बाबु टोक्ने भन्नुपऱ्यो त ?"

"भनेर के भयो त, भन्न दे न।"

ज्ञानीलाई चित्त बुझेन। एकातिर केही बेरसम्म ताकिरही र भनी— "बज्यै !"

"हँ, बा हँ !"

क्षणभरसम्म दुवै चूप भए। ज्ञानीले फेरि भनी— "बज्यै ! घनले आमाको बाकसबाट पैसा चोर्छ रे।"

"चोऱ्यो भने त्यसलाई पख्न गर्ने था छ !"

यति भनेर बज्यैले ज्ञानीलाई उठाएर म्वाई खाइन् र आफ्नो चाउरी परेको गाला ज्ञानीको हुप्प परेको गालामा जोडेर भनिन् "तेरो नाम पनि ज्ञानी, तँ पनि ज्ञानी; तँलाई कसले बाबु टोक्ने भन्यो ? पख न; घनलाई।"

ज्ञानीले बज्यैको गालाबाट आफ्नो गाला हटाएर बज्यैको स्नेहपूर्ण दृष्टिमा दीन र विनीत दृष्टिले हेरी। त्यो आँखा मानो भनिरहेको थियो— "मलाई थाहा छैन, मलाई केही थाहा छैन।"

बज्यैको दृष्टि मानो भनिरहेको थियो– "एक्लो छोरो काखैमा मऱ्यो; तिमीहरू ठूलो होलाऊ भनेर त म बाँचिरहेकी छु।"

बज्यैले भनिन्— "पख्न म घनलाई बाँधिराख्छु, थुनिराख्छु, बड अर्काकी ज्ञानीलाई जे पायो उही भन्दो रहेछ। त्यसलाई

CC-0. In Public Domain. Digitization by eGangotri

भात पनि खान दिन्न। आमाले तँलाई कुटी! पख्, आमा-लाई पख्।"

बज्यैले एक छिनपछि भन्न शुरू गरिन्— "बा भएको भए तँलाई राम्रो राम्रो पुतली, राम्रा राम्रो लुगा ल्याइदिनुहुन्थ्यो।"

ज्ञानीले पुलुक्क रहस्यमयं दृष्टिले बज्यैलाई हेरी। बज्यैले भनिन्— "पापा खानेकुरा घेरै।"

ज्ञानीले चिन्तित भएर शोच्दै भनी— "बज्यै मलाई पनि ?"

"के त तँलाई त हो नि; अरू कसलाई ?—घनलाई ?—उहुँ?"

एउटा रहस्य खुल्यो र अर्को रहस्य बाँधियो। केही बुझ्न चाहे झैं ज्ञानीले बज्यैलाई हेरिरही।

धन मुखलाई गम्भीर बनाएर फुत्कन लागेको हाँसो रोकेर बिस्तारै आयो।

बज्यैले हातलाई लम्काएर हल्लाउँद भनिन्— "पख्, पख्, फेरि भन्छस्, तँलाई बाँधिराख्छु !"

घन अब केही नबोली मुख बिगाद ज्ञानीलाई गिज्याउन लाग्यो। ज्ञानीले बज्यैको मुख हेरेर भनी— "हेर्नोस् !"

बज्यैले दाह्रा किटेर भनिन्— "अझ !"

घनल कड्केर भन्यो— "के त, के त ? किन त ज्ञानी पाएको साँझैमा बा जानुभयो ? ज्ञानील नै बालाई टोकेको, नत्र बा किन मर्नु भयो त ? सबैले......"

ज्ञानील बज्यैको मुख विवश भएर याचना गरे झैं गरा हेरी बज्यैल हात हल्लाउँदै भनिन्—'होइन होइन प्यारे...तँलाई कुट्नुपऱ्यो ! बा त कालल मरेको !"

CC-0. In Public Domain. Digitization by eGangotri

घनले भन्यो— " अँ होला । मलाई थाहा छैन र ?"

वज्यैले ज्ञानीलाई भूईंमा राखिन् र उठेर •हाँसेका हेराइले हेरेर भनिन्— 'कुट्नुपर्‍यो, अफ ?'

घन खिलखिलाउँद भाग्यो— "ज्ञानीले बा…"

× × ×

आज ज्ञानी चूप छ, उस्तो बोल्दा पनि बोल्दिन । हाँस्ता पनि हाँस्तिन । आँखामा विषाद छ । अनुहारमा गम्भीरता । ज्ञानीले फुटेको पुतलीलाई एकछिनसम्म हेरेर झ्यालबाट फालिदिई । कपडाको टुक्राहरूलाई काचीकुची पारेर त्यही स्यानो काठको बाकसमा कोचिदिई । बाहिरका साथीहरूको, 'एकघाल छगु' (ढुङ्गा फालेर खेल्ने खेल) मा पनि अनासक्त भावले औंला दाँतले टोकेर, नाक कोट्याएर हेरि नै रही । मानो उसलाई यो भन्दा घेर माथिको विशेष चिन्तना छ ।

साँझ पर्‍यो । अनि अँध्यारो भयो । भात पाक्यो । आज ता अघिदेखि नै ज्ञानी माथि भान्छामा गएर आमालाई मदद दिनामा संलग्न भई । पहिले जस्तो कहाँ हो र, उ त अब साँच्चिकै ज्ञानी । आमा र वज्यै अचम्म भएर ज्ञानीको मुख ताक्दथे । अनि किन हो कुन्नि करुण मुस्कान छोड्दथे । ज्ञानी कहिले नसकी नसकी कूचो लगाउँदथी, कहिले लोटामा पानी भर्दथी ।

भात खाने वेला भयो । केही नबोली केही झगडा नगरी ज्ञानीले भात खाई । घनलाई तरकारी बढता, उसलाई कम तैपनि उ चूप लागी । घनलाई, आफ्नो मन परेको पीरुका, गिलासमा उसले केहा हस्तक्षेप गरिन ।

CC-0. In Public Domain. Digitization by eGangotri

आमा र बज्यैले एक स्वरले भने— "आज त ज्ञानी साँच्चिकै ज्ञानी भइछ।"

ज्ञानीको अन्तरमा के भएर हो व्यथाको छाल रोकिनुभन्दा उर्लन खोज्थ्यो ! झटपट रुवाइ बन्द गरेर उल्ले भनी—"आमा ! आमाले पानी लिनुभयो ?"

अनि आफ लाज मानेर रुन-रुन लागी ।

काम धन्दा सिद्धियो ! अब सुत्ने वेला पनि भयो। सारा टोल सारा घरमा शान्ति छायो। बाहिर कहिलेकाहीं कुकुरहरू एक स्वरसित भुक्दथे । बिरालो छानामा 'ङार्र ङार्र' गर्दथ्यो । पल्लो कोठामा बज्यै सुतेको 'घुर्र घुर्र' आवाज आइरहेको थियो। धन पहिलेदेखि नै सुतिसकेको छ। अहिले ज्ञानीको पेटमा हात राखेको छ। ज्ञानीको आँखामा निद्रा थिएन, छटपटी भइरहेको थियो । त्यही आँखा झिम्म गर्दै खोल्दै झिम्म गर्दै खोल्दै ज्ञानी मानो केही कुरा हेर्न चाहन्छे। मानो कुन समस्याको समाधान गर्न चाहन्छे—कहिले टोल्हाएर हेर्छे, त्यो हातबाट चिप्लिरहेछ। उ भागिरहेछ ! बाको तस्वीरमा भएको स्नेहभरी अनुहार अस्पष्ट कहिले सुस्पष्ट कल्पनाबाट मानो उ हृदयङ्गम गर्न चाहन्छे।

आमा कुहिनाले तकियामा टेकेर हत्केलामा गाला अड्याएर ओछ्यानमा कोल्टो परेर बसेकी छन् । उनी टोल्हाएर विषादपूर्ण आँखाले ताकिरहिछन् । अनुहारमा व्यथा परिपुष्टित भइरहेछ। उनी कुनै सजीव स्मृतिमा, कल्पनामा डुबेकी अब-अब कहाँ पाउनु ? गए ! खसे—खसे ! उनी पनि संग—संगै जान चाहन्छिन्—टाँसिदै, टाँसिदै। घेर टाढा, कहाँ—कहाँ, संगसंग। जहाँ भए पनि अहिले उनलाई कसैले छोड्दनन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

कसले घन ज्ञानीको ती साना—साना हात निर्बोध आत्माले साऱ्है छुटाउन नसकिने गरी तानिराखेका छन्, ती कसै गरे पनि फुत्कन सक्तिनन्। आमाले भनिन् "ज्ञानी! निद्रा आएन? सुत्न, अबेर भयो!"

ज्ञानीले आंखा चिम्लेर निदाएको बहाना गरी 'उँउँ।' अझ पनि ज्ञानीलाई निद्रा आएन। अहँ आएन। आमाले फेरि भनिन्— "सुत् निदान।" केही बेर सारा बातावरण निस्तब्ध भयो, अनि ज्ञानीले बोलाई— "आमा।"

आमा चूप।

ज्ञानीले फेरि भनी— "आमा! म जन्मेर बा मर्नु भएको?"

आमाले ज्ञानीको मुख एकटकसित हेरी भनिन्— "होइन कसले भन्यो?"

"किन त म जन्मेको राति बा मर्नु भयो!"

हृदयभित्रको व्यथाको गम्भीर समुद्र उर्लन लाग्यो। आंखाको आंसुलाई बल्लतल्ल रोकेर आमाले भनिन्— "कसले भन्यो? बाको दिन पुग्यो, अनि जानुभयो।"

ज्ञानीलाई तैपनि शान्ति भएन। निद्रा आउनै चाहँदैनथ्यो, केही बेरपछि शान्त स्वरमा त्यागीले भने झैं ज्ञानीले भनी "आमा म मरें भने बा फेरि आउनुहुन्छ?"

आमाले चकित भएर उसको अनुहारलाई एक टकसित हेरिन्—कुनै विकार छैन। अघि जस्तै गम्भीर! ज्ञानीको अनुहार भन्न खोजिरहेको थियो— "म यहां, बा उहां, म यहां किन?"

ज्ञानीको मसिनो स्वर सन्नाटालाई चिर्दै उठ्यो— 'आमा!"

('कथा संग्रह' बाट)

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ईश्वर बराल

१९८०

[एम. ए. । 'झ्यालबाट' (कहानीसंग्रह) का संपादक । प्राफेसर । पत्रपत्रिकामा कृतिको प्रकाश ।

हुने बिरुवाको चिल्लो पात भने झैं बरालजीको हृदयमा सानैदेखि मातृभाषामाथि श्रद्धा उम्रेको हो। शुरुदेखि ऐलेसम्मको नेपाली साहित्यको अन्वेषण र अध्ययन गरी साहित्यिक इतिहास उहाँले खडा गर्न लाग्नुभएका छ । सबभन्दा अघि कविता लिएर साहित्यिक जगत्मा प्रवश गर्नु भएको भए पनि हाल समालोचकको भद्रासनमा उहाँ हुनुहुन्छ, तर लेखकको मुटुसंम नछामी उहाँ कलम चलाउनुहुन्न । उहाँको समालोचकतामा गुणको प्राधान्य छ, प्रशंसा र सान्त्वनाको अनुपानसँग ओखती खुवाएर लेखकलाई उठाइएको छ, तुलनात्मकताको चतुर्‍यांइले उचालिएको छ अनि शैलीको टड्कारो विवरण र सुन्दर संस्कृत शब्दको अनुरूप प्रयोगले ओषधी सिंगारिएको छ।]

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्त

यो कुरा सबैलाई ज्ञात छ—भानुभक्त आचार्य परम भक्तिवादी कवि थिए। कुन साहित्यको पनि प्राथमिक अवस्थामा भक्तिरस-परम्परा हुँदो रहेछ र यस प्रकार नेपाली साहित्यको प्राथमिक विकासमा पनि देवताको चरित्र चित्रण गरिएको हुनु एक प्रकारको साहित्य-सिर्जनासम्म देखिन्छ। भानुभक्तले आफ्ना रामायण दुइ प्रकारका परिस्थितिवश रचना गरेको स्पष्टतया बुझिन्छ।

प्रथमतः उनलाई घाँसीद्वारा केही आफ्नो अमर कीर्ति राख्ने प्रेरणा मिल्यो। आदिकवि वाल्मीकिमा मैथुन-संलग्न क्रौञ्चबाट एउटा ठूलो पीडास्रोत रसायो र उनमा काव्योचित आर्द्रता आया। तुलसीदासलाई आफ्नो प्रियतमाले यस असार संसारको क्षणभंगुरता र रामनामको प्रसादले मोक्षमार्गको सान गरिन् र फलतः उनमा कर्तव्यको उद्रेक भयो। (वस्तुतः कविहरूको भित्री हृदयमा कता हो कता भाव तथा भावुकता लुकेको हुन्छ जो विशेष प्रकारको उत्तेजनाको संघातले जागृत हुन्छ।) भानुभक्तमा पनि कवि हृदय थियो र उसै हुनाले एउटा साधारण घाँसीको अर्तीले आफ्नो कुलीन ब्राह्मणत्वलाई झस्काएर एक प्रकारको कवि जागृत भयो र काव्यरसमय उनी भएतिर काव्यप्रतिभाको प्रयोग मूलरूपमा आफ्नो कीर्ति अमर राख्ने विचारले न गरे। यस प्रकार रामायण रचना गर्दा उनको स्वार्थ देखिन्छ। अर्थात् साहित्यिक वस्तु दिने भाव होइन तर आफ्ना

CC-0. In Public Domain. Digitization by eGangotri

नाउँ चलोस् भन्ने न लिप्सा उनको थियो। गौणरूपमा संस्कृत नजान्नेहरूलाई पनि चाख मिल्ला भन्ने उनले ठाने। जे भए पनि रामकीर्तिगाथा पद्यबद्ध गर्दा नवधा भक्तिको एक प्रकारको भक्तिको—पुण्य आफूलाई त अवश्य मिल्ला भन्ने उनको अर्को आन्तारिक इच्छा थियो—यो त आज भोलिको साधारण मनस्तत्ववेत्ता सहजतया भन्न सक्नेछन्। एवं प्रकारले आफ्नो प्रयास खेर नजाला भन्ने उनलाई लागेको थियो।

घाँसीको अर्ती पाएपछि उनल रामायण रचना प्रारम्भ गरेर १८९८ वि. मा बालकाण्ड सकियो। तर १९०८ सम्म रामायणपट्टि उनले ध्यान दिएनन्। यो ९।१० वर्षको समयभित्र उनले फुटकर पद्य-रचना गरेको मात्र बुझिन्छ। तर उनले प्रत्येक पद्यको रचना विषमपरिस्थितिको अनुभव भएर नै लेखेका छन्। त्यसैले यिनमा मार्मिक अनुभूति आउनु स्वाभाविक छ। तर उनले रामायणको शेष रचना कुमारीचोकमा थुनुवा परेको वेला पुनः थाले। तिनताकको नेपालको राज्यतान्त्रिक अनुदारता कस्तो यातनामय थियो होला? थुनुवा भएका वेला (१९०९) चाँडो सफाई नपाएकोले रन्थनिएर उनको संवेदनशील हृदय निश्चय नै व्यथित भयो होला र सहजात काव्यशक्ति हुनाले फेरि रामायणको शेषांश प्रारम्भ गर्नु स्वाभाविक नै देखिन्छ। तर त्यस वेलासम्म (१९०९) उनले सुन्दरकाण्डसम्म नै पुऱ्याए। "कुमारीचोकमा नथुनिएका भए शायद रामायणको बालकाण्डभन्दा ज्यादा लेखिने थिएन" भन्ने बाबुराम आचार्यको उचित शङ्का छ।

यस प्रकारसँग पाँच काण्ड सिद्धिएपछि बाँकी दुइ काण्ड सिध्याउनु आवश्यक थियो र थुनुवाबाट मुक्त भएपछि १९१०

CC-0. In Public Domain. Digitization by eGangotri

वि॰मा उनले शेष युद्ध र उत्तरकाण्डको अनुवाद पनि गरे। रामायण उनको मौलिक रचना होइन, एतदर्थ उनको व्यक्तित्व यस कृतिबाट स्वतन्त्ररूपले झल्किएको छैन। तर अनुवाद गर्नमा पनि अनुवादकको प्रतिभा र चाख अवश्य देखिन्छ। (तुलसीदासमा भए जस्तो काव्यात्मक कल्पनाको चमत्कार भानुभक्तमा काव्योचित चमत्कार नभए तिनको रामायणको त्यस्तो विशुद्ध सरस नेपाली शैली कदापि हुने थिएन।) यस प्रकार अध्यात्मरामायणको नेपाली अनुवादमा उनको मौलिक काव्यात्मक प्रकृति र दर्शन नभएको हामी भन्न सक्तैनौं। तर मूलमा किनकि वाह्यसंघर्ष विषम अथवा सम–द्वारा नै काव्यक्षेत्रमा अग्रसर हुनको निम्ति उनले प्ररणा पाए। उनमा कल्पनाको उच्च उडान होइन कि वरन् स्वानुभूतिको प्रबल अवेग न देख्छौं। उनको मौलिक दर्शन भक्तमाला, बधूशिक्षा जस्ता स्वतन्त्र कृतिबाट राम्ररी बुझिन्छ। उनी हिन्दू-धर्मका ब्राह्मण थिए। यसैले भक्तमालामा स्वर्ग, नरक, विषय मोहबन्धनको विवेचना, समयको क्षणभङ्गुरता र कालका अवश्यम्भाविता तथा रामनाम–स्मरणको महत्व आदि विषयमा मार्मिक उद्गार छन्। बधू–शिक्षामा बुहारीको कर्तव्य, आदर्श र दिनचर्या बताइएका छन्। रामायण, प्रश्नोत्तर र रामगीता उनका अनूदित कृति हुन्।

अब हामी भानुभक्तको लोक-दर्शनपट्टि विचार गरौं उनको दशन चार्वाकको जस्ता 'ऋणं कृत्वा घृतं पिवेत्' भन्ने सुखलिप्साको थिएन। भानुभक्त शकराचार्य जस्ता वेदान्तीका परम्परावाला छन् उनको भक्तमालामा यस प्रकाको धारा स्पष्टतया देखिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

तर भानुभक्तको महत्ता उनको सामाजिकतामा छ। उनको इच्छा समाजमा आदर्शको भव्यता, नतिकताको उच्चता तथा आफ्नो संस्कृतिको महत्ता फैलाउने देखिन्छ। यै दृष्टिकोणले रामायणको रचना थालिएको हामा अवश्य भन्न सक्छौं। उनको अरू फुटकर कवितामा पनि सामाजिक दर्शनको भिन्न भिन्न रूप देखिन्छ।

भानुभक्तले प्रत्येक कविता समाजको हितको निम्ति मात्रै लेखेको बुझिन्छ। काठमाडौंको स्तुतिगानमा यस्तै प्रकारले देशभक्तिको उद्गार देखिन्छ। भानुभक्तको शशवावस्था नै (सं. १८७३-७४ वि.) मा नेपाल र कम्पनीमा झैं सन्धि भएथ्यो। पछि बुद्धि छिप्पिएपछि नेपालको हारको प्रसंगले भानुभक्तलाई बडो ननिको लाग्यो होला र फलतः आफ्नो देशको भक्ति हृदयमा अंकुरित भयो होला। 'शिवकी पुरि कान्तिपुरी नगरी' कविता यस्तै देशभक्तिको ज्वलन्त प्रमाण हो। तर यसमा एउटा उचित शङ्का झिक्न सकिन्छ। यसमा काठमाडौं स्थानविशेषको स्तुति मात्र छ, त्यसमा बृहत्तर नेपाल राष्ट्रको र नेपाली जातिको गुणगान छैन। फलतः यसमा कविको केवल अतिरञ्जक उद्गार छ, एउटी नारीको आदर्श रूपको वर्णन जो कसीमा हेर्दा वास्तविक देखिन्न। तर हिजाआजको यस्तो प्रगतिशील (मार्क्सर्य) दृष्टिकोणले उनलाई होच्याउन पाइन्न। तिनमा स्थानविशेषको संकीर्णता थियो-यो मानौं। तिनका समकालीन यदुनाथ पोखर्यालका कवितामा वरु नेपालका राष्ट्रियता र देशको निकै राम्रो वर्णन छ। तर हामीले त्यस वेलाको ऐतिहासिक पृष्ठभूमिको पनि ख्याल राख्नुपर्छ। भानुभक्तमा देशभक्तिको एक प्रकारको जोश (Spirit) थियो, यो मान्न पर्छ, नत्र तिनको रामायणले नेपाली भन्ने बोध गराई

CC-0. In Public Domain. Digitization by eGangotri

अहिले सबैमा राष्ट्रियताको चेतना उमार्ने थिएन। भानुभक्तमा सामाजिक तत्त्व थियो, फलत: उनको लोक-दर्शन समाजसरीको थियो र एतदर्थ देशभक्तिको साँचो उद्गार उनमा छ र उनको रामायण हाम्रो अमर राष्ट्रिय धन हुन आएको छ।

(भानुभक्त तीक्ष्ण मनोवज्ञानिक थिए, किनकि उनी थिए कवि, सर्वद्रष्टा–'जहाँ न पहुँचे रवि वहाँ पहुचे कवि।') त्यसैले उनले भिन्न भिन्न संघर्षमय परिस्थितिमा भिन्न भिन्न मानिसको स्वभाव अध्ययन गर्ने मौका पाए। प्रत्येक प्रकारका मानिसका संसर्गले उनले भिन्न भिन्न दृष्टिकोणका कविता थुनुवा परेका बखत—

"लामखुट्टे उपिन्याँ उडुस् इसँगि छन्
इन्कै लहड्मा बसी।
लाम्खुट्टे हरू गाउँछन् इ उपियाँ
नाच्छन् म हेर्छु बसी॥"

भनी उनले सरल हास्यमा- आफ्नो यातना प्रकट गरे तर यसमा उनको व्यंगात्मक ध्वनि देखिन्छ। चौरस जस्तो मधुरो उनको अर्को व्यंग।

"भोला भोली हुँदैमा सब घर बितिगो
बक्सियोस् आज झोली।"

मा पनि उस्त माधुय पाइन्छ तर अत्यन्त प्रभावोत्पादक। यसबाट भानुभक्तको अर्को विशेषता छुट्याउन सक्छौं उना नेपालको त्यस ताकको अनुदार राजतांत्रिक प्रबन्धको शैथिल्य र अनौचित्यका तीक्ष्ण आलोचक थिए।

यस प्रकार भानुभक्तको लोकदर्शन निजी अनुभवबाट प्रतिपादित भएको थिया। त्यसैले तिनलाई हामी हाम्रा

CC-0. In Public Domain. Digitization by eGangotri

कविहरूका अगुवा भन्न सक्छौं ! तिनले अनुभव गरेका कुराले हामीलाई डोऱ्याएको छ । तिनको वधूशिक्षापट्टि एकचोटि फेरि विचार गरौं । आजभोलिका हाम्रा आधुनिक दिदी-बहिनाहरूलाई यो काव्य मन परोइन; किनकि यसमा तिनी-हरूको अनुसार नारीजातिलाई ठिगुरामा ठोक्नुबाहेक अरू केही होओइन । तर हामीले नारीको 'देवी, सहचरी, प्राण' को त्रिविध रूप बिर्सनु हुन्न । भारतीय नारीको जननीरूप गृहिणीरूपको महत्ता अमेरिका, बेलायत, रूस जस्ता स्त्री-स्वातन्त्र्यानुमोदक देश अझै तारीफ गर्दछन् । यस प्रकार वधूशिक्षाबाट भानुभक्तको अर्को सामाजिक दर्शन देखिन्छ। स्त्रीजातिलाई अनुदार भएर पाल्पाका एक सब्बाले उमेर ढल्केको वेला अर्को विवाह गर्ने कुरामा यसको विरोध गरी कदापि यस्तो उत्तर दिने थिएनन् ।

"पंले दाङ् गइ एक् विवाह गरियो भन्या पनी लेखियो।
फेर् तेसै चिठिमा म मर्छु कहिले भन्या पनि देखियो ॥
आयूका त विचार् विवाह नगरी पंल्हे उचित् हो लिन्या।
उल्लू छौ तिमि उल्लुलाई अहिले कुन् उत्तरं हो दिन्या ॥"

अन्ततोगत्वा भानुभक्त वेदान्ती आचारनिष्ठ,नैतिक, ऋषिवत् विचारका कर्मयोगी जीवनमुखी कवि थिए। उनमा वास्तव बोधीय दृष्टिकोण थियो। उनी स्पष्टवक्ता आशुकवि थिए, उनी व्यङ्ग्य तथा हास्यको योग पनि सफलतापूर्वक गर्न जान्दथे। उनी देशभक्त थिए, थिए समाजसेवी। भानुभक्तको लोकदर्शन कर्मयोगको, समाजसेवाको अनाचारका विरोध, नैतिक-ताको थियो।

हामी अब भानुभक्तका विशेषतालाई एक ठाउंमा भेला गरा—

CC-0. In Public Domain. Digitization by eGangotri

(१) आफ्ना समकालीन कविहरूमा सबैभन्दा राम्रो मौलिकता भानुभक्तमा थियो। रघुनाथ, वसन्त कविहरूमा शुद्ध सौष्ठव नेपाली प्रयोग थिएन। तिनीहरू देशीय प्रयोगभन्दा बाहिरको प्रयोगपट्टि आकर्षित थिए—जो नेपालीहरूको निम्ति अप्रिय नभए तापनि रसिलो थिएन। नेपाली साहित्यमा प्रथम जातीय कवि भानुभक्त नै यस कारणले मानिन्छन् कि तिनमा शुद्ध नेपाली मौलिकता थियो नेपाली आत्मा र भाषाको स्वाभाविक सुमधुर र सरल प्रयोग। अंग्रेजी भाषालाई स्वदेशी रूप दिने जुन चेष्टा चासरको भयो भानुभक्तमा पनि त्यस्तै थियो। भानुभक्तलाई परम्परावादी भनेर आर्थिक तथा मार्क्सिय दृष्टिकोणले विचार गर्‍यौं भने तिनलाई हामी बुर्जुवा तथा अनुदार भन्न सक्छौं। तिनले काठमाडौंको स्तुतिगान गरेकोमा कविको अतिरञ्जक उद्गार केवल छ। छ एउटा आदर्श रूप, जो वास्तविक कसीमा उस वेला साम्प्रतिक थिएन, न अहिले नै छ। तर माथि नै भनियो-हिजोआजको मार्क्सिय दृष्टिकोणले भानुभक्तलाई होचो गराउन पाइन्न। उनले नेपाली साहित्यका शाब्दिक प्रयोगमा गतिशीलता ल्याइदिए, त्यसैले तिनका कविता सारा नेपाली जनतामा यति प्रचलित भए। नेपालमा पहाड, पहाड, बसावसी, वन-वन-तराई-तराई, गाउँ गाउँ, घर-घर सर्वत्र उनको रसिलो सिलोक गुञ्जायमान छ। भानुभक्तले समग्र नेपाली जातिलाई एक हौं भन्ने पारे। भानुभक्तमाथि प्रत्येक जातिका नेपालीको समान अधिकार छ। यस प्रकार भानुभक्त जातीय कवि भएका छन्। उनमा विशुद्ध नेपाली व्यक्तित्व छ रघुनाथ र वसन्त कविहरू भन्दा।

CC-0. In Public Domain. Digitization by eGangotri

(२) भानुभक्तको अर्को विशेषता छन्द प्रयोगको छ। उनले दोहा, कविता, आदि छिमेकी विदेशका छन्दका व्यवहार गरेनन् वरन् संस्कृतका धेरजसो छन्दमा अतीव माधुर्य भरीकन नेपाली नै बनाइदिए।

(३) अरू समीपतावाद गरेर हेर्‍यौं भने हामी भानुभक्तको अर्को विशेषता ऊनको 'शिवकी पुरि कान्तिपुरी नगरी' कवितावाट छुट्याउन सक्छौं। यदुनाथ पोखर्‍यालमा पनि अझै भानुभक्तमा भन्दा प्रबल देशभक्ति छ। तर भानुभक्तमा न शाब्दिक आडम्बर छ न दौर्बोध्य। यस प्रकार भानुभक्तमा सर्वप्रथम, शुद्ध, सरल, सात्विक देशभक्तिको स्रोत फुट्यो भन्नामा मतभेद होओइन।

(४) नेपाली साहित्यका प्रथम 'रामाण्टिक' र प्रकृतिका कवि भानुभक्त हुन्। बालाज्यूमाथि रचित कवितावाट यस कुराको पुष्टि सहजतया हुन सक्छ तर यसमा पनि देशीय रागको ध्वनि स्पष्ट छ।

(५) गजाधर सोतीकी ब्राह्मणीमाथि रचिएको कविता र अरू-अरू प्रसंगमा यस्ता कविताद्वारा हामी भानुभक्तलाई सर्व प्रथम नेपाली सामाजिक कवि भन्न सक्छौं। अड्डाअदालतको शैथिल्यमाथि गरेको आक्षेपबाट भानुभक्तको राजनीतिक-कविरूप छुट्याउन सकिन्छ। उनको आशुकवि (सात दृष्टान्त बाट) समाजको हितार्थ नै देखिन्छ। उनको शिष्ट हास्य र र व्यंग्यमा पनि यही ध्येय छ।

यी विशेषताले गर्दा हामी भानुभक्तलाई विना कुनै अति रञ्जनाको सर्वप्रथम जातीय कवि भन्न सक्छौं। उनका प्रयोगको

CC-0. In Public Domain. Digitization by eGangotri

अनुगमनमा हामी रत भएका छौं। उनमा भावाभिव्यक्तिका सारल्य तथा तीक्ष्णता छ। हामीलाई व्यूंझाउनाको निम्ति कल्याणाभिमुखा प्राभातिक राग गाई भानुभक्त गए—तर उनी अझै जिवित छन्।

("भारतीबाट")

—:००:—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री केशवलाल कर्माचार्य

१९८१–

[शिक्षा आइ. ए. सम्म। २००४ कविसम्मेलनक कहानी प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त। २००० सालदेखि पत्र पत्रिकामा कृतिका प्रकाश। २।३ पुस्तकको प्रकाश।

कर्माचार्यजी गद्य कवि हुनुहुन्छ। अनि सफल कथाकार पनि। सरल भए पनि मनोवैज्ञानिक हुनु, घरेलु जीवनको चित्रण भए पनि आकर्षक बन्दै सुधारको चेतना दिनु; साधारण कथानक लिएर पनि बुट्टा भर्दै सामाजिक तत्व देखाइदिनु उहाँका कथाशैलीको वैशिष्ट्य हो। उहाँको कथामा न दीर्घसूत्रता पाइन्छ न त जटिल तर्क, बरु प्रायः पाइन्छ बेजोडा दम्पतीको कर्कश जीवनबाट पनि सरसता र नवीनता। फेरि १।२ दिनको घटनालाई लिएर पनि उहाँ समाज छर्लङ्ग पारि दिनु हुन्छ, अनि चरित्र-चित्रण सुन्दर तरीकाबाट गर्नु हुन्छ।]

CC-0. In Public Domain. Digitization by eGangotri

हराएको सारी

अघिल्लो दिन वता घरमा पोहर मात्रै छुट्टेको देवरको बिहा,—खूब चहल—पहलले दुलही भित्र्याएका थिए। छुट्टिसकेको भए पनि आफ्नै साख्खै देवरको बिहा—घरसँगै जोडिएको भए पनि मंगलीले आफ्ना घरसम्म आउने फुसतसम्म पाएकी थिइनन्। इष्टमित्रलाई ख्वाउनेवर्ने हेर्चाह गर्दैमा दिन डुबिहाल्यो। खालि सुत्नका निंति घर आउँदा आफ्ना कोठामा राखिछोडेको सारी एउटा देखापरेन। चोर पो पस्यो कि, नत्र मालतालहरू पनि हराएका छन् कि भनी हेर्दा अरू केही हराएको जस्तो छैन, त्यही नयाँ रेशमको सारी एउटा मात्रै छैन। चोर पसेको भए सारीसँगै रहेको चाँदीको करुवासमेत लानुपर्ने!—छँदैछ दुइदुइटा कश्मीराका कोट त्यहीं किलामा झुण्ड्याइराखेका—ती पनि छँदैछन्, लगेको छैन। चाँदीको करुवासमेत नलिई एउटा सारी मात्रै चोर्ने कस्तो चोर आयो होला त! कही राखेकै पो बिर्सियो कि भनेर सन्दूक, ट्रङ्क दराज जम्मै खोलेर हेरिन्। छैन, कही पनि छैन, चोरेर लगिसकेको माल किन होला र! त्यो लिने मान्छेको हातै महारोग होस्, कीरा परोस्, त्यसको सत्यनाश भएको देख्न पाऊँ भन्द मङ्गलीले आँखा डब्डबाउँदै चोरलाई सराप्न थालिन्।

यस्तो भयङ्कर सरापलाई पतिचाहिंको दिलले खप्न सकेन र भने— "कहीं राखेकै पो बिर्स्यौ कि, कसैलाई दिएर पो पठायौ कि, संझी हेरन।"

CC-0. In Public Domain. Digitization by eGangotri

"केको कहीं राख्या विर्सिन्थ्यो ! मरूलाई के काम मनेर दिएर पठाउँथे। अनि बिहान तपाईंले ल्याइदिनासाथ अहिले अलमल छ भनेरतिर हेरुँला भनेर यहीं-यहीं-यहीं ट्रंकमाथि न राख्या। दिनभर उतै अल्मलेको, ताक पारेर कुन कोर सल्केका हातले छुइँक्याइसक्यो, के भनेर पाइरहन्थ्यो अब !"

—मङ्गली फटफताउँदै गइन्— "खै त यहाँ पनि छैन, यहाँ पनि छैन, खै, खै !"

"त्यहीं राखेको भए कहाँ गयो होला त ?"

"कहाँ गयो भनूँ अब—आफै हिँडेर भागे मात्र !"।

"अरू कसैको काम हैन यो बुझ्नुभो, यही घरकै मानिसको काम हो, घरकै मानिसको !"

"कसले लियो होला त ?—तेरै छोराछोरीले ?"

"अं, काम नपाएर छोराछोरीले आमाको फरिया चोर्छन् ! हो, मेरा छोराछोरीहरू चोरछन्।"—मंगली उर्तासिइन्।

"के त अब भाउजूलाई शङ्का गरेकी त ?" पतिदेव झोकिए।

"हैन हैन, कसैलाई हन, तपाईंका घरमा मानिस असल छन्।"

"कसलाई भन्छ्यौ त ?—बहिनालाई ?"

को हुन्थ्यो त अरू ! उ मात्र आज तीन चारचोटि यस कोठामा पसेकी थिई रे !"

'हुँ' सम्म भनी पतिदेव चूप लागे। अनि पलङ्गमा पल्टद बिस्तारै भने—"त्यसले होओइन, त्यस्तो काम त्यसले गर्दिन।"

मङ्गली चूप लागेर बाकसमा लुगाहरू कोच्दै थिइन्। कान्नेले कोल्टो फर्काएपछि भनिन्—"भोलि त होस् मले जानेकी छु।

CC-0. In Public Domain. Digitization by eGangotri

पतिदेव निदाउन खोजे ।

× + ×

भोलि बिहान सबेरै माइत एकचोटि पुगेर आउँछु भन्ने निहुँ थापी मंगली ज्योतिषीकहाँ पुगी । वर्तमानबाहेक भूत, भविष्यका ज्ञाता ज्योतिषीजीले राम्ररी ग्रह-नक्षत्र विचार गरा भन्न थाले "अ" यो: चार्नेवाहि तपाईंले निहुरनु (ढोग्नु) नपर्ने मान्छे हो । गहुँगोरो, शरीर अलि पातलो-पातलै होला—मान्छे चंचलै हुन्छ ।"

मङ्गलीले आफ्नो पाथी ल्याएको मैचालाई भनिन्—"कस्तो छ त मैचा, हामाले भन्या मिल्यो कि मिलेन त ?"

मैचाले सही थापा— "साँच्चै, बज्यै, तपाईं त जोतिषी-भन्दा जोतिषी हुनुहुँदा रहेछ । अगिसम्म त सत्य पत्याएको थिइन, अहिले जोतिषीबाजेको कुरा सुन्दा पो म त छक्क पर,—कसरी हात गएको होला छि: । त्यसो गनु पर्ने मान्छे हैन—भन्या फेरि ।"

जोतिषीजीले जुंघा तहलाउँदै भने— "यो पनि भनिदिन्छु व त त्यो चोर्ने मानिस शायद नजीकैको नाता परेको आइमाई होला । "

मङ्गलीले भनिन्—"आफ्नै बहिनी भन्नुभन्नै, हामीले शङ्का गरेको त !"

जोतिषीजीले अगिभन्दा गम्भीर हुँदै भन्नथाले—"मान्छेको मति बिग्रेपछि केलाग्छ तपाईंको; पख्नोस् त राम्रोसित हेरि-दिन्छु ।

जोतिषीजीले स्लेटमा हिसाब गन थाले

CC-0. In Public Domain. Digitization by eGangotri

मङ्गलीले सोधिन्–"त्यो सारी अब पाइएला कि पाइन्न त ।"

जोतिषीजीले भने–"अँ, यो मान्छे अलि ठूलै घरानको हो । यसको आङमा गहना गुरिया होला, सम्भनु भो सुनका । लुगा पनि रङ्गीचङ्गाको बढ़ता लाउछे ।"

मैचाले भनी–"माने, भर्खरकी तरुनी ?"

जोतिषीले भने–"अँ, जवान उमेरकी । अँ, यसले सारी चोरेर लगेपछि दक्षिणतिर लागी । अनि एउटा लोग्ने मान्छेको हातमा दिएकी छ । त्यो सारी तपाईहरूले फेरि पाउनुहोला भनेर आशै गर्नु पर्दैन । खसोखास भनिदिन्छु ।

मङ्गलीले भनिन्–"हो हो लौ, पक्का उही हो ।"

जोतिषीजीले फेरि भने–"त्यो त अब तपाईहरूले नै विचार गर्नुहोस् । हामीले भन्नुपर्ने भनिहाल्यौं ।"

अनि मङ्गलीले मैचालाई बाटोमा भनिन्–"हो भन्या अरू कसले लिन्थ्यो । बाहिरिया मान्छेको काम हैन । हाम्रो घरमा अरु कसले लेला !"

घर पुगेपछि मङ्गलीले लोग्नेलाई सब कुरा खन्याइन् र भनिन्–"तपाईले आफ्नी बहिनीलाई खूब सज्जन भलादमी ठान्नुभएको हैन ? कहाँसम्मकी रहिछ अब बुझ्नभो ?"

पतिदेवले साहिँला बाकी विधवा बुहारीतिर हेरेर भने–"बहिनी भनेर जस्तोसुकै भने पनि, उसँग (मङ्गलीसँग) जतिसुकै बाझे पनि नाराकलह हो भनेर सहिराख्या त आज यतिसम्म पनि गर्न थालेपछि, देख्ली अब उसले

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो घरको संघार नाघेर आउन पुग्यो। तपाईं नै भन्नोस् कहाँसम्मकी रहिछ त!"

तिनी पनि उसको कुरामा सहमत भइन्—"हो त नि आफ्नो दाजु भाउजूको समेत नगनी फारयासमेत चोन लागेपछि, उनले के यसरी चोरेर लानुपर्थ्यो र! तपाईंहरूलाई भने त…"

"त्यसकहाँबाट परिआएको विधिव्यवहार पनि अबदेखिन् केही पनि गर्न छैन।"—जोशमा आई पतिदेवले भन्द गए—"त्यो घरफोरुवा, त्यो चोर्नीलाई—तपाईंहरूले पनि भेट्न भो भने यस भन्दिनोस् अबदेखि त्यसले मेरो घरमा पाइल टेक्न आउनुपर्दैन।"

विधवाले भनिन्—"हिजै फर्कीसकिन् क्यारे हैन ?"

मइलीले गर्वसाथ भनिन्—"किन बस्थी हामी जस्ता छुच्चा छुच्चीकहाँ! हिजै बेलुका मर्न गई। आज उसको पोइ कलकत्ता जाने रे

घरभरीका सब जहान मिलेर नन्दलाई 'बायकाट' गर्ने प्रस्ताव यसरी सहजै पास भयो। साहिंला वा माहिलाबाहरूक घरमा आई भने पनि 'अब घरमा नआउन' भन्ने भए।

लोग्ने पनि कलकत्ता गएको, यता आफ्नो जीउ पनि अलि संचो नभएकोले माइतमा भए केह दिन आरामसित बस्न पाइन्छ भनेर सासू-ससूरासित पन्द्र दिनको बिदा लिई अढाई वर्षको छोरालाई टुकु टुकु हिंडाएर नन्द माइत आइन्। घर पुग्न पच्चीस पाइला जति के बाँकी थियो, उता अलि पर 'तेल काँसा' खेलिरहेकी मंगलीकी सात वर्षकी छोरीले देखिहाली।

CC-0. In Public Domain. Digitization by eGangotri

दौडंद आएर बाल्यस्वभावले—"फुपू फुपू ! तपाई बाको घरमा नआउनास् ! तपाई चोर्नी !! तपाई बाको घरमा नआउनास् !!!"

ढोकामा उभिएर बाटो छेक्नसम्म पनि थाली। फुपूचाहिंलाई रिस नउठेको होइन, केही केही रहस्यको शँका पनि जरूर लाग्यो, तर पनि बालकको कुरा, केही वास्ता नगरी माथि उक्लन थालिन्।

बच्ची त कराउन थालिछ— "ए आमा ? ल हे, फुपू आउनुभो, बाको घरमा फुपू आउनुभो !"

एक किसिमले बाल्यस्वभाव देखेर फुपूलाई केही केहा हांसो उठ्न खोजे झैं भयो। तर फुपू तथा नन्दलाई भन्ने हल्ला सुनेका सबैले कान ठाडठाडो गरे। आँखा च्याती च्याती हेर्न थाले—मानो तिनलाई तिनीहरूले पहिलोपल्ट देखेको यही हो। कसैले पनि भर्खर आयौ ? सँचै छौ ?' इत्यादि केही भनेनन्। नन्दको मनमा झन्झन् चिसोको अनुभव हुँद गयो। यो के हो ? सबैका मुखमा अनौठा भाव छन !

एक छिनपछि उही साहिला बाँका विधवा बुहारीबाट सबै पुराण थाह भयो। अबदेखि माइत नआउनु भन्ने आदेशको झल्कोसमेत पाइन्। आइमाईहरूलाई माइतको कुकुर प्यारो हुन्छ भन्छन्। नन्दको मगजमा पनि रमाइला घामहरू चलचित्र झैं चकराउन थाल्दाथाल्दै माउन्न हुन् खोजे झैं भन्न रिंगटा लाग्यो। खुलुबुलु, मनमा केहो केहो रूं रूं जस्तो लागेर आयो। 'मले देखेकै छैन, लएकै छैन'—भनेर सहस्रचोटि किरिया हाल्दा पनि बिचरी नन्दले आफूलाई निर्दोष साबित

CC-0. In Public Domain. Digitization by eGangotri

गराउन सकिनन् ।, मंगलीले अगाडि सरेर भनिन्—"लौ त नलिएकी भए यो भागवत छोएर किरिया खानोस् त, छोरालाई काखमा लिएर भन्नास् त !"

आफ्ना जोरी-पारी तथा सबंको अगाडि आफ्नो यत्तिको बेइज्जत भएपछि नन्दलाई भित्र भित्रै ग्लानि लाग्नु स्वाभाविकै हो। उनी एउटा कोठामा बसेर रोइरहेकी थिइनन् । उही विधवा भाउजू आएर भनिन्—"नानी, लिएर कहीं लुकाइराख्नुभएको भए ल्याउनोस् जे भो भो, उनकै (मंगलीकै) केटाकेटीको पुतलीको बाकसबाट पाएर ल्याए भनुँला ! नत्र उहाँ घरबाट परिआएको विधिव्यवहार पनि केही गर्ने छैन रे !…फेरि माइतमा पनि यति गर्नुपर्थ्यो र नानीले !'

नन्दले फरियाको छेउले सिधान पुछ्दै भनिन्-"मैले त्यो फरिया देखेकी मात्र भए पनि भाउजू, आजको रातै नकटोस्, हैन भने … —तिनको आँखाबाट आँसुका धारा भलभलती झन थाल्यो। पछ्यौराले मुख छोपिन् ।

केही छिनपछि दाजुको कोठाको ढोकासम्म गएर पोडा-व्यथित भएर भनिन्—" तपाईंहरूको यस्तै इच्छा रहेछ; अब आजदेखि बिर्सेर पनि पाइलो टेक्न आउने छैन। आमा भ-एको हैन, बाबु भएको हैन, हुन्छ—तपाईंहरूले भन्नुभो अब म माइतलाई सपनामा समेत बिर्सिदिन्छु । "

बच्चोलाई बोक्दै जान लाग्दा फेरि भनिन् —"आज घरकै छोरीको जुन कुरोमा तपाईंहरूले चित रुवाउनुभो म मर्दो जुनिमा पनि बिर्सन सक्तिन। लौ मजासित बस्नुहोस् ।"

यसरी नन्द रोएर गएपछि घरका मानिसहरूका मनमा

CC-0. In Public Domain. Digitization by eGangotri

केहा केही चिसो पस्यो अवश्य। नतीजा पनि अहिले पो कस्तो भयंकर प्रतात भया। यसैले माहिलाबाचाहिलाई खस् खस लाग्नु स्वाभाविक हो—चूप लागेर वस्न पनि सकेनन् र भने—हैन मंगली, यही राख्या भनी टोक्न सक्छयौ ? अन्त यसो उसो कहीं राखेको ठाउँ पो विर्स्यौ कि!"

"किन बिर्सन्थे, मेरो सुद्धि अभसम्म त त्यो विघ्न बिग्रेको छैन ए! यही, यहीं ट्रङ्कमाथि नँ; भरेतिर हेरुँला भनेर राख्या।"—भन्दै मङ्गलीले पाँच औंलासहितको हात ह्याप्प बजारिन्।

"त्यही राखेको भए त कहीं जान नपर्ने हो। पछिल्तिर पो खस्यो कि!" भन्दै पति महाशयले सन्दूसमुन्तिर टाउको निहुराएर हेर्न थाले।

माहिलावाले पनि राम्रोसित हेद भने—"त्यो भित्ता-निरको कुनामा केको पोको हो नि! लौ त नाना, झिक त तानेर।"

मंगलीको पाँच बर्षको छोरोले 'सन्दूसको टाँगमुनि टाउको घुसारेर फुर्का तानी ल्यायो—सारी! उही हराएको सारीमा मूसाले गुंड बनाइराखेको रहेछ। खुट्टाका कान्छीऔंला जत्रा साना साना चार पाँचवटा मूसाका बच्चाहरू भएको सारी मंगलीको अगाडि राख्दै वच्चोले भन्यो—आमा आमा, मूसा!

("साहित्य स्रोत" बाट)

—०—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री देवकुमारी

१९८१–

[म्याट्रिक परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण । त्यसपछि कलकत्तामा ३ वर्षका स्वास्थ्य विषयको कोर्स पढी अन्त्यमा वैशिष्ट्य-साथ उत्तीर्ण ।

२००० तिर 'मातृदक्षता' भन्ने लेख गोर्खामा प्रकाश। त्यस पछि अरू पत्रपत्रिकामा पनि कृतिको प्रकाश । 'हिमालय किशोर' भन्ने मासिक पत्रिकाको संपादिका र दार्जीलिङ्को महिला स्वास्थ्य-प्रदर्शिका भएको।

लेखिकाहरूमा देवकुमारीज्यूको स्थान निकै उच्चा छ। विशेष-गरेर कथा साहित्यमा उहाँ सफल हुनुहुन्छ । उहाँका कथाहरू वेदनात्मक भए पनि आनन्दका धारा बहाउँछन्, उच्चस्तरका भए पनि नेपाली सामाजिक जीवनको गहिरो तहसम्म पुगेका हुन्छन्, छोटा भए पनि विशाल भावनाका हुन्छन्। यसरी कथा–साहित्यको धारा बहाउँदै भविष्यमा कञ्चन गङ्गाको प्रवाह बहाएर पाठकको तिर्खा मेटिदिनुहुनेछ र समाजको मैला पनि पखालिदिनुहुनेछ, भन्ने पूरा आशा छ।]

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्य निर्माण

दार्जीलिङ्को तुङ्गसुङ्ग बस्तीमा एउटा सानो चिटिक्क परेको घर छ। त्यो घरको अघिल्तिर सुग्घर आँगनका दुबै-पट्टि सानासाना फूलबारी छन्। घर काठको एकतले छ। घरको छानाका रङ्ग रातो छ त्यसको भित्तो हरियो रङ्गले पोतेको छ। संघारका दुबैपट्टि गमलामा "चमेलिया" का बोट छन्। गमला रातो माटोले लिपेको छ। ढोका र झ्या-लहरूमा हरियो रंगको पर्दा छ। तुङ्गसुङ्ग बस्तितिर जाने मानिस त्यो घरतर्फ आकर्षित हुन्छ।

पार्वती हुन् त्यस घरकी गृहलक्ष्मी। तिनी शिक्षिता र गुणवती थिइन्। साह्है सुन्दरी नभए पनि तिनमा श्री मुलभ सौन्दर्य अवश्य थियो। यसैले कप्तान कृष्णबहादुर सुखी छन् दोस्रोमहायुद्धमा तिनी लप्टन भएका थिए—पछि कप्तान भए। युद्ध थामियो, तिनी पल्टनबाट फर्केपछि आफ्नै सानोतिनो व्यापार गरेर अहिले जीवन बिताइरहेका छन्।

तिनको पाँच वर्षको एउटा छोरो छ— "नरेश"। पार्वती योग्य गृहिणी भएकी हुनाले यो छोराको लालनपोषणमा विशेष ध्यान दिन्थिन्। (यो छोरालाई भारतका एक जना श्रेष्ठ व्यक्ति बनाउने तिनको एकान्त स्वप्न थियो। तर यो स्वप्न तिनले पतिसम्मलाई पनि भनेकी थिइनन्। तिनको स्वभाव नै भावुक थियो।)

एक आइतवार तिनी एउटा दैनिक अखबार पढ्द थिइन्

CC-0. In Public Domain. Digitization by eGangotri

धेर दिनदेखि तिनको हृदय भारी थियो—दाम्पत्य भारले । कोरियाको युद्ध, तिब्बतमा कम्युनिष्टहरूको आक्रमण, नेपालको जनक्रान्ति, रूस र अमेरिकाको मतभेद—विश्वमा कत शान्ति छैन । यो विश्वयुद्धले घर घरअशान्तिको आगो सल्काइसक्यो । केटाकेटीहरू युद्धकै खेल खेल्छन्—खेलमा कोही कप्तान हुने कोही कर्णेल हुने अभिनय गर्छन् । यस्तो विश्वको अशान्त वातावरणमा छोरो कसरी बढ्ला ? तिनी यस्ता कुराहरू गर्नमिरहन्थिन् । आफ्ना पतिसँग पनि तिनी यस्तो विषय लिएर कुरा गर्थिन् । दुवै पतिपत्नी छोरालाई यस्तो सम्पर्कदेखि अलग्ग राख्ने कोसिस गर्थे । सुत्ने कोठामा उनीहरू बुद्धवाणी, गान्धीवाणी यस्तै धेरै शान्तिसन्देशहरू नेपालामा लेखेर टाँगेका थिए । नरेशलाई युद्धवीर होइन तर शान्तिवीर बनाउने उनीहरूको स्वप्न थियो ।

यो आइतवार पनि अखबारमा तिनले कोरियाका युद्धसम्बन्धी खबर पढिन् । कृष्णबहादुर घरभित्र आराम गरिरहेका थिए । नरेश तिनीसँग खेलिरहेको थियो । हठात् उसको दृष्टि आफ्ना बाबुको पाखुराको लामा दागमा पर्‍यो र सोध्यो, "बा, यहाँ के भया हो ?" कृष्णबहादुरले भने—"लडाईंमा गोली लागेको बाबु ।"

नरेश—"कसले गोली हानेको थियो बा ?"

कृष्ण—"जर्मनहरूले"

नरेश—"गोली लाग्दा तपाईंलाई दुखेन ?"

कृष्ण—"दुखेर के गर्नु ? लडाईंमा यस्तै हुन्छ बाबु, शत्रुहरूलाई मार्नै पर्छ !"

नरेशले फेरि हठात् प्रश्न गर्‍यो "बा, तपाईंले पनि

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस मार्नु भयो ?" छोराको यस प्रश्नले तिनी एक छिन गम्भीर भए र भने, "हो, धेरै जर्मनहरूलाई मारेर त म कप्तान भएँ !" यति मात्र भनेका थिए तिनी आफैं झसंग भएर छोरोको अनुहारमा पुलुक्क हेरे। तर नरेशको निर्दोष अनुहारमा जिज्ञासा र द्विविधा झल्किरहेको थियो। तिनलाई आफ्नो भूल थाह भयो। अब पार्वतीले के भन्लिन् भन्ने तिनका मनमा पर्‍यो। तर कुरा सह्माल्नु व्यर्थ थियो; किनभने नरेश बाहिर गइसकेको थियो।

पति–पत्नीका बीचमा कुरा भइरहेको थियो, नरेश एउटा लामो काठ बोकेर अजीव चालले कोठामा प्रवेश गर्‍यो। दुवले हेरिरहेका थिए। नरेशले काठ देखाएर भन्यो, "बा, हेर्नोस् त बन्दूक, यसैले म ठूलो भएर पछि जर्मनहरूलाई मार्छु।"

पार्वतीले पतितिर जिज्ञासु दृष्टिले हेरिन्। दुवैका आँखा जुधे। कृष्णबहादुरको अनुहारको रङ्ग उडसकेको थियो। पार्वतीले केही भनिनन्—केवल टोलिदै छोरालाई हप्काइन्। एउटा उड्दै आएको पुतलीतिर देखाएर छोरालाई टोलाइन्– "उ हेर, कस्ती राम्री पुतली !" नरेश पुतलीका पछि पछि दगुर्‍यो।

राती सुत्ने वेलामा नरेशले फेरि आमासित सोध्यो,— "आमा, जर्मनहरू साह्रै खराब हुन्छन् रे हो ?" पार्वतीले भनिन्— "होइन बाबु, सबै जर्मनहरू खराब हुँदैनन्, तिनीहरू बडा ज्ञानी पनि हुन्छन्। रोगीलाई निको पार्ने अनेक औषधि उनीहरू नै बनाउँछन्–कलकाँटाको काममा पनि उनीहरू सिपालु हुन्छन्।"

नरेश--" उसो भए बालाई किन गोली हाने त ?"

पार्वती--"उनीहरूले हानेनन् अरू दुष्टहरूले हानेका थिए।"

CC-0. In Public Domain. Digitization by eGangotri

नरेश--"दुष्टहरू को हुन् आमा ?"

पार्वती-"जो अरूलाई दुःखदिन्छ, आफू मात्र खान्छ ठूलाको अर्ती मान्दैन, भगवान्लाई प्रार्थना गर्दैन त्यो नै दुष्ट हो।" यस कुराले नरेशको मनमा गहिरो प्रभाव पऱ्यो। आमालाई हेरेर उसले सोध्यो, "आमा म खराब छु कि राम्रो छु?"

छोराको प्रश्नले पार्वती मनमनै हाँसिन् र भनिन् 'तिमी राम्र छौ, सबैभन्दा राम्रो छौ, बाबु ?"

त्यो रात पार्वती निकै बेरसम्म छटपटाइरहिन्। कृष्णबहादुर पनि आफ्नो बेवुद्धीमा खिन्न थिए।

भोलिपल्ट पनि नरेशले आमाचाहिँलाई जर्मनहरूकै कुरा सोध्यो, पार्वतीले त्यस अबोध बालकको मनदेखि प्रतिहिंसाको भाव हटाउने नै चेष्टा गरिरहिन्।

त्यही रात भात्सा सकेर पार्वती छोरालाई सुताउने कोसिस गर्द थिइन्। नरेशले आफ्ना साना साना बाहुले आमाको गाला छोपेर लाडे स्वरमा भन्यो "आमा आजदेखि मैले बन्दूक फालिदिएँ है। पछि म ठूलो भएर जर्मन जान्छु जर्मनहरूलाई साथी बनाउँछु र म पनि उनीहरूले जस्तै रोगीलाई निको पार्ने औषधिहरू बनाउँछु।" छोराको कुरा सुनेर पार्वतीको कण्ठ भरिएर आयो तिनले "हुन्छ बाबु" सम्म भन्न सकिन्। तिनको गला रुद्ध थियो-आँखामा हर्षाश्रू थियो। छोराको भविष्य आज तिनले निर्माण गर्न सकिनन्। छोरो निदाइसकेर मीठो स्वप्नमा खेलिरहँदा पनि आमाचाहिँ छोराको भविष्य निर्माणमा झुलिरहेकी थिइन्।

("प्रभात" बाट १९५१ अप्रिल)

—o—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री भाइचन्द्र प्रधान

१९८२–

कोविद। विशारद। आलोचनात्मक निवन्धमा दार्जीलिङ्को हिमाञ्चल हिन्दी भवनको 'मृगाङ्का पारितोषिक' का विजेता।

प्रधानजीले २००० सालदेखि साहित्यिक जीवन शुरू गर्नुभएको हो र पत्रपत्रिकामा उहाँका बीसौ लेखहरू छापिएका छन्। नेपालदेखि टाढा बसेर पनि यसरी नेपाली भाषाको सेवा गर्नुभएकोमा उहाँलाई मुरी मुरी धन्यवाद दिनुपर्छ। उहाँको भाषामा सरलता, कल्पनामा सन्देश, रीतिमा नवीता पाइन्छ। कवितामा भन्दा कथामा उहाँ सफल हुनुहुन्छ। उहाँका कथामा यथार्थ हुन्छ, आदर्श हुन्न; मनोविज्ञान हुन्छ, मन्थन हुन्न; चेतना हुन्छ; लक्ष्यहीनता हुँदैन।

CC-0. In Public Domain. Digitization by eGangotri

कस्तो ?

काखमा घोप्टो परेर रुँदै रुँदै आद्र स्वरमा कमलाले भनी "अब हाम्रो भेट कहिल्यै होओइन। तिमी सधैंका लागि जानलागेका छौ। अनि त्यसपछि उसका कण्ठसम्म आएका वाक्य पनि वाहिरसम्म निस्कन नसकी मस्तिष्कतिर गएर उसका आँखावाट भन् धेरै—, अश्रु बढता आँसु बनेर निस्के।

हरि अचल भै टाढातिर निरुद्देश्य दृष्टिले हेरिरहेको थियो मानो अर्द्ध—चेतन अवस्थामा उ अरूनै कुराको कल्पना र विचार-विमर्शमा लागिरहेको थियो। कमलाको कुरा उसका कानभित्र पस्न त पस्यो तर मस्तिष्कसम्म पुग्न सकेन।

अलि वेरमा कमलाले टाउको उठाई र हरिको अनुहारमा एक छिन घोरिएर हेरी। उसको अनुहारमा अझ त्यही विकार त्यही भावना खेलिरहेको क्षीण आभा थियो। उसले अनुभव गरी—उसबाट त्यो विचार, त्यो भावना अत्यन्त टाढा, धेरैसुदूर छ। अनि उसले फेरि हरिको काखमा अनुहार लुकाएर रुँदै अलि जोरले भनी—" तिमीलाई मेरो अलिकति पनि माया छैन ?"

उसको रुवाइको आवाजले यस पाला उसलाई झस्काइदियो, अनि तरङ्ग भएर उसले कमलालाई हेऱ्यो र कपाल सुम्सुम्याइदिदै भन्यो—" तिमी मलाई ढुङ्गा सम्झन्छयौ ?"

हरि र कमला एउटै माता–पिताको छोरा–छोरी थिएनन्, तर त्यातले पनि उनीहरूलाई दाज्यू-वैनीका नाता र माया ममतामा कत्ति बाधा पुऱ्याउन सकेको थिएन।

CC-0. In Public Domain. Digitization by eGangotri

विवेकले खुट्टा हाल्नासाथ, कमलाले एक जना दाज्यूको र हरिले एक जना बहिनीको अभावको तीतो अनुभव बराबर गरेका थिए। र जति जति दिन बित्दै गए उति उति त्यो अनभवको मात्रा पनि बढ्द गयो। अनि कमलाले हरिलाई र हरिले कमलालाई पाएर दुवले कल्पना गरेका थिए, जीवन साथक बन्यो, कामना पूर्ण भयो।

तर दुवले यो बिचार सम्भवतः बिर्सेका थिए, कुनै पनि दिन, कुनै पनि कारणले उनीहरू छुट्टिन सक्छन्। यसैले एकले अर्कालाई भनेका थिए, "हामी एउट माता-पिताका कोखमा जन्मेका भए कति बेस हुनेथियो।"

तर यसै सिलसिलामा एक दिन कमलाले भनेकी थिई, "हामी एउट माता-पिताको कोखमा जन्मका भए हामीलाई एक-अर्काको यति धेरै माया नै लाग्नेथिएन।"

तर परिस्थितिलाई आफ्नो अनुकूल बनाउने हिम्मत राख्ने हरिलाई परिस्थितिले आफ्नो अधीन बनायो। उ परदेश जाने भयो। दुवैलाई थाहा थियो, नजाने कँयन्-कँयन वर्षसम्म उनीहरूको भेट हुनेछैन।

परदेश जाने समय पनि आया, अनि कमलाले रुँदै आँसुको हारले हरिलाई विदा गरी; हरि कमला हृदयलाई कडा बनाएर परदेश लाग्यो।

× × ×

नौलो देश, नयाँ रीतिथिति, नौलो वातावरण नयाँ जीवन हरि असंख्य मानिसहरूका बीचमा एकलो थियो, न कोही परिचित, न कोही सम्बन्धी।

CC-0. In Public Domain. Digitization by eGangotri

दिनभरि काम गर्दथ्यो र त्यस्तरा बवजस्तीसित उ आफूलाई कमलाको सम्झनाबाट टाढा राख्ने प्रयास गर्दथ्यो, तर त्यति हुँदा पनि, बिहान र बेलुका त्यो संझनाले उसलाई दुःख नदिई छाड्दैनथ्यो र त्यस बेला उसलाई हुँ हुँ र घर फर्कूं फर्कूं लाग्दथ्यो।

तैपनि उ घिस्याउँद-घचेटतै दिन बिताउन लाग्यो। समय समयमा कमलाका पत्र आउँथ्यो, तर कुन्नि किन कमला आफ्नो पत्रमा त्यति कुरा लेखी पठाउँदिनथी, जति उ चाहन्थ्यो। यसले उसलाई कस्तो-कस्तो मयालु रिस उठाउँथ्यो। अनि चिट्ठी नै लेख्दिन भन्ने भावनालाई मेटाई अर्के भावनाले उसलाई त्यसको उत्तर लेख्न बाध्य गर्दथ्यो। उ आफै लामो पत्र लेख्दथ्यो।

एक दिन कमलाले पत्रमा लेखी, 'आफै एकलो हुन गएका त हो नि। हामीले पठाएका होइनौं हरिलाई थाहा थियो, कमलाले उचित ख्याल गरेकी हो, उसको बानी न यस्तो छ। तर हरिका अन्तरात्मा परदेशमा यस्तो वाक्य सुन्न चाहन्थ्यो, घरमा छँदा चाहे उसले जेसुकै भनोस् जस्तोसुकै गरोस् तर त्यही एउटा वाक्यले उसलाई कमलाको पत्र देखेर उठ्ने मयालु रिसमा मयालुपनाले ठाउँ छोड्दै गयो र हरिले निश्चितरूपमा मनमनै भन्यो, कमला यसै भन्छे भने भैगो, अब म चिट्ठी नै लेख्दिन।'

त्यसपछि पनि कमलाका अनेकौं पत्र आए, कुनैमा रुवाइ थियो, कुनैमा रिसाइ थियो, कुनैमा बिन्ति—निवेदन। त्यस्ता पत्र पाउँदा हरिको भित्री मनको एउटा कुना भन्दथ्यो, 'कमलालाई किन रुवाउँछौ, लेख चिट्ठी।' तर त्यसको बिपक्षी

CC-0. In Public Domain. Digitization by eGangotri

भावनलाले फेरि उसलाई समाइहाल्दथ्यो र उ लेख्न लागेका पत्र पनि च्यातेर फाल्दथ्यो ।

केही दिनपछिदेखि कमलाका पत्र पाएर पनि उत्तर नलेख्नु उसको प्रकृतिको एउटा अंग झैं बन्या ।

यसरी नै दिन उकुसमुकुससाथ बित्न लाग्यो र कमलाका स्मृतिलाई पनि उसले धमिलो पार्दै लग्यो ।

× × ×

दिन, महीना र वर्षका गणना गर्दागर्द त्यस्ता कैयन् महीना र कैयन् वर्ष बिते । अघिको नौलो देश, नयाँ जीवन पुरानो भया । नयाँ रीतिस्थिति र नयाँ वातावरणको उ अभ्यस्त भयो । धेरैलाई उसले चिन्यो, धेरै उसित परिचित भए । अनि क्रमशः उसको एकाकीपन पनि क्षीण जस्तो हुँदै गयो ।

घर र कमलाका सम्झना उसको मानसपटका पत्रहरू कहिलेकाहीं पल्टँदा उसका सामु आउँथे, तर फेरि उसै हराएर बेपत्ता पनि हुन्थे ।

उसको जीवन र जीवनक्रममा पनि धेरै नै अन्तर परिसकेका थियो । कमलाका चिट्ठीहरू पनि पहिलेपहिले त आउँदै थिए; तर पछि हरिले नै उत्तर दिन छोडेपछि उसको चिट्ठी पनि आउन छाड्यो ।

चिट्ठी आउन्जेल कमलाको बारेमा उ केही न केही कुरा थाहा पाउँथ्यो, तर क्रमशः त्यो पनि आउनै छोडेपछि त्यो उसै हराएर गयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

अनि यस्तैमा एक दिन हरिले आफ्नो घर हेर्ने विचारले त्यो ठाउँ छोड्यो। एक महीनाको उसलाई बिदा मिलेको थियो।

× × ×

शहर त्यही, बाटा त्यही, घरहरू तिनै। तर अरू जम्मै बेग्ला बेग्लै। बच्चाहरू जवान भइसकेका थिए, जवानहरू बूढा। कोही कति जनाका बाबु भइसकेका थिए, कोही कति जनाका आमा, त्यस दिन हठात् उसलाई पनि आफू बूढो भइसकेको अनुभव ज्यादा मात्रामा भयो। अनि आफै मन मनमा खेदपूर्वक मलिन हाँसो हाँस्यो।

आफ्ना पुराना मित्रहरूसित उसको भेट भयो! कोही कस्ता भइसकेका थिए, कोही कस्ता! कोही त स्वर्गवासी पनि भइसकेका थिए।

यसरी नै एक दिन कमलाको सम्झनाले उसलाई कमलाको घरसम्म पुऱ्यायो। बाटोमा उसको मन भन्न लागेको थियो 'कमला पनि त अरू जस्तै बूढी भइसकेकी होला। बिहा भएर पनि नानीको आमा भइसकेकी होली! माइतमा कहाँ होली र...?' अनि यी भावनाले उसलाई एक तमासको बनाइदियो र एक प्रकारको नराम्रो टसले कता कता अनुभव गऱ्यो।

कमलाको घरमा पुग्यो, पहिले त उसका घरका मानिसले उसलाई चिन्न पनि सकेनन्।

कुरै कुरामा हरिले सोध्यो, "कमला खै त?" आफैंले चिसो अनुभव गऱ्यो।

CC-0. In Public Domain. Digitization by eGangotri

कमलाकी बूढीआमाले भनी "बिहा भएकों अहिले हो र ? दुइ जनाकी आमा पनि भइसकी... ' अनि त्यसपछि अरू उसले केही सुन्न सकेन र अर्के सिलसिलामा एक छिन कुरा गरेर फेरि पछि आउने प्रतिज्ञा गरेर उ त्यहाँबाट हिंड्यो ।

त्यस वेला उसलाई कस्तो कस्तो रूरू जस्तो र एक प्रकारको चसो र नमाठो लागिरहेको थियो ।

—:o:—

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लीलाध्वज थापा

१९८२–

पत्रपत्रिकामा कविताको प्रकाशन । थापाजीको कलममा सजीवता छ । वहाँले तिनौटा सामाजिक उपन्यासहरू र एउटा नाटक पनि लेख्नुभएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अमरमाया

नाटक

दृश्य—११

त्यही दिनको राती ।

उही, जुहारी त्रिरत्न शाक्यभिक्षुक घरको बारी माथि कोठाको झ्याल खोलेको हुनाले होला, एक टुक्रा कालो जमीनमा बत्तीको रङ्गले लेखिएको बाङ्गिएर लाम्चिएको, काठको डण्डी भएको झ्यालको धमिलो तसवीर छ। त्यो तसवीरतिर जाँदै नगई, हात पछिल्तिर बाँधी, बेलीको लहरादेखि हँसिनाको रुख-सम्म, फेरि त्यह देखि त्यहाँसम्म, अमरप्रताप शाह ओहोर दोहोर गरिरहेको छ । उसको अनुहार हेर्दा ऐले उ के गरिरहेको छ उलाई केही थाहा छैन जस्तो छ। केही बेरपछि भाइचा आइपुग्छ ।

अमर—खै त, नआउने रे ?

भाइचो—होइन, बा झूलभित्र त पसिसक्नुभो, तर पाठ गन लाग्नुभाछ, दिदीलाई चै, त्यै सेफ तहलाउने काम लाउनुभाको र छ "'भोली गरु कि ?" भनेर दिदीले भनेको बाले मान्नुभएन, "दश मिनेटको काममा पनि कस्तो अल्छी मानेको !" भन्नुभो; तर सिद्धिनै लाग्या, ऐले त सिद्धियो पनि होला !

अमर—तिमीले म आको कुरा कसरी भन्यौ त ?

CC-0. In Public Domain. Digitization by eGangotri

माइचा—बा, यस्तो ती चोटामा निस्कनुभो, अनि त्यै वेलामा भनें ।

अमर—के…तिम्रो बालाई सुत्ने वेलामा पनि पाठ गर्नु पर्छ ?

माइचा—हजूर, कहिले त एक घण्टासम्म पनि गरिरहनुहुन्छ ।

अमर—जाऊ त तिमा पनि, केटाकेटी मान्छे, सुत्न अबेला भैसक्यो होला, जाऊ !

[माइचा लाज मान्दै निस्कन्छ। अमर फेरि उसरी नै टहल्लिरहन्छ। एक छिनपछि, हँसमुखी मायाको प्रवेश !]

माया—(आउँदै) किन मलाई यसरी झुक्याइबक्सेको हँ ? हिजोको चीठीमाचैं अब चार–पाँच दिनपछि मात्रै आउँछु भनेर लेखिबक्सने ! (अमरको वर गई) मेरो मनमा त ऐले हजूरको दर्शन पाउने अलिकति पनि आशा थिएन; त्यै अस्ति हजूरले मर्जी भएको मान्छेको कुरा ज्यादै अचम्म लागेर संझिरहेकी थिएँ, एकदमसित भाइले 'हजूर तल सवारी भएको छ' भन्न आयो; मैले त एक छिन पत्याउनै सकिन सत्ते ! सपना नै विपना भाको जस्तो भो !

अमर—(चौतरामा बस्तै) मलाई पनि आज तिमीसित भेट होला जस्तो लागेको थिएन ।

[माया पनि बस्तछे ।]

हाम्रो भेट आज हामीले गरेको हैन, अर्कै थाकले गराएका !

CC-0. In Public Domain. Digitization by eGangotri

माया—(हाँसेर) केल्ले ? साँच्चि मेरो सपनाले पो हो कि !

× × ×

आज किन हजूरको मुहार अलि आराम नभएका जस्तो ? माथसाथ दुखेको छ कि, हो !

अमर—माथ दुखे त पानीपट्टी छँदै छ, नि !

माया—अनि के त ?

अमर—क्यै पनि हैन; मलाई एक चोटी तिमीले गाएको चौपट्टै सुन्न मन छ, बिन्ति भन्छु, लौ-ऐ-ले गाइदेउन !

माया—हरे ! के मर्जी भाको---म त सत्य, गाउन भनेपछि पटक्कै जान्दिन ! बरु, हजूरको सुनुँन !

अमर—अ—मैले तिम्रो भाइसित सोधेको छैन र ! तिमी सँधै बिहान यही बारीमा आएर फूल टिप्दै टिप्द गाउँछ्यौ रे, अनि गाउँद गाउँदै माला उनेर जुरामा लाउँछ्यौ रे…… !

माया—त्यो फटाहाले हजूरलाई रिझाउन त्यस्त नभएको कुरा भनेका, सत्य !

अमर—मले त्यो बिहानको वेलामा, तिमीलाई देख्न पाए कस्ता हुन्थ्या ! लौ,--बरु तिमीलाई लाज लागे, हामी दुवै जना गाऔं त !

माया—कति जिस्क्याइरैबवसेको, माथि मान्छेले सुन्दैन भनेको !

अमर—साना स्वरले गाए त भइहाल्छ नि !

CC-0. In Public Domain. Digitization by eGangotri

माया—पर्दैन— ! यो नाचहो र ?. (अमरलाई हेरिरहेर)
हजरको मुहार ·····

अमर—के त ?

माया—हजूरको परेलाले आँखिभौं छुंदो रैछ। फेरि त्यो हेऱ्यो कि मेरो चैं भित्र काँ—काँ छोएको जस्तो हुन्छ, के अचम्म!

[एक छिन दुवै चूप रहन्छन् ।]

यो ठाउ आज किन यस्तो डरलाग्दो भाको होला: (आकाश तिर हेरेर) चन्द्रमा पनि कतातिर भागेछ!

अमर—तिमी चन्द्रमा छंदै छौ नि ! मलाई त तिम्रा वर बस्ता जस्तै अंध्यारो ठाउँ पनि टह टह जून लागेको जस्तै हुन्छ ! आकाशको चन्द्रमाले त मेरो जीउमा मात्रै जून लाग्छ अङ्ग लुगामा पो त,—तर तिमी चन्द्रमाको वर बस्ता त मेरो छातीभित्र सुकिला जून लाग्छ; अनि ज्यादै शान्ति हुन्छ ।

माया—मलाई के, हजूरको कुरा सुन्दा—कहिले ज्याद रमाइलो लाग्छ;—क लेच, रुँ रु जस्ता मात्रै लागिरहन्छ; फेरि कैलेचैं, हजूरका कुराहरू सब बनाको कविता रमाइलो सपनाहरू जस्तै त हो नि जस्तो लाग्छ;—फेरि कैले भने, आफूले याहा नपाइ राखेको, अनि हजूरले मर्जी हुने वित्तिक भ्वाल्ल भएर जानेको एउटा अमूल्य साँचो कुरा हो जस्तो लाग्छ; कुनचैं ठीक होला, ला हजूर मर्जी होस् त !

CC-0. In Public Domain. Digitization by eGangotri

अमर—पहिलो चैं

माया—हो र?

अमर—हो!

माया—आज हजूरको मनमा के छ हं? अघिदेखि, के-के, के-के, सम्झिबक्सेको छ, मलाई भन्नी होस् न!

अमर—हुन्छ;—तर यो कुरा भन्नुभन्दा पहिले म एउटा कुरा सोध्छु!—नढांटेर भन नि है त!

माया—के कुरा?

अमर—तिमीलाई मेरो विश्वास कत्तिको लाग्छ?

माया—हजूरको विश्वास?··· (शून्यमा हेरेर) मलाई माया लागे जत्ति विश्वास लाग्दैन!

अमर—(हारेर) किन त त्यस्तो?

माया—म हजूरको वर बसेर सेवा गररहन पाउँदिन; हजूर-लाई के मन पर्छ—के गरे हजूर रिझिइबक्सिन्छ,-मलाई त्यो थाहा छैन, त्यसैले होला, फेरि थाहा पाए पनि म त्यै अनुसार चल्न सक्तिनँ; माया लाग्छ तर मनग्येसित त्यो माया गर्न भने पाउँदिन; यसमा त मलाई अलि पीर लाग्छ!—(बसाइ बदलेर) विश्वास नलागेर के भोर, मैले मेरो जीवन हजूर-लाई चढाउने सङ्कल्प गरिसकेकी छु; विश्वास पात्रमा त जो पनि आफूलाई सुम्पन सक्छ; तर मैले त, हजूरमा विश्वासै नगरेर पनि आफ्नो जीवन सुम्पिसकेकी छु—, त्यसैले त मेरो माया ज्याद बलियो छ भन्ने मलाई घमण्ड छ!

CC-0. In Public Domain. Digitization by eGangotri

अमर—(हार खाएर) तिमीले मेरो 'विश्वास लाग्छ,' भन्लेउ र भनुँला भनेको अर्कै कुरा गर्‍यौ; मलाई झन् डर लाग्यो ! मैले त यो कुनै ठूलो कुरा त संझेको छैन छन त, तिमीले संझिदिन्छयौ कि भनेर मात्रै, डर लागेको हो मेरो विहा गरिदिने रे !

माया—किन··· ··· ? फेरि··· ··· !

अमर—यहाँ तिमीसित अस्ति मात्रै विहा गर्दिन भनेर किरिया हालें, उहाँ मलाई थाहाँ नै नदिएर विहाको कुरा छिनिसकेको रैछ ! मैले गर्दिन भने—सर्वैसित बाझें, सत्तै क्यै सीप लागेन ! मैले विहा नगरिदिदा, उनीहरूको बेइज्जती हुन्छ रे, थिति विग्रन्छ रे; तैपनि एक दिन त 'गर्दिन' नै भनेर काटें ! तर अर्को दिन मेरो मनमा यस्तो विचार आयो "विहा गरेर के हुन्छ र ? हाम्रो सम्बन्धमा बाधा हुने होइन; बरु नगर्दा पो मान्छेले शङ्का गर्छन्; अनि मेरो चारैतिर सबले आँखा लाएर विहा नगरेको कारण पत्ता लाउन खोज्छन् ! मलाई तिमीकाँ आउन पनि मुश्किल हुन्छ !" अनि···!

माया—(उटेर) विहा कले त—यहा महीनामा ?

अमर—जल्हेसुक होस्, हामीलाई के वास्ता ! तिमी किन उठेकी, बस ! (मायालाई हातमा समाएर बसाउँदै) अब पाँच-सात दिनभित्रमा गरिदिने रे,—किन चूप लागेकी तिमी ! मेरो कुरा बुझ्यौ ?—विहा गरिदिदा त मउपर कसको शङ्का नहुने हुनाले

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो जीवन झन् सुखमय पो हुन्छ । फेरि…बुझ्यौ मैलेभनीहालें नि, त्यो बिहा मेरो निम्तिको होइन अरूकै निम्तिको हो, मेरो मुमा बुवाको निम्तिको (एक छिनपछि) हुनत एउटी स्वास्नीमान्छेको जीवन त्यसै बिग्रन्छ, उल्ले आँसुमै नुहाएर सँधै विधवाको व्रत लिएर बस्नुपर्छ; तर, त्यल्ले के भो ? तिमालाई भेट्न आउने बाटो सजिलो पार्न, एउटा स्वास्नीमान्छे त के, चौरासी लाख जीवको हत्या गर्नुपरे पनि मलाई केही छैन! हो त्यसो गर्नु अकर्तव्य हो—अधम हो, तर यो सबै कुरा जान्दा जान्दै पनि तिमीले मलाई नजानेकै जस्तो तुल्याएकीछौ, माया, म पनि तिम्रो प्रेमी हुँ! माया, मलाई पनि यस कुरामा तिमीलाई जस्तै घमण्ड छ! अब म मनुष्य संसारको कातर, मूर्ख, अधर्मी नीच भए पनि, मलाई तिमीले प्रेमी संसारको सबभन्दा बलियो विद्वान् पुण्यात्मा, उच्च र आदर्श पुरुष बनाएकी छौ ! मलाई मनुष्यसंसारको वास्ता छैन: तिम्रो प्रेमपाएर म प्रेमीसंसारको सम्राट भैसकेको छु! (हाँसेर) माया! तिमीचैं साम्राज्ञी है! (हाँस्तछ) त्यसैले म त प्रेमीत्वमा चल्छु मेरो धर्म यही हो। मनुष्यको धर्म मनुष्यता प्रेमीको धर्म प्रमीत्व!—यसले दुइ दिन बिहा गरेर खेलिदिनाले, हाम्रो संबन्धको बाटो सफा हुन्छ भने, किन नखेल्नु; यसमा तिमी के भन्छयौ ?

माया—खेल रे ! लडाई खेल्नु पनि त खेल हो! नि, पुतलीको बिहा गरेको जस्तो हो र!—साँच्चिकै नग्गे बसेर

CC-0. In Public Domain. Digitization by eGangotri

बिहा ग कुरा पनि कसरी खेल संझनू !

अमर—तिमी के भाको—त्यो पनि खेल त हो नि !

माया—हुनत हो; हजूरले मर्जी भाको जस्तै…;तर किन हो मेरो त जीउ नै फतक्क गलेर आयो नोहहो ! हजूरको बिहा हुने, कसरी सहनु ! हजूरलाई मैंले ऐलेसम्म कसैको अगाडि मेरो भन्न पाएको छैन अब पसिदेखि अर्कीले सबैका अगाडि हजूरलाई मेरो भन्न पाउँछे; फेर संसारले मेरो हजूरलाई अब उसको भनिदन्छ ;अनि मैंले के गर्न; किन यस्तो भाको ?

अमर—त्यल्लाई तिमीले किन आफै जस्तो संझेको, संसारले त्यसै भनिरहोस् न, तिमी र मैंले नसंझे त पुगि-हाल्यो नि ! त्यल्लाई मेरो जुत्ता, मोजा जस्तो संझी देऊन ! तिमीभन्दा मेरो जुत्ता मसित धेरै बेर बस्न पाउँछ रे, अब के गछर्यौ ? त्यसैले, तिमाले त्यल्लाई मान्छे नै हैन भन्ने मंझिदेऊ न।

माया—जीउँदो मान्छेलाई, कसरी मान्छे नै होइन भन्ने संझन सक्नु ? दुःखलाई सुख, भोकलाई तृप्ति, माया नगर्नेलाई पनि माया गर्ने, यस्तो जे पनि संझन सके, को दुःखी हुन्थ्यो र ? म विषलाई अमृत संझेर पिऊँ है त—के हुँदो रैछ ! पहिले, थाहा पाई पाईकन त एकथोकलाई अर्को थोक सम्झिने सकिदैन; थाहा नपाए पनि आखिर विषले मारिहाल्छ आगोले पोलिहाल्छ, हिउँले ठिहिर्याइ हाल्छ;—के साँच्चि हो त भनेको बिहा

CC-0. In Public Domain. Digitization by eGangotri

गरिबक्सने, हजूरले बुझाइबक्सेको कुराले त ठीक हो कि जस्तो लाग्छ; तर त्यो कुरा संझ्यो कि, मेरो भित्रदेखि नै ज्यादै असजिलो भएर आउँछ—छातीमा के—के अड्केको जस्तो हुन्छ–अस्ति त भाग्ने कुरा गरिबक्सेको थियो नि, त्यसो गरे त भइहाल्थ्यो नि, फेरि किन बिहा गर्नु पर्‍यो; छिः ! हजूर त सारै निठुरी मान्छे रेछ क्यारे !

अमर—भाग्ने भनेको त हो; तर ऐले नै त का...कसरा भाग्ने... !

माया—(वाल्ल परेर) आमै के भाग्ने कुरा पनि हरायो अब त ! उसो भए के गर्ने ? मैले त मरे भइहाल्य नि !

अमर—हैन ! किन त्यस्स डराएकी, भाग्नलाई हामीले धेर कुरा मिलाउनुपर्छ भनेको पो त, नत्र भागिसकेपछि क्यै गरि हामीलाई फेला पार्‍यो भने कत्तिको लाज मर्नु हुन्छ; त्यसैले त्यो बन्दोबस्त नहुञ्जेलसम्मलाई सजिलो पार्न यो बिहा गर्नु ठीक हो कि जस्तो मलाई लागेको।

माया—उसो भए हजूरलाई बिहा गर्न कत्तिको मन लागेको छ त?

अमर—हरे ! मेरो मनको कुरा, राम्रोसित तिमीले बुझिदिए कस्तो हुन्थ्यो ! हेर, यसरा हाम्रा नशाहरू नै मायाले गाँठो पारिसकेको छ; त्यो फुकाउनु नपरोस् भनेर, एक छिन मैले आर्कीसिंग, कपडाको लगन गाँठो पादमा हुछन्– फेरि हाम्रो रगतको रङ्ग उस्तै भै सकेको

CC-0. In Public Domain. Digitization by eGangotri

छ त्यो बदल्नु नपरोस् भनेर एउटीको टाउकोमा मैले अलिकति सिन्दूर छरेर खेलेकोमा पनि तिमीले यसरा दिक्क मान्नु होला ? लौ, तिमी एक चोटा "हुन्छ" भन्ने वचन देऊ अनि मलाई जान पनि देऊ। अब, ज्यादै अबेर भै सक्यो !

माया—(आँसु झार्दै अमरको हात समाएर मुख हेर्दै लामो सासले), हुन्छ म हजूरकै बाहुलीमा छु, यो बाहुलीमा छुरी लिएर हजूरले मेरो छातीमा रोपे पनि मलाई शीतल हुन्छ, हजूरले बक्सेको त मलाई दुःख पनि प्यारो लाग्छ, घाउ पनि ओषधि हुन्छ भने झन् मलाई माया गर्ने बाटो सजिलो पान, बिहा गर्न लागिबक्सेको छ, के भोर ! 'हुन्छ'। गरिबक्स्योस् है ! बरु मैले पनि कतैबाट हेर्न पाए हुन्थ्यो; तैपनि 'हजूरका बिहा' भन्ने संझ्या कि, मनै भरङ्ग हुन्छ कस्तो कमजोरी ! हेर्न त सक्तिन कि क्या !

अमर—त्यो हेरेर के हुन्छ र ! भो—, केटाकेटी नबन है !

माया—(टाउकोले हुन्छ भनेर) तर··· "हजूरले माया मारिबक्स्यो भने त म सहन सक्तिनँ नि' है ?

अमर—(उठ्तै) फेरि त्यो के पाप संझेका तिमीले !

माया—(उठेर) अब त, कहिले सवारी हुने, एक महीना पछि ?

अमर—म ? अब पर्सी नै आउँछु फेरि··· !

माया—अब हाम्रो भेटनै भएन भने ?

अमर—किन र ?

CC-0. In Public Domain. Digitization by eGangotri

माया—तैपनि नि ?

अमर—तिम्रो त्यस्तो दुःखका कुरा मात्रै संझने बानी छ; बरु, 'म पर्सी आउँदा तिमी रिसाएर भेटै दिन्नौ कि,— मैले बोलाउँदा पनि बोल्दिन कि ?' भोलि भाइलाई पठाऊ है !

माया—दस् ; बिहा कहिले हुने सब लेखेर पठाइबक्स्योस् त !

अमर—(हिड्दै) अझै पनि सकेसम्म त गर्दिन कि क्या मलाई त फेरि··· !

[दुवैको प्रस्थान]

।। पर्दा गिर्दछ ।।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री माधवलाल कर्माचार्य

१६८३–

[बी० ए० । प्रकाशित पुस्तक २।३ पत्रपत्रिकामा कविता, कहानी निबन्धहरूको प्रकाश ।

कर्माचार्यजी भावुक गद्यकवि हुनुहुन्छ । उहाँको शैली गहन छ । कवितामा कहीं दर्शनको नैराश्य देखिन्छ त कहीं प्रबन्धमा जागृतिको भावना देखिन्छ, फेरि कहानीमा चाहिं मार्मिक सन्देश पाइन्छ । आन्तरिक चेतनाचाहिं कहीं छुटेको हुँदैन । साहित्यिक हरेक विषयमा उहाँको हात चलेको छ । उहाँ समालोचक पनि हुनुहुन्छ ।]

CC-0. In Public Domain. Digitization by eGangotri

III-97. कु

जुनसुकै बादलमा चाँदीको घेरा हुन्छ

बादल जतिसुकै घनीभूत कालो होस्, यसको छेउछाउ टल्केको चाँदी जस्तै हुन्छ— मानो त्यो स्वच्छ उज्यालोको ठाउँ नै हो कि जस्तो। आकाश पाताल चहार्न सक्ने विज्ञानले भनोस्;— हामीले देखेको कुरा यत्तिकै हो; बादल कुनै टुक्राले पनि घाममा झल्केको तरवारको जस्तो सेतो टकलाई कहिल्यै छोड्दैन। त्यो सेतो चाँदीको टलकलाई बादलले छोड्न जानेको छैन र शायद यही टलक नै उसको व्यक्तित्व पो हो कि !)

जेसुकै होस्, हामीले यो भनाइमा कविताको झलक पाउँछौं। हुनत हामीले यसलाई उखानको दर्जामा ग्रहण गरिसकेका छौं, तैपनि जहाँसम्म हाम्रो कल्पनाले विश्वाश गर्न सक्छ—यो उखानले पक्का पनि कुनै कविको भावुकताबाट जन्म पाएको हुँदो हो। नत्र त हामी विचारगर्न सक्छौं—कालो बादलको सेतो किनारलाई वास्ता गरेर गर्न खोज्ने सौन्दर्य र सुखको उपासक कविसिवाय को हुन सक्छ ? कविको विचारलाई मात्र उच्चताको दृष्टिले हेर्न पर्छ भन्ने भनाइ होइन। तर बादलमा आफ्नै चाँदीको रूपरेखा हुन्छ भन्दा यो भनाइले बरू कतैतिर अर्कै कुरालाई निर्देश गरिरहे जस्तो हामी चाल पाउँछौ। त्यसले गर्दा हामी यसमा कविताको झलक पाउँछौ र हाम्रो कल्पनाले आफ्नो स्वच्छन्द हलुका प्वाँख फटफटाइहाल्दछ।

यसै विचार गरेको खण्डमा पनि दुइ तीनतिर माने लाग्न

कुनै पनि मानिस लाई

CC-0. In Public Domain. Digitization by eGangotri

सक्ने कवितालाई छायावादी जात दिने हो भने, कुनै जातिको हरेक उखानलाई पनि छायावादी कवितामा स्थान दिनुपर्छ भन्नु अर्घेल्याइँ हो । प्रस्तुत उखानमा पनि सोझो अर्थ त स्पष्ट छ । यसबाट अर्कै भावार्थ उछिट्टिएको, छ भने पनि घाम जत्तिकै प्रष्ट छ यस्तै गाउँखाने कथालाई तर्कले भेटेसम्म, मानवमस्तिष्कले ठह्याएसम्म, जताको माने लगाए पनि हुन्छ भन्ने कुरा पनि सरलता जत्तिकै सोझो छ। जनसाधारणले यस्तो उखानलाई प्रयोग गर्दा वंशावलि पल्टाउनसम्म नपुगि रहने यसैले होला।

यसैले हो, हामी पनि त्यो टाढासम्म पुग्ने चेष्टालाई छोडौं। जहाँबाट यो उखान उठेको छ, झरेको छ यसलाई लिऊँ। किनभने हरेक बादलको आफ्नो चाँदीको घेरा हुन्छ।

हुन पनि बादलको मुख्य गुण त यही चाँदाको घेरा हो पानी वर्षाउने त गौण। नवर्षने मेघलाई पनि त हामी शारदी आकाशमा फाट्टफुट्ट देख्छौं। यसैले कुन बादलले पानी वर्षाउन पनि सक्छ, नवर्षाउन पनि। तर रुपीला गुणलाई त यसले किमार्थं छोड्दैन। मूसलधारा वर्षा गर्ने बादलमै पनि चाँदीको आभा झल्किरहेको कुन होशियार आँखाले नदेखेको होला

स्पष्टिकरणको निमित्त लिऊँ—मान्छेमा माया छ। हरेक मान्छेमा माया छ चाहे साँघुरो होस् छाती जत्रै अथवा विशाल आकाश जत्तिकै। एउटा सानो बच्चाको आमामाथिको माया पनि माया नै हो, घरको ठालूको माया पनि माया नै हो। बुद्धको माया पनि माया नै हो। फरक के त भने, सुषुप्त, बद्धसंबद्ध (उठेको) र संबुद्ध गुणमा जति फरक छ त्यति मात्र हो। आखिर यो गुण नभएका कसैमा होइन। रत्नाकर र बाल्मीकि एउटै हुन्।

CC-0. In Public Domain. Digitization by eGangotri

डर-रत्नाकरमा भएको माया र वाल्मीकिमा भएको तौलेर हेर्यौं भने तराजूको एकातिर ढक थप्नुपर्ने चाल पाउँछौं। तर रत्नाकर जस्तो मान्ने डाँकामा पनि माया छ भन्ने सुन्दा जिब्रो काट्न पनि खोज्छौं। तर कुरा के हो त भने, बुद्धलाई ईर्ष्या नै गर्ने हो भने बुद्धको सतहमा पुग्ने गुण सबै मनुष्यमा विद्यमान छ। त्यत्तिकै संयम, त्यतिकै ध्यान र त्यस्त कित्ता-बाट हामी चल्यौं भने त्यतिसम्म पुग्नु त भरे भोलिको काम हुन्छ। मुश्किलको कुरा यो छ कि मान्छे एउटै ढाँचा र आयोजनामा तयार भएको कारखान कलपुर्जा होइन। त्यो त एउटा इच्छा हो, जीवित शक्ति हो। युगपिच्छे सृष्टिको गुणमा घट बढ हुन्छ भन्ने कुरा डार्विनले ठीक भनेका छन्। नित्सेसम्म-लाई पनि यसमा ईर्ष्या लागेको थियो रे। आज संसारको मानवताबाट पनि कल्पना गर्न सक्छौं कि यस्तो गुण सबैमा छ र संसारसँगै माग पेश भएको छ। यसैले हिटलरसंग हिटलरी गुण छ त मानिसपन त उनीहरूमा नभएको होइन। 'आहार निद्रा, भय, मैथुन' मात्रै भएका भनेर हामी मानिसको बाताले कसरी मानौं? यो त चार्वाकले 'ऋणं कृत्वा घृतं पिबेत्' भन्यो भनेर उसको सारा कृतिलाई आगोमा झोसेर संसारको एउटा ज्वालामुखीलाई भकाभक स्याउला दाउराले छोपेर दबाउन खोज्नु जत्तिकै हो। किनभने त्यसको खोजी गरिरहेको एउटा उपायलाई बुद्धि, ज्ञान र अनुसन्धानले निरर्थक देखाइदिनु बुद्धिमानी हो। साँचो बौद्धधर्मको अनुयायी, साँचो क्रिश्चियन धर्मका अनुयायी संसारमा अब त बिरला कोटी मात्र पाउन लागे भन्ने कुरा यसैको प्रतिध्वनि होइन?

जे होस्, जतिसुकै मात्रामा भए पनि सबैमा मानवताको

CC-0. In Public Domain. Digitization by eGangotri

गुण छ भन्नु आशावादीको सुहाउँदो भरोसा हो। कुकुरपूजाको दिन त आउँछ भने...काग पूजाका दिन पनि त आउँछ... भन्ना इत्यादि कुराहरू पनि यसै कित्ताका हुन् भनी हामी सजिलैसंग भन्न सक्छौं। प्रगतिशक्तिलाई नियमित राख्न यस्तो बाड भरोसाको जरूरत छ भन्ने कुरा पनि संसारले भुलेको छैन। यसैले त हो नि कति विद्वान् तथा बुद्धिमान् मानिसहरू आफ्नो उमङ्गको लहैमा चल्न र ठाउँमा पुग्न नसक्ने पनि मबाट यत्ति हो, म यतिसिवाय गर्न सक्तिन भनेर सन्तुष्टिको सास फेर्छन्, निराशाको खाल्डोमा आफै भासिन-बाट बच्तछन्। उनीहरू भनी हिड्छन्—आफ्नो प्रारब्ध हो।

यसैले थेरै होस् वा थोरै होस्, हरेकको आफ्नो आफ्नो गुण हुन्छ। हरेक बादलमा चाँदीको आभा हुन्छ। यस्तै हरेक मानिसमा मानवताको गुण छ। यसलाई अघि बडाउनु मानिसक कामहो। शिक्षा, शिक्षा भनी आजको संसार चिच्याइरहेको पनि यसैको प्रमाण हो। हुन पनि यस्तो किसिमको व्यक्तिवादले मानव जातिको भलो गर्न देखिएको छ। किन भने एक र अनेकताको घनिष्ट सम्बन्ध छ, एक एकले अनेक बन्दछ र एक नै पनि अनेक हो। म यस्तो भएको छु, किनभने मेरो चारतिरको वातावरणले। यदि म बेलायत अथवा यस्तै अरू मुलुकमा जन्मेको भए म भिन्नै कित्ताको हुन्थें। जे होस्, कुन समाज अथवा जाति एकको अनेकले बनेको छ। समष्टिको विचारले कुनै कुरालाई असल या नअसल भन्नु अन्दाजै मात्र हो। एक एकलाई हेरेर भन्नु वैज्ञानिक यथार्थता हो। यसैले एक एकको बलमा समष्टिका बल निर्भर गर्दछ। यसैले व्यक्तिवाद पनि जाति हो, यदि समाजको विचार अगाडि नै छ भने।

CC-0. In Public Domain. Digitization by eGangotri

यसैले शिक्षाले पनि यस्तै गुणलाई मात्र उत्साह दिनुपर्छ जसले कि मानवतालाई अगाडि बढाओस्। मानिस स्वतन्त्र छ, मात्र सकिन्छ। कल्पना र इच्छामा त्यो फुक्कै छ। तर मानिसमा नै उब्जेको यस्तो कल्पना र इच्छामा यदि सारा मानव जातिलाई नै हानि गर्ने गुण छ भने त्यो सोह्रै आना त्याज्य पनि हो। यसैले आफ्नो आफ्नो पन हुन्छ भन्दैमा त्यो उसकै कित्ताको हो भनी त्यस छोडिदिनु मानवजातिमाथि नै अन्याय गर्नु हो। मार्नु र बिगार्नु नै लडाइँको गुण हो भनेर यसलाई छाप दिनु,—कोही मात्र सक्तैन। यहाँभित्र हामील जुन तत्व तथा तथ्यलाई लिनुपर्ने हो त्यही कुरा नबुझेर, नदेखेर नै मात्र यस्तो आइपर्ने हो। हरेक बादलमा चाँदीको घेरा हुन्छ भन्नुको मतलब हरेकमा चाँदीको घेरा हुनु बादलको गुण सबैमा छ। यसल धेरै थोरै सबैमा हुने मानवताको गुणलाई नै व्यक्तित्वको खयाल गर्छौं।

यसैले मानिसले गरेर गएको मानिसले किन नसक्नु भनेर नेपोलियनले भनेकोले यसैले हामी राम बन्न सक्तछौं, कृष्ण, बुद्ध; महम्मद, क्राइष्ट जे पनि बन्न सक्तछौं। मानवताको प्रगतितिर पाइलो सारिसकेको हुनाले मात्र मन नपरेको हो तर मानिसको नाताले हामीमा त्यो गुण नभएको होइन त्यो संस्कार र संस्कृति हामीमा टाँसिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लवबहादुर प्रधान

१९८५–

[वी. एस. सी. सम्मको पढाइ, एम. ए. । पत्र-पत्रिकामा कृतिको प्रकाश प्रकाशित पुस्तक ।

२००३ देखि लेखकको रूपमा देखिनुभएको भए पनि प्रधानजी सिद्धहस्त हुनुहुन्छ । विशेष गरेर गद्य कविता र प्रबन्धमा उहाँको वैशिष्ट्य छ । लेखकको तहबाट समालोचकको श्रेणीमा चढी आफ्नो निष्पक्षपातितालाई पनि उहाँले दर्शाउनु भएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

युवक, तिमी गुण्डा बनन*

धेरै दिन अगाडिको कुरा होइन, मेरो मनमा सधैं यस्तो भावना आउँथ्यो—हेर, नेपाल हाम्रो प्यारो मातृभूमि कस्तो राम्रो छ। यो देश चानचुनको देश होइन, यो देश विश्वको श्री हुने पर्छ, किनभने यहाँको रहरलाग्दो वरिपरिको हरियो जंगल उत्तरमा उच्चकोटि विशाल हिमालय, उकालो ओरालोको इतिहास, वनभित्रको मनै हर्ने छटा इत्यादि कतिपय अवर्णनीय कलाकौशलको ताजमहल दृश्यहरू मनमा उत्रँदा म गर्वले शिर उठाउँदै भन्थे—"नेपाल कलाकार र कवितालाई मात्र जन्म दिने देश हो।" मलाई लाग्थ्यो—हेर, वर्डसवर्थ मात्रै यहाँ जन्म लिएको भए यहाँको अपार अदृश्य धनसम्पत्ति कति मानव बजारमा लगी बिक्री गर्थे होलान्, तर अस्तिदेखिन् मेरो सबै दिल्ली घुम्ने कुरा चूर भो। हवाईजाहाज भुनभुनाउदै मेरो मस्तिष्क आकाशमा उड्थ्यो, आज त्या स्वर्गको स्वर्णमय चित्र छैन, त्यो रंगी विशाल देश छैन, म आफैं आफ्नो विशाल र अगम्य विश्वभित्र छैन। मेरो कानमा आएर वर्डसवर्थ-को स्काइलार्कलाई कहिले कराउनै दिन्न। हिमाललाई पूर्णको चन्द्रमालाई चाँदीको डल्लो भन्न छाडे। अस्ताउन लागेको घामलाई "अहा! फागुनको उत्सव" भन्न छाडे।

---

*यो शब्दका अर्थ हिन्दी बंगाली इत्यादि अथवा नेपालीमा लिइएको छैन। यसका अर्थ हो सौन्दर्य उपासक।

CC-0. In Public Domain. Digitization by eGangotri

अब मैले आफूलाई नै पजनी गरें। अब म जीवनको नालीमा गूकीराको उत्सव हेर्छु। मूसाको महलमा खुर्सानीको अचार माग्छु। अमेरीका जान्न। यूरोपमा घसून्न। जर्मनीमा पस्तिन। कत्तिको कान पछाडि लुकेर टुक्रा टुक्रा हुन लागेको मेरो एकलौटे साम्राज्यलाई माया नगरी हेर्छु। कोहीसँग बोल्दिन! मेरा सेवकहरू, मेराअप्सराहरू जताबाट आए उतैबाट घस्किऊन्। मलाई वास्ता छैन। मानव थोरै वर्षपछि म जगत्-विख्यात कवि कलाकार बनेर तिम्रो शुष्क जिन्दगीमा हरियाली ल्याउँला भनी कबोल गर्दै तिम्रो उडिरहेको मनलाई सान्त्वना दिएको थिएँ। म बाह्र वर्ष छँदा मैले आफ्नो डायरिमा यही कुरालाई अघि सारेर प्रार्थना गरेको थिएँ—ईश्वर मलाई कवि बनाऊ ? भो ईश्वर, मलाई त्यो वरदान पनि चाहिन्न, कीप बनाएर मानवको भुटिभाङ्ग्रो केही नभएको घरलाई पाताल बनाउन लाउने हो भने ईश्वर, तिमीले दिएको त्यो जाँगर, उड्ने कल्पना, त्यो भविष्यको आशा, खोला लाग्ने विचार सबै फर्काएर लैजाऊ। चाहिन्न आजसम्म कल्पना गर्ने कवि भोली नै कल्पना गर्न ठ्याम्मै नजानून्, 'न' लेख्छु भनी कलम दौडायो भने 'ह' लख्न पुगून्। कवि बनेर मानव फूलवारीमा सुगन्धी गुलाब बन्न चिन्ता कोही गर्छ भने दैव, तिमीले खुस्क हरेर लैजाऊ। कविजगत् केही नहोस्। चाहन्छु—मानव मानवमन्दिर, मानवताको अमृत !

कुरा के त भने, मानवको आत्मा बनाउने, मानवमन्दिर-लाई मसानको घट्टा बनाउने, संसारको स्वास्थ्यमा दखल पुऱ्याउने, समाजमा अराजकता फैलाउने नम्बरवान्को मळादम। त म मेरा तीन आँखाले हेर्न मन छैन। कपाल सनक

CC-0. In Public Domain. Digitization by eGangotri

दुखेर आउँछ। दुइ तीन महीना भो, बिहानको सूर्य हेर्न छोडें, ५।७ महीना भो आकाशमा डुल्नै छोडें १०।१२ महीना भो, चन्द्रमा हेर्न छोडें, कल्पना गर्न बिर्से। आकाशे लण्डन् शहर हेर्ने प्रोग्राम थियो, अगेनामा लगेर सल्काइदिएँ। आज म भिन्नै दुनियाँमा छु—त्यो दुनियाँमा महात्मा गांधी पुग्नु-भएको छैन न कुनै महापुरुषै पुगे जो दौडन मात्रै जान्दथे, हिड्न जान्दैनथे भोलिको दुनियाँसँग मेरो उठबस एकदम हरायो।

म जुन कुरालाई 'यही पक्का हो' भनी ठान्थें, दुनियाँ भिन्नै ठान्दा रहेछन् पाइरहेको जीवनमा उडाइरहेको चन्द्रमा-लाई कल्पित चन्द्रमा भन्दा रहेछन्। वास्तविकतालाई बिर्सेर, ठम्याउँन नसकेर, भेडाको भेषधारी ब्वाँसोलाई भेडा ठान्ने मानिस प्रशस्त भएछन्। घरहरा चढेर सडकमा मैदानमा हिँडिरहेको विचरा शुद्धबुद्ध मानिसलाई कमिलासरीका भन्न लागे। विश्वको कल्पना गरेर आफूलाई धूलोको छोरो, आफू वस्ने संसारलाई चामलको गेडो भन्न लागे भने, अब भन्नोस् तपाई आफूलाई के ठान्नुहुन्छ? म आफू—केलाई ठानुँला? यसले मलाई त के मात्र ठान्दा हुन्—किनभने म अझै पूर्णाङ्गको मान्छे नै भएको होइन। यस कारण हेर्नु-होस—यो कुरा तपाईं र मेरो बीचको मात्र हो। अब म आफ्नै ढङ्गको 'म' आफूलाई ढाल्न चाहन्न। यस जमा-नाका यी मानिसहरू पलिसी लडाउन जान्ने महापण्डित, सर्पको दाँत झिक्न जान्ने महाशिल्पकार, "समय आउँछ" भनी जोड दिएर भन्न सक्ने महाभविष्यवक्ता, मानवताको घरमा गर्मी रोक्ने च्यादरको छाना, ढुंगाको भित्ता, आगोको पानी बनाउन र बहाउन जान्ने ग्रेट इन्जीनियर जस्ता छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

यस कारण म यस दुनियाँदेखि बराबर भनिरहन्छु नफ़्रत–नफ़्रत-नफ़्रत ।

आज मनमा जमानाको नवमन्दिरमा जोडतोडले यही कुरा फैलाउन चाहन्छु—युवक, तिमी गुण्डा बनन । मानिसले गुण्डा बन्न नजानेर नै मानवजगतमा मलको खात थुपार्न सकेका हुन् । मैंले यही सिद्धान्तलाई पहिले आफ्नै आमा बाबु, दाजु, दिदी, भाउज्यूसंग बहस गरेर जितुँला, अनि बाहिर आएर बडे लम्बे लेक्चर गरुँला भन्ने उम्मेद लिएर डटेको आज त्याक्कै ४ वर्ष भो । भएन वा भनेर संग्राम पनि शुरु गरें कहिले भातै खाइन, कहिले ढोगि नै दिइन, घिन्नो पसार्न छोडिन । जीवनमा भरखर खुट्टा टेकेको । १२।१३ वर्षतक त आमा बाबु आठपहरिया झैं हुनुहुन्थ्यो त्यसमाथि पनि "यस्तै होला' भन्ने लाग्यो तर अब १४।१५ लागें, मैंले मेरो सिद्घान्त-लाई बिरालोको घाँटीको घण्टी झैं झुण्डाएँ, बढ्ता विजयको बाजा त्यही दिन बज्थ्यो—जब म मन कल्पाई कल्पाई रुन्थे, दिदीले 'होइन' भाइ त्यस्तै हो आमा त्यस्तै हुनुहुन्छ, तिमीहरु-लाई त हामीले कराई कराईकन राम्रोलुगा स्वादिलो कुर जोड्न लगाइरहेछौं । बस, त्यो दिन भातसँग घुर्की लगाइन्थ्यो; आमा भन्नुहुन्थ्यो—"जसको त सीङ छैन त्यसको नाम तीखे" कहिले भन्नुहुन्थ्यो–"घरमा मकै कन्याक कन्याक बजार मैं जुत्ता टड्याक टड्याक" कहिले त यसो भन्नु हुन्थ्यो—अहो ! मलाईमार्ने घरको बिरालो मैले मारे···यस्तो संघर्षमय जीवन लिएर नै वरिप-रिको मानव जगत्‌देखि वाक्क भैसके । मानवको दैलो सिगानले, रालले पोतेको देखें ! मसँग बढेका छिमेकी, दाजुभाई दिदा बहिनी हाँस्न छोड़े । चोक सूनसान देख्छु । आजभोलि त भंगेराको चिरचिरे शब्द छाडेर पुष्ट कण्ठबाट

CC-0. In Public Domain. Digitization by eGangotri

आएको गाना, कलिलो हृदयबाट आएको सुनौला सन्देश, मुखमण्डलमा चन्द्रमाको ज्योति देखिन्न। शायद मैले कानै सुन्न छोडें कि शायद मेरो आँखा बिग्रो कि; शायद म चाल नपाईकन अर्कै दुनियाँमा पुगिसकें कि जस्तो लाग्यो। समयको यो भारी परिवर्तन। परिवर्तनको एक नम्बर पुजारा मै हुँ, तर आजको यो बर्दलिदो आह्वान देखेर म परिवर्तनदेखि तर्से। म नवीनता अबदेखि चाहन्न, किनभने 'नवीनता नवानता भन्दा म बालकहरूको बीचमा कङ्गाल बूढो बनें। खोक्रो मानव जगत्मा कोसेली ली अस्वागत पाहुना बन्न पुगें। जता हेर्‍यो, उतै तर्सिनलागे। मामाघर जाँदाखेरी ठूलीभाउज्यूले 'बाबु बाल मुकुन्द' भन्नु हुन्थ्यो। तर आज आला त्याम जुल' भन्लिन् भन्ने डरले नै भाउज्यूलाई मुख देखाउन छोडें। आमाले तेरा ब्वारानको भोटो यो, तेरो वर्तमनको लुगा यो भन्दा मेरो मनमा प्रलयको बेन बाजा बज्छ! यसकारण नवीनता नआइकनै हाम्रो जीवनमा सुखको प्रेम आइरहोस्! भनी गङ्गाजींको तारमा गई तपस्या गर्न लागेको छु! शायद त्यो तपस्या पनि चाँडै पूर्ण होला। सयकडा ७९ त पूर्णाङ्कमा पुगे जस्तो लाग्छ।

अब त आमाको घुर्की पनि कति सुन्नु जस्तो लाग्यो! म आफ्नोपन ज्यान गए पनि छोड्ने होइन, बरु चूपचापसित धेरै नभएपनि २१४ पल्ट नै सही; त्यति मात्रै इशारामा नाच्ने तुल्याए भने म यी दुःखमा डुब्नेका मानव-चन्द्रमालाई सलक्क निकालेर आकाशमा फररर उडाइदिन्थे। अनि मलाई देखेर उहिलेको अलेक्जेण्डर कसले किन नसम्झला!

मेरो इच्छामा बढिरहेको मानवजगत्मा बहुमूल्य केही आदेश दिन सक्छु त यही मात्र दिनसक्छु, युवक, तिमी गुण्डा-

CC-0. In Public Domain. Digitization by eGangotri

बनन । मानिस बन्न चाहन्छन भने युवक बन्न सक्छन् । यस कारण सम्बोधनको निति,युवकछोडेर, युवक युवतीको मण्डली छाडेर अर्को उपयुक्त शब्द र संस्था भेट्टाइन । यसैले नबिराईकन म मानव जगत्को उही महापुरुषलाई चिलको आंखा, गरीबको आशा, धनीको ईर्ष्या, हिमालको कूचोले हेरिरहेछु भन्दै भनीरहेछु 'युवक, तिमी गुण्डा बनन ।'

आजकलको विषाक्त वातावरणदेखि शायद सबै वाक होलान् 'चल्लालाई माऊ' बनाउने मानिसलाई राक्षस बनाउने कटु, विषमय, विघ्नै नराम्रो हावा कहाँबाट आयो ? जीवनमा भुल्केको घाम नताप्नु तपस्या हो भनी मन्त्र कसले सिकायो ? (Simple living and high thinking) भन्ने दाढीवालको सूखा मरूभूमि संसारमा कसले पठायो ? जांच, जांच भनेर विचरा सृष्टिका दुधालु बालक बालिकालाई एक फेरा ऐनासम्म हेर्न समय नपाउने कसले तुल्यायो ? ठूलो हुने नचाँहिदो टण्टा कसले सुझायो ? यस्ता यस्ता सिकाउने महापण्डितको म महा शत्रु हुँ । हरे ! म शहरवासी भए पनि, नयां बालीनालीमा जहिले पनि हिउँले खाएको रूख जस्तो देख्छु । पहेंलो सधैं चिन्तामा डुबेको, पहेलो बादलले छोपेको फुस्रो चन्द्रमा जस्तो देख्छु । जीवनमा कला छैन नाकमा सिंगानको पाप्रा छ । कपाल कोर्न हुन्न, टीका लाउन हुन्न । सुकिलो र राम्रो लुगा लाउन हुन्न, राम्रो राम्रो किताब पढ्न हुन्न, स्वादको निम्ति मीठो कुरा खानु हुन्न, स्वास्थको निम्ति पित्त जस्तो तातो चीज आँखा चिम्लेर खानुपर्छ, जीउ हलुका गर्न हावा खान समय समयमा डुल्न जानु हुन्न, मन हलुका गर्न नाच सिनेमा हेर्न हुन्न, इत्यादि भन्नु यहांसम्म खट्कंदा कुरा अरू के हुन सक्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

आजभोलिको नवयुवकमा नयाँ संसार जित्ने उमंग छैन। विचरा जीवनमा कहिले सुनको घाम उदाएको चाल पाउँदैन। गल्लीको कीराको जिन्दगी बरु मोलको हुन सक्ला, हाम्रा नवजवानको जीवनमा केही मोल छैन। गुण्डा बन्न नजानेर देशमा कसरी उन्नति आउँछ। शहरतिर चौबाटोमा डटेका एक दुइ गुण्डालाई देख्ता, मेरो मनकमल फक्रन्छ। तर समाजले "........." यसो भन्दा मन–खिस्रिन्छ। नेपालको आजकलको आवहावमा 'गुण्डा' भन्दा मानिसहरू यसरी छिः छिः दूर दूर गर्छन्, हरे के बयान गरूँ। तर गर्नुभन्दा अगाडि हेर्नुपर्छ। हामीले त्यसो गरेर हिंडेर के फाइदा! मानिसले मानिसको बेइज्जत गर्नु मानिसले मानिसको "फूलवारी" फाँडफुड गर्नु मानवताको चिन्ह त होइन। मानिसले 'विश्वशान्ति' मा कदम चढाउनु हो भने मानिसले सौन्दर्यको प्यार गर्न जान्नुपर्छ नत्र भोलि नै हिमालय धूलो पीठो पार्छु, ताजमहल उखाड्छु, न्यूयार्क भस्मीभूत पार्छु, प्यारीसमा आगो लगाउँछु भनी बञ्चरो लिएर दौडे भैहाल्यो नि! सौन्दर्यको दृष्टिबाटै म युवकको मनोवृत्तिलाई सङ्ल्याएर यतातिर ढाल्न खोज्छु।

हुन पनि जुन मानिसको फेशनमा ४ जनाको अगाडि राम्रो बन्नु भन्ने इरादा रहन्न, उ मानव–श्रेणीबाट तल खस्न पुगेको विचरा कर्मखोटी हो। बडे बडे वेन्दातीहरू धोती बाँधे खराउ छोड्ने, बडे बडे कविहरू भात खान बसे दाल नखन्याई-कन उठ्ने। बडे बडे कथाकारहरू फेटा बाँध्न धोता खोज्ने प्रकृतिका भए भन्दैमा हामी पनि ठूलो हुनुपर्छ भने तिनीहरू जस्तै बहुलट्ठक बाइस सुरे मानिस भएर निस्कनु त हुन्न।

CC-0. In Public Domain. Digitization by eGangotri

तिनीहरूम अर्के तन्द्रा हुन्छ जुन जन्मसिद्ध छ। अहा! म पनि कवि हुनुप्यो भनेर टोपी नलाएर बजार दौडूँ त जुत्ता नलगाइकन जङ्गल -यमैले होला–कलेजमा पढ्न पढाउन आउनेहरू भरखर कांडबाट झरेका जस्ता देखिएका! यदि हामी जीवनमा गतिशील बन्नु छ भने हामीले आफूलाई सिंगार्न जान्नुपर्छ। मानिसला राम्रो बन्ने कुनै कलानै आउदैन बाबा, हाम्रो पहाडी जंवनमा कसरी वसन्तको हावा लाग्ला!

('शारदा' बाट) २००५ श्रावण

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तम दत्त

5737

पुस्तकालय

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri